# होशेको पुस्तकको टिप्पणी

# होशेको पुस्तकको भूमिका

*'तपाईंले पापको वास्तविक स्वभाव र यसको खास रूपको एक झलक पाउन चाहनुभयो भने, होशेको पुस्तकमा हामीसँग त्यसको विषयमा सबैभन्दा बढ़ी ध्यानाकर्षक प्रकाश छ; अनि ईश्वरीय प्रेमको शक्ति कहाँसम्म पुग्न सक्छ, यसको विषयमा पनि यस पुस्तकमा सुस्पष्ट व्याख्या पाइन्छ। होशेको हृदयको पीड़ा महसुस नगरी कसैले पनि होशेको पुस्तक पढ्न सक्दैन। त्यसपछि आउनुहोस्, हामी एउटा काम गरौं, र मानवी स्तरमा सत्य भएको कुरा ईश्वरीय स्तरमा उठाएर लागू गराऔं, तब हामी स्पष्टसँग बुझ्नेछौंः हाम्रो पापले परमेश्वरको हृदय चोट पार्छ-पार्छ।'*

*श्री जी. क्याम्बेल मोर्गन*

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

होशेको पुस्तकचाहिँ कुनै वृत्तान्त वा कथा होइन, तर यस पुस्तकमा एउटा कथा पेश गरिएको छ, जुन कथा यसको लेखसित एकसाथ बुनिएको छ।[1)] यसको कथा छोटकरीमा यस प्रकारको छः होशेले गोमेर नाम गरेकी स्त्रीलाई विवाह गरे, र यिनले तीनजना छोराछोरीहरूलाई जन्माइन्, जसका नामहरू यिज्रेएल, लो-रूहामा र लो-अम्मी थिए। तर गोमेर होशेप्रति अविश्वासी भइन्; यसो भए पनि होशेले यिनलाई ठूलो प्रेमले प्रेम गरेर यिनलाई खोजे र दाम तिरेर यिनलाई यिनको दासत्वबाट र पतित अवस्थाबाट छुटाए।

*'परमप्रभुले होशेलाई भन्नुभयोः "जाऊ, एउटी वेश्या स्त्रीलाई आफ्नी स्वास्नी बनाऊ र वेश्याकर्मका छोराछोरीहरूलाई आफ्नो तुल्याऊ!" '* भन्ने अनुवाद होशे १ः२ पदको सामान्य अनुवाद हो। अनि यस पदले स्पष्टसँग के भन्छ भने, परमेश्वरले यी भविष्यवक्तालाई वेश्या भइसकेकी एउटी स्त्रीलाई विवाह गर्ने आज्ञा गर्नुभयो।[2)]

तर पवित्र बाइबलका धेरै पाठकहरूले यहाँ एउटा नैतिक समस्या देखिरहेका छन्। के पवित्र परमेश्वरले साँच्चीकै आफ्ना भविष्य-वक्ताहरूमध्ये कसैलाई 'वेश्या भएकी स्त्री'लाई विवाह गर्ने आदेश दिनुहुन्छ र? अनि के कुनै विवेकशील भविष्यवक्ताले यस कुरामा उहाँको आज्ञापालन गर्नेथिए? यस समस्या समाधान गर्न कम्तिमा तीनवटा उपायहरू प्रस्ताव गरिएका छन्ः

१) *पहिलो उपायः* यो त पापी इस्राएली जातिप्रति परमेश्वरको प्रेम चित्रण गर्ने एउटा दृष्टान्त मात्र हो; यसकारण हामीले यो पद अक्षरशः लिनुहुँदैन रे।

तर यस पदको शैली दृष्टान्तात्मक होइन, तर यशैया ७ः३ र यर्मिया १३ः१ पदहरूजस्तै वर्णनात्मक छ, जुन पदहरूमा परमेश्वरले यता भविष्यवक्ता यशैयालाई र उता भविष्यवक्ता यर्मियालाई प्रत्यक्ष आदेशहरू दिनुभयो; अनि कसैले पनि यशैया ७ः३ र यर्मिया १३ः१ पदहरू दृष्टान्तात्मक लिँदैन। तर यस

धारणाको विषयमा सत्य कुरा के हो भने, हो, यस कथाले पापी इस्राएली जातिप्रति परमेश्‍वरको अपार प्रेम सुन्दर ढङ्‌गले चित्रण गर्छ; तर 'यो त एउटा कथा मात्र हो' भनेर यस धारणाले ठूलो गल्ती गरेको छ।

**२)** *दोस्रो उपायः* यसको विषयमा दोस्रो धारणा पनि छ, जसले यसो भन्छः हो, परमेश्‍वरले होशेलाई यो आज्ञा दिनुभयो, र होशेले उहाँको यो आज्ञा पालन गरे। अनि यो निश्‍चित छ, कि यो पद पूर्वाग्रह नगरी पढ्दाखेरि यसको सामान्य अर्थ यो हो; (तर endnote 2 हेर्नुहोस्)। यसो हो भने, यस आज्ञामा परमेश्‍वरको लक्ष्य होमेरको छुटकारा थियो। यसकारण होशेले गर्नुपरेको यो तीतो-पिरो, दुःखदायी अनुभव यसको निम्ति मुनासिब उपाय ठहरियो।

यस धारणाको विरुद्धमा एउटा कुरा खड़ा छः गोमेर विवाह हुनुभन्दा अघि एउटी वेश्या थिइन् भने, यिनी इस्राएली जातिको निम्ति एउटा कमजोर प्रतीक हुनेथिइन्।

**३)** *तेस्रो उपायः* यो समस्या समाधान गर्ने तेस्रो उपाय पनि छ। तेस्रो धारणाले के भन्छ भने, होशेले एउटी शुद्ध कन्यासँग विवाह गरे, जो पछि व्यभिचारिणी भइन्। यस धारणा-अनुसार भविष्यवक्ता होशे र तिनकी पत्नीचाहिँ परमप्रभु र इस्राएली जाति, उहाँकी अविश्‍वासी पत्नीको निम्ति खूब मिल्ने प्रतीक हुन्। यो धारणा विवाहका उच्च, पवित्र स्तरहरूसँग मिल्छ, जुन आदर्श स्तरहरू भविष्यवक्ताका मात्र नभएर पवित्र बाइबलका उच्च स्तरहरू हुन्। गोमेर शुरुदेखि नै एउटा व्यभिचारिणी भएकी भएदेखि होशेले आफ्नो बर्बाद भएको, विफल विवाहको सम्बन्धको खातिर यति धेरै पीड़ा भोग्नुचाहिँ अहँ, यो सम्भव देखिँदैनथियो र यो धारणा अपनाएका मानिसहरूको निम्ति यो कल्पनादेखि बाहिरको कुरा हो।

यस तेस्रो धारणाको विरुद्धमा एउटा बलियो तर्क के हो भने, होशे १:२ पदमा 'गोमेरलाई आफ्नी पत्नीको रूपमा लेऊ' भन्ने परमेश्‍वरको आज्ञामा यिनलाई 'वेश्या स्त्री' भनिएको छ।

हुन सक्छ, व्यभिचारी स्त्रीलाई विवाह गर्नु, अहँ, यो हुँदै-हुँदैन भन्ने हामीमा जुन घृणा छ, त्यो घृणाचाहिँ परमेश्‍वरको ठूलो अनुग्रह चित्रण गर्ने अर्को एउटा उदाहरण होला; किनभने उहाँले इस्राएली जातिका पापहरू सहनुभयो (र मण्डलीका पापहरू पनि सहँदै हुनुहुन्छ)। अनि उहाँ जुनै पनि भविष्यवक्ता र जुनै पनि प्रचारकभन्दा धेरै पवित्र हुनुहुन्छ।

यस सिलसिलामा हाम्रो दृष्टिकोण जेजस्तो भए पनि, एउटा कुरा सुस्पष्ट छः यस भविष्यवाणीको पुस्तकमा पेश गरिएको कथाले एउटा कुरा स्पष्टसँग र सजीव ढङ्‌गले चित्रण गर्न सकेको छ, जुन कुरा केवल शब्दहरूले गर्न सक्नेथिएनन्ः पापी, पथभ्रष्ट इस्राएली जातिप्रति परमेश्‍वरको अचम्मको अनुग्रह कतिको छ, सो हेर्नुहोस्! अनि यसको प्रयोग बढ़ाएर यसको अर्थ सबै पापी मानिसहरूमाथि लागू गर्नु हो भने, आफ्ना दुष्ट चालहरूबाट प्रेम गर्नुहुने परमेश्‍वरकहाँ फर्कने मानिसप्रति उहाँको अनुग्रह कति अपार छ, सो थाहा पाउनुहोस् र बुझ्नुहोस् र आफ्नो निम्ति ग्रहण गर्नुहोस्!

## ख) यस पुस्तकको लेखक को हुन्?

होशेचाहिँ बेरीका छोरा भएका रहेछन्। उनको नामको अर्थ 'मुक्ति' हो, जसरी हिब्रूमा 'यहोशू' र ग्रीकमा 'येशू' भन्ने नामहरूको अर्थ पनि 'मुक्ति' हो। होशे आफ्नो नामको योग्य थिए, किनकि उनले परमप्रभुको मुक्तिको विषयमा भविष्यवाणी गरे, जुन मुक्ति त्यस समयमा इस्राएलीहरूकहाँ आउनेछ, जब ख्रीष्ट येशू आफ्नो राज्य स्थापित गर्न फर्केर आउनुहुनेछ। होशे प्रायः इस्राएलको निम्ति भविष्यवाणी गर्ने भविष्यवक्ता थिए; तर यस पुस्तकमा यस्ता खण्डहरू पनि छन्, जुन

खण्डहरूमा यहूदाप्रति केही न केही चासो भएको पनि देखिन्छ।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

यता योआशका छोरा यारोबाम द्वितीय इस्राएलका राजा भएको बेलामा र उता उज्जियाह, योताम, आहाज र हिजकियाह यहूदाका राजाहरू हुने बेलामा होशेले भविष्यवाणी गरे। यसो हो भने, ख्रीष्टपूर्व आठौं शताब्दीका केही दशकहरूमा उनी सेवारत थिए। श्री आर. के. ह्यारिसनको विचारमा, होशेको सेवकाई ख्रीष्टपूर्व ७५३ सालदेखि ७२२ सालसम्म भएको हो, जुन सालमा सामरियाको पतन पनि भयो। [3)]

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?**

होशेले इस्राएल नामक उत्तरीय राज्यमाथि आइपर्ने अश्शूरीहरूको आक्रमणको विषयमा र सामरियाको पतनको विषयमा भविष्यवाणी गरे।

जब उनकी पत्नी गोमेरले पापमा लाजमर्दो जीवन यापन गर्न उनलाई छोड़िदिइन्, तब परमेश्वरले आफ्नो सेवकलाई निम्न निर्देशन दिनुभयोः उनले सार्वजनिक बजारमा दाम तिरेर यिनलाई किनून् र आशिषकहाँ फर्काएर ल्याऊन्। वास्तवमा यसमा परमेश्वरको एउटै उद्देश्य थियोः यस कुराले इस्राएली जातिसँग परमेश्वरको सम्बन्ध केजस्तो थियो, सो चित्रण गर्नु थियो; (इस्राएली जातिलाई एप्रैम, याकूब र सामरिया पनि भनिएको छ)। इस्राएली जाति अविश्वासयोग्य साबित भएको थियो; किनकि यस जातिले मूर्तिपूजा गर्दैथियो, र अनैतिक दुष्टता गरेको विषयमा यो जाति दोषी थियो। यसकारण धेरै वर्षसम्म यस जातिका राजा हुनेथिएनन्, अँ, यो जाति बलिदान र मूर्तिहरूविना रहनेथियो। अनि यो यस जातिको वर्तमान अवस्था हो।

तर भविष्यमा, जब इस्राएली जाति पश्चात्ताप गरेर परमेश्वरकहाँ फर्कनेछ, तब उहाँले यस जातिमाथि दया देखाउनुहुनेछ। अनि त्यस बेलामा एप्रैमचाहिँ सधैंको लागि आफ्नो मूर्तिपूजारूपी पछिहटाइबाट निको पारिनेछ र परमेश्वरकहाँ फर्कनेछ। यस विषयमा श्री हेनरी गेहमानले निम्न कुरा लेखेका छन्ः

> ‘होशेले कहिल्यै अन्त नहुने परमेश्वरको अथक कृपा प्रस्तुत गरेका छन्; उहाँको कृपा मानिसको कुनै पापले वञ्चित गर्न सक्दैन, सिद्ध्याउन पनि सक्दैन। होशेको सन्देशको मुख्य विचार के हो भने, जुन प्रेमले परमेश्वरले इस्राएली जातिलाई प्रेम गर्नुहुन्छ, त्यो प्रेम यति शक्तिशाली र निभाउन नसकिने हुन्छ; यसकारण जबसम्म यसले सारा इस्राएली जातिलाई आफूसित मेलमिलाप गराउन सक्दैन, तबसम्म यो दिव्य प्रेम कुनै हालतमा पनि सन्तुष्ट रहनेछैन’। [4)]

यसकारण बुझ्नुहोस्ः यसको ताड़नामा यसलाई प्रेम गर्नुहुने परमेश्वरको हात थियो, जसरी श्री जी. क्याम्बेल मोर्गनले यो कुरा निम्न शब्दले व्यक्त गरेका छन्ः

> ‘यी भविष्यवक्ताहरूको एक-एक भविष्यवाणीको विषयमा सर्वोच्च उद्देश्य यो थियोः जुन परमेश्वरसित उनीहरूले घनिष्ठ सम्बन्ध राख्थे र जससित उनीहरू सुपरिचित थिए, ती परमेश्वरलाई मानिसहरूले निम्न प्रकारले चिन्नुपरेको थियोः उहाँ कोमल प्रेमको परमेश्वर हुनुहुन्थ्यो, जसको करुणा असीम थियो; उहाँले मानिसहरूलाई प्रेम गर्नुभएको हुनाले उहाँ तिनीहरूसित रिसाउनुभएको थियो; अनि उहाँले क्रोधमा पनि तिनीहरूसित प्रेमको व्यवहार गर्नुभएको थियो, र आफ्नो हृदयभित्र तिनीहरूको विषयमा लिइ-राख्नुभएको आफ्नो परम उद्देश्य उहाँले न्यायद्वारा प्राप्त गर्नुहुनेथियो। यसकारण बुझ्नुहोस्ः यी अनुच्छेदहरूमा परमेश्वरको हृदयको धड्कन छाम्न सकिन्छ’। [5)]

# रूपरेखाः

**खण्ड १) होशे १:१-९: इस्राएली जातिको तिरस्कारचाहिँ होशेका तीनजना छोराछोरीहरूका नामले परिभाषा गरिएको**

**खण्ड २) होशे १:१०-२:१: इस्राएली जातिको पुनर्स्थापना प्रतिज्ञा गरिएको**

**खण्ड ३) होशे २:२-१३: परमेश्वरले इस्राएली जातिलाई यसको अविश्वासयोग्यताको विरुद्धमा चेताउनी दिनुभएको र तँलाई न्याय गर्नेछु भन्ने धम्की दिनुभएको**

**खण्ड ४) होशे २:१४-२३: इस्राएली जातिलाई भावी आशिषको विषयमा भविष्यवाणी गरिएको**

**खण्ड ५) होशे ३: जसरी होशेकी पत्नीलाई दाम तिरेर छुटाइन्छ, त्यसरी नै इस्राएली जाति अन्तमा परमप्रभुकहाँ फर्कनेछ। यिनी यसको निम्ति एउटा पूर्व-नमुना भइन्**

**खण्ड ६) होशे ४-१०: आफ्ना जनहरूसँग परमेश्वरको वादविवाद**

**क) होशे ४:१-५:** मानिसहरूले गरेका पापहरू के-के थिए ?

**ख) होशे ४:६-११:** पूजाहारीहरूले गरेका पापहरू के थिए ?

**ग) होशे ४:१२-१४:** मानिसहरूले मूर्तिपूजा गरेका

**घ) होशे ४:१५-१९:** यहूदालाई विशेष अनुरोध गरिएको

**ङ) होशे ५:१-७:** पूजाहारीहरू, जनता र राजकीय परिवारले गरेको कुव्यवहार

**च) होशे ५:८-१५:** इस्राएल र यहूदामाथि आइपर्ने न्यायहरूको विषयमा गरिएको पूर्वसूचना र यसको विषयमा परमेश्वरले तिनीहरूप्रति गर्नुभएको आशा र अभिप्राय तिनीहरूको पश्चात्ताप थियो

**छ) होशे ६:१-३:** इस्राएली जातिलाई पश्चात्ताप गर्ने आह्वान गरिएको

**ज) होशे ६:४-११:** इस्राएल र यहूदा दुवैको अधर्मीपन यस्तै थियो

**झ) होशे ७:** इस्राएली जातिको दुष्टता भन्डाफोर गरिएको

**ञ) होशे ८:** मूर्तिपूजा गरेको र परदेशीहरूसित गठबन्धनहरू गरेको खातिर विदेशी सेनाको आक्रमणको निम्ति तयार होऊ भन्ने चेताउनी

**ट) होशे ९-१०:** भविष्यवाणी गरिएको इस्राएली जातिको भावी निर्वासनचाहिँ सीधा तिनीहरूको अधर्मको प्रतिफल थियो

**खण्ड ७) होशे ११-१३: परमेश्वर क्रोधमा पनि कृपा सम्झनुहुन्छ**

**खण्ड ८) होशे १४: इस्राएली जातिले पश्चात्ताप गरेर परमेश्वरको आशिष उपभोग गर्न पाउनेछ। यसकारण यसलाई पश्चात्ताप गर्ने आग्रह गरिएको**

# होशेको पुस्तकको टिप्पणी

## खण्ड १

## होशे १:१-९:

### इस्राएली जातिको तिरस्कारचाहिँ होशेका तीनजना छोराछोरीहरूका नामले परिभाषा गरिएको

**होशे १:१-५:** परमप्रभुले बेरीका छोरालाई अर्थात् भविष्यवक्ता होशेलाई आज्ञा गर्नुभयो: उनले विश्वासयोग्य नभएकी स्त्रीलाई विवाह गरून्। यसकारण उनले दिब्लैमकी छोरी गोमेरलाई विवाह गरे। (यस प्रकारको विवाहको सम्बन्धमा उठेको नैतिक प्रश्नको विषयमा हामीले यस पुस्तकको भूमिकामा 'ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान'को शीर्षकमा छलफल गरिसक्यौं; यसकारण तपाईंले त्यहाँ तर्कहरूको निष्कर्ष के हो, सो हेर्नुहोला)।

परमेश्वरको आदेशअनुसार तिनीहरूको जेठा छोराको नाम 'यिज्रेएल' भयो; यिज्रेएलको अर्थ 'परमेश्वरले छर्नुहुनेछ वा तितरबितर पार्नुहुनेछ' हो; परमप्रभुले इस्राएली जातिसित जे गर्न लाग्नुभएको थियो, त्यसको विषयमा यो नाम एउटा सङ्केत थियो। किनकि अश्शूरी सेनाले यिज्रेएलको बेंसीमा इस्राएलको धनुरूपी शक्ति भाँचिदिनेथियो।

**होशे १:६-७:** अनि तिनीहरूको दोस्रो नानी एउटी छोरी भएछे, जसको नाम दिव्य आदेशअनुसार 'लो-रूहामा' राखियो, जसको अर्थ 'दया नपाएकी' हो। किनभने अबदेखि उसो इस्राएलको घरानामाथि उहाँको निगाह रहनेथिएन, तर यहूदाचाहिँ अश्शूरीहरूका आक्रमणहरूबाट उम्कनेथियो। तर इस्राएल-चाहिँ निर्वासनमा जाने नै थियो। 'लो-रूहामा' नामको अर्थमा यो पूर्वसङ्केत थियो।

**होशे १:८-९:** तिनीहरूको तेस्रो नानी फेरि एउटा छोरा भएछ, जसको नाम परमेश्वरको आज्ञाअनुसार 'लो-अम्मी' राखियो, जसको अर्थ 'मेरा जनहरू होइन' हो। किनभने परमेश्वरले इस्राएलको घरानालाई अबदेखि उसो आफ्ना जनहरू गन्नुहुनेथिएन। अनि कसै-कसैको विचारमा, यो बालक भविष्यवक्ता होशेको थियो कि थिएन, यस विषयमा उनलाई पनि शङ्का भएको हुनुपर्ला।

# खण्ड २

## होशे १:१०-२:१:

### इस्राएली जातिको पुनर्स्थापना प्रतिज्ञा गरिएको

**होशे १:१०-११:** तर इस्राएली जातिमाथि यो न्याय अस्थायी मात्र थियो। किनकि परमेश्वरले इस्राएल र यहूदालाई फेरि भेला गर्नुहुनेथियो र तिनीहरूलाई आफ्नो भनी स्वीकार गर्नुहुनेथियो। अनि यो कुरा ख्रीष्ट येशूको दोस्रो आगमनमा पूरा हुनेछ।

अनि सुस्पष्ट छ, कि दस पदको दोस्रो भागको सन्दर्भ इस्राएली जाति हो। तर जब प्रेरित पावलले रोमी ९:२६ पदमा यी शब्दहरू उद्धृत गरे, तब तिनले यी शब्दहरू अन्य-जातिहरूको बोलावटको निम्ति प्रयोग गरे। यसकारण बुझ्नुहोस्: जब पवित्र आत्माले नयाँ नियममा पुरानो नियमका पदहरू उद्धृत गरेर प्रयोग गर्नुभयो, तब उहाँले स्वतन्त्रता-पूर्वक यसो गर्नुभयो। यस पदको खण्डले यो यथार्थता प्रमाणित गरेको छ।

**होशे २:१:** दुई अध्यायमा होशेले 'आफ्नो जातिमा बाँकी रहेका विश्वासयोग्य जनहरूसँग कुरा गर' भन्ने आज्ञा पाए। यसो गर्दा उनले यी दाजुभाइहरूलाई 'अम्मी' भनेर सम्बोधन गर्नुपर्‍यो, जसको अर्थ 'मेरा जनहरू' हो; अनि दिदीबहिनीहरूलाई उनले 'रूहामा' भनेर सम्बोधन गर्नुपर्‍यो, जसको अर्थ 'दया पाएकी' हो।

# खण्ड ३

## होशे २:२-१३:

### परमेश्वरले इस्राएली जातिलाई यसको अविश्वासयोग्यताको विरुद्धमा चेताउनी दिनुभएको र तँलाई न्याय गर्नेछु भन्ने धम्की दिनुभएको

**होशे २:२-३:** यी बाँकी रहेका विश्वासयोग्य जनहरूले इस्राएली जातिको आम-जनतालाई आग्रह गर्नुपरेको थियो: तिनीहरूले आफ्नो मूर्तिपूजा र आफ्ना वेश्या-कर्महरू तत्कालै त्याग्नुपर्नेथियो, नत्र ता परमेश्वरले यस जातिलाई नाङ्गो पारि-दिनुहुनेथियो र यसमाथि खड़ेरी ल्याइ-दिनुहुनेथियो।

**होशे २:४-५:** यस पापमय जातिका सन्तानहरूको विषयमा कुरा यस्तो छ: यिनीहरूलाई पनि दया देखाइनेथिएन; किनभने यिनीहरू वेश्यावृत्तिबाट पैदा भएका सन्तानहरू थिए; किनकि यो वेश्या-जाति झूटा देवी-देवताहरूको पछि लागिपर्‍यो, र यसले आफ्नो भोजन, आफ्नो वस्त्र र आफ्ना अन्य स्वादिष्ठ भोजनहरूको निम्ति यी मूर्तिहरूलाई श्रेय दियो।

**होशे २:६-७:** यसकारण परमेश्वरले यसको बाटोमा सबै किसिमका अवरोध र तगारोरूपी बाधाहरू राख्नुहुनेथियो र यसलाई यसका मूर्तिहरूबाट त्यस दिनसम्म हटाइ-

दिनुहुनेथियो, जब यसले उहाँकहाँ, अर्थात् आफ्ना पहिला पतिकहाँ फर्केर जाने निर्णय गर्नेथियो ।

**होशे २ः८ः** यसले आफ्ना आवश्यकताहरू र आफ्ना स्वादिष्ठ भोजनहरू अनि यसको निम्ति सुन र चाँदीको प्रबन्ध गर्नुहुने परमेश्वरलाई श्रेय दिँदैनथियो, तर त्यो सुन र त्यो चाँदी यसले बाल देवताका मूर्तिहरू बनाउन पो प्रयोग गरेको थियो ।

**होशे २ः९-१०ः** यसैले परमेश्वरले यस वेश्या-जातिबाट यसका खानेकुराहरू र यसका लुगाहरू हटाइदिनुहुनेथियो र यसको तन उघार्नुहुनेथियो ।

**होशे २ः११-१३ः** यसको सम्पूर्ण खुशीयाली र यसका तोकिएका धार्मिक चाड़हरू रद्द गरिनेथिए; अनि यसका दाखका बोटहरू र यसका नेभाराका रूखहरू नष्ट हुनेथिए; (यसले यी कुराहरू आफ्ना मूर्तिरूपी प्रेमीहरूबाट यसलाई दिइएको ज्याला सम्झेको थियो); अनि यसले बाल देवताको पूजा गरेका सबै दिनहरूको निम्ति यसले सजाय भोग्नेथियो ।

## खण्ड ४

## होशे २ः१४-२३ः

### इस्राएली जातिलाई भावी आशिषको विषयमा भविष्यवाणी गरिएको

**होशे २ः१४-१७ः** यसलाई दण्ड दिइ-सक्नुभएपछि परमेश्वरले इस्राएली जातिको पुनर्स्थापना गर्नुहुनेछ र यसलाई सान्त्वना दिनुहुनेछ । उहाँले यसलाई यसका दाखबारीहरू दिनुहुनेछ, र यसले गीत गाउनेछ, मिस्र देशबाट निस्केर आएको समयमा गाएझैं । त्यसपछि यसले उहाँलाई 'बाली' होइन, तर 'इशी' भनेर सम्बोधन गर्नेछ । ('बाली'को अर्थ 'मेरो बाल' वा 'मेरा मालिक' हो भने, 'इशी'को अर्थ 'मेरा पति' हो) । यस जातिका मानिसहरू बाल-पूजाबाट शुद्ध पारिनेछन्, यहाँसम्म कि तिनी-हरूको बीचमा बाल देवताका नामहरूको सम्झना धरि रहनेछैन ।

**होशे २ः१८-२०ः** यो जाति शान्ति र सुरक्षाको साथ बस्नेछ, किनभने परमेश्वरले मैदानका पशुहरू र अन्य जनावरहरूसँग एउटा करार बाँध्नुहुनेछ, यस उद्देश्यले कि सबै जङ्गली जनावरहरूबाट यसलाई कुनै हानि आउनेछैन । लड़ाइँ पनि समाप्त हुनेछ । परमप्रभुसँग इस्राएली जातिको विवाह हुनेछ, अँ, सदा-सर्वदाको निम्ति उहाँहरूको बीचमा यो विवाहको सम्बन्ध रहिरहनेछ । यो वैवाहिक सम्बन्ध धार्मिकता र न्यायको सर्तमा, अँ, दया र कृपाको सर्तमा स्थापित हुनेछ, अनि परमेश्वरको विश्वासयोग्यता यस विवाह-बन्धनको गाँठो हुनेछ ।

**होशे २ः२१-२३ः** त्यस दिनमा इस्राएली जातिको 'यिज्रेएल' भन्ने नामको अर्थ बदली हुनेछ, अबदेखि उसो यस नामको अर्थ 'तितरबितर पारिएको' होइन, तर 'छरिएको' हुनेछ । किनभने यहूदी मानिसहरू आफ्नै स्वदेशमा छरिनेछन् । आकाश र पृथ्वीले तिनीहरूलाई आशीर्वाद दिन र तिनीहरूलाई फलदायक बनाउन साथ दिनेछन् । श्री जर्च विलियम्स्ले गरेको उक्त अनुच्छेदको व्याख्या उपयोगी देखिन्छ, जब तिनले यसो लेखेका छन्ः

> 'परमेश्वरले जुन "यिज्रेएल" नामक इस्राएली जाति कनान देशमा फेरि छर्नुभयो (२३ पद), यस जातिले "मेरो दैनिक आवश्यकता पूरा गर" भनेर अन्न,

दाखमद्य र तेललाई पुकार्नेछ; यसकारण अन्न, दाखमद्य र तेलले पृथ्वीलाई "हामीलाई फलदायक बनाइदिनुहोस्" भनेर पुकार्नेछन्; अनि पृथ्वीले फेरि आफै फलदायक हुन आवश्यक परेको पानीभरीको निम्ति आकाशलाई पुकार्नेछ; अनि आकाशले फेरि परमप्रभुलाई उहाँले त्यसलाई आवश्यक पानीका कणहरूले भरिदिऊन् भन्ने हेतुले पुकार्नेछ; तर त्यसपछि उहाँबाट विन्ती गर्ने क्रम अघि बढ्नेछैन; किनकि उहाँ नै यी सबको सबको प्रथम स्रोत र महान् प्रबन्धक हुनुहुन्छ। त्यस विन्तीको प्रतिउत्तरमा उहाँले आकाशलाई पानीका कणहरूले भरिदिनुहुनेछ, अनि आकाशले धरतीमाथि पानी बर्साउनेछ; फलस्वरूप पृथ्वीले अन्न, दाखमद्य र तेल उब्जाउनेछ र इस्राएली जातिको निम्ति प्रशस्त रसदपानी हुनेछ, अनि यसरी नै स्वर्ग र पृथ्वी प्रेमको साङ्लोले एक-अर्कासित बाँधिनेछन्। तब परमेश्वरले इस्राएली जातिलाई दया देखाउनुहुनेछ र यसलाई आफ्ना जनहरूको रूपमा स्वीकार गर्नुहुनेछ, अनि इस्राएली जातिले उहाँलाई आफ्ना परमेश्वरको रूपमा स्वीकार गर्नेछ।[6)]

## खण्ड ५

## होशे ३ :

### जसरी होशेकी पत्नीलाई दाम तिरेर छुटाइन्छ, त्यसरी नै इस्राएली जाति अन्तमा परमप्रभुकहाँ फर्कनेछ। यिनी यसको निम्ति एउटा पूर्व-नमुना भइन्

**होशे ३:१-३:** त्यसपछि परमप्रभुले होशेलाई 'सार्वजनिक बजारमा जाऊ र तिम्री अविश्वासयोग्य पत्नीको निम्ति दाम हालेर उसलाई उसको पापबाट किनेर छुटाऊ' भन्ने आज्ञा गर्नुभयो। उसको किन्ने दामचाहिँ एउटी दासीको निम्ति लाग्ने पन्ध्र शेकेल चाँदी र डेढ़ होमेर जौ पो थियो। त्यसपछि धेरै दिनसम्म तिनीहरूको बीचमा कुनै वैवाहिक सम्बन्ध रहेन; तर पछि यो स्त्री फेरि आफ्नो वैवाहिक स्तरमा पुनर्स्थापित हुनेथिई। अनि यही कुराले इस्राएली जातिको विगत, वर्तमान र आगामी अवस्था चित्रण गर्छ। किनकि परमप्रभुप्रति अविश्वासयोग्य भई यो जाति मूर्तिरूपी अन्य प्रेमीहरूको पछि लागिरह्यो। तर परमेश्वरले यसलाई फर्काएर ल्याउनुभयो।

**होशे ३:४-५:** चार पदले इस्राएली जातिको वर्तमान अवस्था प्रस्तुत गर्छः हालैमा यस जातिका राजा छैनन्, तिनीहरूका राजकीय परिवारका शासक छैनन्, तिनी-हरूले लेवीय व्यवस्थाअनुसार बलिदानहरू चढ़ाउँदैनन्, त्यो व्यवस्था बन्द भएको छ; तिनीहरूको मूर्ति छैन, तिनीहरूको एपोद छैन, (जुन एपोदचाहिँ लेवीय पूजाहारीगिरीको प्रतीक हो), र तिनीहरूको गृहदेवता छैन। तर पाँच पदले इस्राएली जातिको भविष्य बयान गर्छः यस जातिका मानिसहरू परमप्रभुकहाँ फर्किनेछन्, र तिनीहरूले विश्वासयोग्यतासाथ उहाँलाई प्रेम गर्नेछन् र उहाँको भय मान्नेछन्।

## खण्ड ६

## होशे ४-१०:

### आफ्ना जनहरूसँग परमेश्वरको वादविवाद

#### क) होशे ४:१-६: मानिसहरूले गरेका पापहरू के-के थिए?

**होशे ४:१-३:** इस्राएली जातिसँग परमेश्वरको मुद्दा चल्दैथियो; किनभने यसका

मानिसहरू अविश्वासयोग्य, निर्दय र दयारहित थिए; तिनीहरू हल्का प्रकारले कसम खाने, झूट बोल्ने, हत्या गर्ने, चोरी गर्ने, व्यभिचार गर्ने र रक्तपात गर्नेहरू हुन्थे। अनि दुई पदमा दस आज्ञाहरूमध्ये पाँचवटा आज्ञा उल्लङ्घन भएको कुरा उल्लेख गरिएको छ। अनि तिनीहरूले यी आज्ञाहरू भङ्ग गरेका हुनाले देशको हालत नाजुक थियो। अनि आउन लागेको न्यायले पशुजगत्‌लाई समेत नराम्रो असर पार्नेथियो।

**होशे ४:४-६:** कसलाई त्यसको दोष लागेको छ? त्यसमा पूजाहारी र भविष्यवक्ता दुवैजना दोषी थिए; किनभने उनीहरूले जानीबुझी परमेश्‍वरको ज्ञान रद्द गरेका हुनाले उनीहरूमा ज्ञानको कमी भएको थियो। अनि परमेश्‍वरका जनहरू ज्ञानको अभावले नष्ट भए; किनकि तिनीहरूले आफ्ना परमेश्‍वरको व्यवस्था बिर्सेका थिए।

### ख) होशे ४:७-११: पूजाहारीहरूले गरेका पापहरू के थिए?

**होशे ४:७-११:** मानिसहरूले जति बढ़ी पाप गरे, त्यति नै बढ़ी पूजाहारीहरूले पाप-बलिहरूबाट आफ्नो भाग पाए; अनि यिनी-हरूले यसकै लोभ गर्थे। यसकारण जस्ता मानिसहरू थिए, त्यस्तै पूजाहारीहरू पनि थिएः तिनीहरू दुवै भ्रष्ट थिए। यसको निम्ति तिनीहरूको दण्ड के हुने भयो? तिनीहरू वेश्यागमन, दाखमद्य र नयाँ दाखमद्यको लत र बन्धनमा पर्नेथिए, तर कहिल्यै तृप्त हुने-थिएनन्।

### ग) होशे ४:१२-१४: मानिसहरूले मूर्तिपूजा गरेका

अबचाहिँ मानिसहरूको मूर्तिपूजा वर्णन गरिएको छ। तिनीहरूले ठुटाबाट अर्थात् काठका मूर्तिहरूबाट निर्देशन खोजे। तिनी-हरूले पहाड़का टाकुराहरूमाथि बर र पीपलहरूको छायामा पूजा गर्थे। यसमा पुरुषहरूले एउटा खराब उदाहरण बसाले, र स्त्रीहरूले उनीहरूको अनुसरण गरे।

### घ) होशे ४:१५-१९: यहूदालाई विशेष अनुरोध गरिएको

'हे यहूदा, इस्राएलको दुष्ट उदाहरणको देखासिकी र अनुकरण नगर' भनेर यसलाई चेताउनी दिइएको छ। इस्राएल हठी थियो; त्यसले आफ्ना मूर्तिहरूबाट छुट्टिन मान्दै मान्दैनथियो; तिनीहरूले मान र इज्जतलाई होइन, तर शर्मलाई पो प्रेम गर्थे। सोह्र पद आर.एस.वी.को अनुवादअनुसार यसरी पढ़िन्छः 'एउटा हठी कोरलीजस्तै इस्राएल हठी छ; तब के, के परमप्रभुले तिनीहरूलाई अब फराकिलो खर्कमा भेड़ाको पाठोलाई झैं चराउन सक्नुहुन्छ?'

### ङ) होशे ५:१-७: पूजाहारीहरू, जनता र राजकीय परिवारले गरेको कुव्यवहार

पूजाहारीहरू, मानिसहरू र राजा बराबर मूर्तिपूजाको विषयमा दोषी थिए, र इस्राएली जाति अशुद्ध भएको थियो। एप्रैमचाहिँ एउटी वेश्या भएको थियो। इस्राएल र यहूदा दुवैलाई तिनीहरूको दोषको खातिर दण्ड दिइनेथियो; किनभने तिनीहरूले परमप्रभुसँग विश्‍वासघात गरे। तिनीहरूले बलिपशुरूपी भेड़ाहरू र गाईवस्तुहरू लिएर परमप्रभुको खोजी गर्नेथिए, तर तिनीहरूले उहाँलाई भेट्टाउनेथिएनन्।

### च) होशे ५:८-१५: इस्राएल र यहूदा-माथि आइपर्ने न्यायहरूको विषयमा गरिएको पूर्वसूचना र यसको विषयमा परमेश्‍वरले तिनीहरूप्रति गर्नुभएको आशा र अभिप्राय तिनीहरूको पश्‍चात्ताप थियो

**होशे ५:८-१२:** यस खण्डको ऐतिहासिक पृष्ठभूमि राजाहरूको दोस्रो पुस्तकको सोह्र

अध्याय हो। त्यस बेलामा इस्राएल अर्थात् एप्रैम र सिरियाले यहूदालाई आक्रमण गरेका थिए। अनि अश्शूरबाट सहायता लिएर यहूदाले तिनीहरूको प्रतिआक्रमण गरेको थियो र तिनीहरूको हातबाट कति इलाकाहरू कब्जा गरेको थियो। अनि यहाँ आठ पदमा बिन्यामिनका तीनवटा शहरहरूलाई अर्थात् गिबा, रामा र बेत-आवनलाई सजायको निम्ति तयार होओ भन्ने चेताउनी दिइएको छः *'गिबामा नरसिङ्गा र रामा तुरही फुकिदेओ! बेत-आवनमा जोड़ले चिच्च्याओ!'* किनकि परमेश्वर इस्राएलको घरानाको निम्ति कपड़ा-कीरा र यहूदाको घरानाको निम्ति सुकाउने सड़ावट बन्नुहुनेथियो।

**होशे ५:१३-१५:** जब एप्रैमले आफ्नो रोग देख्यो, तब त्यसले अश्शूरबाट सहायता खोज्यो; तर त्यो निको भएन; किनभने त्यसको विरुद्धमा लड़ाइँ गर्न यहूदाले अश्शूरलाई भाड़ामा लिएको थियो, र परमेश्वरले अश्शूरलाई प्रयोग गर्नुभएको थियो। परमेश्वरले गएर आफ्नो ठाउँमा फर्कने र त्यस दिनसम्म पर्खने निर्णय लिनुभयो, जुन दिनमा इस्राएल र यहूदाले आफ्ना पापहरू स्वीकार गर्नेथिए र उहाँको उपस्थितिको खोजी गर्नेथिए।

### छ) होशे ६:१-३: इस्राएली जातिलाई पश्चात्ताप गर्ने आह्वान गरिएको

होशे *५:१५* पदमा परमेश्वरले पश्चात्ताप गर्ने आह्वान गर्नुभयो, अनि ६:१-३ पदहरूमा इस्राएली जातिले यस आह्वानप्रति आफ्नो प्रतिक्रिया जनायो। यसो हेर्दा शुरुमा यसको पश्चात्ताप साँचो र इमानदार भएको देखिन्छ, तर नजिकबाट नियाल्दा के बुझिन्छ भने, तिनीहरूले यहाँ कुनै खास पाप मानिलिएनन्। पाप स्वीकार नगरेको पश्चात्ताप खोक्रो र कृत्रिम हुन्छ। यो कसरी जानिन्छ? यस अध्यायको बाँकी भागमा परमेश्वरले यस जातिसित निरन्तर प्रतिवाद गर्नुभएको छ; यस कुराबाट यो स्पष्ट हुन्छ। तिनीहरूको साँचो पश्चात्तापको निम्ति हामी यस पुस्तकको अन्तिम अध्यायसम्म पर्खनुपर्छ। किनकि त्यहाँ मात्र यस जातिले आफ्नो मूर्तिपूजा स्वीकार गरेर छोड्नेछ र परमेश्वरको अनुग्रहको निम्ति आफ्नो आवश्यकता स्वीकार गर्नेछ।

हुन सक्छ, दुई पदमा कतै ख्रीष्ट येशूको पुनरुत्थानको विषयमा एउटा सङ्केत पाइन्छ कि; किनकि उहाँको पुनरुत्थान पनि उहाँ मर्नुभएको दुई दिनपछि, तेस्रो दिनमा भएको हो। यसो हो भने, इस्राएली जातिको राष्ट्रको रूपमा हुने पुनर्स्थापना ख्रीष्ट येशूको पुनरुत्थानमाथि स्थापित भएको हो, र उहाँको पुनरुत्थानमा यो पुनर्स्थापना पूर्वचित्रण गरिएको हो। अथवा हुन सक्छ, तेस्रो दिन भन्नाले सङ्कष्टकालको अन्तिम तीन दिन बुझ्न सकिन्छ; इस्राएली जातिले त्यस अवधिको पहिला दुई दिनमा पश्चात्ताप र शोक गर्नेछ। त्यसपछि तेस्रो दिनमा यस जातिको पुनर्जन्म हुनेछ, र मसीह तिनीहरूकहाँ देखा पर्नुहुनेछ।

### ज) होशे ६:४-११: इस्राएल र यहूदा दुवैको अधर्मीपन यस्तै थियो

**होशे ६:४-६:** इस्राएल र यहूदाको अविश्वास ठूलो थियो; यसैले परमेश्वरले तिनीहरूलाई आफ्ना भविष्यवक्ताहरूद्वारा हप्काएर र आरोप लगाएर दोषी ठहराउनुभयो; किनकि उहाँले तिनीहरूको बलिदानभन्दा तिनीहरूको प्रेम पाउन चाहनुहुन्थ्यो र तिनी-हरूका होमबलिहरूभन्दा बढ़ी तिनीहरूले उहाँलाई चिनेका र तिनीहरू उहाँको चिन्ने ज्ञानमा बढ़ेका इच्छा गर्नुहुन्थ्यो।

**होशे ६:७-११:** 'तर तिनीहरूले आदमले जस्तै वाचा तोड़ेका छन्;' (आर.वी.को अनुवादअनुसार)।[7] इस्राएली जातिको दुष्टता

६:७-१० पदहरूमा यस प्रकारले बयान गरिएको छः गिलादचाहिँ अधर्मीहरूको शहर थियो, जुन शहरचाहिँ रगतले पोतिएको थियो; मानिसहरू दलदलका डाँकूहरू हुन्थे, र पूजाहारीहरूले हत्या गर्न दलबन्दी गरे। अनि यहूदाचाहिँ ? यहूदाको निम्ति पनि दुःखकष्ट-हरूको कटनी नियुक्त गरिएको थियो (११ पद); त्यसपछि परमेश्वरले आफ्ना जन-हरूको भाग्य फर्काउनुहुनेथियो; (कतिजनाको विचारमा, यहाँ उल्लेख गरिएको कटनीचाहिँ न्यायको कटनी होइन, तर आशिषको कटनी पो हो)।

### फ) होशे ७ः इस्राएली जातिको दुष्टता भन्डाफोर गरिएको

**होशे ७ः१-७ः** एप्रैमको भ्रष्टाचार ठूलो थियो; किनकि तिनीहरूको बीचमा छल-कपट, लुटपाट, फूट, कुकर्महरू, व्यभिचार र मतवालीपन व्यापक थियो। जनता र राजकीय शासकहरू कामुकताले तातिएर जलेका थिए।

**होशे ७ः८-१०ः** तिनीहरूले अन्य-जातिहरूसँग हेलमेल गर्थे र आफ्नो धनसम्पत्ति बर्बाद गर्थे। अनि तिनीहरूले हप्की सुन्दै सुन्दैनथिए। एप्रैम एउटा नपल्टाइएको रोटी भएको रहेछ। यसर्थ त्यससँग सन्तुलनको कमी भएको थियो। एक पट्टि रोटी खहरिएको थियो र डढ़ेको थियो, तर अर्को पट्टि काँचै र अधपाको थियो। छोटकरीमा भन्नु हो भने, एप्रैमको अवस्था पूरा बिग्रिएको थियो।

**होशे ७ः११-१२ः** एप्रैम मूर्ख ढुकुरजस्तै थियो; किनकि सहायता पाउन त्यो यता मिस्र देशकहाँ र उता अश्शूरकहाँ उड़ेर गयो; तर परमेश्वरले त्यो ढुकुर एउटा जालमा पक्रनु-हुनेथियो र मानिसहरूलाई दण्ड दिनुहुनेथियो।

**होशे ७ः१३-१४ः** तिनीहरू परमप्रभुबाट भागेका थिए; अनि तिनीहरूले साँचो पश्चात्तापको कुनै लक्षण देखाउँदैनथिए। तिनीहरूले परमप्रभुको सामु रोइकराइ त गरे, तर तिनीहरूले उहाँलाई आफ्नो हृदयदेखि पुकारेनन्। त्यो साँचो पश्चात्तापको नरम रोदन थिएन, तर त्यो त घाइतेको ऐया-ऐया गरेको पीड़ाको चीत्कार पो थियो।

**होशे ७ः१५-१६ः** बितेको समयमा परमप्रभुले तिनीहरूलाई तालिम दिनुभएको र तिनीहरूलाई बलियो पार्नुभएको थियो; यसकारण कसरी विजय प्राप्त हुने हो, सो तिनीहरूले सिकेका र जानेका थिए। तब तिनीहरूले कसरी मूर्तिहरूमाथि भरोसा गर्न सके ? आहा, यसको निम्ति तिनीहरूले कत्रो हार र उपहास भोग्नेथिए !

### ञ) होशे ८ः मूर्तिपूजा गरेको र परदेशी-हरूसित गठबन्धनहरू गरेको खातिर विदेशी सेनाको आक्रमणको निम्ति तयार होऊ भन्ने चेताउनी

**होशे ८ः१-३ः** अश्शूर, त्यस आक्रमण-कारीलाई यहाँ चील वा गिद्धसँग तुलना गरिएको छ, जो इस्राएल देशमाथि घुमिरहेको थियो। मानिसहरूले परमप्रभुको व्यवस्था उल्लङ्घन गरेका थिए, र यही कारणले तिनी-हरूको विनाश नजिकै आइपुगेको थियो। तिनीहरूले परमप्रभुलाई चिनेको दाबी त गरे, तर वास्तवमा तिनीहरूले उहाँलाई लात हानेका र तिरस्कार गरेका थिए।

**होशे ८ः४-६ः** राज्य इस्राएल र यहूदामा विभाजन भएको थियो, तर यो उहाँको अनुमोदनविना भएको थियो। तिनीहरूको मूर्तिपूजामा परमेश्वरको क्रोध जलिउठेको थियो। परमेश्वरले आफूलाई निम्न प्रश्न सोध्नुभएको छः 'कहिलेसम्म तिनीहरू निर्दोष अवस्थामा आइपुग्दैनन् ?' अथवा वर्तमान शब्दहरूमा भन्नु हो भने, 'तिनीहरूले कहिले सिक्नेछन् ?'

**होशे ८ः७-१०ः** अन्नबालीहरू नहुने रहेछन्; अनि इस्राएली जाति अन्यजातिहरूको बीचमा छरपष्ट हुनेथियो। एप्रैमले अश्शूर र आफ्ना मित्र राष्ट्रहरूको संघबाट सहायता पाउन खोजेको हुनाले परमेश्वरले त्यसलाई दण्ड दिनुहुनेथियो। कविताको भाषामा यो भन्नु हो भने, 'तिनीहरूको शोक कम हुनेछैन' भन्नुपर्ला; कि त यसको अर्थ *'तिनीहरू थोरै हुन थाल्नेछन्'* हो, जसरी पार्श्वमा एन.के.जे.वी.को अनुवाद भएको छ।

**होशे ८ः११-१४ः** इस्राएलमाथि त्यसको मूर्तिपूजाले गर्दा र यहूदामाथि यसले धेरै किल्लाबद्ध शहरहरूमाथि भरोसा गरेको हुनाले दुःखकष्ट र विनाश आइपर्नेथियो।

### ट) होशे ९-१०ः भविष्यवाणी गरिएको इस्राएली जातिको भावी निर्वासनचाहिँ सीधा तिनीहरूको अधर्मको प्रतिफल थियो

**होशे ९ः१-२ः** इस्राएलको जनता रमाउनुहुँदैन। किनकि तिनीहरूका मूर्तिहरूले तिनीहरूलाई तिनीहरूले आशा गरेको जति फसल दिनेथिएनन्। किनकि मूर्तिपूजा आत्मिक व्यभिचार हो। यसको विषयमा श्री फ्रान्सिस शेफरले निम्न स्पष्टीकारण दिएका छन्ः

> 'परमेश्वरले यहाँ प्रयोग गर्नुभएका शब्दहरूमाथि तपाईंले ध्यान दिनुहोला, जुनचाहिँ यस प्रकारका छन्ः *'तैंले हरेक अन्नको खलामा वेश्याकर्मको ज्याला मन पराएको छस् ।'* मानौं एउटी स्त्रीले खेतबारीमा फसल काटिरहेकी छे, अनि फसल काट्दा-कट्दै त्यसको छाड़ा व्यवहार हेर्नुहोस्ः फसल उठाइरहेको बेलामा त्यसले एउटा पुरुषबाट पैसा ग्रहण गरेर त्यससँग खलामा सुतेकी रहिछे। आहा, परमेश्वरका जनहरू कहाँसम्म पतित भए! तर बुझ्नुहोस्ः जीवित परमेश्वरकी पत्नी आफ्नो धर्मत्याग गरिएको अवस्थामा यति नीच भयो।' 8)

**होशे ९ः३-४ः** तिनीहरूको व्यभिचारको खातिर मानिसहरू निर्वासनमा जानुपर्नेथियो। *'तर एप्रैम मिस्रमा फर्कनेछ'* भन्ने वाक्य हामीले अक्षरशः लिनुहुँदैन। किनकि अश्शूरको निर्वासनचाहिँ त्यसको निम्ति मिस्र देशको दासत्वजस्तो र जत्तिकै हुनेथियो। तिनीहरूको आराधनामा मिलावट थियो; किनकि तिनीहरूले परमप्रभुको उपासनामा मूर्तिपूजा मिसाए; यस कुराले न ता उहाँलाई प्रसन्न तुल्यायो, न ता तिनीहरूको सुख बढ़ायो।

**होशे ९ः५-९ः** यसकारण तोकिएका चाड़हरू मनाउन तिनीहरू देशमा रहनेथिएनन्; होइन, तिनीहरू निर्वासनमा जाने नै थिए। एप्रैमका वासस्थानहरू मानिसहरूको आबाद हुने होइन, तर सिस्नु र काँड़ाहरूको निम्ति हुनेथिए। निर्वासन, साथै झूटा अगमवक्ताहरूको विनाश नजिकै आइपुगेको थियो।

**होशे ९ः१०-१७ः** शुरुमा इस्राएली जाति नेभाराको पहिलो फलजस्तै क्या होनहार फलको रूपमा देखा परेको थियो! तर त्यसपछि यो जाति घिनलाग्दो, भयानक मूर्तिपूजामा फस्यो; अनि यही कारणले यसमाथि बाँझोपन आयो, र यो निस्सन्तान हुन ठहरियो। बाह्र पदमा 'एउटै मानिस नहुने गरी' भन्ने शब्द हामीले साह्रै अक्षरशः लिनुहुँदैन, तर सत्र पदको ग) खण्डको सन्दर्भअनुसार बुझ्नुपर्छ। यसर्थ पुरुषहरूको जनसङ्ख्या निक्कै घट्नेथियो। एप्रैमको विषयमा परमेश्वरको न्यायको फैसला सुन्नुहोस्ः *'न कसैको जन्म हुनेछ, न कोही गर्भवती हुनेछे, न कसैको गर्भ बस्नेछ।'* किनकि तिनीहरूले आफ्नो महिमा घृणित वस्तुहरूसित साटे।

**होशे १०ः१-२ः** एक समय इस्राएली जाति खाइलाग्दो दाखको बोट थियो, तर अब यो रित्तो, खोक्रो र शून्य भइसकेको थियो; किनभने यसले आफ्नो समृद्धि केवल आफ्नो मूर्तिपूजा बढ़ाउन प्रयोग गर्‍यो। यसैले

'तिमीहरूको हृदय बाँड़िएको छ' भनेर परमेश्वरले अहिले तिनीहरूलाई दुईचित्ते भएको आरोप लगाउनुभयो। यसैमा खास तिनीहरूको गल्ती र दोष थियो।

**होशे १०:३-४:** यी मानिसहरूलाई न परमेश्वरको, न ता राजाको खाँचो परेको अरे। यसैबाट इस्राएली जाति कहाँसम्म पतित भएको, सो कुरा छरलङ्ग बुझिन्छ। शुरुको दिनमा तिनीहरूले सिनाई पर्वतमा आफूलाई मोशा र हारुनको पालोमा परमेश्वरको शासनको अधीनतामा सुम्पेका थिए। तर त्यस समयदेखि यता हामीले तिनीहरूमा एउटा लामो, निरन्तर भइरहेको पतन र धर्मत्याग देखिरहेका छौं; किनकि अन्तमा तिनीहरूले आफूमाथि राजाको शासन समेत स्वीकार गर्न सकेनन्। तिनीहरूका सरकारहरूको रूप निम्न क्रमअनुसार बदली भएको र तिनीहरूले घरिघरि एउटा सरकारको प्रणालीदेखि अर्को सरकारको प्रणाली विरोध गरेको कुराबाट तिनीहरूको आत्मिक मृत्युले कसरी प्रगति गरेको, सो हेर्नुहोस्: क) पहिले परमेश्वरको शासन थियो; त्यसपछि ख) भविष्यवक्ता र व्यवस्थापक मोशाको शासन थियो; त्यसपछि ग) सेनापति यहोशूको शासन, घ) विभिन्न न्यायकर्ताहरूको शासन र ङ) राजाको शासन थियो; अनि अन्तमा च) तिनीहरूलाई कुनै राजाको आवश्यकता परेन, कुनै सरकारको खाँचो परेन; यो अराजकता भनिन्छ। तिनीहरूले झूटो कसम खाएर सन्धिहरू बाँधे; यसकारण अब उम्रेको विषालु झारले खेतबारी ढाकेजस्तै न्यायले देश ढाक्नेथियो।

**होशे १०:५-८:** अब बेत-आवनको कुरा आयो: बेतएलचाहिँ बेत-आवन [9] पो भएछ। अनि अबचाहिँ त्यो बेला नजिक आएको थियो, जुन बेलामा अश्शूरीहरूले बेत-आवनको सुनको बाछो कब्जा गरेर लैजानेथिए। जुन परमेश्वरले तिनीहरूलाई धेरै पल्ट बचाउनुभयो, ती परमेश्वरलाई प्रेम गर्नुको सट्टामा तिनीहरूले त्यस सुनको बाछोलाई पो प्रेम गर्दथिए। पाँच पदका निम्न व्यङ्ग्य शब्दहरूबाट यो स्पष्ट बुझिन्छ: 'बेत-आवनका बाछाहरूको खातिर त्यसका मानिसहरूले विलाप गर्नेछन्, अनि त्यसका पूजाहारीहरू त्यसको निम्ति थरथर काम्नेछन्; किनभने त्यसको महिमा त्यसबाट उठिसकेको छ।' तब परमेश्वरले तिनीहरूलाई दण्ड दिन लाग्नुभएको कुरामा अचम्म लाग्ने के पो थियो र! सामरियाका राजा नष्ट हुनेथिए, मूर्तिका थानहरू नष्ट पारिनेथिए, अनि मानिसहरूले पहाड़ र डाँड़ाहरूलाई 'हामीमाथि खस' भन्नेथिए।

**होशे १०:९-१०:** न्यायकर्ताहरूको पुस्तकको बीस अध्यायको कुरा आयो: त्यस बेलामा गिबामा इस्राएलका सबै कुलहरू बिन्यामिन कुललाई त्यसको पापको निम्ति सजाय दिन एकसाथ खड़ा भए। तर त्यस बेलादेखि इस्राएलको इतिहास एउटा पापको अभिलेख भयो। अब परमेश्वरले अधर्ममा बाँधिएका यी मानिसहरूलाई ताड़ना दिन जाति-जातिका मानिसहरूलाई प्रयोग गर्नुहुनेथियो।

**होशे १०:११:** एक समय एप्रैम एउटा तालिमप्राप्त सुसाधित कोरली थियो, जसलाई केवल दाइँ गर्ने हाल्का कामको निम्ति प्रयोग गरिन्थ्यो। तर अब त्यसलाई निर्वासनको जुवामनि राखिनेथियो, र यहूदालाई पनि कठोर परिश्रममा जोतिनेथियो।

**होशे १०:१२-१५:** तिनीहरूको एकमात्र उपाय पश्चात्ताप गर्नुमा र परमप्रभुको खोजी गर्नुमा थियो। तर इस्राएली जाति बरु रथहरू र सिपाहीहरूमाथि भर पर्थ्यो; यसैले यस जातिले आफ्नो पापमय निर्भरताको निम्ति प्रतिफल भोग्नुपर्नेथियो। देश लड़ाइँमा डुब्नेथियो, तिनीहरूका सबै किल्लाहरू लुटिनेथिए अनि सामरिया नष्ट हुनेथियो र इस्राएलका राजा मारिनेथिए। चौधा पदमा शल्मनको कुरा छ,

यी शल्मनचाहिँ शल्मनेसेर तृतीय हुन्; तर कोही-कोही छन्, जसको विचारमा यस नामको सन्दर्भ मोआबका राजा सलमनु हो अरे।

# खण्ड ७

# होशे ११-१३ :

## परमेश्वर क्रोधमा पनि कृपा सम्झनुहुन्छ

आउँदा चार अध्यायहरूमा बोल्ने दुईजना वक्ताहरूको बीचमा, परमप्रभु र होशेको बीचमा छुट्याउन उपयोगी देखिन्छ, जस्तैः

होशे ११:१-१२:१ः बोल्ने व्यक्ति परमप्रभु हुनुहुन्छ भने,
होशे १२:२-६ः होशे
होशे १२:७-११ः परमप्रभु
होशे १२:१२-१३:१ः होशे
होशे १३:२-१४ः परमप्रभु
होशे १३:१५-१४:३ः होशे
होशे १४:४-८ः परमप्रभु बोल्ने वक्ता हुनुहुन्छ

**होशे ११:१-४ः** परमेश्वरले इस्राएली जातिलाई प्रेम गरेर मिस्र देशबाट बोलाउनुभयो (प्रस्थान १२)। (अनि यो पद मत्ती २:१५ पदअनुसार प्रभु येशूमाथि पनि लागू गरिएको छ।) तर के गर्ने ? उहाँले तिनीहरूलाई जति बढ़ी बोलाउनुभयो, त्यति नै बढ़ी तिनीहरू मूर्तिहरूको पछि गइगए। उहाँले एप्रैमसँग कोमल र प्रेमिलो व्यवहार गर्नुभयो; तर परमप्रभुले तिनीहरूलाई निको पार्नुभएको कुरा तिनीहरूलाई के थाहा !

**होशे ११:५-८ः** परमेश्वरका जनहरूले उहाँतिर आफ्नो पिठ्यूँ फर्काए; यसकारण तिनीहरू मिस्र देशमा होइन, तर अश्शूरको निर्वासनमा जानेथिए। 'ओहो, म इस्राएल देशलाई कसरी, अँ, कसरी अद्‌मा र सबोयीमजस्तै, यी मैदानका शहरहरूजस्तै उजाड़ पारिदिऊँ ?' यस विचारले परमेश्वरको हृदय कति उथलपुथल र छियाछिया पार्दथियो !

**होशे ११:९-१२ः** यी पदहरू अझ पनि भविष्यमा पूरा हुन बाँकी छन्। परमेश्वरले आफ्ना जनहरूको निम्ति पुनर्स्थापना र आशिष पूर्वनिर्धारित गर्नुभयो। अनि उहाँले एप्रैमलाई फेरि नाश गर्नुहुनेछैन। अनि अब बाह्र पदको कुरा आयोः हिब्रू बाइबलमा होशे ११:१२ पद बाह्र अध्यायको एक पद हो। यस भिन्नता-अनुसार निम्न अर्थ निस्कन्छः क) के.जे.वी. र एन.के.जे.वी. बाइबलहरूअनुसार इस्राएलको घरानाले परमप्रभुसित झूट र छलले पूर्ण व्यवहार गरिरहेको बेलामा यहूदाले होशेको समयमा अझै पनि परमप्रभुमाथि भरोसा गरि-रहेको थियो। अथवा ख) एन.ए.एस.बी.-अनुसार यस पदको अर्थ निम्न प्रकारको छः यहूदामा इस्राएली जाति तुल्य छाड़ा व्यवहार देखिन्थ्यो अरे।

**होशे १२:१-२ः** एप्रैम कुन हिसाबले हावामा चर्‍यो त ? किनभने त्यसले बाँचिरहन अश्शूर र मिस्र देशसँग बाँधिएका सन्धिहरूमा निर्भर गर्थ्यो। अनि यहूदासँग परमप्रभुको मुद्दा थियो; यद्यपि एप्रैमको पाप यहूदाको भन्दा ठूलो थियो, उहाँले याकूबलाई यसका चाल-हरूअनुसार दण्ड दिनुहुनेथियो।

**होशे १२:३ः** यहाँ, यस पदमा कुलपिता याकूब सन्दर्भको विषय भएका छन्। पवित्र बाइबलका अन्य ठाउँहरूमा उनलाई प्रतिकूल दृष्टिकोणले प्रस्तुत गरिएको तापनि यहाँ उनी एक असल उदाहरण पो भएछन् ! किनभने उनी परमेश्वरकहाँ फर्केका हुनाले उनले कतिपय विजयहरू हासिल गर्न सके।

**होशे १२:४-६:** चार पदमा जुन स्वर्गदूतको विषयमा कुरा गरिएको छ, ती स्वर्गदूत पाँच पदमा परमप्रभु सेनाहरूका परमेश्‍वर अथवा परमप्रभु स्वयम् हुनुभएको छ। उनी ती परमप्रभुका दूत थिए, जो हागारकहाँ देखा परेका थिए (उत्पत्ति १६:७-११), जो अब्रहामकहाँ देखा परेका थिए (उत्पत्ति १८:१-३३; उत्पत्ति २२:११, १५ र १६) र जो याकूबकहाँ पनि देखा परेका थिए (उत्पत्ति ३१:११-१३; उत्पत्ति ४८:१६)। यस विषयमा तपाईंले प्रस्थान ३:२ र ६-१५ पदहरू र गन्ती २२:२२-३५ पदको खण्ड पनि पढ्नुहोला। उनको विषयमा इभान्जलिकल इसाईहरूले प्रायः कुन धारणा अपनाएका छन् भने, उहाँ त्रिएक परमेश्‍वरका तीन व्यक्तिहरूमा दोस्रो व्यक्ति हुनुहुन्छ, जसले देहधारी हुनुभन्दा अघि पुरानो नियमको समयमा परमप्रभुका दूतको रूप लिनुभएको थियो।

तिनले 'हे एप्रैम, याकूबको देखासिकी गर!' भन्ने अर्ती पाए; तिनले याकूबले गरेझैं आफ्नो शक्तिमाथि होइन, तर परमेश्‍वरको शक्तिमाथि भर पर्नुपरेको थियो (उत्पत्ति ३२:२८)।

**होशे १२:७-८:** तर एप्रैमचाहिँ एउटा धूर्त कनानी[10] अर्थात् एउटा धूर्त व्यापारी थिए; तिनी एउटा ठग थिए; तिनी आत्मनिर्भर गर्ने, डीङ हाँक्ने मानिस थिए, जसले आफ्नो विषयमा 'मलाई फेला पार्न सकिँदैन' भन्ठान्थे।

**होशे १२:९:** तर परमप्रभुले त्यसलाई के सम्झना दिलाइदिनुभयो भने, त्यससँग भएको सबै धनसम्पत्तिको निम्ति त्यसले सारा श्रेय उहाँलाई दिनुपर्छ, जसले त्यसलाई मिस्र देशबाट निकालेर ल्याउनुभएको थियो। त्यसले केवल आज्ञापालन गर्नु थियो, अनि परमेश्‍वरले त्यसलाई अझै पनि वासस्थानहरूमा बसाल्नुहुनेथियो, झुपड़ीहरूको चाड़का दिनहरूमा जस्तै।

**होशे १२:१०-१२:** परमप्रभुले घरिघरि भविष्यवक्ताहरूद्वारा बोल्नुभएको थियो, तर त्यो व्यर्थ भयो। अनि गिलाद र गिल्गालचाहिँ? गिलाद र गिल्गाल उत्तरीय राज्यका दुईवटा इलाकाहरू थिए, जुन इलाकाहरूचाहिँ यर्दन नदीले विभाजन गर्‍यो। तिनीहरूको मूर्तिपूजाको खातिर यी इलाकाहरू नामेट हुनेथिए। त्यसलाई याद रहोस्ः इस्राएली जातिका पूर्वज याकूब अराममा बसोबास गर्ने परदेशी पो थिए र मेसोपोटामियामा भेड़ाहरू चराउने विनम्र गोठाला पो थिए।

**होशे १२:१३:** तर कृपावान् परमेश्‍वरले आफ्नो भविष्यवक्ता मोशाद्वारा याकूबका सन्तानहरूलाई मिस्र देशको दासत्वबाट निकालेर ल्याउनुभएको हो।

**होशे १२:१४:** तर एप्रैमले यो कुरा कहाँ याद गर्थ्यो र! तर यो कुरा बेवास्ता गरेर त्यसले आफ्नै मूर्तिपूजाद्वारा परमप्रभुको रिस उठायो र रक्तपातको दोष आफैमाथि ल्यायो। यसकारण परमप्रभुले त्यसको शर्म र त्यसको निन्दा त्यसमाथि फर्काइदिनुहुनेथियो।

**होशे १३:१:** मूर्तिपूजामा संलग्न हुनुभन्दा अघिको कुरा होः एप्रैमले बोल्दा इस्राएलमा आफूलाई उचाल्यो, तर जब त्यो बाल देवताको पूजातिर ढल्कियो, तब त्यो मर्‍यो।

**होशे १३:२-३:** तर अब ती मानिसहरू मूर्तिपूजामा गहिरो र झन् गहिरो गरी डुबे; तिनीहरूले मानिसहरूलाई 'बलि चढ़ाउनेले यी बाछाहरूलाई चुम्बन गर्नुपर्छ' भनेर भने। यसकारण तिनीहरू बिहानको बादल र एकाबिहानै उड़िजाने शीतजस्तै क्षणिक भए। तिनीहरू भुसजस्तै उड़ाएर लगिनेथिए र चिम्नीबाट निस्केको धूँवाजस्तै उड़िजानेथिए।

**होशे १३:४-८:** हो, परमप्रभुले तिनीहरूलाई मिस्र देशबाट बचाउनुभएको हो; अनि उहाँले नै तिनीहरूलाई उजाड़स्थानमा पालनपोषण गर्नुभएको हो; तर तिनीहरूले उहाँलाई

बिर्से, र तिनीहरू मूर्तिहरूतिर फर्के। तर अब परमप्रभु तिनीहरूमाथि एउटा हिंस्रक पशुजस्तै झम्टेर आइलाग्नुहुनेथियो।

**होशे १३ः९-१३ः** जब परमप्रभु तिनीहरूसित यस प्रकारको व्यवहार देखाउनुहुनेथियो, तब कसले तिनीहरूलाई बचाउनेथियो? होइन, एप्रैमको पाप पोको पारिएको र न्यायको दिनको निम्ति साँचिराखिएको थियो। त्यसलाई प्रसूति-वेदना लाग्न त लाग्नेथियो, तर त्यो नानीहरू जन्मिने ठाउँमा, अँ, कोखको मुखमा आइपुग्नेथिएन; यस भनाइको मतलब यो हो कि परमेश्वरका न्यायहरू एप्रैममाथि व्यथाजस्तै आइपरेर पनि त्यसले पश्चात्ताप गर्दैनथियो।

**होशे १३ः१४ः** आर.एस.वी.-बाइबलले यस पदको पहिलो खण्ड प्रश्नहरूको रूपमा निम्न प्रकारले अनुवाद गरेको छः 'के म तिनीहरूलाई अधोलोकको शक्तिबाट छुटाऊँ? के म तिनीहरूलाई मृत्युबाट छुटकारा दिऊँ?' अनि यी दुवै प्रश्नहरूको जवाफ नकारात्मक थियोः 'अहँ, म तिनीहरूलाई छुटाउँदै छुटाउँदिनँ।' बरु उहाँले मृत्युलाई 'हे मृत्यु, तेरा विपत्तिहरू छिट्टै निकाल्' भन्ने आज्ञा गर्नुहुनेथियो र अधोलोकलाई 'हे अधोलोक, तेरो विनाशसित छिट्टै आइज' भन्ने हुकुम दिनुहुनेथियो; किनभने उहाँका आँखाहरूबाट दयामाया लुक्दैथियो।

तर १ कोरिन्थी *१५ः५५* पदमा यो पद फरक अर्थमा उद्धृत गरिएको छ।

**होशे १३ः१५-१६ः** त्यसपछि पूर्वीय हावाले अर्थात् क्रूर अश्शूरीहरूले इस्राएल र सामरिया दुवैलाई भयानक विनाशले कसरी नाश गर्नेथिए, यसको बारेमा भविष्यवाणी यहाँ पेश गरिएको छ।

# खण्ड ८

# होशे १४ः

## इस्राएली जातिले पश्चात्ताप गरेर परमेश्वरको आशिष उपभोग गर्न पाउनेछ। यसकारण यसलाई पश्चात्ताप गर्ने आग्रह गरिएको

**होशे १४ः१-३ः** *'हे इस्राएल, परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्की'* भनेर इस्राएललाई पश्चात्ताप गर्ने आह्वान गरिएको छ, र पश्चात्ताप गर्दा त्यसले कुनचाहिँ शब्दहरू प्रयोग गर्नुपर्छ, सो पनि बताइएको छ; अनि एक भावी दिनमा तिनीहरूले यी शब्दहरू लिएर आफ्ना पापहरू मानिलिनेछन्। तिनीहरूले स्वीकार गरेका पापहरू यस प्रकारका थिएः अश्शूरमाथि गरेको आड, मिस्र देशका घोड़ाहरूमाथि गरेको भरोसा र मूर्तिहरू पूजा गरेको। तर तिनीहरूले अब स्वीकार गर्नेछन्ः 'हे परमप्रभु परमेश्वर, तपाईं हाम्रो एकमात्र आशा हुनुहुन्छ।'

**होशे १४ः४-७ः** अब यस खण्डमा एउटा उत्कृष्ट कविताको रचना पढ्नुहोस्! किनकि यी पदहरूमा परमप्रभुले 'म तिमीलाई निको पार्नेछु, तिमीलाई प्रेम गर्नेछु, तिमीलाई शीतजस्तै ताजापन दिनेछु, तिमीलाई लिली फूलजस्तै चौपट्टै सुन्दर, आकर्षक र बास्नादार तुल्याउनेछु, तिम्रो वृद्धि गरेर तिमीलाई जराहरू हान्ने र हाँगाहरू हाल्ने रूख र दाखको बोटजस्तै तुल्याउनेछु र तिमीलाई पुनर्जागृत गर्नेछु' भन्ने प्रतिज्ञा गर्नुहुन्छ।

**होशे १४ः८ः** याद रहोस्ः यस पदमा अझै पनि परमप्रभु बोल्दै हुनुहुन्छ।[11)] उहाँको

तीव्र चाहना छः उहाँका जनहरूले आफ्ना मूर्तिहरूसितको सम्बन्ध सधैंको निम्ति तोड़िदिऊन् र एउटा बितिसकेको कुरा ठानून्। किनकि उहाँ नै तिनीहरूका रक्षक र प्रबन्धक हुनुहुन्छ। तिनीहरूले यो सम्झून्।

**होशे १४ः९ः** परमप्रभुका मार्गहरूप्रति जो मानिस आज्ञाकारी हुन्छ, त्यो मानिस बुद्धिमान् र विवेकशील हुन्छ; भविष्यवक्ता होशेले यति भन्दै र यस कुरामाथि जोड़ दिँदै आफ्नो भविष्यवाणी समाप्त गरे।

## ENDNOTES:

1) **Introduction:** Jonah is the only prophecy in narrative form.

2) **Introduction:** G. Campbell Morgan, following Ewald and the margin of the ERV and ASV, translates, 'When Jehovah spoke at the first with (not "by") Hosea.' He maintains that the prophet was looking back to his early communion with God. Hosea was saying, in effect: When away back there my ministry began, when, before the tragedy came into my life, Jehovah spoke with me, it was He who commanded me to marry Gomer. The statement distinctly calls her a woman of whoredom, but it does not tell us that she was that at the time. It certainly does mean that God knew the possibilities in the heart of Gomer, and that presently they would be manifested in her conduct, and knowing, He commanded Hosea to marry her, knowing also what his experience would do for him in his prophetic work. When Hosea married Gomer, she was not openly a sinning woman, and the children antedated her infidelity' (G. Campbell Morgan, Hosea: The Heart and Holiness of God, p. 9).

3) **Introduction:** R. K. Harrison, Introduction to the Old Testament, p. 860.

4) **Introduction:** Henry Snyder Gehman, Editor, The New Westminster Dictionary of the Bible, p. 410.

5) **Introduction:** G. Campbell Morgan, The Minor Prophets, p. 6.

6) **2:21–23:** George Williams, The Student's Commentary on the Holy Scriptures, p. 633.

7) **6:7–11:** In Hebrew the same letters spell man and Adam.

8) **9:1-2:** Francis A. Schaeffer, The Church at the End of the 20th Century, p. 124.

9) **10:5–8:** Bethel means 'house of God'; the name Beth Aven is a parody of this name, meaning 'house of wickedness'.

10) **12:7-8:** The Canaanites were such avid "traffickers" (ERV, ASV) that their name became synonymous with bargaining.

11) **14:8:** The punctuation is not part of the original, but most translations agree on this.

## BIBLIOGRAPHY

Feinberg, Charles Lee. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Keil, C. F. "Hosea." In *Commentary on the Old Testament*. Vol. 25. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kelly, William. *Lectures Introductory to the Study of the Minor Prophets*. London: C. A. Hammond Trust Bible Depot, n.d.

Kidner, Derek. Love to the Loveless: The Message of Hosea. The Bible Speaks Today. Downers Grove, IL: InterVarsity Press, 1981.

Logsdon, S. Franklin. *Hosea: People Who Forgot God*. Chicago: Moody Press, 1959.

Morgan, G. Campbell. *The Heart and Holiness of God*. Old Tappan, NJ: Fleming H. Revell, 1967.

_____. *The Minor Prophets*. Old Tappan, NJ: Fleming H. Revell Company, 1960.

Pfeiffer, Charles F. "Hosea." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Stevenson, Herbert F. *Three Prophetic Voices. Studies in Joel, Amos and Hosea*. Old Tappan, NJ: Fleming H. Revell Company, 1971.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 1. Reprint (3 volumes) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# योएलको पुस्तकको टिप्पणी

# योएलको पुस्तकको भूमिका

*'हुन सक्छ, योएलचाहिँ लेखन्ते भविष्यवक्ताहरूमध्ये प्रथम थिए; यसकारण यस पुस्तकले भविष्यवाणीको इतिहासभित्र हामीलाई एउटा बहुमूल्य दृष्टि दिन्छ, विशेष गरी यसले अन्तका समयहरूको विषयमा एउटा रूपरेखा प्रस्तुत गर्छ, जुन रूपरेखाचाहिँ यसपछि लेखिएका पवित्रशास्त्रका सबै खण्डहरूले विश्वासयोग्यताको साथ कायम राखे। यसकारण बुझ्नुहोस्ः परमेश्वरले योएलको लेखबाट एउटा नयाँ काम शुरु गर्नुभयो; उहाँले मानव जातिलाई यस वर्तमान अस्थायी युगको अन्तको निम्ति तयार गर्न थाल्नुभयो र यसकारण तिनीहरूलाई आफ्नो सम्पूर्ण योजनाको विषयमा एउटा रूपरेखा दिनुभयो। योएलपछि आएका भविष्यवक्ताहरू र हाम्रा प्रभु येशूले समेत यस रूपरेखामा वेलीविस्तारहरू थप्नु त थप्नुभयो, तर उहाँहरू कहिल्यै शुरुको प्रकाशरूपी यस रूपरेखाबाट हट्नुभएन, उहाँहरूलाई यसबाट कहिल्यै यता-उता जान पनि आवश्यक परेन। किनकि धर्मशास्त्र पवित्र बाइबलको ईश्वरीय गुण यस्तै छ।'*

श्री मोन्तग्यू एस. मिल्स

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

एक, योएलको भविष्यवाणी छोटो छ, तर पक्कै पनि यसमा सुन्दरता छ र यसमा हाम्रो ध्यान आकर्षण गर्ने कुनै कमी छैन। किनकि यी भविष्यवक्ताले आफ्नो ज्वलन्त शैली प्रस्तुत गर्दाखेरि धेरै साहित्यिक उपकरणहरू प्रयोग गरेका छन्, जस्तैः अनुप्रास, रूपक र उपमाहरू, साथै समानार्थी शब्दहरू र विरोधाभाषी शब्दहरू प्रयोग गरेर समानताहरू काममा लगाएका छन्। (समानान्तरताको विषयमा हामीले भजनसंग्रहको पुस्तकको भूमिकामा छलफल गरिसकेका छौं; यसकारण हामी तपाईंलाई यसको विषयमा त्यहाँ पढ्नुहुन अनुरोध गर्दछौं)। श्री ग्राहम स्क्रोग्गीले योएलको पुस्तकको साहित्यिक प्रभाव निम्नानुसार प्रशंसा गरेका छन्ः

'यस पुस्तकको शैली सुस्पष्ट छ, सुरुचि र आवेगले पूर्ण छ; यसकारण निस्सन्देह यस पुस्तकलाई हिब्रू साहित्यमा एउटा उच्च स्थान दिन सुहाउँछ'।1)

दुई, योएलको पुस्तकको सबैभन्दा असाधारण विशेषता के हो भने, यसको एक अध्यायमा सलहहरूको विपत्ति छ। के यी सलहहरूको अर्थ हामीले अक्षरशः लिनुपर्छ कि? अथवा के हामीले यिनलाई आक्रमणकारी सेनाहरू सम्झेर यी सलहहरू प्रतीकात्मक अर्थमा लिनुपर्छ? हुन सक्छ, हामीले यी सलहहरू अक्षरशः अर्थमा पनि र प्रतीकात्मक अर्थमा पनि लिनुपर्ला। किनकि यी भविष्यवक्ताको जीवनकालको कुनै एक समय थियो, जसको मितिको विषयमा धेरै वादविवाद चलेको छ, जुन समयमा सलहहरूको सर्वव्यापी विपत्ति यहूदामाथि आइपरेको थियो, र यस विपत्तिले देशलाई पूरा रूपले ध्वस्त पारेको थियो। अनि पक्का पनि यो अचम्मको प्राकृतिक घटनाचाहिँ सेनाहरूको भावी

आक्रमण अनि परमप्रभुको त्यो महान् र भयानक दिनको निम्ति एउटा ज्वलन्त चित्र हो।

अनि यस भविष्यवाणीको पुस्तकमा तेस्रो उल्लेखनीय विशेषता यो छः सबै प्राणी-हरूमाथि परमेश्वरको आत्मा खन्याउनेछु भन्ने भविष्यवाणी छ (योएल २:२८-३२), र यस घटनाको साथमा अचम्मका कामहरू के-के घट्नेछन्, सो बयान गरिएको छ। अनि प्रेरित पत्रुसले प्रेरितहरूको पुस्तकको दुई अध्यायमा आफ्नो प्रवचनमा यो खण्ड उद्धृत गरेका हुनाले योएलको उपनाम 'पेन्टेकोस्टका भविष्यवक्ता' भनेर सुप्रख्यात भएको छ।

**ख) यस पुस्तकको लेखक को हुन्?**

यस पुस्तकका लेखक योएलचाहिँ पतुएलका छोरा थिए। योबाहेक उनको बारेमा कुनै जानकारी छैन। योएल नामको अर्थ 'परमप्रभु परमेश्वर हुनुहुन्छ' हो। अनि उनलाई 'पुरानो नियमका बप्तिस्मा दिने यूहन्ना' भन्ने उपनाम पनि दिइएको छ।

**ग) यस पुस्तकको लेख्ने मिति के हो?**

योएलले आफ्नो पुस्तकमा कुनै राजाको नाम लिएनन्; अनि उनको यस छोटो भविष्यवाणीमा उनले थोरै कालानुक्रमिक सङ्केतहरू दिए; यसकारण यो पुस्तक एउटा सठीक समय-रेखाभित्र राख्न गाह्रो परेको छ। यसकारण होला, यसको लेख्ने मिति विभिन्न सुझाउहरूअनुसार ख्रीष्टपूर्व दसौं शताब्दीदेखि पाँचौं शताब्दीसम्म निर्धारित गरिएको छ। हिब्रू बाइबलमा योएलको पुस्तक 'बाह्र पुस्तकको संग्रह' नामक खण्डमा स्थान दिइएको छ; किनकि यहूदीहरूले साना भविष्यवक्ताहरूको पुस्तकलाई यो नाम दिए। यसबाट स्पष्ट बुझिन्छ कि यहूदीहरूको परम्पराले योएलको पुस्तक निक्कै पहिले लेखिएको पुस्तक मानेको हुनुपर्छ। अनि यसको शैली हाग्गै, जकरिया र मलाकीको पुस्तकजस्तै होइन, जुन पुस्तकहरू निर्वासनपछिको युगमा लेखिए; तर यसको शैलीअनुसार यस पुस्तकको लेख्ने मिति अघि हुनुपर्छ र ख्रीष्टपूर्व आठौं शताब्दीदेखि छैटौं शताब्दीभित्र राख्न उचित देखिन्छ।

यस पुस्तकमा कुनै राजाको विषयमा केही उल्लेख भएको छैन; यसको कारण यो हुन सक्छः महापूजाहारी यहोयादा राजा हुँदा यो पुस्तक लेखिएको हुन सक्छ, अर्थात् योआशको बाल्यकालमा लेखिएको हुन सक्छ, जुन राजा योआशले चाहिँ ख्रीष्टपूर्व ८३५-७९६ सालमा राज्य गरेका थिए। अनि यो कुरा पनि हामी याद गरौंः योएल ३:४ र ३:१९ पदहरूअनुसार यहूदाका शत्रुहरू फोनिसीहरू र पलिस्तीहरू थिए, साथै मिस्रीहरू र एदोमीहरू पनि थिए, तर अरामीहरू, अश्शूरीहरू र बेबिलोनीहरूजस्तै यसका पछिल्ला शत्रुहरू होइनन्।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन्?**

हामी योएलको पुस्तकको विषयमा यसको निक्कै अगाड़ि लेख्ने मिति स्वीकार गर्छौं; यसर्थ राजा योआशको शासनकालदेखि राजा आहाजको शासनकालसम्म उनले यहूदाको राज्यकहाँ यो दिव्य वाणी ल्याए भन्ने अनुमान गरिन्छ। यसो हो भने, उनी लेखन्ते भविष्यवक्ताहरूमध्ये सबैभन्दा प्रथम लेखक थिए। अनि यस पुस्तकको कुञ्जी शब्दचाहिँ 'परमप्रभुको दिन' हो; यो शब्द पाँच पल्ट लेखिएको छ, जस्तैः योएल १:१५, योएल २:१, ११ र ३१ अनि योएल ३:१४।

यस पुस्तकको २:१८ पदमा एउटा सुस्पष्ट विभाजन आएको वा छर्लङ्ग मोड़ भएको देखिन्छ। त्यस पदसम्म योएलले यहूदामाथि

आइपर्न लागेको उजाड़ताको विषयमा कुरा गरिरहे। तर त्यस पददेखि यता परमेश्वरले यस जातिको निम्ति निर्धारित गरिएको भावी छुटकाराको विषयमा बोल्नुभयो, जुन छुटकाराद्वारा उहाँले तिनीहरूलाई छुटाउनुहुनेछ।

# रूपरेखा

**खण्ड १) योएल १ः सलहरूपी विपत्तिको विवरण**

**क) योएल १ः१-४ः** यस विपत्तिको अभूतपूर्व गम्भीरता

**ख) योएल १ः५-२०ः** यसको प्रभाव निम्न प्रकारको छः

- **अ) योएल १ः५-७ः** मतवालाहरूमाथि यसको प्रभाव
- **आ) योएल १ः८-१० र १३-१६ः** पूजाहारीहरूमाथि यसको प्रभाव
- **इ) योएल १ः११-१२ र १७-१८ः** किसानहरूमाथि यसको प्रभाव
- **ई) योएल १ः१९-२०ः** भविष्यवक्ता योएलमाथि यसको प्रभाव

**खण्ड २) योएल २ः१-११ः शत्रुको आक्रमणको विवरण**

**खण्ड ३) योएल २ः१२-१४ः यहूदालाई 'पश्चात्ताप गर' भन्ने ईश्वरीय आह्वान गरिएको**

**खण्ड ४) योएल २ः१५-१७ः उपवासको घोषणा**

**खण्ड ५) योएल २ः१८-३ः२१ः ईश्वरीय छुटकारा प्रतिज्ञा गरिएको**

- **क) योएल २ः१८-१९ र २१-२७ः** भौतिक समृद्धि प्रतिज्ञा गरिएको
- **ख) योएल २ः२०ः** शत्रुको विनाश प्रतिज्ञा गरिएको
- **ग) योएल २ः२८-२९ः** परमेश्वरको आत्मा खनिनुहुने कुरा प्रतिज्ञा गरिएको
- **घ) योएल २ः३०-३२ः** ख्रीष्ट येशूको दोस्रो आगमन हुनुभन्दा अघिका सङ्केतहरू प्रस्तुत गरिएका
- **ङ) योएल ३ः१-१६[क]ः** अन्यजाति राष्ट्रहरूमाथि आइपर्ने न्याय
- **च) योएल ३ः१६[ख]-२१ः** भविष्यमा यहूदीहरूको पुनर्स्थापना र आशिष यस्तै हुने रहेछ!

# योएलको पुस्तकको टिप्पणी

## खण्ड १

## योएल १ः

### सलहरूपी विपत्तिको विवरण

**क) योएल १ः१-४ः यस विपत्तिको अभूतपूर्व गम्भीरता**

**योएल १ः१-४ः** सलहहरूको विपत्तिचाहिँ त्यो चित्र हो, जुन चित्रमार्फत पतुएलका छोरा योएलले यहाँ उत्तरबाट आउने सेनाको आक्रमण चाँड़ै यहूदामाथि आउन लागेको कुरा वर्णन गरे। बेबिलोनी सेनाको आक्रमण भएको बेलामा यो भविष्यवाणी आंशिक रूपले पूरा भयो; तर भविष्यमा उत्तरका राजा अर्थात् अश्शूरका राजाले तिनीहरूलाई आक्रमण गर्नेथिए।

सलहहरूको विपत्तिको गम्भीरता यति भयानक थियो, कि बूढ़ा प्रधानहरूले अघि कहिल्यै यति ठूलो विपत्ति आएको कुरा सम्भना गर्न सकेनन्। विपत्तिचाहिँ चारवटा चरणमा आएको रहेछ, सलहहरूको वृद्धिको चारवटा चरणहरूअनुसार, जस्तैः काट्ने सलह, बगाले सलह, बच्चा सलह र उजाड्ने सलह।[2] यी चारवटा चरणहरूको सन्दर्भ सायद परमेश्वरका जनहरूमाथि शासन गर्ने यी चारवटा विश्व साम्राज्यहरू होलान्, जस्तैः बेबिलोन, मादी-फारस, ग्रीस र रोम।

**ख) योएल १ः५-२०ः यसको प्रभाव निम्न प्रकारको छः**

**अ)** *योएल १ः५-७ः* मतवालाहरूमाथि यसको प्रभाव

**आ)** *योएल १ः८-१० र १३-१६ः* पूजाहारीहरूमाथि यसको प्रभाव

**इ)** *योएल १ः११-१२ र १७-१८ः* किसानहरूमाथि यसको प्रभाव

**ई)** *योएल १ः१९-२०ः* भविष्यवक्ता योएलमाथि यसको प्रभाव

मतवालाहरूदेखि लिएर किसानहरूसम्म यस जातिका सबै मानिसहरूलाई (पद ११, १२, १७ र १८) र पूजाहारीहरूलाई (पदहरू ८-१० र १३-१६) 'तिमीहरूले पश्चात्ताप गर्नुपर्छ, उपवास बस्नुपर्छ र प्रार्थना गर्नुपर्छ' भन्ने आह्वान गरियो।

यी सलहहरूले देश यहाँसम्म नाङ्गै पारेका थिए, कि परमप्रभुको निम्ति भेटीहरू र बलिदानहरू चढ़ाउन सक्ने केही पनि थोक बाँकी रहेको थिएन (१ः८-१०)।

अनि यी भविष्यवक्ताले यसमा परमप्रभुको दिन र सर्वशक्तिमान्‌बाट आएको विनाश देखे (१५ पद)। परमप्रभुको दिन भन्ने शब्द

जुनसुकै यस्तो समयको निम्ति प्रयोग गरिन्छ, जुन समयमा परमेश्‍वर न्याय गर्न अघि बढ्नुहुन्छ, अनि मानिसहरूको बीचमा दुष्टता र विद्रोह दमन गर्नुहुन्छ, र महिमित विजय प्राप्त गर्नुहुन्छ। भविष्यको सम्बन्धमा कुरा गर्नु हो भने, परमप्रभुको दिनमा सङ्कष्टकाल, ख्रीष्ट येशूको दोस्रो आगमन र उहाँको एक हजार वर्षको राज्य, साथै आकाश र पृथ्वीको अन्तिम अग्नि-विनाश पनि समावेश हुन्छन्।

यी भविष्यवक्ताले मानिसहरूको पक्षमा बोल्दै परमप्रभुलाई पुकारे र उहाँबाट कृपा मागे; किनभने आगोले खर्कहरू र रूखहरू भस्म पारिदियो। अँ, पानीका खोलानालाहरू सबका सब सुकेका हुनाले मैदानका पशुहरूले समेत परमेश्‍वरलाई गोहार गरेका रहेछन्।

## खण्ड २

## योएल २ः१-११ः

### शत्रुको आक्रमणको विवरण

**योएल २ः१-३ः** अब तुरही फुकिन्छ र मानिसहरूलाई लड़ाइँ गर्न तयार हुने आह्वान दिइन्छ; किनकि परमप्रभुको दिन नजिकै आइपुगेको थियो। बेबिलोनी निर्वासनचाहिँ यसको निकट सन्दर्भ थियो भने, यहाँ भनिएको कुरा भविष्यमा पूरा रूपले पूरा हुन बाँकी छ। आक्रमणकारीहरू आउनुभन्दा अघि यहूदाको देश अदनको बगैंचाजस्तै थियो; तर त्यसपछि यो उजाड़ मरुभूमि हुनेथियो।

**योएल २ः४-११ः** यी सलहहरू यहाँ लड़ाइँका फुर्तिला घोड़ाहरूसित तुलना गरिएका छन्; यी सलहहरू मोर्चा बाँधेर पङ्क्ति-पङ्क्तिमा हिँड्दा रहेछन्, योद्धाहरूझैं पर्खाल चढ्दा रहेछन्, चोरझैं झ्यालहरूबाट भित्र पस्दा रहेछन्। र यिनीहरूको गन्ती असङ्ख्य थियो, यसैले आकाश अँध्यारो भयो। अनि यो अनुच्छेद भविष्यवक्ताहरूका पुस्तकहरूमा सबैभन्दा चित्रात्मक र काव्यात्मक वर्णन मानिन्छ।

अनि यो सारा असह्य हमला परमप्रभुकै हातमा थियो, जसको सेना अति ठूलो थियो।

## खण्ड ३

## योएल २ः१२-१४ः

### यहूदालाई 'पश्‍चात्ताप गर' भन्ने ईश्‍वरीय आह्वान गरिएको

तर अहिले पनि परमप्रभुले मानिसहरूलाई पश्‍चात्ताप गर्ने आह्वान दिँदै हुनुहुन्थ्यो। उहाँकहाँ फर्कन तिनीहरूको निम्ति ढिलो भएको थिएन। तर तिनीहरू फर्कनु हो भने, यो कार्य केवल एउटा बाहिरी देखावटी रीति हुनुहुँदैनथियो। तिनीहरू सम्पूर्ण हृदयले उहाँकहाँ फर्कनुपरेको थियो, अँ, उपवास बस्दै, रुँदै र विलाप गर्दै फर्कनुपरेको थियो।

## खण्ड ४

## योएल २ः१५-१७ः

### उपवासको घोषणा

यसकारण ठूला-साना सबै वर्गका मानिस-हरू महासभामा भेला हुन बोलाइए र एउटा

उपवासको दिन ठहराइयो। अनि भविष्यको कुरा हो, एक भावी दिनमा तिनीहरूका पूजाहारीहरूले एउटा पश्चात्तापको महासभामा परमप्रभुलाई पुकार्नेछन्।

# खण्ड ५

# योएल २:१८-३:२१:

## ईश्वरीय छुटकारा प्रतिज्ञा गरिएको

### क) योएल २:१८-१९ र २१-२७: भौतिक समृद्धि प्रतिज्ञा गरिएको

तब परमप्रभुले आफ्नो देशको निम्ति जलन राख्नुहुनेछ र आफ्ना जनहरूमाथि दया देखाउनुहुनेछ। उहाँले तिनीहरूको निम्ति तृप्त हुने गरी अन्न, नयाँ दाखमद्य र तेल पठाउनुहुनेछ, साथै अन्यजातिहरूको बीचमा तिनीहरूको निन्दा हटाइदिनुहुनेछ। देशको उब्जनीशक्ति फर्कनेछ र जमिन फलाइलो हुनेछ। पानीझरी प्रशस्त हुनेछ, यसैले कोलहरू नयाँ दाखमद्य र तेलले भरिएर पोखिनेछन् र खलाहरूमा अन्नको भरिभराउ हुनेछ। मानिसहरू फर्केर आउनेछन् र फेरि कहिल्यै शर्ममा पर्नेछैनन्। अनि सलहहरूले खाइदिएका सबै वर्षहरूको क्षति पूर्ति गरिनेछ।

### ख) योएल २:२०: शत्रुको विनाश प्रतिज्ञा गरिएको

योएलको पुस्तकको बाँकी भागमा परमप्रभुले यहूदाको निम्ति के-के गर्नुहुनेछ, सो बताउनुहुन्छ। उहाँले यो उत्तरीय सेना अर्थात् अश्शूरीहरूको सेना नाश गर्नुहुनेछ, अँ, उहाँले मृत सागररूपी पूर्वीय समुद्रदेखि भूमध्य-सागररूपी पश्चिमी समुद्रसम्म यिनीहरूलाई नष्ट गर्नुहुनेछ।

### ग) योएल २:२८-२९: परमेश्वरको आत्मा खनिनुहुने कुरा प्रतिज्ञा गरिएको

त्यस दिनमा परमेश्वरले सबै प्राणीहरूमाथि आफ्नो आत्मा खन्याइदिनुहुनेछ। जवानहरूले भविष्यवाणी गर्नेछन् र दर्शनहरू देख्नेछन्, अनि बूढ़ापाकाहरूले सपनाहरू देख्नेछन्। प्रेरित २:१६-२१ पदको खण्डमा यो भविष्यवाणी आंशिक रूपले पूरा भयो, तर पेन्टेकोस्टको दिनमा जे घट्यो, यस घटनाले यो सारा भविष्यवाणी समेट्न सकेन। यो भविष्यवाणी ख्रीष्ट येशूको एक हजार वर्षको राज्यको शुरुमा पूरा रूपले पूरा हुनेछ।

### घ) योएल २:३०-३२: ख्रीष्ट येशूको दोस्रो आगमन हुनुभन्दा अघिका सङ्केतहरू प्रस्तुत गरिएका

आत्मा खन्याउनुभन्दा अघि आकाशमा आश्चर्यकर्महरू घट्नेछन्। अनि पूर्वजानकारी गरिएका सङ्केतहरूमध्ये केही निम्नानुसार छन्: रगत, आगो, धूवाँका मुस्लाहरू; अनि सूर्य अन्धकारमा र चन्द्रमा रगतमा परिणत हुनेछन्। सबै मानिसहरू जसले प्रभु येशूकहाँ फर्केर उहाँलाई मसीहको रूपमा अपनाउँछन्, तिनीहरूले उहाँको नाम पुकारेर मुक्ति पाउनेछन् र उहाँको साथमा हजार वर्षको राज्यभित्र प्रवेश गर्नेछन्।

### ङ) योएल ३:१-१६[क]: अन्यजाति राष्ट्र-हरूमाथि आइपर्ने न्याय

**योएल ३:१-८[3)]:** परमेश्वरले अन्य-जातिहरूलाई यहोशापातको बेंसीमा भेला पार्नुहुनेछ र त्यहाँ यहूदीहरूसित तिनीहरूको व्यवहारको सम्बन्धमा तिनीहरूको न्याय गर्नुहुनेछ। टायर, सिडोन र पलिस्ती देशले परमेश्वरका जनहरूलाई लुटेको र तिनीहरूलाई आफ्ना दासदासीहरू बनाएको खातिर प्रतिफल

पाउनेछन्। यी शहरहरूका बासिन्दाहरूलाई आफ्नो अपराधको खातिर उचित सजाय दिइनेथियो र यिनीहरूलाई दासदासीहरूको रूपमा बेचिनेथियो।

**योएल ३ः९-१६[क]ः** यी अन्यजातिहरूलाई 'लड़ाइँको तयारी गर!' भन्ने आदेश दिइन्छ; किनकि परमप्रभुले यिनीहरूसँग निर्णयको बेंसीमा लड़ाइँ गर्नुहुनेछ। हो, यहोशापातको बेंसीमा परमप्रभु चारैतिरका सबै अन्यजातिहरूको न्याय गर्न बस्नुहुनेछ। हामी वर्तमान संसारमा जिउने विचारशील मानिसहरूको निम्ति यस प्रकारको विचार लोकप्रिय होस्-नहोस्, तर सर्वाधिकारी परमेश्वरले अहिले सबै मानिसहरू र सबै जातिहरूको जाँच गरिरहनुभएको रहेछ! यस विषयमा श्री हर्बर्ट एफ. स्टेवेन्सनले टिप्पणी गरेका छन्ः

> 'व्यक्ति-व्यक्तिमाथि र देशहरूमाथि आइपर्ने न्यायको विषयमा मानिसहरूले बाइबलको शिक्षा सरासर अस्वीकार गर्छन् र त्यो एउटा पुरानो भइसकेको धारणा ठानेर रद्द गरिहाल्छन्। तर परमेश्वरका जनहरूले चाहिँ पुस्तौंदेखि यो निश्चयता बलियो गरी पक्रिराखेका छन्ः परमप्रभुको दिनमा सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुने नै छ। अनि यो हाम्रो दृढ़ भरोसा हो, जुन भरोसा पवित्रशास्त्ररूपी चट्टानमाथि बलियो हुने गरी स्थापित भएको छ'।[4]

### च) योएल ३ः१६[ख]-२१ः भविष्यमा यहूदीहरूको पुनर्स्थापना र आशिष यस्तै हुने रहेछ!

तर परमप्रभुले आफ्ना जनहरूलाई निम्न आशिष दिनुहुनेछः उहाँले तिनीहरूलाई छुटकारा दिनुहुनेछ; उहाँले तिनीहरूलाई आक्रमणकारीहरूबाट सुरक्षा दिनुहुनेछ; अनि उहाँले तिनीहरूलाई प्रशस्त आपूर्ति दिनुहुनेछ। इस्राएल देश फलवन्त हुनेछ र प्रशस्त पानीले सिँचिनेछ; पहाड़हरूले नयाँ दाखमद्य चुहाउनेछन्, अनि डाँड़ाहरूमा दूध बहनेछ, र यहूदाका सबै नदीनालाहरूमा पानी बग्नेछ। अनि मिस्र देश र एदोम एउटा उजाड़ मरुभूमि हुनेछन्, तर यहूदा सदा-सर्वदाको निम्ति आबादी हुनेछ। अनि परमेश्वरले यसलाई रक्तपातबाट दोषमुक्त गर्नुहुनेछ।

यस पुस्तकको अन्त सकारात्मक भएको छ, अनि यस आश्वासनको निम्ति एउटा उचित कारण पनि छ; किनभने परमप्रभु सियोनमा वास गर्नुहुँदो रहेछ।

## ENDNOTES:

1) **Introduction:** W. Graham Scroggie, Know Your Bible, Vol. I, p. 155.

2) **1:1–4:** The KJV's 'palmerworm, locust, cankerworm, and caterpillar' would suggest four different species of insects. But this is not the likely meaning.

3) **3:1–8:** In the Hebrew Bible, 2:28–32 constitute chapter 3 and our chapter 3 becomes chapter 4.

4) **3:9–16a:** Herbert F. Stevenson, Three Prophetic Voices. Studies in Joel, Amos and Hosea, p. 40.

## BIBLIOGRAPHY

Feinberg, Charles Lee. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Keil, C. F. 'Joel." In *Commentary on the Old Testament*. Vol. 25, 26. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kelly, William. *Lectures Introductory to the Study of the Minor Prophets*. London: C. A. Hammond Trust Bible Depot, n.d.

Morgan, G. Campbell. *The Minor Prophets*. Old Tappan, NJ: Fleming H. Revell Company, 1960.

Stevenson, Herbert F. *Three Prophetic Voice. Studies in Joel, Amos and Hosea*. Old Tappan, NJ: Fleming H. Revell Company, 1971.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 1. Reprint (3 volumes) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# आमोसको पुस्तकको टिप्पणी

# आमोसको पुस्तकको भूमिका

*'आमोसचाहिँ अरू भविष्यवक्ताहरूभन्दा फरक थिए; किनकि उनी यस्ता व्यक्ति थिएनन्, जसको सारा जीवन परमप्रभुको वचन सुन्न र बोल्नमा समर्पित थिए। उनी कुनै 'भविष्यवक्ताहरूको स्कूल'का शिष्य थिएनन्; उनी पेसेवार 'दर्शी' पनि थिएनन्। तर परमेश्‍वरको आदेशअनुसार बेतएलमा एउटा विशेष सन्देश सुनाउन उनले आफ्नो बगाल सीमित अवधिको लागि छोड़े। त्यसपछि उनी सायद टेकोअमा आफ्नो भेड़ा पाल्ने कामकहाँ फर्के होलान्।'*

*श्री हर्बर्ट एफ. स्टेवेन्सन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पुरानो नियममा आमोसको पुस्तकचाहिँ उत्कृष्ट हिब्रू शैलीमा लेखिएको एउटा पुस्तक हो। आमोस भेड़ा-पालन गर्ने र किम्बुका रूखहरूको देखरेख गर्ने व्यक्ति थिए। अनि हुन सक्छ, परमेश्‍वरले कसरी सारा इतिहासभरि नै साधारण मानिसहरूलाई नियुक्त गर्नुभयो, यसको निम्ति उनी एक सजीव उदाहरण हुन्, जुन मानिसहरू नियमित बाइबल-स्कूलको पृष्ठभूमिबाट नआईकन र जसले कुनै औपचारिक शिक्षा नपाईकन परमप्रभुको निम्ति धेरै प्रभावशाली र सुन्दर ढङ्‍गमा बोल्न सके, यद्यपि यस्तो अधिकारप्राप्त शिक्षा वर्तमान समयको माग हो।

### ख) यस पुस्तकको लेखक को हुन्?

आमोस नामको अर्थ 'बोझ' हो; अनि उनको वंशावली दिइएको छैन; यसकारण अनुमान गर्न सकिन्छ, कि उनी यशैया अथवा सपन्याहजस्तै कुनै खानदान वा प्रख्यात परिवारबाट आएका मानिस थिएनन् होलान्। प्रायः प्रचारकहरूले के गर्छन् भने, तिनीहरूले आमोसको देहाती पृष्ठभूमिमाथि चाहिएको भन्दा बढ़ी जोड़ दिन्छन्। यसकारण यस सम्बन्धमा बुझिराख्नुहोस्, कि उनको आर्जन गर्ने पेशा वर्णन गर्दाखेरि हिब्रूमा प्रयोग गरिएको शब्दको अर्थ खास 'गोठाला' होइन, तर आमोसको विषयमा छोड़ेर केवल राजा मेशाको सम्बन्धमा प्रयोग गरिएको शब्द हो, जो भेड़ा-पालन गर्नमा पूरा निपुण भएका व्यक्ति थिए (२ राजा ३:४)।[1] हो, उनी यहूदाको राज्यका मानिस थिए; तर उनले उत्तरमा गएर सामरियामा जाने र इस्राएल राज्यको विरुद्धमा भविष्यवाणी गर्ने कार्यभार पाए। आमोसचाहिँ धार्मिकताको प्रेमी र सत्यतानिष्ठ गम्भीर भविष्यवक्ता थिए।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

आमोसचाहिँ यहूदाका राजा उज्जियाहको शासनकालमा (ख्रीष्टपूर्व ७९०-७३९) र इस्राएलका राजा यारोबाम द्वितीयको शासन-कालमा सेवारत थिए (ख्रीष्टपूर्व ७९३-७५३), विशेष गरी उत्तरीय राज्यमा अनि एउटा समृद्धिले सुसम्पन्न, विलसित र नैतिक

हिसाबले शिथिल भएको जमानामा सेवारत थिए। अनि यो भविष्यवाणी भुइँचालो जानु-भन्दा दुई वर्ष अगाड़ि उनीकहाँ आएको थियो भन्ने कुरा आमोसले उल्लेख गरे। तर त्यस भुइँचालोले यो भविष्यवाणी आएको मिति अङ्कित त गर्दैन, तर पुरातत्त्वले प्रमाणसहित के पत्ता लगायो भने, लगभग ख्रीष्टपूर्व ७६० सालतिर एउटा ठूलो भुइँचालो गएको रहेछ। अनि आमोसले उल्लेख गरेका राजाहरूका शासनकालहरूसँग यस कुराले मेल खान्छ।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन्?**

ख्रीष्टपूर्व ८१०-७८३ सालमा अदद-निरारी तृतीय अधीनस्थ अश्शूर राज्यले सिरियाली संघलाई जित्यो; यस कुराले राजा योआश र तिनका छोरा यारोबाम द्वितीयलाई नयाँ इलाकाहरू आफ्नै तुल्याउने मौका दिलायो। अनि सामरिया यात्री दलहरूको निम्ति बिसौनी-स्थल बन्यो; यसकारण इस्राएलको राज्यले ठूलो लाभ उठाउँथ्यो। फलस्वरूप हात्तीदाँतका महलहरू बनिए। अनि व्यापारीहरू विश्रामदिनका प्रतिबन्धहरूको विषयमा अधीर भए। अनि धनवान् मानिसहरू दमनकारी र भ्रष्ट थिए; अनि न्यायका अड्डा-हरूमा अन्यायले राज्य गर्थ्यो। धार्मिक सभा र धार्मिक कार्यक्रमहरू कि त देखावटी थिए, कि त मूर्तिपूजा पो थिए। अनि अन्धविश्वास र अनैतिकता व्यापक थिए। यस्तो डरलाग्दो अवस्था पक्का पनि लामो समयसम्म टिक्न सक्दैन, तर त्यसले निकटमा परमेश्वरको न्याय निम्त्याउँछ भन्ने कुरा आमोसले छर्लङ्ग देखे। उनको लोकप्रिय नभएको कार्यभार के थियो भने, उनी उत्तरमा गएर समारियामा जानु, इस्राएलको राज्यलाई आरोप लगाउनु र न्यायको विषयमा चेताउनी दिनु थियो। इस्राएलचाहिँ ग्रीष्म ऋतुको फलले भरिएको एउटा डालो थियो, जसको न्याय बाटोमा आउनै लागेको थियो।

## रूपरेखाः

**खण्ड १) आमोस १-२ः आठवटा जाति र शहरहरूमाथि आइपर्ने न्यायहरूको विषयमा चेताउनी दिइएको**

**क) आमोस १ः१-२ः** आमोसको पुस्तकको परिचय

**ख) आमोस १ः३-५ः** दमस्कस शहर-राज्यमाथि आइपर्ने न्याय

**ग) आमोस १ः६-८ः** गाजा शहर र पलिस्तीहरूका अन्य शहरहरूमाथि आइपर्ने न्याय

**घ) आमोस १ः९-१०ः** टायर शहरमाथि आइपर्ने न्याय

**ङ) आमोस १ः११-१२ः** एदोममाथि आइपर्ने न्याय

**च) आमोस १ः१३-१५ः** अम्मोनीहरूमाथि आइपर्ने न्याय

**छ) आमोस २ः१-३ः** मोआबमाथि आइपर्ने न्याय

**ज) आमोस २ः४-५ः** यहूदामाथि आइपर्ने न्याय

**झ) आमोस २ः६-१६ः** इस्राएलमाथि आइपर्ने न्याय

**खण्ड २) आमोस ३-६ः इस्राएली जातिको दोष र दण्ड**

**क) आमोस ३ः** पहिला आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन !'

**ख) आमोस ४ः** दोस्रा आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन !'

**ग) आमोस ५ः१-१७ः** तेस्रा आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन !'

**घ) आमोस ५ः१८-२७ः** परमप्रभुको दिनको चाहना गर्नेहरूलाई हाय !

**ङ) आमोस ६ः** हात्तीदाँतका पलङहरूमा ढल्कनेहरूलाई हाय !

**खण्ड ३) आमोस ७ः१-९ः१०ः आउन लागेको न्यायको निम्ति विभिन्न प्रतीकात्मक लक्षणहरू दिइए**

**क) आमोस ७ः१-३ः** सलहहरूको विपत्ति

**ख) आमोस ७ः४-६ः** भस्म पार्ने आगो

**ग) आमोस ७ः७-९ः** साहुल

**घ) आमोस ७ः१०-१७ः** अन्तराल विषयः आमोसलाई धम्की दिँदा उनले झुक्न मानेनन्

**ङ) आमोस ८ः** ग्रीष्म ऋतुको फलले भरिएको एउटा डालो

**च) आमोस ९ः१-१०ः** हे आमोस, ढोकाको चौकोसको थाप्लामा हिर्काऊ !

**खण्ड ४) आमोस ९ः११-१५ः भविष्यमा इस्राएली जातिको पुनर्स्थापना हुनेछ**

# आमोसको पुस्तकको टिप्पणी

## खण्ड १

## आमोस १-२:

### आठवटा जाति र शहरहरूमाथि आइपर्ने न्यायहरूको विषयमा चेताउनी दिइएको

**क) आमोस १:१-२: आमोसको पुस्तकको परिचय**

आमोसले आफ्नो पुस्तकका पहिला दुई अध्यायहरूमा आठवटा जातिहरूको विरुद्धमा न्यायको फैसला सुनाए। अनि *'त्यसका तीनवटा, अँ, चारवटा अपराधहरूको कारणले म त्यसलाई दण्ड नदिई छोड्नेछैनँ'* भन्ने वाक्यबाट हरेक न्यायको फैसला शुरु हुन्छ। श्री जे. सिड्लो ब्याक्सटरले हामीलाई यस हिब्रू मुहावराको अर्थ स्पष्ट पारेका छन्:

> 'यस वाक्यको अर्थ हामीलेगणितअनुसार अक्षरशः लिनुहुँदैन, हामीले तीन वा चार गन्नुहुँदैन; तर हामीले यी अङ्कहरू मुहावरेदार अर्थमा बुझ्नुपर्छ। यसको अर्थ 'नाप भरिएको, अँ, पोखिएको छ' हो। यसर्थ यी मानिसहरूको पाप अति भएको थियो; अथवा हामीले आधुनिक भाषामा भन्नु हो भने, तिनीहरूले ज्यादा, ज्यास्ता पाप गरे; तिनीहरूले ओभर गरे, र गोबर भयो।'[2)]

**ख) आमोस १:३-५: दमस्कस शहर-राज्यमाथि आइपर्ने न्याय**

न्यायको पहिलो धम्की अरामको प्रमुख शहर-राज्य दमस्कसको विरुद्धमा आयो। अरामीहरूले गिलादको विरोधमा लड़ाइँ गर्दा फलामका झाँट्ने हतियारहरू प्रयोग गरे। तिनीहरू यर्दन नदीको पूर्वमा अवस्थित भएका इस्राएलका अढ़ाई कुलहरूको विरुद्धमा अत्यन्तै क्रूर र निर्दयी थिए। यसकारण अरामका मानिसहरूको दण्डचाहिँ कैदी भएर कीरमा जानु थियो।

**ग) आमोस १:६-८: गाजा शहर र पलिस्तीहरूका अन्य शहरहरूमाथि आइपर्ने न्याय**

न्यायको दोस्रो धम्कीचाहिँ गाजाको विरुद्धमा आयो; किनकि त्यस ठाउँमा पलिस्तीहरूले इस्राएली कैदीहरूलाई क्रूर एदोमीहरूको हातमा सुम्पिदिएका थिए। सजाय पाउने पलिस्तीहरूका अरू शहरहरू अश्दोद, अश्कलोन र एक्रोन थिए। फलस्वरूप पलिस्तीहरूको बाँकी रहेको भागरूपी मानिसहरू नष्ट हुनेथिए।

**घ) आमोस १:९-१०: टायर शहरमाथि आइपर्ने न्याय**

न्यायको तेस्रो धम्कीचाहिँ टायरको विरुद्धमा आयो। किनकि टायरका बासिन्दा-

हरूले पनि कैदीहरूलाई एदोमको हातमा सुम्पिदिएका थिए र इस्राएलसँग भाइ-भाइको बीचमा स्थापित भएको सन्धि तोड़िदिएका थिए। यसकारण टायरका महलहरूको निम्ति एउटा भस्म पार्ने आगो पठाइनेथियो; टायरको विषयमा भविष्यवाणी यस प्रकारको थियो।

### ङ) आमोस १ः११-१२ः एदोममाथि आइपर्ने न्याय

न्यायको चौथो धम्कीचाहिँ एदोमको विरुद्धमा आयो। एदोमीहरू आफ्ना इस्राएली भाइहरूका निर्दयी र क्रूर शत्रुहरू थिए; (याद रहोस्ः एसाव याकूबका दाजु थिए)। इस्राएलीहरूसित तिनीहरूको निर्दयी व्यवहार र निरन्तर घृणाको खातिर तिनीहरूले सुहाउँदो दण्ड पाउनेथिए; ईश्वरीय न्याय तिनीहरूका शहरहरू तेमान र बोज्रामाथि आइपर्नेथियो।

### च) आमोस १ः१३-१५ः अम्मोनीहरूमाथि आइपर्ने न्याय

न्यायको पाचौं धम्कीचाहिँ अम्मोनीहरूको विरुद्धमा आयो। किनकि अम्मोनीहरूले गिलाद देशका केही इलाकाहरू कब्जा गर्न भयानक अत्याचार गरेका थिए। तिनीहरूले आफ्नो रक्तपातले पूर्ण क्रूरतामा गिलादका गर्भवती स्त्रीहरूका पेट समेत चिरिदिएका थिए। यसकारण तिनीहरूका राजा र शासकहरू कैद, आगो र लड़ाइँको आँधीबेहरीको निम्ति ठहराइए।

### छ) आमोस २ः१-३ः मोआबमाथि आइपर्ने न्याय

न्यायको छैटौं धम्की मोआबको विरुद्धमा आयो; किनकि त्यस देशले एदोमका राजालाई उचित दफन समेत दिएको थिएन (२ राजा




आमोसको पुस्तकअनुसार परमेश्वरको न्यायमा परेका ठाउँहरू

३ः२६-२७), जहाँ 'आफ्ना जेठा छोरा'को सन्दर्भ सायद मोआबका राजाको जेठा छोरा होइन, तर एदोमका राजाको जेठा छोरा थियो होला, कि कसो हो ?

### ज) आमोस २ः४-५ः यहूदामाथि आइपर्ने न्याय

अनि अबचाहिँ परमप्रभु असजिलो लाग्ने गरी आमोसको पुस्तकका पाठकहरूको नजिक आउँदै हुनुहुन्थ्यो; किनकि अब उहाँबाट न्यायको फैसला सुन्नुपर्ने दुईवटा देशहरू यहूदा र इस्राएल पो भए! छवटा अन्यजाति देशहरूको साथमा यहूदा र इस्राएलका नामहरू पढ्न कति उदेक र अनौठो कुरा हो, होइन र? पक्का पनि आमोसको जमानाका यहूदीहरूको निम्ति यो साह्रै अपमानजनक कुरा भएको हुनुपरेको थियो! तर यस प्रकारले परमेश्वरले तिनी-हरूलाई स्पष्ट पार्न खोज्नुभयो, कि तिनीहरूको पापले गर्दा यहूदा र इस्राएलले परमप्रभुको दृष्टिमा विशेष मान्यता पाउने सौभाग्य गुमाइपठाएका थिए। अब यहूदालाई दण्ड दिइनेथियो; किनभने तिनीहरूले परमप्रभुको व्यवस्था तुच्छ ठानेका थिए; तिनीहरूले उहाँका आज्ञाहरू पालन गर्दैनथिए, र तिनीहरू झूटहरूको पछि, अर्थात् मूर्तिहरूको पछि हिँड्दैथिए।

### झ) आमोस २ः६-१६ः इस्राएलमाथि आइपर्ने न्याय

**आमोस २ः६-८ः** यस ठाउँसम्म इस्राएलका मानिसहरूले आमोसलाई उनका अभियोगहरूको निम्ति सराहना गर्नेथिए। तर अब उनी तिनीहरूकहाँ फर्कन लागे; तब तिनीहरूको ताली-बजाइको विषयमा के भयो? आहा, तिनीहरूको प्रशंसा तुरुन्तै क्रोधमा पो परिणत भएछ! अनि इस्राएललाई सजाय किन दिइनेथियो? किनभने तिनीहरूले धर्मी जन र गरिबहरूलाई थिचोमिचो गर्दैथिए; तिनीहरूले फोहोरभन्दा फोहोर व्यभिचारहरू गर्दैथिए; तिनीहरूले बन्धकको रूपमा दिइएका लुगाहरू समयमा फर्काएनन्, तर रातभरि आफूसँग राखे[3]; अनि तिनीहरू देवताको मन्दिरमा त्यस दाखमद्यले मात्ने गर्थे, जुन दाखमद्य तिनीहरूले चुसाइ र घुसखोरीबाट कमाएको पैसाले किनेका थिए।

**आमोस २ः९-१२ः** त्यसपछि परमेश्वरले इस्राएललाई विगत समयमा तिनीहरूलाई देखाउनुभएका कृपाहरू बयान गर्दै हुनुहुन्थ्योः उहाँले एमोरीहरूलाई नाश गर्नुभएको थियो, जुन एमोरीहरूचाहिँ कनान देशमा देवदार र फलाँटका रूखहरूजति बलवान् थिए, र बलियो गरी त्यहाँ वास गर्थे। उहाँले मिस्र देशबाट इस्राएली जातिलाई बचाउनुभएको थियो र अलग रहेको जीवन कस्तो छ, सो प्रदर्शन गर्ने हेतुले उहाँले तिनीहरूको बीचबाट नाजीरहरूलाई खड़ा गर्नुभएको थियो। तर तिनीहरूले नाजीरहरूलाई बिगारे र भविष्य-वक्ताहरूलाई 'भविष्यवाणी नगर्' भन्ने आदेश दिए।

**आमोस २ः१३-१६ः** फलस्वरूप परमेश्वरले तिनीहरूलाई दबाउनुहुनेथियो, कुल्चनुहुनेथियो; उहाँले तिनीहरूलाई उम्केर भाग्न दिनुहुनेथिएन, तर अश्शूरीहरूद्वारा तिनीहरूलाई हार खुवाउनुहुनेथियो। शक्तिशाली मानिसहरूले पनि आफूलाई छुटाउन सक्नेथिएनन् र वेगसित दगुर्नेहरूको सामुबाट भागेर जाने ठाउँ वा उम्कने बाटो पनि नष्ट हुनेथियो।

# खण्ड २

# आमोस ३-६ः

## इस्राएली जातिको दोष र दण्ड

### क) आमोस ३ः पहिला आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन !'

**आमोस ३ः१-२ः** यहाँ फेरि पनि परमप्रभुले इस्राएलीहरूलाई न्यायको धम्की दिनुभयो। तिनीहरूले परमप्रभुसित एउटा विशेष ठाउँ र घनिष्ठ सम्बन्ध ओगटेका हुनाले तिनीहरूको पाप झन् गम्भीर भएको थियो, र तिनीहरूको सजाय झन् सिकिस्त हुनेथियो। यसकारण उहाँले तिनीहरूलाई तिनीहरूका सबै अधर्महरूको दण्ड दिनुहुनेथियो।

**आमोस ३ः३-८ः** विनाकारण त्यो न्याय तिनीहरूमाथि आइपर्नेथिएन; किनकि हरेक प्रभावको उचित कारण छ। आमोसले क्रिया-प्रतिक्रियाको सम्बन्धमा सातवटा प्रश्नहरू सोधे; अन्तमा परमप्रभुले सामरिया शहरमाथि ल्याउन लाग्नुभएको विपत्तिमा कुरा टुङ्गियो। यसमा अचम्म मान्नुपर्ने कुरा केही पनि छैन; किनभने परमेश्वरले आफ्ना भविष्यवक्ता-हरूमार्फत यो कुरा अघि नै प्रकट गरि-सक्नुभएको थियो।

**आमोस ३ः९-१२ः** अश्दोद अर्थात् पलिस्ती देश र मिस्र देशलाई सामरियामा भइरहेको अत्याचार, अन्याय, हिंसा र लुटपाटको निम्ति साक्षी हुने आह्वान गरियो। किनकि तिनीहरूका यी पापहरूले अश्शूरी आक्रमण-कारीहरूलाई इस्राएल देशमा ल्याउनेथिए। यसको चित्र सुस्पष्ट छः सिंहको मुखबाट निलिएको भेड़ाको रहल भाग निकालिएको जस्तै तिनीहरूबाट एउटा सानो अवशेष मात्र बाँच्नेथियो।

**आमोस ३ः१३-१५ः** बेतएलका वेदीहरू, जसमाथि सुनको बाछोको पूजा गरिन्थ्यो, पूरा नाश गरिनेथिए। अनि होशे १०ः५-६ पदहरू-अनुसार त्यो सुनको बाछोचाहिँ अश्शूरमा लगिनेथियो। धनी मानिसहरूका ठूला-ठूला भव्य भवनहरू खतम हुनेथिए।

### ख) आमोस ४ः दोस्रा आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन !'

**आमोस ४ः१-३ः** यहाँ यस खण्डमा सामरियाका धनी स्त्रीहरू बाशानका गाईहरूसँग तुलना गरिएका छन्, जुन गाईहरू मोटाघाटा र अटेरी थिए। यिनीहरूलाई यिनीहरूले गरिबहरूलाई थिचोमिचो गरेको र विलासी जीवन यापन गरेको दोष लागेको थियो। यसको खातिर यिनीहरूले निम्न दण्ड भोग्नेथिएः यिनीहरू हस्याङफस्याङ गर्दै र हड़बड़ाउँदै देश छोड़िजानेथिए र यिनीहरूलाई कैदी बनाएर अश्शूरमा लगिनेथियो। निस्किँदा-खेरि यिनीहरू र यिनीहरूका सन्तानहरू के जस्तै देखिनेथिए? ओहो, यिनीहरू त बल्छी-हरूले तानिनेथिए र तोड़िएका उबड़खाबड़ पर्खालहरूहुँदो हातखुट्टा सार्दै, लड्दै-पड्दै भाग्नेथिए।

आर.एस.वी., एन.एस.बी. र एन.के.-जे.वी.ले गरेजस्तै 'हर्मोन' एउटा स्थानको नामको रूपमा अनुवाद नगरेर के.जे.वी. र अरू केही बाइबल-संस्करणहरूले यो शब्द 'दरबार' वा 'किल्ला' अनुवाद गरेका छन्। यस सम्बन्धमा श्री जी. एन. डार्बीले निम्न टिप्पणी गरेका छन्ः

> 'कतिजनाले यो शब्द "पहाड़हरू" भनेर अनुवाद गरेका छन्, अरूले "किल्ला" र के.जे.वी.ले "महल" अनुवाद गरेका छन्, जस्तै १ः४ पद र अन्य पदहरूमा; तर यस शब्दको अर्थको खास निर्धारण पाइएको छैन।'

**आमोस ४:४-१३:** 'बेतएलमा आफ्ना बलिदानहरू ल्याओ र निरन्तर आफ्नो मूर्तिपूजा कायम राख' भनेर परमेश्वरले इस्राएलीहरूलाई छेड़ हान्नुभयो। त्यससित उहाँको के सरोकार? तिनीहरूको रोटीको घटी भएको थियो (६ पद); देशमा खड़ेरी लागेको थियो (४:७-८); तिनीहरूमाथि सेप्र्याइ र ढुसीको प्रहार, अनि सलहहरूको विपत्ति आएको थियो (९ पद); महामारी, लड़ाइँ, काटमार (१० पद) र अन्य प्रकोपहरूले तिनीहरूलाई सताउँदैथिए (११ पद)। तर यी कुराहरूमध्ये एउटैले पनि तिनीहरूलाई पश्चात्ताप गराउन नसकेको हुनाले अबचाहिँ इस्राएली जाति परमप्रभु सेनाहरूका परमेश्वर स्वयम्‌सित भेट्न तयार हुनुपरेको थियो। बाह्र पदचाहिँ सुसमाचारको निमन्त्रणा होइन, तर न्यायको सन्देश पो हो।[4)]

### ग) आमोस ५:१-१७: तेस्रा आह्वानहरूः 'हे इस्राएलीहरूहो, सुन!'

**आमोस ५:१-७:** भविष्यवक्ता आमोसले इस्राएली जातिको पतनको खातिर विलाप गर्दैथिए; किनभने दसजना सिपाहीहरूमा एकजना मात्र बचाइनेथियो। 'बेतएलको खोजी नगर, गिल्गालमा पनि नपस, अँ, बेरशेबामा नजाओ!' मानिसहरूले ती शहरहरूको खोजी गर्नुहुँदैनथियो, जहाँ तिनीहरूका प्रसिद्ध मूर्ति-हरूका थानहरू थिए; तर तिनीहरूले परमप्रभुको खोजी गर्नुपरेको थियो र यसरी तिनीहरू बाँच्नु थियो।

**आमोस ५:८-१३:** नभए कृत्तिका नक्षत्र र मृगशिरा बनाउनुभएको र सारा ब्रम्हाण्डको संचालन गर्नुहुने परमप्रभुले तिनीहरूमाथि आफ्नो क्रोध खन्याउनुहुनेथियो; किनभने तिनीहरूमा न्याय र धार्मिकताको कमी भएको थियो। इस्राएली जातिका पापी मानिसहरूले धर्मी जनलाई किन घृणा गरे त? किनकि उसले तिनीहरूलाई हप्कायो। अनि तिनीहरूले इमानदार मानिसलाई हेला गर्थे; किनकि उसले सच्चाइ बोल्थ्यो। तिनीहरू छल र नीच कमाइले धनी भएका थिए; यसकारण तिनी-हरूले आफ्नो धनसम्पत्तिबाट आनन्द लिन पाउनेथिएनन्।

**आमोस ५:१४-१७:** *'भलाइको खोजी गर, र खराबीको होइन, र तिमीहरू बाँच्नेछौ! ... खराबीलाई घृणा गर, तर भलाइलाई प्रेम गर, र मूलढोकामा न्याय स्थापित गर!'* यसरी नै तिनीहरूलाई धार्मिकताको खोजी गर्ने र सामाजिक न्याय कायम राख्ने आह्वान दिइयो। तर अचानक प्रसङ्ग बदली भयोः *'सबै सड़कहरूमा बलौना हुनेछ।'* यसबाट स्पष्टसँग बुझिन्छ, कि यी मानिसहरूले ध्यानसित सुन्दैनथिए, र यसकारण दिव्य फैसलाअनुसार तिनीहरूको निम्ति दण्ड निश्चय गरिएको थियो।

### घ) आमोस ५:१८-२७: प्रभुको दिनको चाहना गर्नेहरूलाई हाय!

**आमोस ५:१८-२०:** मानिसहरूले परमप्रभुको दिनको चाहना गर्नुहुँदैनथियो; किनकि त्यो दिन अन्धकार र विपत्तिको कुदिन हुनेथियो, जुन कुदिनमा एउटा खराबीमाथि अर्को खराबी तिनीहरूमाथि आउनेथियो।

**आमोस ५:२१-२७:** इस्राएलीहरूले चाड़का दिनहरूमा परमप्रभुकहाँ बलिहरू र भेटीहरू ल्याइरहेका थिए, तर तिनीहरूको जीवन भ्रष्ट थियो; यसकारण परमेश्वरले तिनीहरूका भेटीहरू अस्वीकार गर्नुभयो। उहाँ त रीतिविधिहरू होइन, तर धार्मिकता मन पराउनुहुन्छ। अब उजाड़स्थानको कुरा आयोः इस्राएलीहरू उजाड़स्थानमा घुमफिर गरेको समयमा पनि तिनीहरूले परमप्रभुको आराधना गरेको दाबी गरेका थिए; तर वास्तवमा तिनीहरूले मोलोक, सिक्कूत र कियून आदि मूर्तिहरूको पूजा गरेका थिए।

### ड) आमोस ६: हात्तीदाँतका पलङहरूमा ढल्कनेहरूलाई हाय !

**आमोस ६:१-८:** तिनीहरूको विलसितता, निश्चिन्तता, ऐसआरामी र निर्धक्कता हिंसाले खलबलाउनेथियो। हात्तीदाँतका पलङहरूमा ढल्कनेहरू र आफ्ना ओछ्यानहरूमाथि लमतन्न परेकाहरूलाई धिक्कार! भरपेट खाने र घिच्नेहरूलाई हाय! सितारको धुनमा गुनगुनाउनेहरूलाई हाय! डबका-डबका दाखमद्य पिउनेहरूलाई हाय! महँगो-महँगो सुगन्ध र उच्च स्तरका सुगन्धित तेलहरू लगाउनेहरूलाई हाय! अँ, भोजभतेरहरूमा खान बस्नेहरूलाई हाय! तिनीहरूको निश्चिन्त हुने र ऐसआराम गर्ने मनोभावको विषयमा परमेश्वरको भावना र प्रतिक्रिया यस्तो छः 'म याकूबको घमण्ड हेला गर्छु र उसका महलहरू घृणा गर्छु।' सामरिया अश्शूरीहरूको हातमा सुम्पिइनेथियो।

**आमोस ६:९-१०:** यी दुईवटा दुःखद पदहरू श्री पेज एच. केलीले निम्न प्रकारले वर्णन गरेका छन्ः

> 'जुन महामारी सारा देशभरि फैलिनेथियो, त्यो महामारी चलेको बेलामा यति धेरै मानिसहरूको मृत्यु हुनेथियो, कि सामान्य दफन-कार्यहरू छोड़िनेथिए र बचेका मानिसहरूले शव जलाउने असामान्य तरिका अपनाउनेथिए। किनकि यस्तो हुनेथियोः जब मृतकको कुनै आफन्त त्यस मृतकको दाहसंस्कार गर्ने हेतुले त्यो शव निकाल्न त्यसको घरभित्र पस्छ, तब उसले त्यस घरमा केवल एकैजना बचेको मानिस उपस्थित भएको भेट्टाउँछ, जो घरको एउटा कुनामा लुकेर बसेको छ। अनि जब यस आफन्तले त्यस मानिसलाई बोलाउँछ, तब त्यस मानिसले "धत्, चुप लाग्!" भन्छ र त्यसपछि थप्छः "हामीले परमप्रभुको नाम लिनुहुँदैन!' यी यहूदी मानिसहरूले विगत समयमा परमेश्वरको नाम अपवित्र तुल्याएका कति हो कति! तर अहिले चाहिँतिनीहरूले उहाँको नाम उच्चारण गर्न आँट गर्दैनथिए; किनकि तिनीहरूले आफूमाथि उहाँको क्रोधको नवीन प्रवाह निम्त्याउन चाहँदैनथिए, निम्त्याउनदेखि डराउँदैथिए। यस सम्बन्धमा महत्त्वपूर्ण कुरा के हो भने, आजको दिनसम्म पनि धर्मनिष्ठ यहूदीहरूले परमेश्वरको 'यहोवा' नाम उच्चारण गर्दैनन्, जुन नामचाहिँ त्यो नाम हो, जुन नाममा परमेश्वरले इस्राएलीहरूसँग आफ्नो वाचा स्थापित गर्नुभएको हो'।[5]

**आमोस ६:११-१४:** तिनीहरूको व्यवहार मूर्ख थियो र व्यर्थ पनि थियो; यो त गोरुहरू लिएर चट्टानमाथि जोत्नु बराबर थियो। तिनीहरूले न्याय बिगारे र धार्मिकताको खिल्ली उदाए। तिनीहरूले आफ्नो सैन्य बलको विषयमा घमण्ड गर्थे; किनकि लो-डेबर र कर्नाइम नगण्य विजयहरू थिए। किनभने अश्शूरीहरूले उत्तरमा हमातको पस्ने ठाउँदेखि दक्षिणको सिमानासम्म अर्थात् अराबाको बेंसीसम्म देश सताउनेथिए।

# खण्ड ३

## आमोस ७:१-९:१०:

## आउन लागेको न्यायको निम्ति विभिन्न प्रतीकात्मक लक्षणहरू दिइए

### क) आमोस ७:१-३: सलहहरूको विपत्ति

यस अध्यायको १-९ पदसम्मको खण्डमा आमोसले आफ्ना मानिसहरूको निम्ति अन्तर्विन्ती गरे; किनकि इस्राली जातिमाथि तीनवटा खतराहरू आइपर्न लागेका थिए, जुन खतराहरू निम्न प्रकारका छन्ः पहिले देशको सारा घाँसपात स्वाहा गर्ने सलहहरू आउनेथिए; हुन सक्छ, यी सलहहरूले अश्शूरका राजा

पुलको आक्रमण सङ्केत गरे होलान्। अनि आमोसको प्रार्थनाको उत्तरमा यो न्याय टर्‍यो।

### ख) आमोस ७:४-६: भस्म पार्ने आगो

दोस्रो खतराचाहिँ भस्म पार्ने आगो थियो; हुन सक्छ, यस आगोले तिग्लत-पिलेसेरको आक्रमण सङ्केत गर्‍यो होला। अनि फेरि 'सानो याकूब'को निम्ति चढ़ाएको उनको प्रार्थनाले यो विपत्ति रोक्यो।

### ग) आमोस ७:७-९: साहुल

अनि तेस्रो खतराले चाहिँ सायद अश्शूरका राजा शल्मनेसेरद्वारा हुने सामरियाको विनाश सङ्केत गर्ला। किनकि साहुलले के अर्थ दिन्छ भने, परमेश्वरको न्यायमा सम्पूर्ण रूपले सच्चाइ र इमानदारी थियो। अनि परमेश्वरले घोषणा गर्नुभयोः अब उप्रान्त उहाँ आफ्नो दयामा फेरि कहिल्यै इस्राएलबाट भएर जानुहुनेथिएन।

### घ) आमोस ७:१०-१७: अन्तराल विषयः आमोसलाई धम्की दिँदा उनले झुक्न मानेनन्

**आमोस ७:१०-१३:** बेतएलको मूर्तिको पूजाहारी अमस्याहले आमोसलाई बेतएलको विरोधमा अर्थात् राजाको पवित्रस्थानको विरोधमा भविष्यवाणी गर्न निषेध गरे। अनि तिनले उनलाई 'तिमी यहूदामा भएको आफ्नो घरमा फर्केर जानू र त्यहाँ आफ्नो जीविका चलाउनू' भनेर भने।

**आमोस ७:१४-१७:** तर आमोसले तिनलाई निम्न जवाफ दिएः 'परमेश्वरले मलाई यस सेवकाईको निम्ति नियुक्त गर्नुभयो, यसैकारण म कसरी रोक्न सक्छु; अहँ, म रोक्नेछैनँ।' उनी कुनै खास भविष्यवक्ता नै थिएनन्, न ता भविष्यवक्ताहरूका शिष्य थिए; तर उनलाई बाध्यता परेको थियोः उनले परमप्रभुको वचन बोल्नुपरेको थियो। यसकारण उनले अमस्याहलाई भनेः 'परमप्रभुको वचन सुन!' त्यसपछि उनले अमस्याहमाथि, तिनकी पत्नीमाथि र तिनका छोराछोरीहरूमाथि, साथै तिनको देशमाथि कस्तो डरलाग्दो विनाश आउन लागेको थियो, सो सुनाए।

### ङ) आमोस ८: ग्रीष्म ऋतुको फलले भरिएको एउटा डालो

**आमोस ८:१-६:** ग्रीष्म ऋतुको फलले भरिएको डालोले अब न्यायको निम्ति इस्राएली जातिको म्याद पुगेको सङ्केत गर्‍यो। परमेश्वर अबदेखि उसो कहिल्यै आफ्नो दयामा तिनीहरूको बीचबाट भएर जानुहुनेथिएन। किनकि धनी मानिसहरूले गरिबहरूलाई थिचोमिचो गरिरहेका थिए; 'चाड़का दिनहरू कहिले समाप्त होऊन् र हामी पैसा कमाउन सकौं' भनेर तिनीहरू अधीर र पूरा चञ्चल भइरहेका थिए; तिनीहरूको व्यवसाय अति भ्रष्ट थियो; तिनीहरूलाई तराजु खोटा बनाएको दोष लाग्यो।

**आमोस ८:७-१२:** यसको प्रतिफल-स्वरूप परमप्रभुले डरलाग्दा-डरलाग्दा भुइँचालोहरूद्वारा यस देशलाई दण्ड दिनुहुनेथियो। अनि दिउँसो पृथ्वीमा अँध्यारो लाग्नेथियो, अनि एक-एक घरमा शोक-चाहिँ पाहुना बस्नेथियो। मानिसहरूले परमप्रभुको वचन सुन्न खूब चाहना गर्नेथिए, तर परमप्रभुको वचन तिनीहरूबाट रोकिराखिनेथियो। त्यस बेलामा परमेश्वरको वचनको अनिकाल र खड़ेरी प्रबल हुनेथियो।

**आमोस ८:१३-१४:** मूर्तिपूजाले इस्राएलका सबैभन्दा खाइलाग्दा जवान मानिसहरूमाथि ठूलो अकाल ल्याउनेथियो र झूटा देवताहरूको नाममा शपथ खानेहरूमाथि विनाश ल्याउनेथियो। मानिसहरूले आफ्ना

मूर्तिहरूबाट एउटा दिव्य वाणी सुन्न खोज्नेथिए, तर पाउनेथिएनन्।

### च) आमोस ९:१-१०: हे आमोस, ढोकाको चौकोसको थाप्लामा हिर्काऊ !

**आमोस ९:१-४:** यहाँ के देखिन्छ? परमप्रभुले आफ्नो न्याय वेदीबाट शुरु गर्नुभएको रहेछ! हुन सक्छ, सायद त्यो वेदी बेतएलमा भएको झूटो वेदी पो थियो कि? मानिसहरूले कुनै उम्कने ठाउँ भेट्टाउनेथिएनन्; तिनीहरू जता भागे तापनि तरवारले तिनीहरूलाई भेट्टाएरै छोड्नेथियो। अधोलोक, आकाश, कर्मेलको टाकुरा, समुद्रको पींध, अँ, तिनीहरू आफ्ना शत्रुहरूको अघि-अघि गएको कैद जस्तै उम्कने सम्भावित ठाउँहरू भएदेखि ती ठाउँहरू समेत तिनीहरूबाट टलेर जानेथिए। तिनीहरूको विरुद्धमा दन्किरहेको परमेश्वरको क्रोधको गम्भीरता यी शब्दहरूमा देखिन्छः *'भलाइको निम्ति होइन, तर खराबीको निम्ति म आफ्नो आँखा तिनीहरूमाथि लगाउनेछु।'* इस्राएलीहरूलाई स्पष्टसँग थाह भएको होस्, कि तिनीहरू ठूलो समस्यामा परेका रहेछन्!

**आमोस ९:५-१०:** सेनाहरूका परमप्रभुलाई र उहाँको सर्वशक्ति कसले सामना गर्न सक्ला? पृथ्वीको वरिपरि वायुमण्डलका तह-तहहरू अनि धरतीभित्र रहेका ढुङ्गा-चट्टानरूपी तहहरू एकै परमप्रभुले निर्माण गर्नुभएको र स्थापित गर्नुभएको थियो। इस्राएली जाति यहाँ इथियोपियाका अन्यजाति मानिसहरूसँग तुलना गरिएको छ, अनि परमेश्वर आफैले तिनीहरूलाई 'पापी राज्य' भन्नुभयो, कति कटु वचन! तिनीहरूले आफ्नो विशेष सौभाग्यस्थल र ठहर गुमाए। उहाँले पापी मानिसहरूलाई दण्ड दिनुहुनेथियो, तर अन्न चाल्नीमा चालेझैं बाँकी रहेकाहरूलाई बचाउनुहुनेथियो; यसो हुँदा एउटा सानोभन्दा सानो दाना पनि भुइँमा खस्नेथिएन। हो, धेरैजसो मानिसहरू नाश हुनेथिए, तर सर्वशक्तिमान् परमेश्वरको दृष्टिमा जो योग्य थिए, उनीहरू जोगिनेथिए।

# खण्ड ४

# आमोस ९:११-१५:

## भविष्यमा इस्राएली जातिको पुनर्स्थापना हुनेछ

**आमोस ९:११-१२:** यस अध्यायका ११-१५ पदहरूको खण्डमा इस्राएली जातिको पुनर्स्थापना वर्णन गरिएको छ। किनकि परमेश्वरले दाऊदलाई गर्नुभएका प्रतिज्ञाहरू पूरा हुने नै छन्। कति मानिसहरू छन्, जसले एघार पद लिएर 'इस्राएली जाति र मण्डली एउटै हुन्, र ख्रीष्टको मण्डलीचाहिँ त्यो मर्मत गरिएको तम्बू हो' भन्ने कुरा सिकाउँछन्। (अक्षरशः 'छाप्रो', जुन छाप्रोले रद्द गरिएको राजवंशलाई सङ्केत गर्छ, एन.के.जे.वी.को पार्श्वमा लेखिएको टिप्पणीअनुसार)। तर पक्का पनि हामीले यसको अर्थ यस पदको सन्दर्भअनुसार लगाउनुपर्छ। अनि यसको सन्दर्भचाहिँ इस्राएली जाति नै हो र बाह्र पदअनुसार सबै जातिहरू हुन्, ख्रीष्टको हजार वर्षको राज्यमा। यस विषयमा श्री सी. आई. स्कोफिल्डले निम्न कुरा लेखेका छन्ः

> 'दाऊदको वंशको राजतन्त्र एउटा तम्बूद्वारा चित्रण गरिएको छ, जुन तम्बूको अवस्था समयमा बिग्रिँदै गएको थियो (यशैया ११:१)। अनि यस पदको आधारमा 'तल्मुड'का रब्बीहरूले मसीहलाई 'बार-नफ्ली' भन्ने नाम राखे, जसको अर्थ 'ढलितको छोरा' हो। तर उहाँ उठ्नुहुनेछ (मलाकी ४:२)'।[6)]

**आमोस ९:१३-१५:** त्यस बेलामा बाफरे, अङ्गुर, नयाँ दाखमद्य, गहुँ, जैतुन र अन्य फलफूलहरूको खेतीको फसलको वृद्धि के अचम्मको रीतिले हुनेछ! शहरहरूको पुनर्निर्माण गरिनेछ र यिनमा फेरि मानिसहरू बस्नेछन्; परमेश्वरले आफ्ना जनहरूलाई रोप्नुहुनेछ, अनि तिनीहरू यस देशबाट फेरि कहिल्यै निकालिनेछैनन्।

**ENDNOTES:**

**1) Introduction:** The word for a shepherd is *rôéh*; the word for a sheep-breeder is *nôgçd*.

**2) 1:3–5:** J. Sidlow Baxter, Explore the Book, p. 130.

**3) 2:6–8:** A garment given in pledge that a debt would be paid was not to be kept overnight, since it might well be the only blanket that a poor person had (Deut. 24:12, 13).

**4) 4:4–13:** However, by application it makes a great gospel warning. The evangelist D. L. Moody, for example, found "four things in this text: a) There is one God. b) We are accountable to him. c) We must meet him. d) We need preparation to meet him" (Notes from My Bible, p. 92).

**5) 6:9-10:** Page H. Kelly, Amos, Prophet of Social Justice, p. 97.

**6) 9:11-12:** The New Scofield Study Bible. New King James Version, p. 1056.

**BIBLIOGRAPHY**

Feinberg, Charles. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Kelly, Page H. *Amos, Prophet of Social Justice*. Grand Rapids: Baker Book House, 1966.

Mills, Montague S. *The Minor Prophets. A Survey*. Dallas: 3E Ministries, n.d.

Stevenson, Herbert F. *Three Prophetic Voices. Studies in Joel, Amos and Hosea*. Old Tappan, NJ: Fleming H. Revell Company, 1971.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 1. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# ओबद्याहको पुस्तकको टिप्पणी

# ओबद्याहको पुस्तकको भूमिका

*'ओबद्यहको भविष्यवाणी अद्वितीय छ, अँ, यसको सामग्रीको गुण अद्वितीय छ। यो पूरा पुस्तक एकै न्यायको फैसला हो, जसमा दया वा आशाको कुनै सुझावै, कुनै गन्ध छैन।'*

*श्री फ्रेडिक ए. ट्याडफोर्ड*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

'ओबद्याहको दर्शन' (१:१) चाहिँ पुरानो नियममा सबैभन्दा छोटो पुस्तक हो, र सम्पूर्ण पवित्र बाइबलका छोटा पुस्तकहरूमध्ये तेस्रो पुस्तक हो। यसको एकै विषयवस्तु छः याकूबका जुम्ल्याहा दाजु एसावका सन्तान-हरूको विनाश। एदोमीहरूले लगातार इस्राएली जातिको विरुद्धमा लड़ाइँ गरेको इतिहास छ; अनि परमेश्वरले चुन्नुभएको जातिको निम्ति तिनीहरूले अपमान र घृणाको व्यवहार देखाउने गर्थे।

## ख) यस पुस्तकको लेखक को हुन् ?

ओबद्याह नामको अर्थ 'परमप्रभुको सेवक' हो। अनि पुरानो नियममा 'ओबद्याह' नाम गरेका बाह्रजना मानिसहरू छन्, तर तीमध्ये कसैलाई 'भविष्यवक्ता ओबद्याह यिनी हुन्' भनेर निश्चयतासाथ निर्धारित गर्न सकिँदैन। वास्तवमा, यस पुस्तकको लेखकको विषयमा उनका शब्दहरूबाट प्रकट भएको कुराबाहेक हामीलाई अरू केही पनि थाहा छैन।

## ग) यस पुस्तकको लेख्ने मिति के हो ?

हामीसँग लेखकको विषयमा केही जानकारी नभएको हुनाले हामीले यस पुस्तकको लेख्ने मिति यस पुस्तकभित्र पाएका सङ्केतहरूबाट पत्ता लगाउन खोज्नुपर्ला।

प्रायः सबै उदारवादी र धेरै शास्त्रसम्मत विद्वान्हरूले यस पुस्तकको मिति ख्रीष्टपूर्व ५८६ सालपछि लगत्तै जुनै पनि वर्षमा निर्धारित गर्न रुचाएका छन्, किनकि ख्रीष्टपूर्व ५८६ सालमा यरूशलेमको विनाश भएको थियो। यर्मिया र विलापका पुस्तकहरू र भजन १३७ अध्यायसँग ओबद्याहको पुस्तकका केही समानताहरू भएका देखिन्छ, साथै यसमा प्रयोग गरिएका केही शब्द-हरू[1] छन्, जुन शब्दहरूले गर्दा यसको लेख्ने मिति त्यतातिर पार्न उचित ठहरिन्छ। तर ओबद्याहको पुस्तकमा यरूशलेम शहर र त्यसको मन्दिरको विनाशको विषयमा केही पनि उल्लेख गरिएको छैन; यसकारण यस मौनताबाट योभन्दा अघिको मिति बढ़ी मिल्छ कि भन्ने सङ्केत पाइन्छ होला।

यस पुस्तकको लेख्ने मितिको विषयमा सुझाउ गरिएका अन्य अघिल्ला मितिहरू यस प्रकारका छन्: ख्रीष्टपूर्व ८४८-८४१ सालभित्र यहोरामको शासनकालमा, अथवा ख्रीष्टपूर्व ७३१-७१५ सालभित्र आहाजको शासनकालमा। तर यस अन्तिम मितिको पक्ष लिनेहरू धेरै छैनन्; तर तिनीहरूले २ इतिहास २८:१७ पद आफ्नो तर्कको आधार बनाएका छन्। त्यस पदअनुसार एदोमीहरूले यरूशलेम आक्रमण गरेर कैदीहरू बनाएका थिए।

यदि अनुमान गरिएको सबैभन्दा पहिलो मिति सही ठहरिन्छ भने, ओबद्याहचाहिँ लेख्ने भविष्यवक्ताहरूमध्ये प्रथम भए र एलिशाका समकालीन व्यक्ति थिए। अनि यो पनि विचार गर्न लायकको कुरा होः एक, यस पुस्तकमा ख्रीष्टपूर्व ५८६ सालमा भएको यरूशलेमको सर्वनाशको विषयमा कुनै सुझावै पाइँदैन। अनि दुई, ओबद्याह १:१२-२४ पदहरूमा एदोमीहरूलाई तिनीहरूले विगत समयमा गरेको काम नदोहोऱ्याउने चेताउनी दिइएको देखिन्छ। यसकारण यरूशलेम खण्डहरमा परिणत भइसकेको भएदेखि यस प्रकारको अर्ती अर्थहीन ठहरिनेथियो।

हे पवित्र बाइबलमाथि विश्वास राख्ने ख्रीष्ट-विश्वासी भाइबहिनीहो, तपाईंले यस पुस्तकको लेख्ने मितिको विषयमा यी तीनवटा विचारहरूमध्ये जुनै पनि मिति अपनाउन सक्नुहुन्छ, यसमा केही पर्बाह छैन, रपनि पवित्र बाइबल परमेश्वरको आत्माको प्रेरणाले लेखिएको पुस्तक हो भन्ने विषयमा उच्च विचार कायम राख्नुहोस्! यसको विषयमा कसैसँग कुनै सम्झौता नगर्नुहोस्! तर मेरो विचारमा, यस पुस्तकको विषयमा लगभग ख्रीष्टपूर्व ८४० सालतिरको लेख्ने मितिचाहिँ सबैभन्दा बढ़ी सम्भव देखिन्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन्?

यो भविष्यवाणी एदोमीहरूको विरुद्धमा बोलिएको हो, जुन एदोमीहरूचाहिँ एसावका सन्तानहरू थिए र इस्राएली जातिका मानिस-हरूका घोर शत्रुहरू थिए। तिनीहरूलाई यहाँ, यस पुस्तकमा कस्तो प्रकारले चित्रण गरिएको छ? मानौं तिनीहरू यरूशलेमको पतनको विषयमा रमाएका जस्तै तिनीहरूलाई यहाँ पेश गरिएको छ। श्री माथ्यू हेनरीले ओबद्याहको पुस्तकको छोटो भविष्यवाणीको पृष्ठभूमिमा कस्ता-कस्ता तीव्र भावनाहरू रहेर काम गरेका थिए, सो निम्न शब्दले बयान गरेका छन्ः

> 'ओहो, इस्राएली जातिका मानिसहरूको निम्ति यो कति ठूलो परीक्षा थियो! मैले मात्र होइन, तर अरूले पनि यो चाल पाए। किनकि तिनीहरूचाहिँ परमेश्वरले प्रेम गर्नुभएका याकूबका सन्तानहरू थिए, रपनि तिनीहरू ठूलो समस्यामा परेका थिए; तर एदोमीहरू, जो घृणा गरिएका एसावका सन्तानहरू थिए, यिनी-हरूले समृद्धि गर्दैथिए; यति मात्र होइन, तर यिनीहरू विभिन्न समस्याहरूमा परेका इस्राएलीहरूमाथि विजयी पनि भए। अनि यही कारणले परमेश्वरले इस्राएलीहरूलाई यहाँ, यस पुस्तकमा एदोमको विनाशको पूर्वदृश्य दिनुभएको थियो; किनकि एदोमीहरूको अन्तिम विनाश सम्पूर्ण हुनेथियो, अनि इस्राएलीहरूको विषयमा कसो हो? तिनीहरूले उहाँको ताड़नाबाट आशिषित निकास प्राप्त गर्ने-थिए।'[2)]

हामीले अघि भनिसक्यौं, कि बाइबलका विद्यार्थीहरू यस पुस्तकको सन्दर्भको विषयमा एकमत छैनन्। के यसको सन्दर्भ राजा नबूकद्नेस्सरको हातद्वारा यरूशलेममाथि आइ-परेको विनाश हो कि, अथवा के त्योभन्दा अघि भएको यस शहरको पतन यसको सन्दर्भ हो कि?

नयाँ नियममा आएर एदोमको नाम 'इदुमिया' भएछ र यस नामले चिनिन्थ्यो। अनि अरबका जातिहरूले यस देशको आर्थिक अवस्था बिगारे, र पछि रोमीहरूले आएर यो देश कब्जा गरे; अनि ईस्वी संवत् ७० साल-देखि यता एदोमीहरू इतिहासको मञ्चबाट लुप्त भए।

# रूपरेखा

**खण्ड १) ओबद्याह १:१-४: एदोमको घमण्ड होच्चाइनेछ**

**खण्ड २) ओबद्याह १:५-९: एदोमको विनाश**

**क) ओबद्याह १:५-६:** त्यसको लुटपाट सम्पूर्ण हुनेछ

**ख) ओबद्याह १:७:** एदोम त्यसका मित्र राष्ट्रहरूद्वारा विश्वासघात गरिएको

**ग) ओबद्याह १:८-९:** एदोमका अगुवाहरूको विनाश

**खण्ड ३) ओबद्याह १:१०-१४: एदोमको विनाशका कारणहरू यस प्रकारका छन्**

**खण्ड ४) ओबद्याह १:१५-१६: एदोमको न्याय प्रतिशोधात्मक छ**

**खण्ड ५) ओबद्याह १:१७-२१: इस्राएल र यहूदाको पुनर्स्थापना र एदोमको अस्तित्वको समाप्ति**

# ओबद्याहको पुस्तकको टिप्पणी

## खण्ड १

## ओबद्याह १:१-४:

## एदोमको घमण्ड होच्चाइनेछ

ओबद्याहले आफ्नो भविष्यवाणीको शुरुमा भनिहालेः एदोमको घमण्डको कारणले आक्रमणकारीहरूको हातबाट त्यसको पतन आउनेछ। हाम्रो सामु एकजना राजदूतको नक्सा कोरिएको छ, जसले अन्यजातिहरूलाई एदोमको विरुद्धमा लड़ाइँ गर्न उक्साउँदैथिए। एदोमको मुख्य शहर सेला अर्थात् पेट्रा थियो, जुन शहरचाहिँ मृत सागरको दक्षिणमा अवस्थित थियो, र गुलाबी रङ्का अग्ला चट्टानहरूको पाखाबाट कुँदेर बनाइएको थियो। त्यो शहर अजय मानिन्थ्यो। तर परमप्रभुले तिनीहरूलाई तिनीहरूको आकाशको उचाइबाट र ताराहरूको बीचमा स्थापित भएको तिनीहरूको गुँड़बाट तल झार्नुहुनेथियो।

## खण्ड २

## ओबद्याह १:५-९:

## एदोमको विनाश

**क) ओबद्याह १:५-६: त्यसको लुटपाट सम्पूर्ण हुनेछ**

एदोमको विनाशचाहिँ चोरहरू वा डाँकूहरूको काम ठहरिनेथिएन; किनकि यस्ताहरूले आफूले चाहेको जति मात्र लुटेर लानेथिए। अनि लुटेराहरूले पनि केही सिलाफल छोड़िदिनेथिए र त्यसलाई पूरा नाङ्गै पार्नेथिएनन्। तर एसावका लुकेर राखिएका धनहरू समेत खोजखास गरिनेथिए!

**ख) ओबद्याह १:७: एदोम त्यसका मित्र राष्ट्रहरूद्वारा विश्वासघात गरिएको**

अनि एदोमसँग सन्धि गरेका मित्र राष्ट्रका सबै मानिसहरूले त्यसलाई धोका दिनेथिए र त्यसको लागि एउटा पासो थाप्नेथिए।

**ग) ओबद्याह १:८-९: एदोमका अगुवाहरूको विनाश**

त्यसका ज्ञानी र पराक्रमी मानिसहरू, जसको विषयमा त्यसले गर्व गर्थ्यो, ती बुद्धिमान्, शूरवीर मानिसहरूको काटमार हुनेथियो र तिनीहरू शेष हुनेथिए।

## खण्ड ३

## ओबद्याह १:१०-१४:

## एदोमको विनाशका कारणहरू यस प्रकारका छन्

यरूशलेम आक्रमण गरिएको देखेर एदोमीहरू रमाउनुहुँदैनथियो। तिनीहरूले कुदृष्टिले हेरिरहनुहुँदैनथियो; तिनीहरूले घमण्डसाथ बोल्नुहुँदैनथियो; तिनीहरूले यरूशलेम शहर लुट्नेहरूलाई साथ दिनुहुँदैनथियो; तिनीहरूले भाग्न खोजेका यहूदीहरूलाई नाश गर्नुहुँदैनथियो; अनि यहूदीहरूको बीचमा जो बाँकी रहे, उनीहरूलाई तिनीहरूले शत्रुको हातमा सुम्पनुहुँदैनथियो।

के तपाईंले यहाँ एदोमको विषयमा कोरिएको नक्सा देख्नुभयो? बाफरे, एदोमले परमेश्वरका जनहरूप्रति के साह्रै क्रूर व्यवहार देखाएको! त्यसले अलिकति पनि आफ्नो निर्दयतामा कुनै लगाम लगाउँदैनथियो; त्यसको संवेदनारहित, दयामायाविहीन, चिसो हृदय हेर्नुहोस्! एदोम कति कृपारहित थियो! त्यसले आफ्नो भाइ याकूबलाई दयाको एक भीख पनि दिएन। अनि हुन सक्छ, सायद यस पारिवारिक सम्बन्धमा विश्वासघात गरेको हुनाले एदोमीहरूको विनाश सम्पूर्ण हुनेथियो।

## खण्ड ४

## ओबद्याह १:१५-१६:

## एदोमको न्याय प्रतिशोधात्मक छ

सबै अन्यजातिहरूमाथि परमेश्वरको क्रोधको दिन नजिकै आइरहेको थियो, जुन दिनमा एदोमले यहूदासँग देखाएको कुव्यवहारको खातिर उचित दण्ड पाउनेथियो। तिनीहरूले जस्तै गरेका थिए, तिनीहरूसित त्यस्तै गरिनेथियो; किनकि तिनीहरूको प्रतिफल तिनीहरूको टाउकोमाथि फर्केर आउनेथियो। अनि यहाँ पिउने सम्बन्धमा जे लेखिएको छ, यसको विषयमा श्री जी. हर्बर्ट लिविङ्गस्टोनले निम्न स्पष्टीकरण दिएका छन्:

> 'सजायको साथमा जुन शोक साथमा आउँछ, भविष्यवक्ताहरूले यो शोक कहिलेकाहीं मदिराको सेवनसित तुलना गरेका छन्। यस दृष्टान्तको विस्तृत प्रयोग केकस्तो छ, सो कुरा यर्मिया २५:१५-२८ पदको खण्डमा हेर्नुहोस्! किनकि यस सिलसिलामा परमेश्वरले केवल एदोमलाई छानेर एउटा उदाहरण बनाउनुहुन्नथियो, तर उहाँले सबै जातिहरूलाई बराबर तिनीहरूका पापहरूको खातिर न्याय गर्नुहुनेथियो।' [3)]

## खण्ड ५

## ओबद्याह १:१७-२१:

## इस्राएल र यहूदाको पुनर्स्थापना र एदोमको अस्तित्वको समाप्ति

**ओबद्याह १:१७-१८:** ओबद्याहको पुस्तकको अन्तिम भागमा इस्राएली जातिको भावी छुटकाराको विषयमा पूर्वजानकारी दिइएको छ। इस्राएल र यहूदा एउटा आगो र

ज्वाला हुनेछन् र उनीहरूले एसावको घरानामा आगो लगाउनेछन् र तिनीहरूलाई भस्म पार्नेछन्। अनि श्री फ्रेडिक ए. ट्याडफोर्डले एदोमको अन्तको विषयमा संक्षिप्त वृत्तान्त यसो गरेका छन्ः

'नाबातीहरूले एदोमीहरूलाई तिनीहरूको देशबाट निकालिदिए; तर एदोमीहरूले 'नेगेव' आफ्नो अधिकारमा लिए, र त्यसको नाम इदुमिया भयो। तिनीहरूले केही समयसम्म यहूदाको कुनै भूभाग समेत कब्जा गरे, तर ख्रीष्टपूर्व १८५ सालमा मकाबीका यहूदाले तिनीहरूलाई जिते। पछि गेरासाका सिमोनले इदुमिया नाश पारे, र इस्वी संवत्को पहिलो शताब्दीमा एदोमीहरू पूरै हराए जस्तो देखिन्छ। हो, पेट्राचाहिँ सातौं शताब्दीसम्म इसाई बिशपको निवासस्थान र केन्द्र बनिरहेको कुरा साँचो हो; तर त्यसपछि मुसलमानहरूले यो देश कब्जा गरेर आफ्नो हातमा पारे। आजको दिनमा कसैले पनि प्रमाणसहित 'म एदोमी हुँ' दाबी गर्न सक्दैन, किनकि एदोमको नामनिसान पूरा मेटिएको छ। अनि यसरी नै "एसावको घरानामा कोही पनि बाँकी रहनेछैन" भन्ने ओबद्याहको भविष्यवाणी पूरा भयो।' 4)

**ओबद्याह १ः१९-२१ः** एदोमको देशचाहिँ 'नेगेव' नाम गरेका दक्षिण भागमा बस्ने इस्राएलीहरूलाई दिइनेछ। अनि 'शेफेला' नामक समुद्र-तटी तराईमा बस्नेहरूलाई पलिस्तीहरूको देश दिइनेछ। अनि कैदीहरूले फेरि सारेपतसम्म कनानीहरूको देश अधिकार गर्नेछन्। छुटकारा दिने उद्धारकहरूले 5) एसावको पहाड़माथि शासन गर्नेछन्, अनि परमप्रभुले सम्पूर्ण राज्यमाथि राज्य गर्नुहुनेछ।

**ENDNOTES:**

**1) Introduction:** Such as the Hebrew word translated captives in v. 20.

**2) Introduction**: Matthew Henry, 'Obadiah,' Matthew Henry's Commentary on the Whole Bible, IV:1271.

**3) 1: 15-16:** G. Herbert Livingston, 'Obadiah,' The Wycliffe Bible Commentary, p. 841.

**4) 1: 17-18:** Frederick A. Tatford, Prophet of Edom's Doom, p. 55.

**5) 1:19–21:** The deliverers or saviours of verse 21 may be the saints who will reign with Christ.

**BIBLIOGRAPHY**

Feinberg, Charles Lee. *Joel, Amos and Obadiah*. New York: American Board of Missions to the Jews, 1948.

Henry, Matthew. 'Obadiah.' In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. IV. McLean, VA: MacDonald Publishing Company, n.d.

Livingston, G. Herbert. 'Obadiah.' In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Mills, Montague S. 'Obadiah.' In *The Minor Prophets: A Survey*. Dallas: 3E Ministries, n.d.

Tatford, Frederick A. *Prophet of Edom's Doom*. Eastbourne, England: Prophetic Witness Publishing House, 1973.

# योनाको पुस्तकको टिप्पणी

# योनाको पुस्तकको भूमिका

*'यो पुस्तक अद्वितीय छ; किनभने भविष्यवक्ताको वाणीसित भन्दा त यस पुस्तकले भविष्यवक्तासित नै बढ़ी सरोकार राख्दो रहेछ। उनको मानसिक अवस्था र मनमुद्रा केकस्तो थियो, र परमेश्‍वरले प्रेमसाथ उनको ताड़ना कसरी गर्नुभयो, यस कुराले हामी पाठकवर्गलाई कुनै न कुनै पाठ सिकाइदिन्छ र हामीलाई नम्र तुल्याउँछ।'*

*श्री जर्च विलयम्स*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

योना नामको अर्थ 'ढुकुर' हो। अनि भविष्यवक्ताहरूमध्ये योना मात्र हुन्, जसको भविष्यवाणीचाहिँ उनले भनेको सन्देशमाथि होइन, तर उनको जीवन र उनले गरेको अनुभवमाथि केन्द्रित रहन्छ। अनि उनले गरेको अनुभवले इस्राएली जातिको विगत, वर्तमान र भावी अवस्था चित्रण गर्छ, जस्तैः

**क)** यहूदीहरूको विषयमा परमेश्‍वरले निर्धारित गर्नुभएको उद्देश्य थियोः तिनीहरू अन्यजातिहरूको निम्ति उहाँको साक्षी हुनुपरेको थियो।

**ख)** तर अनुग्रहको सन्देश अन्यजातिहरूकहाँ फैलेर गएकोमा तिनीहरू ईर्ष्यालु भए।

**ग)** योना समुद्रमा फालिएको अर्थ यस प्रकारको छः तिनीहरू अन्यजातिरूपी संसारमा डुबे, र अन्यजातिहरूले तिनीहरूलाई निले, तर तिनीहरू कहिल्यै अन्यजातिहरूसित पूरा सम्मिलित भएनन्।

**घ)** ओबानो जमिनमा फ्याँकिएको अर्थ यस प्रकारको छः यहूदीहरू इस्राएल देशमा फर्केर आउनेछन् र तिनीहरू अन्यजातिहरूको निम्ति आशिषको कारण बन्नेछन्।

तर योनाको अनुभवको एउटा भाग छ, जुन भाग यस अर्थ-लगाइसित नमिलेको जस्तै देखिन्छः योनाको पुस्तकको चार अध्याय! किनभने पवित्र बाइबलमा कहीं पनि लेखिएको छैन, कि ख्रीष्टको हजार वर्षको राज्यका आशिषहरू अन्यजातिहरूकहाँ पुगेकोमा इस्राएली जाति रिसाएको र ठुस्स ठुस्किएको; अहँ, पवित्र बाइबलमा यसको निम्ति कुनै सुझावै पाइँदैन।

### ख) यस पुस्तकको लेखक को हुन्?

योनाको पुस्तकको दुई अध्यायको शैली प्रथम पुरुषको शैलीमा लेखिएको छ, किनकि यस अध्यायमा योनाको व्यक्तिगत 'भजन' प्रस्तुत गरिएको छ, जुन प्रार्थना उनले ठूलो माछाको पेटबाट चढ़ाए। तर यस पुस्तकका बाँकी तीन अध्यायहरू योनाको विषयमा छन् र अन्य पुरुषको शैलीमा प्रस्तुत गरिएका छन्। तर यस कुराबाट उनले यो सम्पूर्ण पुस्तक लेखेका थिएनन् भन्ने कुरा हामीले बुझ्नुहुँदैन। किनकि परम्पराले उनले सारा पुस्तक लेखे

भन्छ। किनभने मोशाजस्तै अन्य बाइबलका लेखकहरूले पनि समय-समयमा यस प्रकारको शैली अपनाए। कसले यो पुस्तक लेखे त? यो कुरा खास अविज्ञ छ। यसकारण हामीले यो कुरा खाँटी विश्वासको कसी तुल्याउनुहुँदैन।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

योनाको नीनवेमा जाने मिसन-कार्यचाहिँ इस्राएल नामक उत्तरीय राज्यको सबैभन्दा शक्तिशाली राजा यरोबाम द्वितीयको शासनकालअन्तर्गत परेको थियो (२ राजा १४ः२३), जुन राजा यरोबामले लगभग ख्रीष्टपूर्व ७९३-७५३ सालमा राज्य गरे। यस अवधिको विषयमा जति अश्शूरी शिलालेखहरू छन्, ती शिलालेखहरूमा त्यस युगमा एउटा ठूलो आत्मिक जागृति आएको कुरा कहीं लेखिएको पाइँदैन। तापनि निम्न घटनाहरू योनाको वृत्तान्तसँग मिल्छन्। किनकि प्राचीन समयमा अन्यजातिहरूले अनिकाल र सूर्यग्रहणजस्तै घटनाहरू आउन लागेको प्रकोपका अशुभ ईश्वरीय शकुनहरूको रूपमा हेर्ने गर्थे भन्ने कुरा सर्वविदितै छ। यसकारण हुन सक्छ, कसले जान्दछ, परमप्रभुले ख्रीष्टपूर्व ७६५ र ७५९ सालमा अश्शूरमा चलेका अनिकालहरू, साथै ख्रीष्टपूर्व ७६३ सालको जून महिनाको पन्ध्र तारिखमा घटेको सम्पूर्ण सूर्यग्रहण नीनवेका मानिसहरूका हृदय योनाको सुसमाचार-धावाको निम्ति तयार पार्न प्रयोग गर्नुभएको सम्भव छ। अनि ख्रीष्टपूर्व ८१०-७८२ सालमा रानी सेमिरामिस र तिनको सहशासन गर्ने छोरा अदद-निरारी तृतीयको शासनकालमा थोरै समयको निम्ति एकै ईश्वर मान्नतर्फको उतारचढ़ाउले पनि योनाको सेवकाईको निम्ति तयारीको काम गरेको हुन सक्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन्?

योना अमित्तैका छोरा थिए। (अमित्तै नामको अर्थ 'विश्वासयोग्य' हो)। अनि २ राजा १४ः२५ पदबाट हामी के सिक्छौं भने, योनाको घर गत-हेपेर थियो, जुन गत-हेपेरचाहिँ गालीलमा अवस्थित भएको एउटा ठाउँ थियो।

उत्तरीय राज्य इस्राएलको निम्ति अश्शूरबाट खतरा आइरहेको बेलामा उनले भविष्यवाणी गर्दैथिए। परमेश्वरले उनलाई अश्शूरको राजधानी नीनवेमा पश्चात्तापको प्रचार गर्न पठाउनुभयो। तर उनले यसो गर्न मानेनन्; त्यस शहरका मानिसहरूले पश्चात्ताप गर्लान् र त्यो शहर जोगिएला भन्ने उनको डर थियो। किनकि अश्शूरचाहिँ एउटा अत्यन्तै क्रूर राज्य थियो। अनि तिनीहरूका शिलालेखहरू सत्य ठहरिए भने, तिनीहरूका शत्रुहरू जिउँदै तिनीहरूले उनीहरूका शरीरबाट छाला उतारे; तिनीहरूले उनीहरूका खोपड़ीहरू लिएर थुप्राथुप्रीहरू लगाए, र आफ्ना शत्रुहरूसित अन्य क्रूरताहरू पनि देखाए। अश्शूरका राजा सनहेरिबका प्रवक्ता रब्-शाकेका अभिमानी र निन्दापूर्ण शब्दहरू २ राजा १८ः१९ पददेखिको खण्डमा उल्लेख गरिएका छन्।


यसकारण योना टार्शिशतिर भागे; अनि उनले टार्शिशतर्फ समुद्र-यात्रा गर्दा-गर्दै एउटा ठूलो माछाले उनलाई निल्यो। आफ्नो रिहाइपछि उनले परमप्रभुको आज्ञापालन गरे र नीनवेमा प्रचार गरे। फलस्वरूप त्यस शहरका मानिसहरूले पश्चात्ताप गरे, र त्यो शहर जोगियो। तर यस विषयमा योना धेरै बेखुशी भए।

अनि प्रभु येशूले योनालाई आफ्नो मृत्यु, दफन र पुनरुत्थानको चिन्हको रूपमा प्रयोग गर्नुभयो (मत्ती १२ः४० र १६ः४)।

योनाको पुस्तकचाहिँ रोमी ३ः२९ पदको टिप्पणी हो, जहाँ यसो लेखिएको छः *'के उहाँ यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्छ? के उहाँ अन्यजातिहरूका पनि परमेश्वर हुनुहुन्न र? ज्यू, उहाँ अन्यजातिहरूका पनि परमेश्वर हुनुहुन्छ।'*

अनि यो पुस्तक रोमी ११ः१२ र १५ पदको निम्ति एउटा चित्रण पनि हो। किनकि जब योनालाई समुद्रमा फालियो, तब यसको फलस्वरूप पानीजहाजभरिका अन्यजाति मानिसहरू बाँचे। तर जब उनलाई ओबानो जमिनमा फ्याँकियो, तब यसको फलस्वरूप नीनवे शहरका सबै मानसिहरूले उम्कन पाए। यसकारण बुझ्नुहोस्ः इस्राएली जातिको पतनचाहिँ अन्यजाति जगत्को धन पो भएछ; तब इस्राएली जातिको पुनर्स्थापनाको विषयमा कसो हो? ओहो, तिनीहरूको पुनर्स्थापनाबाट संसारका मानिसहरूकहाँ कति बढ़ी आशिष बग्नेछ!

## अश्शूरको साम्राज्य



## रूपरेखाः

**खण्ड १) योना १ः भविष्यवक्ता योना अनाज्ञाकारी भएको**

**क) योना १ः१-२ः** योनाको मिसनेरी हुने बोलावट

**ख) योना १ः३ः** योना टार्शिशतिर भागेको

**ग) योना १ः४-१०ः** समुद्रमा चलेको आँधीबेह्री

**घ) योना १ः११-१७ः** यी नाविकहरूले योनालाई पानीजहाजबाट समुद्रमा फालिदिए, र एउटा ठूलो माछाले उनलाई निल्यो

**खण्ड २) योना २ः भविष्यवक्ताले छुटकारा पाएको**

**क) योना २ः१-९ः** योनाको प्रार्थना

**ख) योना २ः१०ः** परमेश्वरको जवाफ

**खण्ड ३) योना ३ः भविष्यवक्ता योनाले परमेश्वरको सन्देश घोषणा गरे**

**क) योना ३ः१-४ः** योनाले नीनवेका मानिसहरूलाई न्यायको धम्की सुनाए

**ख) योना ३ः५-९ः** नीनवे शहरभरि ठूला-साना सबै मानिसहरूले पश्चात्ताप गरे

**ग) योना ३ः१०ः** परमेश्वरको न्याय टऱ्यो

**खण्ड ४) योना ४ः भविष्यवक्ता योनाको बेखुशी**

**क) योना ४ः१-३ः** रिसाएका योनाको प्रार्थना

**ख) योना ४ः४ः** उनको जाँच गर्ने परमेश्वरको प्रश्न

**ग) योना ४ः५ः** योना नीनवे शहरबाहिर ठुस्किरहेको

**घ) योना ४ः६-११ः** सर्वाधिकारी परमेश्वरको कृपाको विषयमा योनाले सिक्नुपर्ने वस्तुगत पाठ

# योनाको पुस्तकको टिप्पणी

## खण्ड १

## योना १ः

## भविष्यवक्ता योना अनाज्ञाकारी भएको

### क) योना १ः१-२ः योनाको मिसनेरी हुने बोलावट

परमेश्वरले योनालाई इस्राएल देशको मुख्य शत्रु अश्शूरको राजधानी नीनवेमा प्रचार गर्न पठाउनुभयो । मानिसको दृष्टिकोणले हेर्नु हो भने, हामी नीनवेमा जान भविष्यवक्तालाई किन डर लागेको, सो बुझ्न सक्छौं; (बढ़ी जानकारीको निम्ति तपाईंले 'यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?' भन्ने उक्त शीर्षकअन्तर्गत हेर्नुहोला) ।

### ख) योना १ः३ः योना टार्शिशतिर भागेको

योना अनाज्ञाकारी भए; अनि उनी टार्शिश जाने पानीजहाजमा चढ़े; (हुन सक्छ, टार्शिश-चाहिँ स्पेनको दक्षिण तटमा अवस्थित भएको ठाउँ थियो) । उनले किन आफ्नो यस कार्यभारको विरुद्धमा विद्रोह गरे, यस विषयमा श्री एच. सी. वूडरिङले निम्न टिप्पणी गरेर हामीलाई निम्न शब्दले बुझाएका छन्ः

> 'परमेश्वरले उनलाई प्यालेस्टाइनदेखि पाँच सय माइल उत्तर-पूर्वमा रहेको नीनवे शहरमा गएको चाहनुभयो । तर उनीचाहिँ पूर्व जानुको सट्टामा दुई हजार माइल पश्चिमतर्फ पो गइहाले । परमेश्वरले योनालाई 'उर्वर अर्धचन्द्र' नामक भूभागबाट भएर स्थल-यात्रा गरेको चाहनुभयो । तर यसको सट्टामा उनले मन नपरेको समुद्र-यात्रा पो गरे; (किनकि यहूदीहरूले समुद्रलाई घृणा गर्ने गर्थे) । परमेश्वरले उनलाई त्यस बेलाको संसारको सबैभन्दा ठूलो महानगरमा पठाउनुभयो । तर यसको सट्टामा योना सभ्य मानिसहरू बसेका कुनाहरूमा स्थित हुने दुर्गम व्यापार-चौकीतिर पो लम्के । परमप्रभुले आफ्नो भविष्यवक्ताको साथमा जान चाहनुभयो । तर यसको सट्टामा योनाले परमेश्वरको उपस्थिति र उहाँको शक्तिबाट भाग्ने प्रयास पो गरे ।' 1)

### ग) योना १ः४-१०ः समुद्रमा चलेको आँधी-बेह्री

तर परमप्रभुले एउटा ठूलो हुरीबतास पठाउनुभयो (अक्षरशः अर्थमा 'हान्नुभयो', वा 'हुत्त्याउनुभयो'); अनि यस ठूलो आँधी-बेह्रीबाट त्यस पानीजहाज र त्यसका यात्रीहरूको निम्ति ठूलो खतरा आयो । अनि यो समस्या कसको कारणले आएको हो, सो जान्न यी अन्यजाति नाविकहरूले चिट्ठा हाले; (हुन सक्छ, यी मल्लाहहरू सायद फोनिसियाका मानिसहरू थिए होलान्) । अनि

चिट्ठाचाहिँ यी हिब्रू मानिस योनाको नाममा पर्‍यो; उनी यस विपत्तिको खास अपराधी ठहरिए; किनकि उनी परमप्रभुको उपस्थिति-बाट भाग्दैथिए।

### घ) योना १:११-१७: यी नाविकहरूले योनालाई पानीजहाजबाट समुद्रमा फालिदिए, र एउटा ठूलो माछाले उनलाई निल्यो

**योना १:११-१६:** 'हामीप्रति समुद्र शान्त हुनको निम्ति हामी तिमीसित केकसो गरे ठीक होला त?' भनेर तिनीहरूले उनलाई प्रश्न गरे। तिनीहरूको यस प्रश्नले मानिसको सामान्य मनोभाव के हो, सो प्रकट गरेको छः मानिस आफ्नो ज्यान बचाउन जुनसुकै मूल्य चुकाउन तयार भएको रहेछ। तर यी अनुभावी अन्यजाति नाविकहरूले यहाँ निष्पक्ष व्यवहार देखाए। अनि योनाले तिनीहरूलाई सल्लाह दिएः तिनीहरूले उनलाई समुद्रमा फालि-दिऊन्। तिनीहरू यसो गर्न अलिकति पनि इच्छुक थिएनन्, तर यसो गर्नुको सट्टामा तिनीहरूले किनारामा फर्कन खूबै खियाए। तर आफ्नो कुनै सीप नलागेपछि तिनीहरूलाई अन्तमा यसो गर्न बाध्य भयो; किनभने समुद्र तिनीहरूको विरुद्धमा झन्-झन् मच्चिरहेको थियो।

**योना १:१७:** तब परमप्रभुले खटाउनु-भएको एउटा ठूलो माछाले योनालाई निल्यो र उनलाई तीन दिन र तीन रातसम्म आफ्नो पेटभित्र कैदी बनाइराख्यो। (एउटा माछाले मानिसलाई निलेकोमा आश्चर्यकर्म के पो थियो र? होइन, माछाको पेटमा मानिस नपच्नुचाहिँ खास आश्चर्यकर्म थियो)।

# खण्ड २

# योना २:

## भविष्यवक्ताले छुटकारा पाएको

### क) योना २:१-९: योनाको प्रार्थना

यस माछाको पेटभित्रबाट योनाले परमेश्वरलाई पुकारे; अनि उनको यो प्रार्थनाचाहिँ छुटकारा मनाइरहेको एउटा प्रार्थना थियो; यसमा उनले माछाबाट उम्कन पाएको निम्ति होइन, तर समुद्रको पानीमा नडुबेको निम्ति परमप्रभुलाई धन्यवाद चढ़ाए। उनको यो प्रार्थना उल्लेखनीय छ; किनकि उनले यसमा भजनसंग्रहका कतिपय खण्डहरू हाले। श्री जे. सिड्लो ब्याक्स्टरले निम्न प्रकारले उनको प्रार्थनाको विश्लेषण गरेका छन्ः

> 'योनाको प्रार्थनामा कुनै विन्ती वा अनुरोध पाइँदैन। तर यसमा धन्यवाद ज्ञापन छ (२:२-६), यसमा पश्चात्तापका शब्दहरू छन् (२:७-८) र यसमा समर्पणको प्रार्थना पनि छ (९ पद)। वास्तवमा यो प्रार्थना एउटा प्रशंसाको भजन हो, एउटा 'ते देउम'-स्तोत्र हो, एउटा 'डोक्सोलोजी' हो। यस सिलसिलामा म एकजना मानिसलाई चिन्छु, जसले आफ्नो रित्तो पीठोको भाँड़ामा आफ्नो टाउको हालेर 'पिता, पुत्र, आत्माको ...' भन्ने डोक्सोलोजी गायो; उसले किन यस्तो गर्‍यो? किनकि उसले परमेश्वरमाथि राखेको आफ्नो भरोसा यसरी प्रकट गर्न खोज्यो, उहाँले आफ्नो दयामा उसको निम्ति पीठोको प्रबन्ध गरिदिनुहुन्छ भनेर। तर समुद्रको गहिराइमा कसैले आफ्नो टाउको मात्र होइन, तर आफ्नो सम्पूर्ण शरीर समेत एउटा ठूलो माछाको पेटभित्र रहेको अवस्थामा एउटा स्तुतिगान गाएको, अहँ, मैले यस्तो कुरा कहिल्यै सुनेको छैनँ; यो मेरो निम्ति नौलो कुरा हो। यो अद्वितीय छ; अहँ, योनाबाहेक अरू कसले पनि यसो गरेको छैन'।[2]

योनाको यस प्रार्थनाले इस्राएली जातिले भविष्यमा कुन प्रकारले पश्चात्ताप गर्नेछ, सो पूर्वप्रतिबिम्ब र पूर्वसङ्केत गर्छ। किनकि जब यस जातिले ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्नेछ, तब यो जाति उहाँको अधीनस्थ फेरि आफ्नो आशिषको ठहरमा पुनर्स्थापित हुनेछ।

अब दुई पदको कुरा आयो, जहाँ 'अधोलोकको पेटबाट मैले पुकारा गरें' भनिएको छ। अधोलोकको कुरा सुन्नासाथ कतिले 'यस माछाभित्र योना मरे र पछि फेरि बौरे' भन्ने कुरा बुझ्छन्। तर अधोलोकको निम्ति प्रयोग गरिएको यस हिब्रू शब्द 'शेओल'मा विभिन्न अर्थ लाग्छ, जस्तैः चिहान, अधोलोक, परलोक, खाड़ल इत्यादि। अनि यहाँ, यस पदमा यसको अर्थ काव्यात्मक छ होला, यसको अर्थ सायद 'समुद्रको गहिराइ' होला; हाम्रो आधुनिक मुहावराअनुसार भन्नु हो भने, यसको अर्थ 'खाड़ल' हुनेथियो।

योनाको मृत्यु भएको र उनी बौरिउठेको सम्भावना एकदम कम छ र शून्य बराबर हो। तर हाम्रा प्रभु येशूले यी भविष्यवक्ता योनालाई आफ्नो मृत्यु, आफ्नो तीन दिन र तीन रातको दफन अनि आफ्नो महिमित पुनरुत्थानको निम्ति एउटा चित्रको रूपमा प्रयोग गर्नुभयो (मत्ती १२:४०)। प्रसङ्गवश ख्रीष्ट येशूले यस पदमा योनालाई एक ऐतिहासिक व्यक्तिको रूपमा स्वीकार गर्नुभयो। आधुनिक प्रचारक-हरूले दाबी गरेअनुसार योना 'दृष्टान्त' मात्र कहाँ थिए र!

### ख) योना २:१०: परमेश्वरको जवाफ

'उद्धार परमप्रभुकै हो!' यो कुरा योनाले स्वीकार गर्नेबित्तिकै यस माछाले उनलाई सुक्खा जमिनमाथि उकेलिदियो।

# खण्ड ३

# योना ३:

## भविष्यवक्ता योनाले परमेश्वरको सन्देश घोषणा गरे

### क) योना ३:१-४: योनाले नीनवेका मानिसहरूलाई न्यायको धम्की सुनाए

परमप्रभुले योनालाई फेरि नीनवे[3)]मा जाने आज्ञा दिनुभयो, र यसपालि उनले उहाँको आज्ञा पालन गरे। अनि यस ठूलो शहरमा प्रवेश गरेपछि उनले घोषणा गरेः 'अबको चालीस दिनमा यो शहर नष्ट हुनेछ।'

### ख) योना ३:५-९: नीनवे शहरभरि ठूला-साना सबै मानिसहरूले पश्चात्ताप गरे

अनि यसो हेर्दाखेरि नीनवेका मानिसहरूले, जसले माछा देवता दागोनलाई पूजा गर्थे, योनालाई के-के भएको थियो, सो जानेका रहेछन्। हो, बितेको समयमा मानिसहरूले उस्तै प्रकारको अनुभव गरेका थिए; तर त्यस बेलामा माछाको पाचन रसले गर्दा ती मानिसहरूको छाला धब्बाधब्बीले भरिन्थ्यो; यसैले यस्ताहरूलाई भीड़ैभीड़ मानिसहरूको बीचमा पनि सजिलोसँग चिन्न सकिन्थ्यो। यही कारणले एकै धब्बा नभएको योना नीनवेका मानिसहरूको निम्ति एउटा चिन्ह थिए, अनि योनाको प्रचारमा पूरा शहरले पश्चात्ताप गर्‍यो; किनकि ठूलादेखि लिएर सानासम्म सबै मानिसहरूले परमेश्वरलाई विश्वास गरे। अनि मानिस र गाईबस्तुको निम्ति एउटा उपवासको घोषणा गरियो; अनि राजादेखि गाईबस्तुसम्म सबैलाई भाङ्ग्राको लुगा ओढ़ियो।

**ग) योना ३ː१०ː परमेश्वरको न्याय टस्यो**

फलस्वरूप नीनवे शहर यस विपत्तिबाट जोगियो। तर इतिहासको कुरा होः हामीलाई थाहै छ, कि यी अश्शूरीहरू पछि आफ्ना दुष्ट चालहरूमा फर्के, अनि एक सय पचास वर्षभन्दा बढ़ी अनुग्रहको समय पाइसकेपछि तिनीहरूको राजधानी नष्ट भयो।

# खण्ड ४

# योना ४ː

## भविष्यवक्ता योनाको बेखुशी

**क) योना ४ː१-३ː रिसाएका योनाको प्रार्थना**

तर इस्राएली जातिका अन्यजाति शत्रुहरू जोगिएकोमा योना रिसाए। आफ्नो निराश भएको अवस्थामा उनले परमप्रभुसँग मर्न पाऊँ भन्ने विन्ती गरे। हुन सक्छ, यसको मूलकारण उनमा 'अश्शूरले इस्राएली जातिलाई फेरि पनि धम्की देला कि' भन्ने डर पो थियो कि?

परमेश्वरले इस्राएली जातिका धेरैजसो शत्रुहरूसित कड़ा व्यवहार गर्नुहुन्थ्यो; अनि इस्राएलीहरूले छिटो-ढिलो आफ्ना शत्रुहरूको विनाश हुन्छ भन्ने आशा गर्दैथिए र त्यसको बाटो हेर्दैथिए; तिनीहरूका शत्रुहरूले मुक्ति पाऊन् भन्ने कुरा परै जाओस्, यसको सोच-विचार र कल्पना नगरे हुन्छ। प्रचारक भएको नाताले योनाले परमेश्वर अनुग्रहकारी र दयालु हुनुभएको, रिसाउनमा ढिलो र अति करुणामय हुनुभएको कुरा जान्दथिए। तर उनले पनि जान्दथिए कि अरू बेला हुनु हो भने, परमेश्वरले अश्शूरजस्ता देशहरू नामेट हुनको निम्ति ठहराउनुभएकै थियो। किनकि परमेश्वरले अश्शूर देशमाथि दया देखाउने कुरा, अहँ, यो त सर्वसाधारण इस्राएली मानिसको निम्ति असम्भव हुनेथियो र पूरापूर गलत ठहरिनेथियो। (यस सिलसिलामा याद रहोस्ː पुरानो नियमको समयमा इस्राएली जातिका सबैभन्दा खराब शत्रुहरूमध्ये अश्शूर एक थियो)।

**ख) योना ४ː४ː उनको जाँच गर्ने परमेश्वरको प्रश्न**

'के रिसाएर तिमीले ठीक काम गर्दछौ?' भनेर परमप्रभुले यी भविष्यवक्तालाई उनको विवेक प्रहार गर्ने प्रश्न सोध्नुभयो।

**ग) योना ४ː५ː योना नीनवे शहरबाहिर ठुस्किरहेको**

योनाले यस प्रश्नको जवाफ कुन प्रकारले दिए त? उनी नीनवे हुँदै गएर यस शहरको हालत के हुने हो, सो हेर्न यसको पूर्वपट्टि बसे।

**घ) योना ४ː६-११ː सर्वाधिकारी परमेश्वरको कृपाको विषयमा योनाले सिक्नुपर्ने वस्तुगत पाठ**

**योना ४ː६-८ː** अनि त्यस ठाउँमा परमप्रभु परमेश्वरले उनलाई घामबाट[4)] जोगाउने हेतुले एउटा अँड़िर नामक ठूलो वनस्पति उमारिदिनुभयो। अनि त्यस बोटले गर्दा योना अत्यन्तै खुशी भए। तर भोलिपल्ट परमेश्वरले एउटा कीरा तयार पार्नुभयो, जुन कीराले त्यस अँडिरको बोटलाई प्रहार गर्‍यो, र त्यो ओइलियो। अनि परमप्रभुले भतभती पोल्ने पूर्वीय हावा र चर्को घाम पनि तयार गर्नुभयो; यसको प्रभावमा परेर यी भविष्यवक्ता बेहोश भए, र उनले मर्न चाहे।

**योना ४ː९-११ː** तब परमेश्वरले आफ्नो भविष्यवक्तालाई सम्झना दिलाउनुभयो, कि

उनले त्यस अँड़िरको बोटलाई टिठाए भने, के उहाँसँग धेरै गाईबस्तुहरू र एक लाख बीस हजारभन्दा बढ़ी मानिसहरू भएको शहरलाई टिठाउने कारण थिएन र? उनीसँग भन्दा उहाँसँग पो धेरै टिठाउने कारणहरू थिए।

यस सानो पुस्तकबाट हामीले सिक्नुपर्ने पाठ के हो भने, परमेश्वरले संसारलाई प्रेम गर्नुहुन्छ। यसर्थ उहाँ यहूदीहरूलाई मात्र होइन, तर अन्यजातिका मानिसहरूलाई पनि उत्तिकै प्रेम गर्नुहुन्छ।

## ENDNOTES:

**1) 1:3:** H. Chester Woodring, "Easter Challenge" Lectures on Jonah, Emmaus Bible School (now College), 1960.

**2) 2:1–9:** J. Sidlow Baxter, Explore the Book, p. 169.

**3) 3:1–4:** "Nineveh was surrounded by a complex of lesser cities and villages; so its vast metropolitan area is appropriately described as being so vast that it took three days to journey (50/60 miles) through it." (Montague S. Mills, The Minor Prophets, A Survey, p. 55.

**4) 4:6–8:** The LORD prepared four things for the un-submissive prophet: 1) a great fish (1:17); 2) the plant (4:6); 3) a worm (4:7); and 4) a vehement east wind (4:8).

## BIBLIOGRAPHY

Banks, William L. *Jonah, the Reluctant Prophet*. Chicago: Moody Press, 1966.

Blair, J. Allen. *Living Obediently: A Devotional Study of the Book of Jonah*. Neptune, N.J.: Loizeaux Brothers, 1963.

Draper, James T., Jr. *Jonah: Living in Rebellion*. Wheaton, IL: Tyndale House Publishers, 1971.

Feinberg, Charles L. *Jonah, Micah, and Nahum*. New York: American Board of Missions to the Jews, 1951.

Gaebelein, Frank E. Four Minor Prophets: Obadiah, Jonah, Habakkuk, and Haggai. Chicago: Moody Press, 1977.

Keil, C. F. "Jonah." In *Commentary on the Old Testament*. Vol. 25. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kleinert, Paul. "The Book of Jonah." In *Lange's Commentary on the Holy Scriptures*. Reprint (24 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1960.

Mills, Montague S. "Jonah." In *The Minor Prophets: A Survey*. Dallas: 3E Ministries, n.d.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 2. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

Unpublished Materials

Woodring, H. Chester. "Easter Challenge" Lectures on Jonah. Emmaus Bible School (now College), 1960.

# मीकाको पुस्तकको टिप्पणी

# मीकाको पुस्तकको भूमिका

*'गरिबहरूको निम्ति मीकामा तिनीहरूको पक्ष लिने एकजना सुयोग्य हिम्मती प्रचारक भेट्टाउनु कति असल कुरा हुँदो रहेछ ! किनकि उनीसँग प्रभावकारी सन्देश प्रस्तुत गर्ने साहस र शक्ति थियो। मीकाले आफ्ना सङ्गी-नागरिकहरूलाई घनिष्ठ रूपले चिन्दथिए; यसकारण उनले तिनीहरूको न्याय र वास्ता गर्नुपर्छ भन्ने चुनौती सजीव शब्दहरूमा प्रस्तुत गर्न सके। थिचोमिचोमा परेका मानिसहरूप्रति उनको प्रगाढ़ सहानुभूतिले यस पुस्तकमा अविस्मरणीय शब्दहरूको रूप धारण गर्‍यो। आफ्ना छिमेकीहरू र मित्रहरूसित घोर अन्यायको व्यवहार गरिएको देखेर उनको आत्मा धार्मिक रिसले जल्यो। देहातबाट आएका यी शक्तिशाली युवा प्रचारकमा यहूदाका गरिब कृषकहरूले एक बलियो समर्थक पाए।'*

*श्री काइल एम. येट्स*

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

मीकाको पुस्तक साना भविष्यवक्ताहरूका पुस्तकहरूमा साइजमा चौथो स्थानमा आउँछ। यस पुस्तकबाट नयाँ नियममा पाँच पल्ट उद्धृत गरिएको छ; हाम्रा प्रभु येशूले समेत एक पल्ट मीकाको पुस्तकबाट उद्धृत गर्नुभयो (मत्ती १०:३५-३६)। अनि मत्ती २:६ पदमा मीका ५:२ पद उद्धृत गरिएको छ; अनि यो-चाहिँ यस पुस्तकको सबैभन्दा प्रसिद्ध उद्धरण हो। यस पदअनुसार मसीहचाहिँ बेतलेहेम एफ्रातामा जन्मनुहुनेछ भन्ने कुरा भविष्यवाणी गरिएको छ। (बेतलेहेम एफ्राता किन भनिएको छ? किनकि दोस्रो बेतलेहेम गाउँ इस्राएल देशको उत्तरमा अवस्थित थियो)।

मीकाको पुस्तकको अर्को चाखलाग्दो विशेषता के हो भने, यी भविष्यवक्ताले दुईवटा अर्थ भएका श्लेषोक्तिहरूमा लिएको उनको चासो हो। धेरै मानिसहरू छन्, जसले शब्दहरूसित खेल्न मन पराउँछन्। तर अङ्ग्रेजीको संस्कृतिअन्तर्गत श्लेषोक्तिको रचनाचाहिँ स्तरीय साहित्यिक भाषा मानिँदैन, (यद्यपि श्री विलियम शेक्सपियरले धेरै पल्ट श्लेषोक्तिहरू प्रयोग गर्ने गर्थे)। तर हिब्रू भाषाको संस्कृतिमा अनि विशेष गरी पुरानो नियमको सम्बन्धमा कुरा अर्को छ। किनकि पुरानो नियमजस्तै पवित्र धर्मशास्त्रमा शब्द-हरूसित र यी शब्दहरूको अर्थसित खेलिएका धेरै उदाहरणहरू छन्, र यहूदीहरूको बीचमा श्लेषोक्तिचाहिँ स्तरीय साहित्यिक भाषा मानिन्छ। मीका १:१०-१५ पदको खण्डमा श्लोषोक्तिको एउटा प्रसिद्ध उदाहरण प्रस्तुत गरिएको छ, जुन श्लोषोक्तिको रचनाचाहिँ ल्याटिन कवि सिसेरोको भाषणकलाको उच्च रचनासँग तुलना गर्न सकिन्छ। तर दुःखलाग्दो कुरा के हो भने, साहित्यमा श्लेषोक्तिको अनुवाद सबैभन्दा कठीन काम हो; किनकि संसारमा यस्ता कुनै दुईवटा भाषाहरू नै छैनन्, जसका शब्दहरूमा उस्तै-उस्तै दुईवटा अर्थ

लाग्छ। (यस सम्बन्धमा तपाईंले एन.के.-जे.वी.-अनुवादमा यस खण्डअन्तर्गत गरिएका टिप्पणीहरूमा हेर्नुहोला। अनि हामी मीका १:१०-१४ पदहरूको खण्डको टिप्पणीअन्तर्गत मोफ्फटको अनुवाद उद्धृत गरेका छौं, जसले अङ्ग्रेजी भाषामा यी श्लेषोक्तिहरू व्यक्त गर्ने प्रयास गरे)।

### ख) यस पुस्तकको लेखक को हुन्?

मीका नामचाहिँ 'मीकायाह' वा 'मीकायाहू' को छोटो रूप हो, जसको अर्थ 'परमप्रभुजस्तै अरू को छ र' हो। यस नामले हामीलाई के भन्न खोज्यो भने, यी भिवष्यवक्ता मीकाचाहिँ एकमात्र सत्य परमेश्वरको सेवक, इस्राएलका परमेश्वरको दास थिए। अनि धेरै भविष्य-वक्ताहरूका नामहरूको विषयमा जुन कुरा साँचो छ, त्यो कुरा उनको नामको विषयमा पनि उस्तै साँचो छः उनको नाममा 'याह' अर्थात् 'परमप्रभु' भन्ने शब्दचाहिँ उनको नामको अभिन्न अङ्ग थियो। अनि हुन सक्छ, सायद उनले मीका ७:१८ पदमा आफ्नो नामसित शब्दको खेल खेले होलान्, जब उनले सोधेः *'तपाईंजस्तो परमेश्वर को छ र?'*

मीकाचाहिँ यशैयाको समकालीन व्यक्ति थिए, तर तिनीजस्तै उच्च सामाजिक वर्गको मानिस थिएनन्। उनी मोरेशेतका मानिस थिए, जुन मोरेशेतचाहिँ यरूशलेमदेखि लगभग पच्चीस किलोमिटर टाढ़ामा, दक्षिण-पश्चिममा गातको नजिकै अवस्थित भएको ठाउँ थियो।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

मीकाले प्रायः ख्रीष्टपूर्व ७४० सालदेखि ख्रीष्टपूर्व ६८७ सालसम्म यहूदाका राजाहरू योताम, आहाज र हिजकियाहका शासन-कालहरूमा भविष्यवाणी गरे। मीकाको प्रमुख सन्देश यहूदाको निम्ति थियो; तर उनले उत्तरीय राज्य इस्राएलको निर्वासनको विषयमा पनि भविष्यवाणी गरे, जुन निर्वासनचाहिँ ख्रीष्टपूर्व ७२२/७२१ सालमा भएको थियो। अनि उनले आफ्नो यस सानो भविष्यवाणीको पुस्तकमा प्रस्तुत गरेका सन्देशहरू यिनका लेख्ने मितिहरूभन्दा केही समय अगाड़ि उनले पाएर मानिसहरूलाई सुनाएका हुनुपर्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन्?

ख्रीष्टपूर्वको आठौं शताब्दीसम्म इस्राएल र यहूदामा चल्ती भएको पुरानो कृषि-नियम विस्तारै-विस्तारै एउटा लोभी र भौतिकतामाथि ध्यान दिने कठोर यहूदी समाजद्वारा प्रति-स्थापित गरियो। अघि मानिसहरूको बीचमा जायजेथा बराबर बाँड़िएको थियो। तर अब-चाहिँ समाजको दुई भाग भयोः सम्पत्ति हुने मानिसहरू र सम्पत्ति नहुने मानिसहरूको बीचमा। धनवान् जग्गाधनीहरू झन् धनढ्य हुँदै गए र गरिब किसानहरू झन् गरिब हुँदै गए। अनि यी गरिब कृषकहरूले शहरहरूतिर बसाइ सारे, जुन शहरहरूको चिनारीचाहिँ गरिबी र दुर्व्यवहार थियो, त्यसको साथसाथै उच्च खानदानी मानिसहरूको विलसितता र गरिबहरूप्रति यिनीहरूको क्रूरता विशेष थियो।

अन्यजाति राष्ट्रहरूसँग गरेको तिनीहरूको व्यापारले यी जातिहरूका झूटा धर्म-सम्प्रदायहरू र नीच स्तरको नैतिकता पनि तिनीहरूको बीचमा ल्याइदियो। छोटकरीमा भन्नु हो भने, तिनीहरूको अवस्था पश्चिम मुलुकको वर्तमान इसाई-जगत्मा भइरहेको जस्तै थियो।

यस अँध्यारो, सांसारिक सन्दर्भमा मीकाले आफ्नो भविष्यवाणी लेखे, जुन भविष्य-वाणीले चाहिँ प्रायः सामरिया, यरूशलेम र बेतलेहेम – यी तीनवटा शहरहरूसित सम्बन्ध राख्छ।

## रूपरेखाः

खण्ड १) मीका १ः इस्राएल र यहूदाको विरुद्धमा तिनीहरूमाथि क्रोध आइपर्ने कुरा भविष्यवाणी गरिएको

खण्ड २) मीका २ः१-११ः धनी अत्याचारीहरूको विनाश भविष्यवाणी गरिएको

खण्ड ३) मीका २ः१२-१३ः पुनर्स्थापना प्रतिज्ञा गरिएको

खण्ड ४) मीका ३ः शासकहरू, झूटा अगमवक्ताहरू र पूजाहारीहरूलाई आरोप लगाइएको

खण्ड ५) मीका ४ः ख्रीष्टको हजार वर्षको राज्यको महिमा बयान गरिएको

खण्ड ६) मीका ५ः मसीहको पहिलो आगमन प्रतिज्ञा गरिएको

खण्ड ७) मीका ६ः इस्राएली जातिको विरोधमा परमेश्वरको मुद्दा चल्दैथियो

खण्ड ८) मीका ७ः१-१०ः यस जातिले आफ्नो दुःखद अवस्थाको विषयमा विलाप गरेको

खण्ड ९) मीका ७ः११-२०ः इस्राएली जातिको निम्ति भविष्यमा आशिष निर्धारित गरिएको

# मीकाको पुस्तकको टिप्पणी

## खण्ड १

## मीका १ः

### इस्राएल र यहूदाको विरुद्धमा तिनीहरूमाथि क्रोध आइपर्ने कुरा भविष्यवाणी गरिएको

**मीका १ः१-३ः** परमप्रभु परमेश्वरले यहाँ, यस समयमा सबै जातिहरूका मानिसहरूलाई बोलाउनुभयो; किनकि तिनीहरूले उहाँको न्यायको वचन सुन्नुपर्छ। किनभने तिनीहरूको विरोधमा साक्षी दिन उहाँले आफ्नो पवित्र मन्दिर, यस आशिषको स्थान छोड्नू लाग्नुभयो।

**मीका १ः४-७ः** सामरिया र यरूशलेममाथि उहाँको सजाय कड़ा हुनेथियो; किनभने यी शहरहरूचाहिँ मूर्तिपूजा गर्ने केन्द्रहरू पो बनेका थिए। अनि जब उहाँ न्याय गर्न आउनुहुनेथियो, तब उहाँमनि पहाड़हरू पग्लनेथिए, अनि बेंसीहरू आगोको सामु मैनजस्तै हुनेथिए र फाट्नेथिए अनि सामरिया भग्नावशेषको थुप्रो बन्नेथियो, त्यसका सबै मूर्तिहरू टुक्रा-टुक्रा हुनेथिए र त्यसका घाउहरू निको नहुने किसिमका हुनेथिए।

**मीका १ः८-९ः** *'यसैकारण म बिलौना गर्नेछु र रोइकराइ गर्नेछु; म वस्त्रहीन भएर र नाङ्गै हिँड्नेछु'* भनेर मीकाले आफ्नो दुःख पोक्दैथिए। राति एक्लै रोइकराइ गरेर यताउता हिँड्ने स्यालहरूले र शतुर्मुर्गहरूले जस्तै उनले रोइकराइ गर्नेथिए; अनि उनी वस्त्रहीन र नाङ्गै हिँड्नेथिए; यसर्थ उनको भारी शोकचाहिँ चरमसीमामा पुग्नेथियो।

**मीका १ः१०-१४ः** दस पददेखि सोह्र पदसम्मको खण्डमा एउटा ज्ञानबद्ध विलापको गीत प्रस्तुत गरिएको छ; यस गीतले अश्शूरको सेनाले इस्राएल देशमाथि गरेको हमला वर्णन गर्छ। यी अश्शूरीहरू कुन बाटोबाट भएर नजिक आउँदैथिए ? यस सम्बन्धमा इस्राएल र यहूदाका यी विभिन्न शहरहरूका नामहरू लिइएका छन्, जस्तैः गात, बेत-अफ्रा, शापीर, सानान, बेत-एजेल, मारोत, यरूशलेम, लाकिश, मोरेशेत-गात, अक्जिब, मारेशा र अदुल्लाम। अनि यस खण्डमा यी ठाउँहरूका नामहरूसित खेलिएका धेरै श्लेषोक्तिहरू छन्।[1)] श्री जेम्स मोफ्फटले यो खण्ड निम्नानुसार अनुवाद गरेका छन्ः

*'हे तँ सुन्दरपुर शापीर, आँसुनगर बोकिममा आँसु बहा, अँ, धूलोपुर बेत-अफ्रामा धूलोमा लड़ीबुड़ी गर् !*

*हे हलचल मच्चाउने सानान, के तैंले हलचल मच्चाउन आँट गर्छस् ? हे बेत-एजेल र मारोतहो, बुझ, तिमीहरूको आशा व्यर्थ छ; किनकि सनातन परमेश्वरको*

*तर्फबाट यरूशलेमका मूलढोकाहरूमाथि विपत्ति आउन लागेको छ। हे घोड़ापुर लाकिश, घोड़ा चढ़ेर रथमाथि भाग् ! किनकि तँ सियोनको पापको मूल भइस्, तँ इस्राएली जातिका अपराधहरूको मुलकेन्द्र !*

*हे कन्या सियोन, तैंले मोरेशेत-गात र त्यसको धनसम्पत्तिबाट बिदा लिनुपर्छ; अनि इस्राएलका राजाहरू मिथ्यागन्ज अक्जिबमा सदैव ठगिएका छन् ।'* [2)]

**मीका १:१५-१६:** इस्राएल देशमाथि एकजना विजेता कब्जाकर्ता आइलाग्नेथियो, र यस देशका मानिसहरू अदुल्लाममा भाग्नेथिए। इस्राएली जातिका मानिसहरूले शोकमा आफ्नो कपाल खौराउनुपरेको थियो; किनभने यसका प्रिय छोराछोरीहरूलाई अर्थात् यसको जनता देशबाट कैदमा लगिनेथियो ।

# खण्ड २

# मीका २:१-११:

## धनी अत्याचारीहरूको विनाश भविष्यवाणी गरिएको

**मीका २:१-५:** यस न्यायका खास कारणहरू यहाँ प्रस्तुत गरिएका छन्। किनकि धनी मानिसहरूले बलमिचाइद्वारा गरिबहरू-बाट तिनीहरूका घर र जग्गाजमिन हातै पारे। फलस्वरूप त्यस परदेशी आक्रमणकारीले यी धनी मानिसहरूको हातबाट यिनीहरूसँग केही पनि बाँकी रहने गरी यिनीहरूले हड़प गरिएको यो समस्त सम्पत्ति खोसेर लैजानेथियो ।

**मीका २:६-७:** तर मानिसहरूले मीकालाई 'तैंले हामीलाई यस्ता अशुभ कुराहरू भविष्यवाणी नगर्नू' भने; किनकि तिनीहरूको विचारमा, तिनीहरूमाथि यस प्रकारको अपमान आइपर्ने नै थिएन। तर मीकाले तिनीहरूलाई यसो भनेर जवाफ दिए: 'परमप्रभुको आत्मामा कहिलेदेखि लगाम लगाइएको हामीलाई भन् ! अनि यी न्यायका कामहरू उहाँका कार्यहरू कहाँ हुन् र ! अनि के उहाँका वचनहरूले सीधा चाल चल्नेलाई भलाइ गर्दैनन् र ? आदि शब्द तिमीहरूले बोल्नुहुँदैन ।'

**मीका २:८-११:** परमप्रभुका जनहरू आफ्ना पापहरूले गर्दा उहाँका शत्रुहरू भए; किनकि तिनीहरूले निश्चिन्त भएर बस्नेहरूका लुगाहरू लुटेछन्, अनि स्त्रीहरूलाई उनीहरूका बालबच्चाहरूसित उनीहरूका घरहरूबाट निकालेछन्। यसकारण तिनीहरू उठ्नुपरेको थियो र कैदमा जानुपरेको थियो; किनभने तिनीहरूले अशुद्ध पारेको देशले तिनीहरूलाई नष्ट गर्नेथियो। ओहो, यी मानिसहरूले दाखमद्य र मदिराको सेवन गर्ने पक्षमा बोल्ने जुनसुकै झूटा अगमवक्तालाई तुरुन्तै स्वीकार गरेका, कसरी ?

# खण्ड ३

# मीका २:१२-१३:

## पुनर्स्थापना प्रतिज्ञा गरिएको

**मीका २:१२-१३:** तर यो न्यायको काम सकेपछि परमेश्वरले यस इस्राएली जातिका बाँकी रहेकाहरूलाई कैदबाट फर्काएर ल्याउनुहुनेथियो। अनि तेह्र पदमा तिनीहरूको बाटोबाट अवरोधहरू हटाउनेचाहिँ परमप्रभु स्वयम् हुनुहुनेथियो, जसले तिनीहरूको

पुनर्स्थापनामा बाधा पुऱ्याउने जुनसुकै अवरोध भत्काइदिनुहुनेथियो ।

# खण्ड ४

# मीका ३ः

## शासकहरू, झूटा अगमवक्ताहरू र पूजाहारीहरूलाई आरोप लगाइएको

**मीका ३ः१-४ः** इस्राएलको घरानाका शासकहरू तिनीहरूको अन्याय, तिनीहरूको अधर्म र तिनीहरूको लोभको खातिर दोषी थिए; किनभने तिनीहरूले गरिबहरूसित साह्रै क्रूर व्यवहार गर्थे। तिनीहरूले भलाइलाई घृणा गर्थे र खराबीलाई प्रेम गर्थे। तिनीहरू भेड़ाहरूका गोठाला हुनु थियो, तर तिनीहरू जनताका गोठाला कहाँ भए र ! यसको सट्टामा यी राजनेताहरू ब्वाँसाहरू पो थिए, जसले यी भेड़ाहरू भाँड़ामा हालिने मासुका चौटाहरू, अँ, कराहीमा भुट्न ठहरिएका मासुका चोक्टाहरू सम्झन्थे। राजा दाऊद तिनीहरूको ठीक विपरीतका थिए, जो वास्तविक गोठाला थिए र जो यस जातिका गोठाला भए (१ शमूएल १७ः१५; २ शमूएल ५ः२ र ७ः७)। तर जब ती शासकहरूमाथि विपत्ति आइपर्नेथियो, तब परमेश्वरले तिनीहरूको गुहार सुन्नुहुनेथिएन ।

**मीका ३ः५-७ः** झूटा अगमवक्ताहरूले ती मानिसहरूलाई शान्तिको प्रचार गर्थे, जसले यिनीहरूलाई ठूलो रकम दिए, तर यसो नगर्नेहरूलाई यिनीहरूले लड़ाइँको अशुभ भविष्यवाणी गर्थे। यसकारण परमेश्वरले यस्ताहरूबाट आफ्नो इच्छाको ज्ञान रोकि-राख्नुहुनेथियो। यस्ताहरूले परमेश्वरबाट कुनै जवाफ पाउनेथिएनन् ।

**मीका ३ः८-१२ः** यिनीहरूको ठीक उल्टा मीका थिए, जो याकूबको घराना अर्थात् इस्राएल र यहूदा दुवै राज्यलाई परमेश्वरको सन्देश सुनाउन परमप्रभुको आत्माको शक्तिले बलवान् थिए। यी लोभी शासकहरू, पूजाहारीहरू र झूटा अगमवक्ताहरूले आफूलाई सुरक्षित भएका ठान्थे; तर मीकाले यिनीहरूलाई घोषणा गरेः यरूशलेमचाहिँ भग्नावशेषको थुप्रोमा परिणत हुनेथियो ।

# खण्ड ५

# मीका ४ः

## ख्रीष्टको हजार वर्षको राज्यको महिमा बयान गरिएको

**मीका ४ः१-४ः** यस अध्यायका एक पददेखि आठ पदसम्मको खण्डमा ख्रीष्टको हजार वर्षको राज्यका आशिषहरूको विषयमा कुरा गरिएको छ। त्यस बेलामा यरूशलेम उच्च पारिनेछ, अनि अन्यजातिका मानिसहरू परमप्रभुको बारेमा सिक्न र जान्न त्यहाँ आउनेछन्, र उहाँले सबै राष्ट्र र जातिहरूमाथि शासन गर्नुहुनेछ। *'अनि तिनीहरूले आफ्ना तरवारहरू पिटेर हलोका फालीहरू र आफ्ना भालाहरू पिटेर हँसियाहरू बनाउनेछन् ।'*[3] यी सुप्रख्यात शब्दहरूद्वारा संसारबाट सबै हतियारहरू हटाईकन यो पृथ्वी शस्त्रहीन जग्गा तुल्याउने यो कार्य सजीव ढङ्गले र साकार रूपले बयान गरिएको छ। त्यस बेलामा शान्ति र सुरक्षा प्रबल हुनेछ, अनि परमप्रभुको सारा जातिले उहाँलाई स्वीकार गर्नेछ ।

**मीका ४:५-८:** पाँच पदमा एकातिर मीकाको जमानामा व्यापक रूपले चलिरहेको मूर्तिपूजा र अर्कातिर ख्रीष्टको हजार वर्षको राज्यको बेलामा प्रचलित हुने विशुद्ध आराधना एक-अर्कोको विरोधमा प्रस्तुत गरिएका छन्। जुन मानिसहरू कैदबाट क्षति भोग्दै आए, ती मानिसहरू अब आफ्नो स्वदेशमा फर्केर आउनेछन्; (मोफ्फटको अनुवाद अनुसार छ पद यसरी पढ़िन्छः 'म ती भड्किहिँड्ने-हरूलाई बटुल्नेछु'); अनि परमप्रभुले तिनीहरूमाथि राजा भएर राज्य गर्नुहुनेछ। अनि आठ पदमा जुन पहिलो राज्यको कुरा गरिएको छ, त्यो पहिलो राज्यचाहिँ त्यो सर्वोच्च शासन हुनेछ, जुन सर्वोच्च शासन मसीह राजाले चलाउनुहुनेछ।

**मीका ४:९-१३:** तर त्यो हुनुभन्दा पहिले यहूदा बेबिलोनको कैदमा अर्थात् निर्वासनमा जानुपर्नेछ। अनि यहूदीहरूको पुनर्स्थापना हुनुभन्दा अघि परमप्रभुले अन्यजाति राष्ट्रहरू भेला पार्नुहुनेछ र तिनीहरूको न्याय गर्नुहुनेछ; अनि तिनीहरूलाई दण्ड दिन इस्राएली जाति उहाँको यन्त्र हुनेछ, अनि तिनीहरूको सारा धनसम्पत्तिचाहिँ सम्पूर्ण पृथ्वीका प्रभुलाई अर्पण गरिनेछ।

# खण्ड ६

# मीका ५:

## मसीहको पहिलो आगमन प्रतिज्ञा गरिएको

**मीका ५:१:** मलाई के लाग्छ भने, एक पदमा मीकाले लेखेको समयमा इस्राएली जातिको अवस्था जेजस्तै थियो, सो वर्णन गरिएको छ। इस्राएल, जसको अर्थ यहाँ यहूदा हो, यस इस्राएली जातिलाई बेबिलोनीहरूको घेराबन्दीमा पर्नको निम्ति तयार होऊ भनिएको छ, जुन बेबिलोनीहरूले राजाको अपमान गर्नेछन् र तिनीसँग तुच्छ व्यवहार गर्नेछन्। यसको सन्दर्भचाहिँ सनहेरिब हुन्, जसले राजा हिजकियाहलाई हेपेर तिनको धम्की गर्नेथिए अथवा यसको सन्दर्भ नबूकद्नेस्सर होलान्, जसले राजा सिद्कियाहको अपमान गरेर उनलाई होच्याउनेथिए।

**मीका ५:२:** यस पदले इस्राएल देशको हुन लाग्नुभएको शासकको जन्मको बाटो हेर्दैछ, जुन शासकका उद्गमहरू त प्राचीनकालदेखि, अँ, अनन्तकालदेखि नै छन्। यी शब्दहरूमा मसीहचाहिँ अनादि र अनन्त हुनुहुन्छ भन्ने अर्थ लाग्छ, यसो हो भने उहाँमा ईश्वरत्व पनि हुनुपर्छ। यस पदको माग यही हो। प्रतिज्ञा गरिएको देशमा बेतलेहेम नाम गरेका दुईवटा ठाउँहरू भएको हुनाले मीकाले यहाँ बेतलेहेम एफ्राता भन्ने ठाउँ सुनिश्चित गरे, जुन ठाउँचाहिँ यरूशलेमदेखि छ माइल दक्षिणमा रहेको थियो। अनि यस दुई पदमा एक पदसित कति भिन्नता छ, कति! हो, इस्राएली जातिको वर्तमान अवस्था साह्रै निराशाजनक थियो, तर जब मसीह आउनुहुनेछ, तब सबै कुराहरू सकारात्मक रूपले परिवर्तन हुनेछन्।

**मीका ५:३:** यहाँ, यस पदमा इस्राएली जातिको इतिहासका तीनवटा चरणहरू वर्णन गरिएका छन्:

**क)** तिनीहरूले प्रभु येशूलाई अस्वीकार गरेका हुनाले यो जाति त्यागिनेछ। अनि अनुग्रहको युग चल्दै गरेको वर्तमान समयमा तिनीहरूको अवस्था यही हो।

**ख)** त्यसपछि यस जातिको निम्ति प्रसूति वेदनाको समय अर्थात् सङ्कष्टकाल पर्खिरहेको छ।

**ग)** यी पीड़ाहरूपछि इस्राएली जातिले एउटा नयाँ कुरालाई जन्म दिन्छ ।

त्यस बेलामा को जन्मिन्छ त ? श्री जी. आई. स्कोफिल्डअनुसार यसको सन्दर्भ अझै अविश्वासमा रहेको इस्राएली जातिबाट बाँकी रहेको भागरूपी विश्वास गर्ने जनहरू हुन्; इस्राएली जातिको यो बाँकी रहेको भाग मानिसहरू देशमा फेरि जम्मा गरिनेछन्, र ख्रीष्ट येशूले आफ्ना जनहरूमाथि राज्य गर्नुहुनेछ ।

**मीका ५:४-६:** अनि चार पदमा इस्राएली जातिको निम्ति ख्रीष्ट येशूको गोठाला गर्ने काम र उहाँको विश्वव्यापी प्रभुत्व वर्णन गरिएको छ। भविष्यमा जब भावी अश्शूरी सेनाले यरूशलेम आक्रमण गर्नेछ, तब मसीहले त्यो सेना फर्काउन र भगाउन पर्याप्त सुयोग्य अगुवाहरूलाई खड़ा गर्नुहुनेछ। अनि 'सात गोठालाहरू र आठ शासकहरू' भन्ने वाक्य हामीले साह्रै अक्षरशः लिनुहुँदैन। किनकि अश्शूरको सेनाको सामना गर्न केवल पन्ध्रजना अगुवाहरू खड़ा हुनेछन् भन्ने अर्थ लाग्दैन। किनभने काव्यको नियम [4] यस प्रकारको छः जब एउटा निश्चित सङ्ख्यापछि त्योभन्दा ठूलो सङ्ख्या आउँछ, तब यसको अर्थ के हुन्छ भने यस वाक्यको सन्दर्भमा जुन कुरा गरिएको छ, त्यस कुराको पर्याप्त मात्रा वा सम्पूर्ण संख्या हुनु हो ।

**मीका ५:७-९:** त्यसपछि इस्राएली जाति सबै मानिसहरूको निम्ति आशिषको माध्यम बन्नेछ। यो जाति सिंहजस्तै अजेय हुनेछ; यो जाति परमेश्वरका शत्रुहरूलाई कुल्चन पूरा सक्षम हुनेछ।

**मीका ५:१०-१५:** अनि त्यस दिनमा इस्राएली जाति शुद्ध पारिएको हुनेछ। यस जातिले फेरि कहिल्यै घोड़ाहरू र रथहरूमाथि, अँ, किल्लाबद्ध, सुदृढ़ पारिएका शहरहरूमाथि भरोसा गर्नेछैन। जादुगर र जोखना हेर्नेहरू पूरा खारेज गरिनेछन्। अनि खोपिएका मूर्तिहरू र 'पवित्र' मानिएका स्तम्भहरू, अँ, सबै देवस्थलहरू नष्ट हुनेछन्। अनि परमेश्वरको बदला शत्रु राष्ट्रहरूमाथि सजायको रूपमा आइपर्नेछ।

# खण्ड ७

# मीका ६:

## इस्राएली जातिको विरोधमा परमेश्वरको मुद्दा चल्दैथियो

**मीका ६:१-६:** यहाँ, यस खण्डमा पहाड़हरू बोलाइन्छन्; ती पहाड़हरूले न्यायकर्ताको भूमिका निभाउनुपर्छ, जब परमप्रभु सरकारी वकीलको काम गर्नुहुन्छ र अभियुक्त इस्राएली जातिको विरुद्धमा आफ्नो मुद्दा पेस गर्नुहुन्छ। किनभने उहाँ तिनीहरूलाई सम्झना दिलाउनुहुन्छ, कि उहाँले आफ्नो दयामा उनीहरूलाई कसरी मिस्र देशको दासत्वबाट छुटकारा दिनुभएको थियो अनि बालाक र बालामलाई कसरी उनीहरूलाई सराप्नदेखि रोक्नुभएको थियो।

**मीका ६:६-८:** अनि सर्वोच्च परमेश्वरले यसको बदलामा उनीहरूबाट के खोज्नुहुन्छ त? भव्य पशु-बलिहरू होइन! अँ, नर-बलिहरू पक्का पनि होइन!! उहाँले त उनीहरूबाट न्याय, दया र नम्रता खोज्नुहुँदो रहेछ। आठ पदमा परमेश्वरको माग पेस गरिएको छ; यसको माग पूरा गर्न मानिसमा ईश्वरीय जीवन आएको र भएको हुनुपर्छ। प्रभुकहाँ नफर्केको र मुक्ति नपाएको व्यक्तिले आफ्नो जीवनमा यस किसिमको धार्मिकता देखाउन सक्दै-सक्दैन।

**मीका ६ः९-१२ः** अब परमप्रभुको सोरले यस शहरलाई पुकार्छ र यसको विपत्तिको खास कारण यसका पापहरू हुन् भन्ने कुरा यसलाई स्पष्ट देखाउँछ। किनकि यसका बासिन्दाहरूले छली नापजोखका तरिकाहरू अपनाउँथे; तिनीहरूले अत्याचार र हिंसा गर्थे, अँ, तिनीहरू झूट बोल्थे।

**मीका ६ः१३-१६ः** पापले आफ्नै विनाश निम्त्याउँछ-निम्त्याउँछ; अनि यी हिंसा गर्ने धनी मानिसहरूले गर्दै गरेका तिनीहरूका पापहरूको नमीठो फलचाहिँ रोग, उजाड़ता, भोक, असन्तुष्टि र निराशा हुन्। तिनीहरूले बेइमानीसाथ प्राप्त गरेका सम्पत्तिहरूबाट आनन्द लिन पाउनेछैनन्। अनि सोह्र पदमा ओम्रीका विधिहरूको कुरा गरिएको छ; हुन सक्छ, यसको सन्दर्भ इस्राएलका राजा ओम्रीले अभिप्रेरणा गरेको मूर्तिपूजा होला त नि (१ राजा १६ः२५-२६)।

अङ्गुरको झुप्पा नरहेको स्थितिसँग तुलना गरिएको छ।

**मीका ७ः३-६ः** शासकहरू र न्यायकर्ताहरूले घुस माग्थे; यसैले तिनीहरूको सजाय नजिकै आइपुगेको थियो। कसैमाथि भर पर्न सकिँदैनथियो। साथीभाइहरूले, छिमेकीहरूले, अँ, आफन्तहरूले समेत एक-अर्कोलाई धोका दिन्थे।

**मीका ७ः७-१०ः** तब के गर्ने? केवल परमप्रभुमाथि मात्र भरोसा गर्न सकिन्छ। अनि यस जातिका बाँकी रहेको भागरूपी विश्वासयोग्य मानिसहरूले आफ्नो शत्रुलाई चेताउनी दिन्छन्ः 'मेरो विरोधमा आनन्द नगर्!' आइरहेको यो विपत्तिचाहिँ मानिसहरूले गरेका तिनीहरूका पापहरूको परिणाम थियो; तर परमप्रभुले अझै पनि आफ्नै जनहरूलाई पुनर्स्थापित गर्नुहुनेछ; अनि यो तिनीहरूका शत्रुहरूको निराशाको विषय हुनेछ।

# खण्ड ८

# मीका ७ः१-१०ः

## यस जातिले आफ्नो दुःखद अवस्थाको विषयमा विलाप गरेको

**मीका ७ः१-२ः** यहाँ, यस ठाउँमा आएर मीकाले आफ्नो जातिको ठाउँ लिएका छन् र परमेश्वरसित अन्तर्विन्ती गरेका छन्। किनकि शहरबाट विश्वासयोग्य र इमानदार मानिसहरूको वियोग भएको छ; अनि यसभित्र हिंसा र हत्या प्रशस्त छँदैथियो। यो दुःखद अवस्था त अङ्गुरको फसल उठाइसकेपछि सिलाफलहरू टिपेको कुरासित र खानको लागि कुनै

# खण्ड ९

# मीका ७ः११-२०ः

## इस्राएली जातिको निम्ति भविष्यमा आशिष निर्धारित गरिएको

**मीका ७ः११-१२ः** अबचाहिँ यहाँ यरूशलेमलाई सम्बोधन गरिएको छ। यस शहरका पर्खालहरू फेरि निर्माण गरिनेछन् र यसका सिमानाहरू टाढ़ा-टाढ़ासम्म सर्दै जानेछन्। कैदमा लगिएकाहरू तिनीहरूलाई कैदमा राखिएका देशहरूबाट फर्किआउनेछन्, र अन्यजाति-जगत्ले आफ्नो दुष्टताको खातिर दण्ड भोग्नेछ।

**मीका ७:१३:** यो पद पहिलो चोटि पढ्दा हामीलाई अनौठो लाग्न सक्छ। देश उजाड़ भएको सन्दर्भ के पो थियो त नि ? हुन सक्छ, यसको उजाड़ताचाहिँ अन्यजातिहरूको न्यायको फल भएको होला; किनकि तिनी-हरूले आफ्ना कामहरूको फल भोग्नेछन्। अनि तिनीहरूको यो न्याय यहूदीहरूलाई प्रतिज्ञा गरिएको पुनर्स्थापनाको समयभन्दा ठीक अगाड़ि हुनेछ। अनि यस कुरामाथि ध्यान दिनु खाँचो छ कि यहाँ 'देश' अनुवाद गरिएको हिब्रू शब्द 'पृथ्वी' पनि अनुवाद गर्न सकिन्छ [5)]। यसकारण श्री जेम्स मोफ्फटले यो वाक्य निम्न प्रकारले भावअनुवाद गरेका छन्: 'सारा संसार आफ्ना भक्तिहीन चाल-हरूको प्रतिदण्डमा उजाड़ भएको छ ...।'

**मीका ७:१४-१७:** चौध पदचाहिँ परमप्रभुलाई चढ़ाइएको एउटा प्रार्थना हो; यसमा भोजन र गोठालाको वास्ता पाऔं भन्ने विन्ती गरिएको छ। अनि परमप्रभुले आफ्ना जनहरूलाई आश्वासन दिनुभएको छः 'म तिमीहरूको निम्ति अचम्मका कामहरू गर्नेछु, यो देखेर अन्यजाति देशहरू लज्जित हुनेछन् र मेरो सामु झुक्नेछन्।'

**मीका ७:१८-२०:** मीकाले परमेश्वरको प्रशंसाको गीतको साथ आफ्नो भविष्यवाणी अन्त्याउँछन्। यस गीतमा उनले परमेश्वरलाई उहाँको कृपा, उहाँको क्षमा, उहाँको करुणा, उहाँको विश्वासयोग्यता र उहाँको अटल प्रेमको निम्ति प्रशंसा गरेका छन्।

## ENDNOTES:

**1) 1:10–14:** See the literal renderings in the NKJV margin.

**2) 1:10–14:** The Bible: A New Translation, by James Moffatt, Micah 1:10–14.

**3) 4:1–4:** Although these words are inscribed on the United Nations building in New York City (from the parallel in Isa. 2:2–4, which see in the Commentary), since the Prince of Peace is left out, the world cannot expect any lasting peace till He comes.

**4) 5:4–6:** This numerical usage is not uncommon in the OT. See, e.g., Job 5:19, Ps. 62:11, 12; Amos 1:3.

**5) 7:13:** The NIV so translates it here.

## BIBLIOGRAPHY

Carlson, E. Leslie. 'Micah'; In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1968.

Feinberg, Charles L. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Keil, C. F. 'Micah'. In *Biblical Commentary on the Old Testament*. Vol. 24. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Mills, Montague S. *The Minor Prophets: A Survey*. Dallas: 3E Ministries, n.d.

Morgan, G. Campbell. *The Minor Prophets*. Old Tappan, NJ: Fleming H. Revell Company, 1960.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 2. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# नह्मको पुस्तकको टिप्पणी

# नहूमको पुस्तकको भूमिका

*'नहूमले यस पुस्तकमा गरेका विवरणहरू अत्यन्तै सुन्दर र सजीव छन्; यसकारण यो पुस्तक पुरानो नियमका उत्कृष्ट साहित्यका रचनाहरूमध्ये राखिएको छ, अनि यो पुस्तक यस स्थानको योग्य छ।'*

*श्री सी. एच. एच. राइट*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

नहूम एक हिब्रू मानिस थिए, जसले यो छोटो भविष्यवाणी अश्शूर नामक अन्यजाति विश्व साम्राज्यको राजधानी नीनवेको विरुद्धमा लेखे। तर यो लेख देशभक्तिको दृष्टिकोणले लेखिएको एउटा निबन्ध होइन, तर यो त अश्शूरमा व्यापक सैनिक शासन र अत्याचारी तानाशाहको भन्डाफोर पो हो, जुन अत्याचारमा विशेष गरेर परमेश्वरका जनहरू परेका थिए। हो, परमेश्वरले आफ्ना जन-हरूलाई तिनीहरूको धर्मत्याग र पापको खातिर दण्ड दिन अन्यजातिहरूलाई प्रयोग गर्नुभयो, तर उहाँले चलाउनुभएको हतियारले पनि सजाय भोग्दा रहेछ; यो अनिवार्य हो।

श्री आर. के. ह्यारिसनले यो कुरा निम्न शब्दले व्यक्त गरेका छन्:

> 'लेखकले नीनवेको विनाशको विषयमा लेखेको आफ्नो यस छोटो भविष्यवाणीमा बलियो र अविस्मरणीय शब्दले के दाबी गरे भने, जुन जातिलाई अश्शूरीहरूले घृणा गरेका थिए, त्यस जातिका परमेश्वरचाहिँ वास्तवमा सारा मानव जातिको भाग्य निर्धारित गर्नुभएको रचनाकार र सञ्चालक हुनुहुन्छ। अनि उहाँको शासन र कानुनको अधीनतामा सबैभन्दा शक्तिशाली विश्व साम्राज्यहरूले पनि आफूलाई विनम्रतापूर्वक समर्पण गर्नुपर्छ, यो कस्तो लाज'![1)]

### ख) यस पुस्तकको लेखक को हुन्?

नहूम एल्कोशको नागरिक थिए, जुन एल्कोशचाहिँ कहाँ अवस्थित थियो, सो निश्चित रूपले जानिँदैन, तर प्रायः मानिन्छ, कि यो एल्कोश भन्ने ठाउँ गालीलको समुद्रको छेउमा अवस्थित भएको कपर्नहुम थियो। (किनकि हिब्रू भाषामा कपर्नहुमको नाम 'काफार नहूम' हो, जसको अर्थ 'नहूमको शहर' हो)। अनि भविष्यवक्ता नहूमको नामको अर्थ 'सान्त्वना' वा 'सान्त्वनादाता' हो।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

यस पुस्तकको लेख्ने मिति दिइएको छैन; तर यसो नभए पनि यसको रचना आधा शताब्दीभित्र निर्धारित गर्न सकिन्छ। यो पुस्तक ख्रीष्टपूर्व ६६३ सालपछि लेखिएको हुनुपर्छ, किनभने नहूमले ३:८ पदमा नो-अमोन अर्थात् थेबेसको कब्जाको विषयमा लेखे। अनि यो पुस्तक ख्रीष्टपूर्व ६१२ सालभन्दा अघि लेखिएको हुनुपर्छ; किनकि यस वर्षमा नीनवेको विनाश भयो। यसो हो भने, ख्रीष्टपूर्व ६९६-६४२ सालमा मूर्ति-पूजक राजा मनस्सेको लामो शासनकालभित्र, अँ, हुन सक्छ, लगभग ख्रीष्टपूर्व ६६३ र ६५४ सालको बीचमा यस पुस्तकको रचना भएको रहेछ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन् ?

एल्कोशी नहूमसँग यहूदाको निम्ति एउटा सान्त्वनाको सन्देश थियो; किनभने उनले अश्शूरीहरूको विनाश र परमेश्वरका जनहरूको पुनर्स्थापनाको विषयमा भविष्यवाणी गरे। उनको भविष्यवाणीले योनाको पुस्तकको पूरक काम गर्छ। किनभने योनाको पुस्तकमा नीनवेका मानिसहरूले पश्चात्ताप गरेका देखिन्छ, तर नहूमको पुस्तकमा हामी नीनवेवासीहरूलाई तिनीहरू आफ्ना पुराना चालहरूमा फर्केका र तिनीहरूले परमेश्वरको क्रोध निम्त्याएका देख्छौं। अनि हाम्रा प्रभु येशूले नीनवेवासीहरूलाई तिनीहरूको पश्चात्ताप गरेको अवस्थामा पश्चात्ताप नगर्ने फरिसीहरूसँग तुलना गर्नुहुँदा तिनीहरूलाई अनुकूल दृष्टिले हेर्नुभयो (मत्ती १२ः४१)।

यो सानो पुस्तकचाहिँ सैनिक शासनको एउटा ठेठ हप्कीको रूपमा मानिन्छ। किनकि अश्शूरीहरूले आफ्ना शत्रुहरूसँग साह्रै निर्दय व्यवहार देखाउने गर्थे। तिनीहरूका शिला-लेखहरूमा तिनीहरूले आफ्ना सैन्य विजयहरूको विषयमा ठूलो आनन्द लिएको देखिन्छ; किनभने यी शिला-लेखहरूमा तिनीहरूले जितेका शत्रुहरूको छालाले आफ्ना पाल र पर्खालहरू सिँगारेको बयान छ। शत्रुको छाला काढ्नु एउटा सामान्य चलन थियो कि थिएन, यहाँ यसको सवाल छैन; किनकि यस क्रूर कार्यले तिनीहरूको मानसिकता केकस्तो थियो, सो स्पष्ट पारिहाल्छ।

तिनीहरूले इस्राएलका परमेश्वरलाई पनि तुच्छ ठान्थे, जुन परमेश्वरले सबै कुराहरू, अँ, नीनवेको पतन समेत नियन्त्रण गर्नुहुन्थ्यो।

नहूमले अश्शूरको राजधानी नीनवेको विनाशको विषयमा भविष्यवाणी गरे, जुन नीनवे शहरचाहिँ त्यस बेलाको संसारको सबैभन्दा ठूलो शहर थियो। अक्षरशः अर्थमा यो भविष्यवाणी पूरा त भयो; तर अर्को अर्थमा, यस भविष्यवाणीले ती भावी अश्शूरी शासकमाथि पूर्वदृष्टि लगाएको छ, जुन भावी शासकबाट परमेश्वरका जनहरूको निम्ति खतरा आउनेछ।

## रूपरेखाः

**खण्ड १) नहूम १ः१-८ः परमेश्वरको विषयमा उहाँको न्यायकर्ताको चरित्र प्रकट गरिएको**

**खण्ड २) नहूम १ः९-१५ः नीनवेको विनाशको विषयमा पूरा सुनिश्चयता भएको**

**खण्ड ३) नहूम २ः१-१२ः नीनवेको घेराबन्दीको विषयमा गरिएको पूर्वविवरण**

**खण्ड ४) नहूम २ः१३-३ः१९ः यो शहर नाश गर्ने सम्बन्धमा परमेश्वरको अठोट**

# नहूमको पुस्तकको टिप्पणी

## खण्ड १

## नहूम १:१-८:

### परमेश्वरको विषयमा उहाँको न्यायकर्ताको चरित्र प्रकट गरिएको

**नहूम १:१-५:** परमेश्वरको चरित्र यहाँ एकातिर ईर्ष्यालु, प्रतिशोधी र क्रोधी भनेर वर्णन गरिएको छ भने, अर्कोतिर उहाँ रिसाउनमा ढिलो र शक्तिमा महान् भनेर वर्णन गरिएको छ। उहाँले ब्रह्माण्ड र त्यसमा भएका सबै बासिन्दाहरूलाई नियन्त्रण गर्नुहुन्छ। अनि उहाँको ईर्ष्याचाहिँ एउटा धार्मिक ईर्ष्या हो, जुन प्रकारको ईर्ष्या एकजना पतिले आफूले प्रेम गरेकी आफ्नी पत्नीको निम्ति गर्छ; यो अरूको खुशी डाहा गर्ने खालको ईर्ष्या होइन। अनि इस्राएली जाति परमप्रभुकी पत्नी हो (होशेको पुस्तक हेर्नुहोस्)।

**नहूम १:६-८:** अनि जब उहाँ दण्ड दिनुहुन्छ, तब कसैले पनि उहाँको सामना गर्न सक्दैन। तर उहाँमाथि भरोसा राख्नेहरूको निम्ति उहाँ कति भलो हुनुहुन्छ! उहाँको न्याय अश्शूर देशमाथि उर्लेर आएको बाढ़जस्तै आउनेथियो, जुन न्यायले त्यसको राजधानी नीनवे ध्वस्त पार्नेथियो।

## खण्ड २

## नहूम १:९-१५:

### नीनवेको विनाशको विषयमा पूरा सुनिश्चयता भएको

**नहूम १:९-११:** यी पदहरूका शब्दहरूद्वारा अश्शूरीहरूलाई सम्बोधन गरिएका छन्। परमेश्वरले तिनीहरूलाई नाश गर्न लाग्नुभएको थियो। अनि यहाँ परमेश्वरको विरुद्धमा खराबी रच्ने एकजना मानिस पेस गरिएको छ, जसको पतन हुनेछ। यसको सन्दर्भ सायद सनहेरिब होलान्, अथवा अपमानका अपशब्दहरू बक्ने रब्-शाके होलान्।

**नहूम १:१२-१३:** हो, हालैमा अश्शूरीहरू सुरक्षित थिए; यसो भए पनि तिनीहरूलाई काटिनेछ। यद्यपि इस्राएली जाति कष्टमा परेको थियो, अबदेखि उसो यसको हालत कहिल्यै यस्तो हुनेछैन; किनकि परमेश्वरले आफ्ना जनहरूबाट अश्शूरीहरूको जुवा भाँचि-दिनुहुनेछ र हटाउनुहुनेछ।

**नहूम १:१४:** त्यसपछि परमप्रभुले सीधा अश्शूरका राजालाई सम्बोधन गर्नुहुन्छः 'मैले तेरो विषयमा आदेश दिएकै हुँः अबदेखि उसो

तेरो नामनिसान रहनेछैन, तेरा देवताहरूको मन्दिरको लुटपाट हुनेछ, र म तेरो चिहान तयार गर्नेछु; किनकि तँ मेरो दृष्टिमा घृणित र नीच छस्।'

**नहूम १:१५:** अनि यस पदमा यस सन्देशवाहकको चर्चा गरिएको छ, जसले अश्शूरको विनाशको शुभ समाचार ल्याउँछ; किनकि अश्शूरको पतनको फलस्वरूप यहूदामा शान्ति हुनेछ। प्रेरित पावलले रोमी १०:१५ पदमा उस्तै शब्दहरू उद्धृत गरेका छन्, तर रोमीको पुस्तकमा यी शब्दहरू सुसमाचारको सन्दर्भमा प्रयोग गरिएका छन् (यशैया ५२:७)।

# खण्ड ३

# नहूम २:१-१२:

## नीनवेको घेराबन्दीको विषयमा गरिएको पूर्वविवरण

**नहूम २:१:** बेबिलोनीहरूले नीनवे शहर घेराबन्दीमा हाल्ने कुरा एक पददेखि दस पदसम्मको खण्डको सन्दर्भ हो। 'त्यो टुक्रा-टुक्रा पार्ने' वा 'त्यो तितरबितर पार्ने'चाहिँ कि त परमप्रभु हुनुहुन्छ, कि त बेबिलोनीहरू हुन्। नीनवे शहरका डरले उन्मत्त र उथलपुथल भएका बासिन्दाहरूसित ठट्टा गरेर तिनीहरूलाई चारवटा आदेशहरू दिएर लड़ाइँको निम्ति तयार हुने आज्ञा छः 'घेरा-पर्खालको रखवाली गर!' 'बाटोमा पहरा राख!' 'आफ्नो देब्रे-दाहिने बलियो बनाऊ!' र 'आफ्नो शक्ति अत्यन्तै दृढ़ पार!'

**नहूम २:२:** परमप्रभुले आफ्ना जनहरूको पुनर्स्थापना गर्नुहुने नै छ। इस्राएली जातिको सर्वश्रेष्ठता केही हदसम्म पुनर्स्थापित हुनेछ, तर त्यो कुरा चाँड़ै नहुन सक्छ। किनकि यहूदा, यो दक्षिणी राज्य अझै पनि कैदमा लगिएको थिएन, तर यसले बेबिलोन देशलाई कर तिर्दैथियो।

यस खण्डमा अर्को अर्थ लगाउन मिल्छ, जब त्यसको दोस्रो अनुवाद श्री वाल्टर ए. मायरले गरेअनुसार निम्न प्रकारको गरिन्छः 'किनकि परमप्रभुले याकूबको घमण्ड इस्राएलको घमण्डजस्तै हटाउनुभएको छ।' श्री मायरले नहूमको छोटो भविष्यवाणीको पुस्तकको बारेमा लगभग चार सय पन्ना लामो टिप्पणी लेखे; यस टिप्पणीमा 'पुनर्स्थापना गर्नुहुनेछ' भन्ने शब्द तिनले 'हटाउनुभएको छ' भनेर विपरीत अर्थ लाग्ने शब्दको रूपमा अनुवाद गरेका छन् र 'सर्वश्रेष्ठता' भन्ने शब्दको सट्टामा 'घमण्ड' अनुवाद गरेका छन्; किनकि घमण्ड नै अरू ठाउँहरूमा प्रायः यस हिब्रू शब्दको सठीक अनुवाद हो। उनले आफ्नो टिप्पणीमा यसो लेखेका छन्:

> ' "परमप्रभुले याकूबको घमण्ड हटाउनुभएको छ" भन्ने वाक्यले बितेको समयमा यहूदामाथि आइ-परेको सजायको ऐतिहासित बयान गरेको छ, जुन सजाय परमप्रभुले नहूमको स्वदेश अर्थात् यहूदामाथि लगाउनुभयो; किनकि तिनीहरूले आफ्नो घमण्डमा सर्वशक्तिमान् परमेश्वरलाई त्यागे। तर हुन सक्छ, नहूमले यहाँ आफ्नो विचार सनहेरिबले पूरा गरेको विनाशमाथि पुऱ्याएका छन् होलान्, जसले यहूदा तहसनहस पारेकोमा घमण्ड गरेका थिए'। **2)**

यस पदमा इस्राएली जातिलाई कुनचाहिँ शब्द-चित्र दिइएको छ? यो त नाश पारिएको र रित्तो पारिएको दाखबारी पो थियो; अनि यस कुराले पुरानो नियमका अन्य ठाउँहरूमा कोरिएको नक्सासित मेल खान्छ, जस्तै भजन ८०:१२-१६; यशैया ५:५-६; यर्मिया १२:१० र होशे १०:१।

**नहूम २:३-६:** तीन र चार पदमा बेबिलोनका सिपाहीहरूलाई चित्रण गरिएको

छः तिनीहरूले आफ्नो मनपरेको रङ्गको रातो पहिरण लगाएका रहेछन्; अनि तिनीहरूका सहयोगी, ती मादीहरूको सैनिक पोसाक सिन्दूरे रङ्गको थियो। (अनि अश्शूरीहरूको चाहिँ ? तिनीहरूको सैनिक पोसाकको रङ्ग नीलो थियो)। अनि पाँच पदमा ठेस खाँदै हिँड़िरहेका ती भारदारहरूलाई कुन अर्थ लाग्छ ? कतिजनाको विचारमा तिनीहरू अश्शूरी रक्षक सेनाहरू हुन् रे, तर सन्दर्भ-अनुसार तिनीहरू बरु बेबिलोनी आक्रमण-कारीहरू होलान्। नीनवे शहरभित्र नदीहरूको पानी बगिरहेको रहेछ, किन होला ? यस हेतुले कि पर्खालका जगहरू गलेर जाऊन् र दरबार ढलिजाओस्।

**नहूम २:७-१०:** अनि त्यसकी रानी कैद गरेर लगिनेछिन्। मानिसहरूलाई 'पर्ख', 'पर्ख' भन्दाभन्दै पनि तिनीहरू शहरबाट भागेर जानेछन्। नीनवेको सम्पत्ति र खजाना लुटिनेछ, सबका सब चाँदी र सुनको लुट बन्नेछ। अब शहर उजाड़ भयो, र हरेकको अनुहारमा डरको छाया छँदैथियो।

**नहूम २:११-१२:** बेलायतको प्रतीक चिन्हचाहिँ सिंह हो, अनि संयुक्त राज्य अमेरिकामा राष्ट्रिय चिन्ह चील हो; जब हामी यो कुरा सम्भनामा राख्छौं, तब हामी यी पदहरूको अर्थ राम्ररी बुझ्न सक्छौं; किनकि अश्शूरीहरूले चाहिँ सिंहहरू अधिक मन-पराउँथे। यसैले अश्शूरी कला र मूर्ति-कलामा घरिघरि सिंहका शरीरहरूमाथि मानिसका टाउकाहरू र मानिसका शरीरहरूमाथि सिंहका टाउकाहरू देखा परे। निस्सन्देह तिनीहरूले आफूलाई सिंहहरू सम्भन्थे र सिंहहरूको क्रूर व्यवहार देखाउँथे।

नहूमले यहाँ नीनवे शहर सिंहहरूको खोरसँग तुलना गरेका छन्; किनकि यी दुईवटा पदमा सातपल्ट उनले सिंहहरू, जवान सिंहहरू, सिंहनी र सिंहको डमरु भन्ने शब्दहरू प्रयोग गरेर आफ्नो व्यङग्यरूपी चक्कू हानेर नीनवेको अहङ्कारमाथि गहिरो चोट लगाए।

# खण्ड ४

# नहूम २:१३-३:१९:

## यो शहर नाश गर्ने सम्बन्धमा परमेश्वरको अठोट

**नहूम २:१३:** सेनाहरूका परमप्रभुले नीनवेको सत्यानाश निर्धारित गर्नुभयो। परमप्रभु आफै त्यसको शत्रु हुनुभएको हुनाले त्यस शहरले उम्कन कुनै मौका पाउँदैनथियो। त्यसका रथहरू जलाइनेछन् र त्यसका जवान सिंहरूपी योद्धाहरू तरवारले मारिनेछन्। त्यसका सेनाहरूको आवाज अबदेखि फेरि सुनिनेछैन, र त्यसले फेरि कहिल्यै आफ्ना शिकारहरू ल्याउनेछैन।

**नहूम ३:१-३:** तीन अध्याय अभै पनि नीनवेको पतनको चित्र कोर्दै जान्छ र त्यसको विनाशका खास कारणहरू पेस गर्छः नीनवेचाहिँ रक्तपातले पूर्ण शहर थियो, भूट र डकैतीले भरिएको थियो; किनकि त्यसले अरू धेरै जातिहरूबाट लुटको माल लिएको थियो। तर अबचाहिँ बेबिलोनी घोड़चढ़ीहरूले चम्किला तरवारहरू लिएर आक्रमण गरिरहेका थिए, र नीनवेका सड़कहरूहुँदा असंख्य लाशहरू सोतर पड़िरहेका थिए।

**नहूम ३:४-७:** अश्शूर देशको न्याय कसरी गरिन्छ ? त्यसको वेश्यावृत्ति र त्यसका जादुहरूको निम्ति त्यसले दण्ड पाउनेछ; किनकि त्यसले आफ्नो मूर्तिपूजा र

व्यापारधन्धाले अरूहरूलाई भ्रष्ट पारेको थियो। परमप्रभुले त्यसको पापले पूर्ण स्वभाव पर्दाफास गर्नुहुनेछ र त्यसलाई शर्मले ढाक्नुहुनेछ; यस प्रकारको सजाय अरूलाई पापमा फसाउने त्यस वेश्या शहरको निम्ति उपयोग्य हुनेछ।

**नहूम ३ः८-१०ः** के त्यो नीनवे उम्कनेछ? जब त्यो महानगर नो-अमोन अर्थात् थेबेस शहर[3] उम्केन, तर ख्रीष्टपूर्व ६६३ सालमा नाश भयो। नो-अमोनचाहिँ कूश र मिस्र देशको संयुक्त शक्तिको प्रतीक थियो। अहँ, नीनवे शहर उम्कनेछैन नै।

थेबेसचाहिँ आफ्नो सुरक्षाको निम्ति आफ्ना सहयोगीहरू पूत र लूबीमाथि भर पर्थ्यो। अनि पूत र लूबी भन्ने भूभागहरू लीबियामा[4] अवस्थित भएका अनुमान गरिन्छ, तर यसको विषयमा सुनिश्चित हुन सकिँदैन। किनकि हुन सक्छ, पूतचाहिँ दक्षिणमा, वर्तमान सोमालील्याण्डतिर [5] समेत परेको हुन सक्छ।

**नहूम ३ः११-१३ः** अनि नीनवे पनि परमेश्‍वरको क्रोधको कचौराबाट पिएर मात्नेथियो। पाकेका नेभाराहरू झर्न लागेजस्तै त्यो शहर परमेश्‍वरको न्यायमा पर्नको निम्ति तयार थियो। त्यसका मोर्चाहरू विफल हुनेछन्, किनकि त्यसको देशका मूलढोकाहरू त्यसका शत्रुहरूको निम्ति पूरा खुला राखिनेछन्।

**नहूम ३ः१४-१७ः** घेराबन्दीमा पर्ने हिसाबले नीनवेले सकेसम्म मजबुत तयारी त गरेको थियो, जस्तैः प्रशस्त खानेपानीको बन्दोबस्त गरियो र किल्लाहरू बलियो पार्न नयाँ इँटा पोलियो, र पनि भएन; त्यो ढलिनेथियो। त्यसका व्यापारीहरू, सेनापतिहरू र कप्तानहरू आकाशका ताराहरूजत्तिकै अनगिन्ती किन नहोऊन्, घाम झुल्कनसाथ उड़िजाने सलहहरूले जस्तै तिनीहरू सबैले शहरलाई छोड़ेर जानेछन्।

**नहूम ३ः१८-१९ः** अश्शूरका गोठालाहरू अर्थात् त्यसका अगुवाहरू मृत्युको निद्रामा परिसके। अँ, अश्शूरलाई घातक चोट लाग्यो। त्यसको पतनको खबर जहाँ-जहाँ पुग्छ, त्यहाँ-त्यहाँ त्यो खबर ठूलो आनन्दको कारण हुनेछ; किनभने धेरै जातिहरूले त्यसका हातबाट दुःख भोगेका थिए। इतिहास साक्षी छः ख्रीष्टपूर्व ६१२ सालमा नीनवेको पतन भयो।

नहूमको भविष्यवाणी जस्तै भनेको थियो, त्यस्तै दुरुस्त पूरा भयो, यहाँसम्म कि पछिका समयहरूमा ग्रीकका सेनापति क्षेनोफोन र सिकन्दर महान्का सेनाहरू महानगर नीनवेको भग्नावशेषको नजिक हिँड़िरहेका वा त्यसमाथि टेकेकाको विषयमा पूरा अनजान थिए; किनकि उन्नाइसौं शताब्दीमा मात्र प्राचीन नीनवे शहरको पहिलो अवस्थिति निश्चित रूपले फेला पारियो। [6]

## ENDNOTES:

1) **Introduction:** R. K. Harrison, Introduction to the Old Testament, p. 930.

2) **2:2:** Walter A. Maier, The Book of Nahum, A Commentary, p. 228.

3) **3:8–10:** The Targum and Vulgate read “populous Alexandria” here.

4) **3:8–10:** Our word “Libyan” is probably related to “Lubim.”

5) **3:8–10:** “Put” may be Egyptian “Punt”, a country on the Red Sea coast as far south as Somaliland. See W. A. Maier, Nahum, pp. 321, 322.

6) **3:18-19:** Paul Emile Botta, Austen Henry Layard, and George Smith were pioneer archaeologists among the famed ruins of Nineveh (1840’s to 1870’s)

## BIBLIOGRAPHY

Feinberg, Charles Lee. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Keil, C. F. “Nahum.” In *Biblical Commentary on the Old Testament*. Vol. 25. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Maier, Walter A. *The Book of Nahum. A Commentary*. Reprint. Minneapolis: James Family, 1977.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 1. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# हबक्कूकको पुस्तकको

# टिप्पणी

# हबक्कूकको पुस्तकको भूमिका

*‘हबक्कूक स्वकेन्द्रित मानिस थिएनन्; उनी केवल आफ्नो सुरक्षा-सुविधा खोज्ने र आफ्नो परिवारको सुरक्षा-सुविधाको निम्ति चिन्ता गर्ने व्यक्ति थिएनन् । तर उनी एक सच्चा देशभक्त मानिस थिए, जो आफ्नो वरिपरिका मानिसहरूको नैतिक र आत्मिक अवस्था देखेर धेरै व्याकुल र विचलित हुन्थे । उनले आफ्नो देश र जातिलाई प्रेम गरे, र उनलाई थाहा भयो कि यो देश र जातिचाहिँ परमेश्‍वरका आज्ञाहरू निरन्तर उल्लङ्घन गरेका हुनाले विनाशको खाड़लको डिलनिर जाँदैथियो । यसकारण दुईवटा अति जरुर, व्याथले पूर्ण प्रश्‍नहरू उनका ओठबाट निस्केः “कहिलेसम्म ?” र “किन ?” ।’*

श्री रिचर्ड डबल्यू. डे-हान

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

हबक्कूक २ः४ पदचाहिँ विशेष हो; किनकि यो पद नयाँ नियममा तीन पल्ट उद्धृत गरिएको हो (यी सन्दर्भ-पदहरू के-के हुन्, सो टिप्पणीको खण्डमा हेर्नुहोस्) । अनि प्रेरित १३ः४०-४१ पदहरूमा प्रेरित पावलले पिसिडियाको एन्टिओकको सभाघरमा हबक्कूक १ः५ पद उद्धृत गरेर आफ्नो प्रवचन समाप्त गरे; यसबाट स्पष्ट बुझिन्छ, कि पुरानो नियमको एउटा प्रसिद्ध नभएको, सानो पुस्तक आत्मिक शिक्षाले भरपूर भएको हुन सक्छ; यो अर्को एक उदाहरण हो । अनि अब हबक्कूक ३ः१७-१८ पदहरू फिलिप्पी ४ः४, र १०-१९ पदहरूसँग तुलना गर्नुहोस् ! तिनी-हरूको जीवनका परिस्थितिहरू जस्तासुकै किन होऊन्, भविष्यवक्ता हबक्कूक र प्रेरित पावल दुवैजना आफ्ना परमेश्‍वरमा रमाउन र आनन्दित हुन सके ।

हबक्कूकको पुस्तकको शैलीको विषयमा हिब्रू विद्वान् श्री चार्ल्स एल. फाइनबर्गले यसरी लेखेका छन्ः

‘सबैजनाले हबक्कूकको पुस्तकलाई हिब्रू भविष्यवक्ताहरूका पुस्तकहरूमा एउटा अति उच्च स्थान दिन्छन् । अनि तीन अध्यायको कविताचाहिँ चारैतिरबाट प्रशंसा गरिएको छ; किनकि यो त सबैभन्दा उत्कृष्ट कविता हुँदो रहेछ । अनि यस पुस्तकको भाषा धेरै सुन्दर छ’।[1)]

## ख) यस पुस्तकको लेखक को हुन् ?

वास्तवमा हामी भविष्यवक्ता हबक्कूकको विषयमा केही पनि जान्दैनौं । हबक्कूक[2)] नामको अर्थ कि त ‘अँगालो’, कि त ‘कुस्ती’ हुन सक्छ ।

उनीचाहिँ आफूलाई ‘भविष्यवक्ता’ भन्न सक्ने अल्प सङ्ख्या मानिसहरूमध्ये एक थिए; किनभने उनीसँग भविष्यवाणी बोल्ने वरदान मात्र थिएन, तर भविष्यवक्ताको सेवकाई पनि थियो, जसरी केही विद्वान्हरूले अनुमान गरेका छन् । (उदाहरणको निम्ति दानियल बोलावटअनुसार एक राजनेता थिए, तर तिनीसँग भविष्यवाणी बोल्ने वरदान थियो) । अनि हबक्कूकले तीन अध्यायमा सङ्गीतका बाजाहरूको कुरा गरेका हुनाले कतिजनाको सुझाउ के हो भने, उनी मन्दिरका

सङ्गीत झुण्डको सदस्य भएका हुनुपर्ला; तर यो एउटा अनुमान मात्र हो।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

हबक्कूकले कुनै पनि राजाको नाम लिएनन्; यसकारण उनको यस छोटो भविष्यवाणीको लेख्ने मिति निधो गर्न हामीलाई गाह्रो परिरहेको छ। सम्भवतः यो पुस्तक ख्रीष्टपूर्व ६०० सालतिर लेखिएको थियो होला; तर केही तर्कवादी, दिमागी आलोचकहरू छन्, जसले यस पुस्तकको लेख्ने मिति आफ्नो सुविधाको लागि धेरै यतातिर सारेका छन्। तर शास्त्रसम्मत विद्वान्हरूले प्रायः यी भविष्यवक्ताको पुस्तकको रचना ख्रीष्टपूर्व सातौं शताबदीमा यहूदामाथि राज्य गरेका राजाहरू मनस्से, योशियाह वा यहोयाकिमका शासनकालहरूमा निर्धारित गरेका छन्। अनि हुन सक्छ, यस पुस्तकको लेख्ने मितिको सन्दर्भमा सायद यहोयाकिमको शासन-कालचाहिँ सबैभन्दा राम्रो विकल्प होला; ख्रीष्टपूर्व ६०५ सालमा चलेको कर्कमिशको लड़ाइँको नजिकको मिति मलाई सठीक लाग्छ, जुन लड़ाइँमा बेबिलोनको सेना विजयी भएको थियो।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन् ?**

राजा योशियाहको समयमा भएको धार्मिक जागृति लामो समयसम्म टिक्न सकेन। अनि जनताको नैतिकता फेरि निक्कै नीच भइ-सकेको थियो; किनकि मानिसहरू फेरि बाल देवता र अशेरा देवी मान्ने समूहहरूको प्रभावमा परेका थिए। अनि अन्याय व्याप्त भयो। हबक्कूकले सामना गर्नुपरेका सोचनीय अवस्थाहरू यस्तै थिए।

यहूदीहरूलाई ख्रीष्टपूर्व ५८६ सालमा बेबिलोनको निर्वासनमा लगिनुभन्दा अघि यी भविष्यवक्ताले यहूदाका मानिसहरूसँग यी दिव्य वाणीहरू बोले। उनको नामको अर्थ 'कुस्ती खेल्ने खेलाड़ी' हुन सक्छ; यसकारण यहूदाका मानिसहरूको पाप र दण्डको सम्बन्धमा परमप्रभुसित कुस्ती लड्न उनलाई सुहायो।

तर उनको नामको प्राथमिक अर्थचाहिँ 'अँगाल्नु' हो; यसकारण श्री चार्लस एल. फाइनबर्गले श्री मार्टिन लुथरको निम्न कुरा मन पराएर उद्धृत गरेका छन्:

> 'हबक्कूकचाहिँ अँगालोमा हाल्ने अर्थात् कसैलाई दुवै हातले च्यापेर आफ्नो छातीमा टाँस्ने मानिस थिए। उनले कसलाई अँगाले त ? उनले आफ्ना मानिस-हरूलाई अँगाले। जसरी कसैले रुँदै गरेको एउटा बालकलाई शान्त पार्न अँगालोमा लिन्छ र आश्वासन दिन्छ, त्यसरी नै उनले आफ्ना मानिसहरूलाई आफ्ना हातले उठाएर बोके; उनले तिनीहरूलाई सान्त्वना दिए र तिनीहरूलाई आश्वासन दिए: "परमेश्वरको इच्छा भएदेखि अब चाँड़ै तिमीहरूको अवस्था सुध्रिन्छ ल।"' 3)

## रूपरेखाः

**खण्ड १) हबक्कूक १:१-४: परमेश्वरले यहूदालाई यसको अधर्मको खातिर किन दण्ड दिनुभएन होला ? यसको विषयमा भविष्यवक्ता हबक्कूक अन्योलमा परे**

**खण्ड २) हबक्कूक १:५-११: यहूदालाई दण्ड दिन उहाँले बेबिलोनीहरूलाई प्रयोग गर्नुहुनेछ; योचाहिँ परमप्रभुले उनलाई दिनुभएको जवाफ थियो**

**खण्ड ३) हबक्कूक १:१२-१७: यहूदालाई दण्ड दिन परमेश्वरले यहूदाभन्दा अझ दुष्ट यो अन्यजातिलाई कसरी छान्न सक्नुभयो, यसको विषयमा अब हबक्कूकको मनमा प्रश्न उठेको**

**खण्ड ४) हबक्कूक २: परमेश्वरको जवाफ यस प्रकारको छः यहूदाका धर्मी जनहरू बाँच्नेछन्, तर अधर्मी कल्दीहरू नाश हुनेछन्**

**क) हबक्कूक २:१:** हबक्कूक परमेश्वरको जवाफको निम्ति पर्खेको

**ख) हबक्कूक २:२-३:** 'तिमीले यस जवाफको अभिलेख गर्नू र यो पूरा हुने प्रतीक्षा गर्नू' भनेर उनलाई दिव्य निर्देशनहरू दिइए

**ग) हबक्कूक २:४:** धर्मी जन विश्वासद्वारा जिउनेछ, तर अधर्मी कल्दीहरू मर्नेछन्

**घ) हबक्कूक २:५-१९:** कल्दीहरूका पापहरूको सूचि

- **अ) हबक्कूक २:५-८:** विजयमाथि विजय प्राप्त गर्ने तिनीहरूको कहिल्यै नमेटिने भोक थियो
- **आ) हबक्कूक २:९-११:** तिनीहरू लोभी र घमण्डी थिए
- **इ) हबक्कूक २:१२-१४:** रक्तपातद्वारा तिनीहरूको समृद्धि भएको
- **ई) हबक्कूक २:१५-१७:** तिनीहरूले आफ्ना छिमेकीहरूलाई भ्रष्ट पारे
- **उ) हबक्कूक २:१८-१९:** तिनीहरूले मूर्तिपूजा गरे
- **ङ) हबक्कूक २:२०:** परमेश्वरको न्यायरूपी आँधीबेह्री आउनुभन्दा अघि पृथ्वीलाई 'चुप लाग्' भन्ने आज्ञा दिइएको

**खण्ड ५) हबक्कूक ३: हबक्कूकले प्रार्थना गरेको र परमप्रभुमाथि भरोसा गरेको**

**क) हबक्कूक ३:१-२:** उनले परमेश्वरलाई 'आफ्ना जनहरूको निम्ति काम गर्नुहोस्' भन्ने विन्ती चढ़ाए

**ख) हबक्कूक ३:३-१५:** मिस्र देशदेखि कनान देशसम्म परमेश्वरले इस्राएली जातिलाई देखाउनुभएको वास्तामाथि उनले आफ्नो सम्झना लगाएको

**ग) हबक्कूक ३:१६:** शत्रुले आफ्नो सजाय कहिले भोग्ला, उनले यसको बाटो हेरेको

**घ) हबक्कूक ३:१७-१९:** जुनसुकै घटना घटोस्, त्यसको पर्बाह थिएन; किनकि उनले जुनसुकै अवस्थामा पनि परमेश्वर र उहाँको शक्तिमाथि भरोसा गर्नेथिए

# हबक्कूकको पुस्तकको टिप्पणी

## खण्ड १

## हबक्कूक १:१-४:

## परमेश्‍वरले यहूदालाई यसको अधर्मको खातिर किन दण्ड दिनुभएन होला? यसको विषयमा भविष्यवक्ता हबक्कूक अन्योलमा परे

भविष्यवक्ता हबक्कूकले देखेको बोझ (वा वाणी, एन.के.जे.वी.को किनाराको टिप्पणी-अनुसार) सायद यस सम्पूर्ण पुस्तकको शीर्षक होला। अनि दुई पददेखि चार पदसम्म उनले यहूदामा भएको भयानक अत्याचार, अधर्म, लुटपाट, उपद्रव, झगड़ा र अन्यायको विषयमा परमप्रभुसँग गुनासो गरे। अनि उनले परमप्रभुलाई सोधेः 'कहिलेसम्म सजाय नदिई तपाईंले यो अवस्था सहनुहुन्छ?' यो प्रश्‍न र उनले परमेश्‍वरलाई सोधेका उस्तै खालका प्रश्‍नहरूले गर्दा उनले पछि कतिजनाबाट 'पुरानो नियमका शङ्का गर्ने थोमा' भन्‍ने उपनाम पाए।

यस भविष्यवाणीको पुस्तकको पहिलो खण्डमा, एक पददेखि एघार पदसम्म हबक्कूक र परमप्रभुको बीचमा बातचित चल्दैछ।

## खण्ड २

## हबक्कूक १:५-११:

## यहूदालाई दण्ड दिन उहाँले बेबिलोनीहरूलाई प्रयोग गर्नुहुनेछ; योचाहिँ परमप्रभुले उनलाई दिनुभएको जवाफ थियो

परमेश्‍वरले उनलाई दिनुभएको जवाफ पाँच पददेखि एघार पदसम्म दिइएको छ। उहाँले यहूदालाई दण्ड दिन कल्दी सेनाहरू खड़ा गर्नुहुनेछ। यहूदाको शत्रु फुर्तिलो, कटु, धनको लोभी, हिंसक, डरलाग्दो र घमण्डी हुनेछ। बेबिलोनीहरूको घोड़सवार-सेनाको खातिर तिनीहरूको नाम खूब चलेको थियो, किनकि तिनीहरू विजय हासिल गर्नुमा छिटो र साँझका ब्वाँसाहरूभन्दा क्रूर हुन्थे। तिनीहरूले कैद गरेका राजाहरू र शासकहरूलाई खिसी गरे, र तिनीहरूको शक्ति तिनीहरूको देवता थियो। श्री चार्लस एल. फेइनबर्गले तिनीहरूको विषयमा यस प्रकारले टिप्पणी गरेका छन्ः

> 'कल्दीहरूको विषयमा कुरा यस्तै छः तिनीहरूको सफलता प्रचुर हुनेथियो; जसरी हूरीबतास वेगसित विशाल भूभागमाथिबाट भएर बहन्छ, त्यसरी नै

तिनीहरूले सबको सब सोहोरसाहर पार्दै उठाइ-लानेथिए। यसले गर्दा विजयी कल्दीहरूले परमेश्वरको सामु दोषको थुप्रो बढ़ाउँदै लाउनेथिए; किनकि तिनीहरूका महत्त्वाकाङ्क्षाहरू भक्तिहीन थिए, र तिनीहरूले धेरै असहाय जातिका मानिस-हरूलाई आफ्नो वशमा राख्नेथिए।' 4)

## खण्ड ३

## हबक्कूक १:१२-१७ :

## यहूदालाई दण्ड दिन परमेश्वरले यहूदाभन्दा अझ दुष्ट यो अन्यजाति कसरी छान्न सक्नुभयो, यसको विषयमा अब हबक्कूकको मनमा प्रश्न उठेको

जब हबक्कूकले यो कुरा सुने, तब उनी विचलित भए, र उनको यस व्याकुलताले दोस्रो बातचित जन्मायो (१:१२-२:२०)। अरे, यहूदीहरूभन्दा अझै पनि दुष्ट राष्ट्र प्रयोग गरेर परमेश्वरले यहूदालाई कसरी सजाय दिन सक्नुहुनेथियो !? उनले आफ्नो सीमित ज्ञानअनुसार परमेश्वरसँग यसरी तर्कवितर्क गर्दैथिए: *'तपाईंका आँखाहरू यति शुद्ध छन् कि तपाईंले दुष्टता हेर्नै सक्नुहुन्न र अधर्म देख्नै सक्नुहुन्न।'* हो नै हो, बेबिलोनीहरू दुष्ट थिए, यसमा कुनै शङ्का थिएन। तर यहूदाको दुष्टता तिनीहरूको भन्दा अझ ठूलो थियो; किनकि यहूदीहरूले आफूले पाएको यति ठूलो प्रकाशको विरुद्धमा पाप गरिरहेका थिए। बेबिलोनीहरूले मानिसहरूलाई जाल-जालभरि पक्रेर वा बल्छीले तानेर बन्दी बनाइरहेका थिए; परमेश्वरले तिनीहरूको दुष्टता कसरी सहन सक्नुभयो ? तिनीहरूले आफ्ना मूर्तिहरूलाई यसको श्रेय दिएर बलि चढ़ाउँथे, र तिनीहरू मोटा भए। तब के, के तिनीहरूले कहीं एक दिन जाति-जातिहरूलाई मार्न छोड्नुपर्दैनथियो र ? श्री जे. ई. इभान्सले यसको स्पष्टीकरण दिएका छन्:

'यहाँ प्रस्तुत गरिएको कुरा माछा मार्ने पेसासित तुलना गरिएको छ। मानिसहरू ती माछा थिए, जुन माछाहरू जलाहारीले आफ्नो जालमा पक्र्यो, र त्यसपछि त्यसले जालको पूजा गर्‍यो, किन यस जालबाट त्यो धनी भयो। अनि यस दृष्टान्तमा संसार त्यो समुद्र थियो; अनि जातिहरू त्यसका माछा थिए; अनि नबूकद्नेस्सरचाहिँ त्यो जलाहारी थिए; अनि जालचाहिँ कल्दीहरूको सेनाबल थियो, जुन सेना-बलको विजयद्वारा तिनीहरू ठूलो धनराशी प्राप्त गर्न सक्षम भए।' 5)

## खण्ड ४

## हबक्कूक २:

## परमेश्वरको जवाफ यस प्रकारको छः यहूदाका धर्मी जनहरू बाँच्नेछन्, तर अधर्मी कल्दीहरू नाश हुनेछन्

### क) हबक्कूक २:१: हबक्कूक परमेश्वरको जवाफको निम्ति पर्खेको

परमप्रभुले उनलाई कस्तो जवाफ दिनुहुन्छ भन्ने हेतुले हबक्कूक माथि आफ्नो धरहरामा चढ़े, र चियाइबसे। उनले एक्लो हुन खोजे, किनकि उनले परमेश्वरको दृष्टिकोण प्राप्त गर्न चाहन्थे। अनि योचाहिँ वर्तमान ख्रीष्ट-विश्वासीहरूको निम्ति पनि सबैभन्दा महत्त्वपूर्ण

नियम हो। हामीले यस्तो समय जुनसुकै नामले नामकरण गरौं, यसको पर्बाह छैन; यस समयको नाम 'शान्त समय', 'प्रार्थनाको समय' आदि भनौं, तर हरेक इसाईको निम्ति दिनहुँ परमेश्वरसँग एक्लै समय बिताउने कुरा अनिवार्य हो; तपाईं र म, हामी उहाँसित दैनिक सम्पर्क राख्नुपर्छ; यो महत्त्वपूर्ण छ।

### ख) हबक्कूक २:२-३: 'तिमीले यस जवाफको अभिलेख गर्नू र यो पूरा हुने प्रतिक्षा गर्नू' भनेर उनलाई दिव्य निर्देशनहरू दिइए

**हबक्कूक २:२:** परमप्रभुले भविष्य-वक्तालाई यो आज्ञा दिनुभयोः *'यो दर्शन लेख !'* हबक्कूकले के लेख्नु थियो ? उनको प्रश्न र उहाँको जवाफ। उनले यो किन लेख्नु थियो ? किनकि त्यो मानिस जसले यो कुरा पढ्छ, यो समाचार लिएर दगुरोस्, र त्यसले बेबिलोनको पतन र यहूदाको पुनर्स्थापना प्रचार गरोस्।

**हबक्कूक २:३:** श्री ए. जे. पोल्लोकले के भनेका छन् भने, यस पदको सन्दर्भ यहूदीहरूको आशा थियोः यस पृथ्वीमा ख्रीष्टको दोस्रो आगमन। किनकि त्यस बेलामा उहाँले आफ्ना शत्रुहरूलाई हार खुवाउनुहुनेथियो, आफ्नो राज्यबाट सबै ठेस खुवाउने कुराहरू हटाउनुहुनेथियो र आफ्नो महिमित राज्य स्थापित गर्नुहुनेथियो; त्यति बेला उहाँले इस्राएली जातिलाई सबै जातिहरूको शिर तुल्याउनुहुनेथियो; किनभने उहाँ यहूदी जातिको शिर हुनुहुनेछ।[6] जब हिब्रू १०:३७ पदमा हबक्कूक २:३ पद उद्धृत गरिएको छ, तब 'यो दर्शन' 'उहाँ' हुन गएको छः *'किनकि उहाँ जो आउनुहुन्छ, आउनुहुनेछ, र ढिलो गर्नुहुनेछैन।'* यसैले बुझ्नुहोस्ः हाम्रा प्रभु येशू निश्चय आउनुहुने नै छ, र उहाँले कुनै हालतमा पनि ढिलो गर्नुहुनेछैन नै। नयाँ नियममा यस पदको सन्दर्भ सुस्पष्ट भएको छः हामी ख्रीष्ट-विश्वासीहरूको आशा। किनकि चाँड़ै ख्रीष्टको मण्डलीको मेघारोहण हुनेछ अर्थात् मण्डली उठाइलगिनेछ।

### ग) हबक्कूक २:४: धर्मी जन विश्वासद्वारा जिउनेछ, तर अधर्मी कल्दीहरू मर्नेछन्

बेबिलोनका राजाको मन घमण्डले फुलियो, यसकारण तिनी मर्नेथिए; तर इस्राएली जातिका भक्त जनहरू, यसको बाँकी रहेको भागरूपी मानिसहरू विश्वासद्वारा जिउनेथिए। यस चार पदको ग) खण्ड नयाँ नियममा तीन पल्ट उद्धृत गरिएको छ। यसकारण यो वाक्य तीनवटा भागहरू गरे असल देखिन्छः क) धर्मी जन, ख) विश्वास-द्वारा, ग) जिउनेछ। किनकि नयाँ नियममा यसका सन्दर्भ पदहरू हेर्नु हो भने, रोमी १:१७ पदले 'धर्मी जन'माथि जोड़ दिन्छ, अनि गलाती ३:११ पदले 'विश्वास'माथि जोड़ दिन्छ, अनि हिब्रू १०:३८ पदले 'जिउनेछ' भन्ने कुरामाथि जोड़ दिन्छ। ओहो, यो कुरा कति राम्रोसँग मिलेको छ ! अब हबक्कूकको पुस्तकमा फर्कौं, र यस वाक्यको अक्षरशः रूप पेस गरौंः 'धर्मी जन आफ्नो विश्वासमा जिउनेछ।' अनि आउनुहोस्, हामी यहाँ यसको भावअनुवाद पनि प्रस्तुत गरौंः 'विश्वासद्वारा धर्मी ठहरिएको व्यक्ति जिउनेछ।'

### घ) हबक्कूक २:५-१९: कल्दीहरूका पापहरूको सूचि

#### अ) हबक्कूक २:५-८: विजयमाथि विजय प्राप्त गर्ने तिनीहरूको कहिल्यै नमेटिने भोक

**हबक्कूक २:५:** रक्सी-धोकाइचाहिँ बेबिलोनको राष्ट्रिय पाप थियो; अनि निश्चय

नबूकद्नेस्सरको पनि पाप यही थियो। यसको सिलसिलामा श्री सी. एफ. कैलले के लेखेका छन् भने,

> ‘यो लत प्राचीन लेखकहरूले आफ्ना लेखहरूमा पुष्टि गरे ..., र दानियलको पुस्तकको पाँच अध्यायबाट सुस्पष्ट जानकारी मिलेको छ, कि राजा बेल-शज्जर र तिनको राज्यका प्रधानहरूले एउटा भव्य भोजमा मद्य पिउँदै गरेको बेलामा बेबिलोन जितिएको थियो।’[7]

अनि यो कुरा साँचो छ, कि बेल-शज्जर एक विजयमाथि अर्को विजय हासिल गर्ने अतृप्त तृष्णले तृषित मानिस थिए।

**हबक्कूक २:६-८:** छ पददेखि बेबिलोनको विरुद्धमा पाँचवटा हाय लिएर एउटा छेंड़ हान्ने अड़को-गीत शुरु हुन्छ। पहिलो हाय त्यसलाई, किनकि त्यसलाई आफ्नो साम्राज्य बढ़ाउने र अरू देशहरूमाथि चढ़ाइ गर्ने अभिलाषा लागेको थियो। राजा नबूकद्नेस्सरले धेरै राष्ट्रहरू जितेका थिए; तर अबचाहिँ यी राष्ट्रहरूले तिनलाई तिनको अनुचित फाइदाको निम्ति खिसी गर्नेछन्, र तिनले तिनीहरूसित जेजस्तो गर्थे, तिनीहरूले तिनीसित ठीक त्यही व्यवहार गर्नेछन् अनि बेबिलोनमाथि अत्याचार गर्नेछन् र त्यो देश लुट्नेछन्।

### आ) हबक्कूक २:९-११: तिनीहरू लोभी र घमण्डी थिए

नबूकद्नेस्सरलाई दोस्रो पल्ट हाय, किनकि तिनमा लोभ र घमण्ड थियो। तिनले आफ्नो राजवंशलाई विपत्तिको पहुँचबाट सुरक्षित राख्न खोजे; तर तिनको नीच कमाइ र तिनको क्रूरता तिनको विरुद्धमा साक्षी दिन चिच्च्याउनेथियो।

### इ) हबक्कूक २:१२-१४: रक्तपातद्वारा तिनीहरूको समृद्धि भएको

बेबिलोनका राजाको विरुद्धमा तेस्रो पल्ट हाय! किनकि प्रतापी हुने तिनको लालच थियो र तिनका रक्तपात गर्ने युक्तिहरू थिए। बेबिलोनका शहरहरू दास-श्रमद्वारा निर्माण गरिएका थिए; अनि यी बेबिलोनका शहरहरू अन्तमा एउटा ननिभ्ने आगोको आहार बन्नेथिए, अनि पृथ्वीले परमप्रभुलाई साँचो परमेश्वरको रूपमा मानिलिनेथियो।

तर यस्तो एउटा सुदिन आइरहेको छ, जब सारा संसारले एकमात्र सत्य परमेश्वरलाई स्वीकार गर्नेछ। अनि हबक्कूक २:१४ पदमा यो महिमापूर्ण दिन निम्न भविष्यवाणीको वाक्यले व्यक्त गरिएको छः *‘किनभने जसरी पानीले समुद्रलाई ढाकेको हुन्छ, त्यसरी नै पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरपूर हुनेछ।’* यो कति सुन्दर काव्यात्मक रचना हो! अनि याद रहोस्ः बिनसित्ति यो वाक्य प्रशिद्ध भएको छैन है।

### ई) हबक्कूक २:१५-१७: तिनीहरूले आफ्ना छिमेकीहरूलाई भ्रष्ट पारे

नबूकद्नेस्सरलाई चौथो पल्ट हाय! किनभने अरू मानिसहरूको निर्लज्जता देख्नको लागि तिनले अरू राष्ट्रहरू भ्रष्ट पार्नमा परपीड़क आनन्द लिन्थे; अनि तिनले यरूशलेम र यहूदा नाश गरे। छोटकरीमा भन्नु हो भने, दुईवटा मुख्य कुकर्म बढ़ाउनुमा नबूकद्नेस्सर दोषी थिएः निर्लज्ज सम्भोग र विकृत यौनक्रियाहरू, साथै क्रूरता र अत्याचार। अनि यी पापहरू र यस भ्रष्टाचारको दोष वर्तमान समयमा टेलिभिजन, चलचित्र, सोशल मिडिया र साहित्यहरूमा पनि लागेको छ।

### उ) हबक्कूक २:१८-१९: तिनीहरूले मूर्तिपूजा गरे

अन्तमा बेबिलोनका राजालाई पाँचौं हाय! अब व्यङ्ग्यका शब्दहरू लिएर बेबिलोनको मूर्तिपूजामाथि दोष लगाइयो। तिनीहरू आफैले

भनून्ः सुन र चाँदीले मोहोरिएका मूर्तिहरूबाट के लाभ, जसभित्र सासै छैन ?

### ङ) हबक्कूक २ः२०ः परमेश्वरको न्यायरूपी आँधीबेह्री आउनुभन्दा अघि ‘चुप लाग्’ भन्ने आज्ञा दिइएको

*‘परमप्रभुचाहिँ आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ; सम्पूर्ण पृथ्वी उहाँको सामु चुप रहोस् !’* यो पद लिएर कति स्थानीय मण्डलीहरूले आफ्ना विश्वासी जनहरूलाई प्रवचनको शान्त मनन गर्ने आह्वान दिन्छन्; यस पदको निम्ति सुन्दर धुन र राग पनि छ। यी शब्दहरू यस प्रकारको वातावरण सृजना गर्नको निम्ति उपयोगी होलान्; तर यी शब्दहरूको खास सन्दर्भ अर्कै छ; किनभने हबक्कूकको पुस्तकअनुसार परमप्रभुले न्यायमा आफ्नो शक्ति प्रदर्शन गर्न लाग्नुभएको थियो। अनि यही कारणले सारा पृथ्वी उहाँको सामु चुप रहनुपरेको थियो।

# खण्ड ५

# हबक्कूक ३[8]ः

# हबक्कूकले प्रार्थना गरेको र भरोसा गरेको

### क) हबक्कूक ३ः१-२ः उनले परमेश्वरलाई ‘आफ्ना जनहरूको निम्ति काम गर्नुहोस्’ भन्ने विन्ती चढ़ाए

हबक्कूकले अब परमप्रभुलाई प्रार्थना गरेका छन्। उनले परमप्रभुले विगत समयमा आफ्ना जनहरूका शत्रुहरूसँग कस्तो किसिमले व्यवहार गर्नुभएको, सो सुने; अब उहाँले आफ्ना शत्रुहरूलाई सजाय दिएर र आफ्ना जनहरूलाई बचाएर आफ्नो काम पुनर्जीवित गर्नुपर्छ; उनको अनुरोध यही थियो।

### ख) हबक्कूक ३ः३-१५ः मिस्र देशदेखि कनान देशसम्म परमेश्वरले इस्राएली जातिलाई देखाउनुभएको वास्तामाथि उनले आफ्नो सम्झना पुऱ्याएको

**हबक्कूक ३ः३-७ः** हबक्कूकले यी पदहरूमा प्रस्तुत गरेको यस सर्वाधिकारी परमेश्वरको महिमित दर्शन श्री जी. विलियम स्क्रोग्गीले ‘परमेश्वरको दर्शन दिलाउने कविता’[9] अथवा परमेश्वरको प्रकटीकरण गर्ने आत्मिक गीत भन्ने नाम दिएका छन्; हबक्कूकले यस गीतमा परमेश्वरलाई केजस्तो चित्रण गरेका छन् भने, परमेश्वर मार्चको चालमा आफ्ना शत्रुहरूको विरुद्धमा अगाड़ि बढ़्दै हुनुहुन्छ; उहाँ तिनीहरूलाई आफ्नो शक्तिमनि कुल्चँदै हुनुहुन्छ र तिनीहरूमाथि विजयी भई उहाँ महिमित हुनुभएको छ। हबक्कूकले यस गीतमा घरिघरि परमप्रभुले बितेको समयमा कसरी इस्राएली जातिका शत्रहरूलाई सजाय दिनुभएको, सो सङ्केतहरू दिँदै यस कुराको प्रसङ्ग उठाए, जस्तैः मिस्र देशबाट यहूदीहरूको प्रस्थान भएको बेलामा उहाँले मिस्र देशको न्याय गर्नुभएको, प्रतिज्ञा गरिएको देशतर्फको यात्रामा उहाँले इस्राएली जातिको विरोध गर्ने देशहरूसित व्यवहार गर्नुभएको र यहोशूले कनान देशबाट धपाउनु-परेका जातिहरूको विषयमा सङ्केत दिए।

यस प्रार्थनाको पहिलो भागमा आकाश र पृथ्वीमा परमेश्वरको महिमा र प्रतापको चमक देखा परेको छ।

यसका भौगोलिक सङ्केतहरू यस प्रकारका छन्ः तेमान, पारान पहाड़, कुशान र मिद्यान; यी सबैचाहिँ इस्राएली जातिका शत्रुहरू हुन्। उदाहरणको लागि, एदोमको यो ठूलो शहर

तेमानबाट सारा एदोम देश बुझिन्छ भने, कुशानचाहिँ 'कूश' अर्थात् इथियोपिया होला।

**हबक्कूक ३:८-११:** यी वचनहरूमा परमेश्वरको ठूलो शक्तिमाथि जोड़ दिइएको छ, जुन शक्तिचाहिँ विशेष गरी नदीहरू, समुद्रहरू र पहाड़हरूमाथि प्रकट भएको छ।

अनि एघार पदले गिबोनमा भएको प्रख्यात घटनासित सम्बन्ध राख्छ, जुन समयमा परमप्रभुले यहोशूलाई लड़ाइँ जित्न पूरा सहायता गर्नुभयो र आकाशमा एउटा शक्तिशाली आश्चर्यकर्म गर्नुभयो (यहोशू १०:१२)।

**हबक्कूक ३:१२-१५:** यहाँ, यस खण्डमा परमेश्वरले इस्राएली जातिको पक्ष लिएर कदम बढ़ाउँदै देशबाट प्रस्थान गर्नुभयो र क्रोधमा तिनीहरूका शत्रुहरूलाई कुल्चीमिल्ची पार्नुभएको देखिन्छ।

अनि पन्ध्र पदको सन्दर्भचाहिँ इस्राएलीहरूले लाल समुद्र पार गरेको घटना हो (प्रस्थान १४); त्यस बेलामा परमेश्वरका जनहरूका दुवै पट्टीमा पानीको ठूलो चुली खड़ा थियो; तर उनीहरू सुक्खा जमिनबाट भएर लाल समुद्र पार जाँदैथिए। हबक्कूकले यस दर्शनमा के देखे? उनले परमेश्वरलाई आफ्ना घोड़ाहरू लिएर समुद्र पार गर्नुभएको देखे।

### ग) हबक्कूक ३:१६: शत्रुले सजाय कहिले भोग्ला; उनले यसको बाटो हेरेको

जब भविष्यवक्ताले बेबिलोनी आक्रमण-कारीहरूको न्यायको विषयमा यो कुरा सुने, तब उनी थरथर कामे, र उनले त्यस न्यायको घड़ीको निम्ति चुपचापसित पर्खने संकल्प गरे।

### घ) हबक्कूक ३:१७-१९: जुनसुकै घटना घटोस्, यसको पर्बाह थिएन; किनकि उनले जुनसुकै अवस्थामा परमेश्वर र उहाँको शक्तिमाथि भरोसा गर्नेथिए

त्यस दिनसम्म भविष्यवक्ता हबक्कूक र उनको जातिका मानिसहरूले बेबिलोनी हमलाको धावाबाट जस्तासुकै परीक्षा र सङ्कष्टहरू सहनुपरे ता पनि ...

*'चाहे नेभाराको रूखमा फूल नफुलोस्*
*र दाखका बोटहरूमा कुनै फल नलागोस्;*
*चाहे चैतुनको रूखको मेहेनत खेर जाओस्*
*र खेतबारीहरूले खानेकुरा नउब्जाऊन्,*
*चाहे खोरबाट भेड़ाबाख्राहरू नष्ट होऊन् र*
*गोठहरूमा केही गाईबस्तु नरहून्'*

... उनी परमप्रभुमा रमाउनेछन् र उनको उद्धारका परमेश्वरमा हर्षित हुनेछन्। उनको आनन्दको विषयमा श्री जे. सिड्लो बाक्स्टरले यसो भनेका छन्:

> 'लौ, हामी यस वाक्यको अक्षरशः रूप पनि पेस गरौं: "म परमप्रभुमा आनन्दको गद्गदले उफ्रनेछु; म मेरो उद्धारका परमेश्वरमा आनन्दले चक्कर लाउँदै नाच्नेछु"। ओहो, उनको विश्वासको प्रफुल्लता कति भएको, र कहाँसम्म पुगेको! सबैभन्दा खराब परिस्थितिहरूमा सबैभन्दा ठूलो आम्न्दको अनुभव! कत्रो विजय! यस्तो विजय हाम्रो भएको होस्'![10]

## ENDNOTES:

**1) Introduction:** Charles Lee Feinberg, Habakkuk, Zephaniah, Haggai and Malachi, p. 12.

**2) Introduction:** Most people accent the name on the first syllable, but accenting the second syllable is preferred in English. In Hebrew the last syllable is accented (Ha-ba- KOOK).

**3) Introduction:** C. L. Feinberg, Habakkuk, p. 11.

**4) 1:5–11:** C. L. Feinberg, Habakkuk, p. 17.

**5) 1:12–17:** J. E. Evans, further documentation unavailable.

**6) 2:2-3 :** A. J. Pollock, further documentation unavailable. When verse 3 is quoted in the New Testament in Hebrews 10:37, the "it" (i.e., the vision) becomes "He" (i.e., the Lord), who will surely come and will not tarry.

**7) 2:5:** C. F. Keil, "Habakkuk," in Biblical Commentary on the Old Testament, Vol. 25, pp. 74, 75.

**8) Chap. 3:** This lovely chapter was set to music by the Jews and used in their worship service.

**9) 3:3–7:** W. Graham Scroggie, "Habakkuk," in Know Your Bible, Vol. 1, The Old Testament, p. 196.

**10) 3:17–19:** J. Sidlow Baxter, Explore the Book, p. 212.

## BIBLIOGRAPHY

De Haan, Richard W. *Song in the Night*. Grand Rapids: Radio Bible Class (booklet), 1969.

Feinberg, Charles Lee. *Habakkuk, Zephaniah, Haggai and Malachi*. New York: American Board of Missions to the Jews, 1951.

Kelly, William. *Lectures Introductory to the Study of the Minor Prophets*. London: C. A. Hammond Trust Bible Depot, n.d.

Keil, C. F. "Habakkuk." In *Biblical Commentary on the Old Testament*. Vol. 25. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Scroggie, W. Graham. "Habakkuk." In *Know Your Bible*. Vol. 1. The Old Testament. London: Pickering & Inglis Ltd., n.d.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 3. Reprint (3 vols.). Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# सपन्याहको पुस्तकको टिप्पणी

# सपन्याहको पुस्तकको भूमिका

*'कसैले भविष्यवक्ताहरूका सबै रहस्यमय वाणीहरू छोटो-मीठो प्रकारले पढ्न चाहन्छ भने, उसले सपन्याहको सानो पुस्तक पढ़ोस् ।'*

*श्री मार्टिन बुसर (इस्वी संवत् १५२८)*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

धेरै मानिसहरू दर्शक छन्, जसले शाही परिवारमा के-के भइरहेको छ, यस कुरामा चासो लिन्छन् र कुलीनहरूले के-के गरिरहेका छन्, सो ध्यानसित हेर्छन्। सपन्याहचाहिँ असल राजा हिजकियाह[1] को खनाति थिए र यसकारण हालैमा राज्य गरिरहेका ईश्वरभक्त राजा योशियाहको टाढ़ा नाता पर्ने भाइ पो थिए। यसकारण सम्भव छ, कि सपन्याह यस राजसभाको सदस्य भए होलान्। तर दुःख-लाग्दो कुरा के हो भने, यी दुईजना धर्मी राजाहरूका शासनकालहरूको बीचमा दुष्ट राजाहरू मनस्से र आमोनले आधा शताब्दी-भन्दा बढ़ी कुशासन गरे। अनुमान गरिन्छ, कि दक्षिणको राज्य यहूदाको राजधानी यरूशलेममा सपन्याहसँग राजदरबारमा प्रवेश गर्ने अनुमति थियो होला।

### ख) यस पुस्तकको लेखक को हुन् ?

कूशीको छोरा सपन्याहको विषयमा हामीसँग एकदम थोरै ज्ञान छ। उनको नामको अर्थ 'जसलाई परमप्रभुले लुकाउनुहुन्छ' हो, जसको अर्थ 'जसलाई परमप्रभुले रक्षा गर्नुहुन्छ' अथवा नभए 'जसलाई परमप्रभुले आफ्नो धन सम्झेर जोहो गर्नुहुन्छ' पनि हो। अनि हामीले उनको विषयमा भनिसक्यौं, कि उनको वंशावलीचाहिँ सीधा राजकीय वंशकहाँ फर्क्यो। अनि उनले परमप्रभुको दिनको नक्सामा अति उदास रङ्ग भरेर कालो कागजमा सेतो रङ्गले कोर्न मन पराए, तर इस्राएली जातिको भावी महिमाको विषयमा र अन्यजातिहरू परमप्रभुकहाँ फर्कने विषयमा धेरै उज्ज्वल पूर्वझलकहरू प्रकट गरे। श्री जी. बी. हेविटले स्पष्ट पारेका छन्, कि भविष्यवक्ता सपन्याहले कुरा घुमाएर भन्दैनथिए। किनकि यस विषयमा तिनले यसो लेखेका छन्ः

> 'सपन्याहले आफ्नो पुस्तकमा प्रयोग गरेको भाषाको विषयमा उनले कुनै मध्यमार्ग अपनाउँदैनथिए, कुनै सम्झौता गर्दैनथिए। उनले सीधा आएर पापको दोष देखाइदिए र पूरा निर्भयताको साथ परमेश्वरको न्याय घोषणा गर्दैथिए; अनि अन्तमा, उनले आत्माको प्रेरणाले युक्त र आशाले भरिएको एउटा गीतको साथ र ख्रीष्टको हजार वर्षको राज्यको उद्घाटनमाथि पूर्वदृष्टि लगाएरै आफ्नो पुस्तक समाप्त गरे'।[2]

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

सपन्याहचाहिँ राजा योशियाहको शासन-कालमा अर्थात् ख्रीष्टपूर्व ६४०-६०९ सालमा सेवारत थिए। के उनले यो पुस्तक ख्रीष्टपूर्व ६२१ सालको ठूलो आत्मिक जागृतिभन्दा अघि लेखे ? अथवा के उनले यो पुस्तक त्यस

जागृतिको पछि लेखे? यसको विषयमा विश्वासयोग्य विद्वान्‌हरूको बीचमा एकमत पाइँदैन। मानौं उनले यो पुस्तक त्यस जागृतिभन्दा पहिले लेखे, तब उनको भविष्यवाणीबाट त्यस आत्मिक जागृतिलाई ठूलो टेवा मिलेको हुनुपर्छ। तर यस पुस्तकमा कति सानातिना कुराहरू लेखिएका छन्, जुन कुराहरूले यस पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्व ६२१ सालपछि भएको सुझाउ दिन्छन्, जस्तैः व्यवस्थाको पुस्तक भर्खर फेला परेको कुरा आदि। अनि सपन्याह २ः१३ पदअनुसार नीनवे शहर अझै नाश भएको थिएन, जसको विनाश ख्रीष्टपूर्व ६१२ सालमा भएको थियो। यसर्थ ख्रीष्टपूर्व ६१२ सालभन्दा अघि यस पुस्तकको लेख्ने मितिचाहिँ यस तथ्यको माग हो। यसो हो भने, यो पुस्तक ख्रीष्टपूर्व ६२१ र ६१२ सालको बीचमा लेखिएको हुनुपर्ला।

## घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन्?

हुन सक्छ, सपन्याहले सायद यरूशलेमबाट भविष्यवाणी गर्दैथिए; (सपन्याह १ः४ पद-अनुसार 'यस ठाउँबाट')। अनि उनको भविष्यवाणीको ऐतिहासिक पृष्ठभूमि २ राजा २१-२३ अध्यायहरूमा र यर्मियाको पुस्तकका शुरुका अध्यायहरूमा पाइन्छः

'सपन्याहले के देखे भने, उनले हूलैहूल डरलाग्दा-डरलाग्दा सिथियावासीहरूलाई क्षितिजबाट उठेका र तिनीहरूलाई तिनीहरूको द्रुतगति र आतङ्क फैलाउने चालमा आइरहेका देखे। ...। यहूदाको परिस्थिति नाजुक, अँ, साह्रै कठिन थियो; किनभने यसका साधन र उपायहरू साना र थोरै थिए; यसैले यत्रा महान् साम्राज्यहरूमाथि विजय हासिल गर्ने यसकै आशा छँदैथिएन। किनकि जब यहूदाको उत्तर र दक्षिणमा ठूला-ठूला देशहरूले संसारमाथि प्रभुत्व गर्ने होड़बाजी गर्दैथिए, तब मिस्र देश र अश्शूरको बीचको भूभागमा परेका कमजोर राष्ट्रहरू लड़ाइँबाट छोड़िँदैनथिए र धेरै पल्ट बरबाद भए। चारैतिर उर्लिरहेको अशान्तिको विषयमा जान्ने सपन्याहचाहिँ धार्मिकताको प्रचारक बने, र उनले कड़ा भर्त्सनाको साथ आफ्नो जमानाका खराबीहरूको दोष देखाए।' 3)

उनले आफ्नो यस सानो पुस्तकमा सात पल्ट 'परमप्रभुको दिन' भन्ने शब्द प्रयोग गरे। किनकि यस शब्दले यस पुस्तकको विषय-वस्तु स्पष्ट पार्छः यहूदामाथि यसको अनाज्ञाकारिताको खातिर परमेश्वरको न्याय आइपर्दैथियो। अनि अर्को कुञ्जी-शब्दहरू 'ईर्ष्या' र 'बीचमा' हुन्। परमेश्वर कुन प्रकारले ईर्ष्यालु हुनुहुन्छ त? उहाँ आफ्ना जनहरूको मूर्तिपूजाको विषयमा नाराज हुनुहुन्थ्यो। अनि सपन्याह ३ः५ पदअनुसार परमप्रभु यस जातिको बीचमा पहिले धर्मी न्यायकर्ता हुनुहुन्छ; र त्यसपछि उहाँ तिनीहरूको बीचमा महाराजाको भूमिका निभाउनुहुन्छ, जसले तिनीहरूका शत्रुहरूलाई हार खुवाउनुहुनेछ (३ः१५)।

## रूपरेखाः

**खण्ड १) सपन्याह १ः परमेश्‍वरको न्याय गर्ने दृढ़ संकल्प**

**क) सपन्याह १ः१-३ः** परमप्रभुले सम्पूर्ण पृथ्वीलाई न्याय गर्नुहुनेछ

**ख) सपन्याह १ः४-६ः** परमप्रभुले यहूदा र यरूशलेमलाई तिनीहरूको मूर्तिपूजाको खातिर न्याय गर्नुहुनेछ

**ग) सपन्याह १ः७-१३ः** परमप्रभुको दिनले यहाँ एउटा बलिदानको चित्र लिएको छ

**अ) सपन्याह १ः७ः** यस बलिदानमा निम्तो पाएका पाहुनाहरू यहूदाका शत्रुहरू थिए

**आ) सपन्याह १ः८-१३ः** अनि त्यो बलिपशुचाहिँ यहूदाका दुष्ट मानिसहरू थिए

**घ) सपन्याह १ः१४-१८ः** आहा, परमप्रभुको दिनबाट कत्रो आतङ्क आउँछ !

**खण्ड २) सपन्याह २ः१-३ः यहूदाका मानिसहरूको निम्ति आह्वानः तिनीहरूले पश्‍चात्ताप गर्नुपर्छ**

**खण्ड ३) सपन्याह २ः४-१५ः अन्यजातिहरूको विनाश**

**क) सपन्याह २ः४-७ः** पलिस्तीहरूको विनाश

**ख) सपञ्याहृ २ः८-११ः** मोआबीहरू र अम्मोनीहरूको विनाश

**ग) सपन्याह २ः१२ः** इथियोपियालीहरूको विनाश

**घ) सपञ्याहृ २ः१३-१५ः** अश्‍शूरीहरू र विशेष गरी नीनवे शहरको विनाश

**खण्ड ४) सपन्याह ३ः१-७ः यरूशलेमलाई हाय !**

**क) सपन्याह ३ः१-२ः** त्यसको अनाज्ञाकारिताको खातिर, त्यसले सकारात्मक प्रतिक्रिया नजनाएको खातिर, त्यसको अविश्‍वासको खातिर, र त्यसले पश्‍चात्ताप नगरेको खातिर त्यसलाई हाय !

**ख) सपन्याह ३ः३ः** त्यसका शासकहरू र न्यायकर्ताहरूको लोभको खातिर त्यसलाई हाय !

**ग) सपन्याह ३ः४ः** त्यसका अगमवक्ताहरूको हल्कापन र विश्‍वासघातको खातिर अनि पूजाहारीहरूको अपवित्रताको खातिर त्यसलाई हाय !

**घ) सपन्याह ३ः५-७ः** न्याय हुँदा परमप्रभु उपस्थित हुनुहुन्छ

**खण्ड ५) सपन्याह ३ः८-२०ः बाँकी रहेको भागरूपी विश्‍वासयोग्य मानिसहरूलाई सान्त्वनाको सन्देश छ**

**क) सपन्याह ३ः८ः** दुष्ट अन्यजातिहरू नाश हुनेछन्

**ख) सपन्याह ३ः९ः** बाँकी रहेका जातिहरू परमप्रभुकहाँ फर्कनेछन्

**ग) सपन्याह ३ः१०-१३ः** तितरबितर भएको इस्राएली जाति फेरि आफ्नो देशमा पुनर्स्थापित हुनेछ

**घ) सपन्याह ३ः१४-१७ः** ख्रीष्टको दोस्रो आगमन कत्रो आनन्दको कारण हो !

**ङ) सपन्याह ३ः१८-२०ः** त्यस समयमा परमेश्‍वरले आफ्ना जनहरूको निम्ति के-के गर्नुहुनेछ ?

# सपन्याहको पुस्तकको टिप्पणी

## खण्ड १

## सपन्याह १ः

## परमेश्वरको न्याय गर्ने दृढ़ संकल्प

### क) सपन्याह १ः१-३ः परमप्रभुले सम्पूर्ण पृथ्वीलाई न्याय गर्नुहुनेछ

भविष्यवक्ताहरूको निम्ति आफ्ना बुबा र कहिलेकाहीं आफ्ना हजुरबुबा वा आफ्ना बाजेको नाम राख्नु सामान्य कुरा थियो; किनकि यहूदीहरू वंशावलीमा ध्यान दिने धेरै पुर्खौलीबद्ध मानिसहरू थिए। तर कूशीका छोरा सपन्याहले चाहिँ यहाँ आफ्नो वंशावली चारवटा पुस्ताहरूसम्म पेस गरेका छन्; किनभने निस्सन्देह उनले आफैचाहिँ आफ्ना पूर्वज राजा हिजकियाहको खनाति, तिनको शाही वंशको मानिस भएको कुरा हामीलाई थाहा दिन चाहे।

यस अध्यायले समग्र रूपले सारा देशको विनाश वर्णन गर्छ, त्यसपछि विशेष गरी यरूशलेम र यहूदाको विनाश वर्णन गर्छ। किनकि परमेश्वरले सारा देश उजाड़ पारिदिनुहुनेछ।

### ख) सपन्याह १ः४-६ः परमप्रभुले यहूदा र यरूशलेमलाई तिनीहरूको मूर्तिपूजाको खातिर न्याय गर्नुहुनेछ

यहूदाका बासिन्दाहरूलाई तिनीहरूको मूर्तिपूजाको खातिर दण्ड दिइनेछ; किनभने तिनीहरूले बाल देवताको पूजा गर्ने गर्थे, तिनीहरूले तारागणको पूजा गर्ने गर्थे, र तिनीहरूले अम्मोनीहरूका देवता मल्कोमको पूजा गर्ने गर्थे।

### ग) सपन्याह १ः७-१३ः परमप्रभुको दिनले यहाँ एउटा बलिदानको चित्र लिएको छ

#### अ) सपन्याह १ः७ः यस बलिदानमा आउने निम्तो पाएका पाहुनाहरू यहूदाका शत्रुहरू थिए

परमप्रभुले एउटा बलिदान तयार पार्नु-भएको छ; अनि यसमा यहूदा त्यो बलिपशु थियो, र बेबिलोनीहरू यस भोजमा उहाँका पाहुनाहरू हुन्।

#### आ) सपन्याह १ः८-१३ः अनि त्यो बलिपशुचाहिँ यहूदाका दुष्ट मानिसहरू थिए

परमेश्वरले यहूदाका मानिसहरूलाई तिनीहरूको मूर्तिपूजक पहिरन र तिनीहरूका अन्यजाति चालहरूको खातिर अनि तिनीहरूको अत्याचार र छलको खातिर दण्ड दिनुहुनेथियो। राजधानीका विभिन्न

क्षेत्रहरूबाट, अँ, माछाको मूलढोका, दोस्रो वार्ड र पहाड़हरूबाट रोइकराइको चर्को आवाज उठ्नेछ, जब आक्रमणकारीहरूले मानिस-हरूलाई मार्दै र लुटपाट गर्दैथिए।

**घ) सपन्याह १:१४-१८: आहा, परमप्रभुको दिनबाट कत्रो आतङ्क आउँछ!**

पवित्र बाइबलभरि यहाँ, यस खण्डमा परमप्रभुको दिनको सबैभन्दा सजीव चित्रण गरिएको छ; किनभने यो त परमेश्वरको क्रोधको दिन हो, किनकि त्यस दिनमा उहाँको क्रोध मानिसहरूमाथि आइपर्नेछ, तिनीहरूको दुष्टताको खातिर। उहाँको क्रोध विशेष गरी यहूदाका मानिसहरूमाथि आइपर्नेछ। यो दिन लड़ाइँ, सङ्कष्ट र काटमारको दिन हुनेछ। एक ल्याटिनको उत्कृष्ट भजन छ, जुनचाहिँ पन्ध्र र सोह्र पदमा आधारित छः

> 'इस्वी सम्वत् १२५० सालमा सेलानोका थोमाले पन्ध्र पद लिएर 'डिएस इराए, डिएस इल्ला' नामक आफ्नो प्रशिद्ध न्याय-भजन लेखे, जसको अर्थ होः 'त्यो दिन क्रोधको दिन हो। हो, त्यो दिन क्रोधको दिन हुने रहेछ, अँ, समस्या, सङ्कष्ट, विनाश र उजाड़ताको दिन हुँदो रहेछ, (विनाश र उजाड़ताको निम्ति यहाँ हिब्रू भाषामा 'शोआह' र 'मशोआह' भन्ने शब्द प्रयोग गरिएका छन्, जुन शब्दहरूको ध्वनि उस्तै सुनिन्छ; अनि यस एकस्वरताले यहाँ यस विनाशको विरक्त एकनाशता देखाउन खोज्यो), साथै त्यो दिन अन्धकार, उदासी, बादलहरू, घोर अन्धकार, अनि घेरिएका शहरहरू र अग्ला-अग्ला कुने-धरहराहरूको विरोधमा तुरही र ललकार सुन्ने दिन हुँदो रहेछ।'[4]

परमेश्वर आफ्ना जनहरूको स्नेह र माया पाउन ईर्ष्यालु हुनुहुन्छ, र उहाँ सबै जारी प्रतिद्वन्दीहरूलाई दण्ड दिनुहुने नै छ।

# खण्ड २

# सपन्याह २:१-३:

## यहूदाका मानिसहरूको निम्ति आह्वानः तिनीहरूले पश्चात्ताप गर्नुपर्छ

परमेश्वरले यस चाहना नगरिएका जातिलाई पश्चात्ताप गर्ने आह्वान दिनुहुन्छ। (अनि यो चाहना नगरिएका जाति एन.के.-जे.वी.को किनारामा निर्लज्ज जाति पो भएछ)। अनि तीन पदको सन्दर्भचाहिँ यहूदीहरूको बाँकी रहेको भाग, ती धर्मी जनहरू भएका देखिन्छ। तिनीहरूले परमप्रभुको खोजी गरे भने तिनीहरू परमप्रभुको बल्दो रिसको दिनमा लुकाइनेछन् र उहाँको न्यायबाट उम्कनेछन्।

# खण्ड ३

# सपन्याह २:४-१५:

## अन्यजातिहरूको विनाश

**क) सपन्याह २:४-७: पलिस्तीहरूको विनाश**

चार पददेखि पन्ध्र पदसम्मको खण्डमा पूर्व, पश्चिम, उत्तर र दक्षिणमा इस्राएल देशको वरिपरि बसेका राष्ट्रहरूमाथि न्याय कसरी आइपर्ने हो, यसको पूर्वजानकारी दिइएको छ।

अनि तिनीहरूमध्ये पहिलो जाति पलिस्तीहरू हुन्; तिनीहरूको अर्को नाम 'करेतीहरू' पनि हो। तिनीहरूका शहरहरू गाजा, अश्कलोन र अश्दोद कुनै बासिन्दा नहुने गरी त्यागिनेछन् र उजाड़ हुनेछन्। तिनीहरू नष्ट हुनेछन्, र तिनीहरूको देश यहूदाले चरन र खर्कको रूपमा पो प्रयोग गर्ने रहेछ।

### ख) सपन्याह २:८-११: मोआबीहरू र अम्मोनीहरूको विनाश

त्यसपछि मोआब र अम्मोनको पालो आउँछ। परमेश्वरले आफ्ना जनहरूको विरुद्धमा तिनीहरूका अपमान र डीङका शब्दहरू सुन्नुभयो। तिनीहरूलाई उजाड़ अवस्थामा छोड़िनेछ, र परमेश्वरका जनहरूबाट बाँकी रहेको भाग मानिसहरूले त्यहाँ बसोबास गर्नेछन्। अनि एघार पदले आफ्नो पूर्वदृष्टि ख्रीष्टको हजार वर्षको राज्यका अवस्थाहरूमाथि लगाएको छ; किनभने त्यस समयमा परमप्रभुले पृथ्वीका सबै देवताहरूलाई पिलन्धरे तुल्याउनुहुनेछ।

### ग) सपन्याह २:१२: इथियोपियालीहरूको विनाश

इथियोपियाले परमेश्वरको तरवारद्वारा, जुन तरवारचाहिँ बेबिलोनका राजा हुन्, दण्ड भोग्नेछ। अनि श्री सी. एल. फाइनवर्गजस्तै अरू कोही पनि छन्, जसले यी कूशीहरू मिस्र देशसँग जोड्छन्:

> 'इथियोपियाको भाग्य मिस्र देशसँग बाँधिएको थियो, जुन मिस्र देश बेला-बेलामा इथियोपियाका राजवंशहरूको अधीनतामा रहेको थियो। यस सम्बन्धमा यर्मिया ४६:९ अनि इजकिएल ३०:५ र ९ पद याद गर्नुहोस्। यसकारण कूशीहरूको शब्दले मिस्र देश सङ्केत गरेको हो भन्ने धारणाको निम्ति उचित कारण भएको देखिन्छ।' 5)

### घ) सपन्याह २:१३-१५: अश्शूरीहरू र विशेष गरी नीनवे शहरको विनाश

अनि राजा नबूकद्नेस्सरले अश्शूर देश पनि नाश गर्नेछन्। अनि नीनवे शहरचाहिँ पशुहरू र चराहरूको शरणस्थान हुनेछ, र त्यसको छेउबाट भएर जाने हरेकले खिसी गर्नेछ र आफ्नो मुड्की हल्लाउनेछ।

# खण्ड ४

# सपन्याह ३:१-७:

## यरूशलेमलाई हाय !

### क) सपन्याह ३:१-२: त्यसको अनाज्ञाकारिताको खातिर, त्यसले सकारात्मक प्रतिक्रिया नजनाएको खातिर, त्यसको अविश्वासको खातिर, र त्यसले पश्चात्ताप नगरेको खातिर त्यसलाई हाय !

यरूशलेम शहरलाई यहाँ एउटी स्त्रीसँग तुलना गरिएको छ; त्यो शहर विद्रोही, अशुद्ध र अत्याचारी हुने दोषले पूरा दोषी थियो। त्यसले उहाँको आज्ञापालन गरेन; त्यसले परमप्रभुमाथि भरोसा राखेन; त्यो आफ्ना परमेश्वरको नजिक आएन।

### ख) सपन्याह ३:३: त्यसका शासकहरू र न्यायकर्ताहरूको लोभको खातिर त्यसलाई हाय !

त्यसका शासकहरू गर्जने सिंहहरू थिए र त्यसका न्यायकर्ताहरू साँझका ब्वाँसाहरू-जत्तिकै लोभी थिए।

**ग) सपन्याह ३ः४ः त्यसका अगमवक्ताहरूको हल्कापन र विश्वासघातको खातिर अनि पूजाहारीहरूको अपवित्रताको खातिर त्यसलाई हाय !**

त्यसका अगमवक्ताहरू अविश्वासयोग्य थिए र त्यसका पूजाहारीहरू अपवित्र थिए। यिनीहरूको विषयमा श्री सी. एल. फाइनवर्गले निम्न टिप्पणी गरेका छन्ः

'यस पुस्तकमा केवल ३ः४ पदमा अगमवक्ताहरूलाई दोष देखाइदिइएको छ। यिनीहरूलाई गम्भीर नभएको दोष लागेको थियो; किनभने यिनीहरूले महत्त्वपूर्ण विषयहरूसित पनि मामुली व्यवहार गर्दैथिए। यिनीहरूको जीवन र शिक्षाको कुरा गर्नु हो भने, त्यसमा कुनै गम्भीरता थिएन, यिनीहरू निष्ठावान् थिएनन्। यिनीहरू विश्वासघाती थिए; किनभने यिनीहरू परमप्रभुप्रति विश्वासयोग्य थिएनन्, जसका प्रतिनिधि हौं भनेर यिनीहरूले दाबी गर्थे। होइन, होइन, यिनीहरूले बरु त्योभन्दा बढ़ी मानिसहरूलाई परमप्रभुबाट पछि हट्न सहायता दिन्थे र तिनीहरूलाई तिनीहरूको भक्तिहीनतामा प्रोत्साहन दिने गर्थे। यिनीहरूले आफ्ना अपवित्र कामहरूद्वारा पवित्रस्थानलाई अपवित्र तुल्याउँथे। यसरी यिनीहरूले पवित्र थोक अपवित्र थोक तुल्याए। यिनीहरूले मानिसहरूलाई शिक्षा दिँदा मोशाको व्यवस्थामाथि बल गरेर त्यसको बेप्रयोग गरे र त्यसको उद्देश्य अनि त्यसको सरल र सुस्पष्ट अर्थ बिगारिदिए।' 6)

**घ) सपन्याह ३ः५-७ः न्याय हुँदा परमप्रभु उपस्थित हुनुहुन्छ**

त्यसको यत्रो पाप र भ्रष्टाचार भए पनि परमप्रभु त्यसको बीचमा हुनुहुन्थ्यो, र उहाँले त्यसको धर्ममय न्याय गर्नुहुनेथियो। उहाँले अरू राष्ट्रहरूलाई दण्ड दिनुभयो, यस उद्देश्यले कि त्यसबाट यहूदाले पक्कै पनि उहाँको डर मान्न सिक्नेछ; तर भएन। मानिसहरू झन्-झन् भ्रष्ट भए।

# खण्ड ५

## सपन्याह ३ः८-२०ः

## बाँकी रहेको भागरूपी विश्वासयोग्य मानिसहरूलाई सान्त्वनाको सन्देश छ

**क) सपन्याह ३ः८ः दुष्ट अन्यजातिहरू नाश हुनेछन्**

यहूदाबाट बाँकी रहेको भागरूपी विश्वासयोग्य मानिसहरूलाई आग्रह गरिन्छः 'तिमीहरूले त्यस दिनसम्म मेरो बाटो हेर्दैबस'; किनभने परमेश्वरले एक दिन आफ्ना सबै शत्रुहरूलाई आफ्नो जलनको आगोले नाश गर्नुहुनेछ।

**ख) सपन्याह ३ः९ः बाँकी रहेका जातिहरू परमप्रभुकहाँ फर्कनेछन्**

*'किनकि तब सबै मानिसहरूले परमप्रभुको नाम पुकारून् र एउटै मनले उहाँको सेवा गरून भन्ने हेतुले म जाति-जातिका मानिसहरूलाई एउटा शुद्ध भाषा दिनेछु।'* अब यस पदमा भनिएको 'शुद्ध भाषा'को कुरा आयो। मलाई के लाग्छ भने, यस शुद्ध भाषाको प्रसङ्गले विश्वभरिका सबै मानिसहरूका ओठहरू समेट्दैन होला; तर त्यो त तिनीहरूका ओठहरू हुनुपर्ला, जसले आफूलाई मूर्तिपूजाद्वारा अशुद्ध पारेनन्, तर जुन ओठहरू परमप्रभुको प्रशंसाले शुद्ध र पवित्र पारिए। सबै जातिका मानिसहरूले एकै मनले उहाँको सेवा गर्नेछन्।

**ग) सपन्याह ३:१०-१३: तितरबितर भएको इस्राएली जाति फेरि आफ्नो देशमा पुनर्स्थापित हुनेछ**

त्यस ख्रीष्टको हजार वर्षको राज्यको सुनौलो दिनमा अन्यजातिहरूले तितरबितर भएका यहूदीहरूलाई भेटीको रूपमा इस्राएल देशमा परमप्रभुकहाँ फर्काएर ल्याउनेछन्। अनि दुष्ट मानिसहरू, जो आफ्नो घमण्डमा रमाउँछन्, यहूदाबाट नाश हुनेछन्, र यसकारण यस्ताहरूले फेरि इस्राएली जातिबाट बाँकी रहेको भागरूपी विश्वासी जनहरूलाई भयभीत तुल्याउनेछैनन्। अनि यी बाँकी रहेकाहरूचाहिँ नम्र र दीन हुनेछन्, र उनीहरूले परमप्रभुको नाममाथि भरोसा राख्नेछन्, र उनीहरू एउटा धर्मी जीवन जिउनेछन्।

**घ) सपन्याह ३:१४-१७: ओहो, ख्रीष्टको दोस्रो आगमन कत्रो आनन्दको कारण हो!**

यस खण्डमा, चौध पददेखि बीस पदसम्म, पुनर्स्थापित भएको इस्राएली जातिको एउटा गीत प्रस्तुत गरिएको छ। तिनीहरूले परमप्रभुको स्तुतिप्रशंसा गरेका छन्, जसले तिनीहरूलाई शक्तिशाली छुटकाराले उद्धार गर्नुभयो, र तिनीहरूले उहाँलाई उहाँका जनहरूलाई देखाउनुभएको प्रेमको निम्ति तारिफ गरेका छन्। सियोनकी छोरीसँग हर्षले चिच्च्याउन, जयजयकार गर्न, सम्पूर्ण हृदयले आनन्दित हुन र रमाउने धेरै कारणहरू छन्। किनकि यसका शत्रुहरू निकालिएका छन्, यति मात्र होइन, तर परमप्रभु यसको बीचमा बस्नुहुन्थ्यो, मसीह राजाको रूपमा विराजमान भएर। यसकारण सियोनकी छोरीको निम्ति लुलो हुने र डराउने कुनै कारण रहनेछैन; किनकि यी सामर्थी परमेश्वर यसलाई प्रेम गर्नुभएकोमा ढुक्कै हुनुहुनेछ।

**ङ) सपन्याह ३:१८-२०: त्यस समयमा परमेश्वरले आफ्ना जनहरूको निम्ति के-के गर्नुहुनेछ?**

चाँड़ै मानिसहरूमाथि न्याय आइपर्नेछ। यसकारण परमप्रभुले एउटा बलियो प्रतिज्ञा दिएर यो भविष्यवाणी अन्त्याउनुहुन्छः बाँकी रहेका ईश्वरभक्त मानिसहरूको भाग्यको भाटा पूरा ज्वारमा परिवर्तन हुनेछ। उनीहरूको निन्दा र तोकिएको सभामा उपस्थित हुन नपाएको उनीहरूलाई लागेको शोकको सट्टामा कैदबाट फर्केर आएकाहरूले उनीहरू शर्ममा पारिएको हरेक देशमा प्रशंसा र सुनाम पाउनेछन्।

## ENDNOTES:

1) **Introduction:** The "Hizkiah" in 1:1 of KJV is exactly the same spelling as Hezekiah in the original Hebrew.
2) **Introduction:** J. B. Hewitt, Outline Studies in the Minor Prophets, p. 45.
3) **Introduction:** J. B. Hewitt, Outline Studies in the Minor Prophets, p. 44.
4) **1:14–18:** Charles Lee Feinberg, Habakkuk, Zephaniah, Haggai, Malachi, p. 50.
5) **2:12:** C. L. Feinberg, Habakkuk, Zephaniah, Haggai, Malachi, p. 59.
6) **3:4:** C. L. Feinberg, Habakkuk, Zephaniah, Haggai, Malachi, p. 64.
7) **3:8:** Zephaniah 3:8 is the only verse in the original text of the OT which contains all the letters of the Hebrew alphabet.

## BIBLIOGRAPHY

Feinberg, Charles Lee. *Habakkuk, Zephaniah, Haggai and Malachi*. New York: American Board of Missions to the Jews, Inc., 1951.

_____. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Hewitt, J. B. *Outline Studies in the Minor Prophets*. West Glamorgan, U.K.: Precious Seed Publications, n.d.

Keil, C. F. "Zephaniah." In *Biblical Commentary on the Old Testament*. Vol. 26. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kelly, William. *Lectures Introductory to the Study of the Minor Prophets*. London: C. A. Hammond Trust Bible Depot, n.d.

Morgan, G. Campbell. *The Minor Prophets*. Old Tappan, N.J.: Fleming H. Revell Company, 1960.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 3. Reprint (3 vols.). Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# हाम्रौको पुस्तकको

# टिप्पणी

# हाग्गैको पुस्तकको भूमिका

*'मेरो विचारमा, हाग्गैजस्तै थोरै भविष्यवक्ताहरू मात्र होलान्, जसले यति छोटो सीमित ठाउँमा यति धेरै सार्वजनिक आत्मिक ज्ञान हाल्न सके ।'*

श्री फ्र्यान्क ई. गेबेलाइन

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

पुरानो नियमका सबैभन्दा साना पुस्तक-हरूमध्ये यस पुस्तकको स्थान दोस्रो हो । अनि यस पुस्तकको जोड़ एउटै होः 'मन्दिरको पुनर्निर्माण गर !' बाँकी रहेका यहूदीहरू इस्राएल देशमा फर्कन त फर्के, तर मन्दिरको पुनर्निर्माण-कार्य स्थगित भएको सोह्र वर्ष भइसकेको थियो। यसकारण हाग्गैले परमप्रभुबाट यी सुस्त रहेका यहूदीहरूलाई जगाउने र आग्रह गर्ने कार्यभार पाए। तर हाग्गै आफ्नो सन्देश बढ़ाएर भक्तिहीन अन्यजातिहरूको न्याय र परमेश्वरका जन-हरूको भावी महिमातिर पुगे ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

हुन सक्छ, हाग्गैको जन्म यहूदीहरूको कुनै चाड़को दिनमा भएको थियो होला; किनभने उनको नामको अर्थ 'उत्सवको' वा 'औत्सविक' हो । अनि पुरानो नियमअन्तर्गत उनको मात्र नाम हाग्गै हो; हाग्गै नाम गरेको अरू दोस्रो व्यक्ति छैन। तर यो पनि सम्भव देखिन्छः निर्वासनको समयमा उनी जन्मेका हुनाले उनका विश्वासी बुबाआमाले उनको नाम 'हाग्गै' राखे, किनकि उनीहरूले इस्राएली जातिको भावी पुनर्स्थापनाको आशाको आनन्दमा यसो गरे होलान्। बेबिलोनबाट फर्केपछि यहूदीहरूको बीचमा तीनजना भविष्यवक्ताहरू सेवारत भए; जकरिया र मलाकीको साथमा हाग्गै पनि थिए; खास गरी यी तीनजना भविष्यवक्ताहरूमा हाग्गै समयको हिसाबले प्रथम भए। अनि एज्राले एज्रा ५:१ र ६:१४ पदमा हाग्गैको नाम लिए। तर यसबाहेक उनको जीवनको बारेमा हाम्रो ज्ञान शून्य छ। यसबाट के बुझिन्छ भने, भविष्य-वक्ताभन्दा भविष्यवक्ताको सन्देश मुख्य कुरा हुँदो रहेछ र भविष्यवक्तालाई नियुक्त गर्नुहुने परमेश्वर महत्त्वपूर्ण हुनुहुँदो रहेछ। तर के गर्ने ? हिजोआज प्रचारकलाई बढ़ी महत्त्व दिने दस्तुर जारी छ; यो केको चलन हो ? 1)

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

हाग्गैको पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्व ५२० साल हो; किनकि त्यो सालचाहिँ फारसका राजा दारा प्रथमको दोस्रो वर्ष थियो ।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन् ?**

जुन बेलामा जरूबाबेलको नेतृत्वमा पहिलो समूह बेबिलोनबाट फर्क्यो, त्यस बेलामा हाग्गै पनि इस्राएल देशमा फर्के र निर्वासन-उत्तरका भविष्यवक्ता भए। मानिसहरूलाई मन्दिरको

पुनर्निर्माण गर्ने सम्बन्धमा प्रोत्साहन दिनु नै उनको सेवकाई थियो (एज्रा ५:१)।

*'परमप्रभु भन्नुहुन्छ, म तिमीहरूको साथमा छु'* भन्ने वाक्यचाहिँ कुञ्जी-वाक्य हो (हाग्गै १:१३ र २:४)। अनि *'तिमीहरू आ-आफ्ना चालचलनहरू विचार गर'* (१:५र ७ अनि २:१५ र १८) र *'बलिया होओ'* (२:४) अरू महत्त्वपूर्ण वाक्यहरू हुन्।

## रूपरेखा

**खण्ड १) हाग्गै १: राजा दाराको दोस्रो वर्षको छैटौं महिनाको पहिलो दिनमा आएको पहिलो भविष्यवाणी**

**क) हाग्गै १:१-४:** मन्दिरको पुनर्निर्माण नगरेका हुनाले यस बेवास्ताको निम्ति यहूदी मानिसहरूलाई हप्की दिइएको

**ख) हाग्गै १:५-११:** मन्दिरको पुनर्निर्माण गर्नमा चुकेकोले तिनीहरूमा अभाव र खड़ेरी आएको

**ग) हाग्गै १:१२-१५:** हाग्गैबाट प्रोत्साहन पाएर मानिसहरूले मन्दिरको निर्माण-कार्य फेरि शुरु गरे

**खण्ड २) हाग्गै २:१-९: यस वर्षको सातौं महिनाको एक्काइसौं दिनमा आएको दोस्रो भविष्यवाणी**

**क) हाग्गै २:१-५:** भविष्यवक्ता हाग्गैले 'परमप्रभु तिमीहरूको साथमा हुनुहुन्छ' भन्ने निश्चयता दिलाएर मानिसहरूलाई फेरि प्रोत्साहन दिए

**ख) हाग्गै २:६-९:** भावी मन्दिरको महिमा विगत मन्दिरको महिमाभन्दा महान् हुनेछ

**खण्ड ३) हाग्गै २:१०-१९: यस वर्षको नवौं महिनाको चौबीसौं दिनमा आएको तेस्रो भविष्यवाणी**

**क) हाग्गै २:१०-१४:** मन्दिर भताभुङ्ग रहुन्जेल वेदीमाथि चढ़ाइएका तिनीहरूका बलिदानहरू अशुद्ध ठहरिनेथिए

**ख) हाग्गै २:१५-१७:** मन्दिरको जग बसाल्नुभन्दा अघि मानिसहरू अभावग्रस्त हुन्थे

**ग) हाग्गै २:१८-१९:** तिनीहरूले मन्दिरको निर्माण-कार्य फेरि चालू गर्नु हो भने, परमप्रभुले तिनीहरूलाई आशिष दिनुहुनेथियो

**खण्ड ४) हाग्गै २:२०-२३: यस वर्षको नवौं महिनाको चौबीसौं दिनमा आएको चौथो भविष्यवाणी**

अन्यजाति राज्यहरूको पतन हुनेछ र मसीहको राज्यको स्थापना हुनेछ भन्ने प्रतिज्ञा दिएर मानिसहरू उत्साहित भए

# हाग्गैको पुस्तकको टिप्पणी

## खण्ड १
## हाग्गै १ः
## राजा दाराको दोस्रो वर्षको छैटौं महिनाको पहिलो दिनमा आएको पहिलो भविष्यवाणी

**क) हाग्गै १ः१-४ः मन्दिरको पुनर्निर्माण नगरेका हुनाले यस बेवास्ताको निम्ति यहूदी मानिसहरूलाई हप्की दिइएको**

यस भविष्यवाणीको मितिचाहिँ मादी-फारसका राजा दाराको दोस्रो वर्ष हो। परमप्रभुले यहूदाका मानिसहरूलाई मन्दिरको पुनर्निर्माणमा ढिलो गरेकोमा हप्काउनुभयो; किनकि तिनीहरूचाहिँ सिलिङ ठोकेका आफ्ना घरहरूमा आरामसँग बसिरहेका थिए।

**ख) हाग्गै १ः५-११ः मन्दिरको पुनर्निर्माण गर्नमा चुकेकोले तिनीहरूमा अभाव र खड़ेरी आएको**

तिनीहरूले आफ्ना गत दिनहरूको नजिकको इतिहासबाट चेताउनी ग्रहण गर्नुपरेको थियो। किनभने जब तिनीहरूले परमप्रभुको भवन बेवास्ता गरे, तब तिनीहरूले भोक, तिर्खा र गरिबी भोग्नुपरेको थियो। तर अब परमप्रभुले तिनीहरूलाई 'मन्दिरको निर्माण-कार्य शुरु गर' भन्ने आज्ञा दिनुभयो। किनकि जबसम्म परमेश्वरको भवन एउटा भग्नावशेष भइरहन्थ्यो, तबसम्म तिनीहरूले खड़ेरीभन्दा असल अरू कुनै कुरा पनि आशा गर्न सक्दैनथिए।

**ग) हाग्गै १ः१२-१५ः हाग्गैबाट प्रोत्साहन पाएर मानिसहरूले मन्दिरको निर्माण-कार्य फेरि शुरु गरे**

पुनर्निर्माण गर्ने आदेश आएको तेइस दिनभित्र यहूदाका राज्यपाल जरूबाबेल र महापूजाहारी यहोशूले बाँकी रहेका सबै मानिसहरूसँग मिलेर परमप्रभुको वचन पालन गरे र पुनर्निर्माणको काम शुरु गरे।

## खण्ड २
## हाग्गै २ः१-९ः
## यस वर्षको सातौं महिनाको एक्काइसौं दिनमा आएको दोस्रो भविष्यवाणी

**क) हाग्गै २ः१-५ः भविष्यवक्ता हाग्गैले 'परमप्रभु तिमीहरूको साथमा हुनुहुन्छ'**

**भन्ने निश्चयता दिलाएर मानिसहरूलाई फेरि प्रोत्साहन दिए**

तर लगभग एक महिना काम गरेपछि अर्थात् सातौं महिनामा मानिसहरू यस नयाँ भवनको विषयमा निरुत्साहित भए; किनभने तिनीहरूले पहिलेको मन्दिरको महिमाको विषयमा सोच्दैथिए। 'हे जरूबाबेल, बलिया होऊ ! हे यहोशू, बलिया होऊ ! अनि हे देशका सबै मानिसहरूहो, बलिया होओ र काम गर्दै गर ! किनकि म तिमीहरूको साथमा छु, सेनाहरूको परमप्रभु भन्नुहुन्छ।' यसरी नै तिनीहरूका अगुवाहरूलाई बलियो हुने र नडराउने आदेश दिएर तिनीहरूलाई उत्साह दिइयो। तिनीहरू किन नडराउने ? किनभने परमेश्वरको आत्मा तिनीहरूको बीचमा रहनुहुनेथियो।

**ख) हाग्गै २ः६-९ः भावी मन्दिरको महिमा विगत मन्दिरको महिमाभन्दा महान् हुनेछ**

परमेश्वरले यी अगुवा जनहरूलाई उत्साह दिनुभयो र उनीहरूलाई निश्चयतासाथ भन्नुभयोः ख्रीष्टको हजार वर्षको राज्यको भावी मन्दिरको महिमा सबै पूर्ववर्ती मन्दिरहरूको महिमाभन्दा ठूलो हुनेछ। अब सात पदको कुरा आयोः 'सबै जातिहरूको चाहना आउनेछ' भन्ने वाक्यको अर्थ प्रायः मसीहमाथि र उहाँ मन्दिरमा फर्केर आउनुहुने कुरामाथि लागू गरिन्छ। तर सन्दर्भबाट के सुझाउ मिल्छ भने, यस वाक्यको अर्थ 'जातिहरूको खजाना' पो हुन सक्दो रहेछ, जसरी एन.के.जे.वी.को किनारामा दिइएको टिप्पणीले यसको अनुवाद गरेको छ।[2) ] किनकि यस भावी मन्दिरको शोभा बढ़ाउन जातिहरूको चाँदी र सुन लगातार यरूशलेम-भित्र आइरहनेछ। अनि नौ पदको क) खण्डले भन्छः 'यस पछिल्लो भवनको महिमाचाहिँ पहिले भन्दा बढ़ी हुनेछ।' यसर्थ बुझ्नुहोस्ः चाहे पहिलो भवन, चाहे पछिल्लो भवन होस्, दुवै भवनहरू परमप्रभुको मन्दिर गनिएका छन्। परमप्रभुको यस भावी भवनमा ठूलो महिमा हुनाको साथसाथै त्यस भावी समयमा यस ठाउँको निम्ति शान्तिको प्रतिज्ञा पनि गरिएको छ।

# खण्ड ३

# हाग्गै २ः१०-१९ः

## यस वर्षको नवौं महिनाको चौबीसौं दिनमा आएको तेस्रो भविष्यवाणी

**क) हाग्गै २ः१०-१४ः मन्दिर भताभुङ्ग रहुन्जेल वेदीमाथि चढ़ाइएका तिनीहरूका बलिदानहरू अशुद्ध ठहरिनेथिए**

अनि यो तेस्रो भविष्यवाणीचाहिँ नवौं महिनाको चौबीसौं दिनमा हाग्गैकहाँ आयो। मानिसहरूलाई 'तिमीहरूले पूजाहारीहरूलाई यी दुईवटा प्रश्नहरू सोध्नू' भन्ने आदेश दिइयोः

क) 'कसैले आफ्नो वस्त्रको किनारमा पवित्र मासु बोकेर आफ्नो वस्त्रको यस किनारले रोटी, सुरुवा, दाखमद्य, तेल वा अरू कुनै खानेकुरा छोयो भने, के त्यो चीज पवित्र हुन्छ होला ?'

अनि पूजाहारीहरूले सही जवाफ दिएर भनेः 'अहँ, त्यो चीज पवित्र हुँदैन।'

तब दोस्रो प्रश्न आयोः ख) 'अनि लासको खातिर विधिवत अशुद्धता लागेको कुनै मानिसले यी खानेकुरामध्ये कुनै छोयो भने, के यी खानेकुराहरू अशुद्ध होलान् त ?'

अनि पूजाहारीहरूले सही जवाफ दिएर भनेः 'हो, ती अशुद्ध हुन्छन् ।'

अर्को शब्दमा भन्नु हो भने, यसबाट निम्न कुरा बुझिन्छः 'पवित्र भएको मानिसले अरू कुनै कुरालाई आफ्नो पवित्रता प्रदान गर्न सक्दैन, तर अशुद्ध मानिसले आफ्नो अशुद्धता अरूकहाँ सार्दो रहेछ ।'[3] अथवा अर्को तरिकाले भन्नु हो भने, 'काम र आराधनाजस्तै पवित्र कार्यहरूले पनि कुनै पाप पवित्र तुल्याउन सक्दैनन्, तर पापको दूषित प्रभावले हाम्रो काम र आराधनामाथि खराब असर पार्छ-पार्छ ।'[4] यस कुराबाट मानिसहरूले निम्न पाठ सिक्नु थियोः परमप्रभुको भवन भताभुङ्ग रहुन्जेल तिनीहरूले परमेश्वरको निम्ति चढ़ाएका बलिदानहरू अपवित्र ठहरिनेथिए, र तिनीहरू आफै पनि अशुद्ध गनिनेथिए ।

### ख) हाग्गै २ः१५-१७ः मन्दिरको जग बसाल्नुभन्दा अघि मानिसहरू अभावग्रस्त हुन्थे

तिनीहरूले मन्दिरको निर्माण-कार्य शुरु गर्नुभन्दा अघि तिनीहरूलाई अन्न र दाखमद्यको अभाव हुन्थ्यो, र तिनीहरूका अन्नबालीहरू स्येप्राइले, ढुसीले र असिनाले ग्रस्त हुन्थे । अँ, यस घड़ीसम्म यस पुनर्निर्माण-कार्यमा तिनीहरूको लगातार सुस्तीले तिनीहरूमाथि परमेश्वरको ताड़ना ल्यायो, अनि तिनीहरू कष्टमा परे र अभावग्रस्त भए ।

### ग) हाग्गै २ः१८-१९ः तिनीहरूले मन्दिरको निर्माण-कार्य फेरि चालू गर्नु हो भने, परमप्रभुले तिनीहरूलाई आशिष दिनुहुनेथियो

तर जुन दिनमा तिनीहरूले परमप्रभुको मन्दिरको जग बसाल्नेथिए, त्यस दिनदेखि परमेश्वरले तिनीहरूलाई आशिष दिनुहुनेथियो ।

# खण्ड ४

# हाग्गै २ः२०-२३ः

## यस वर्षको नवौं महिनाको चौबीसौं दिनमा आएको चौथो भविष्यवाणी

अन्यजाति राज्यहरूको पतन हुनेछ र मसीहको राज्य स्थापित हुनेछ भन्ने प्रतिज्ञाबाट मानिसहरूले उत्साह पाए ।

यहाँ, यस पुस्तकमा जरूबाबेलचाहिँ प्रभु येशू ख्रीष्टको प्रतीक हुन् । परमेश्वरले यस संसारका अन्यजाति राज्यहरू परास्त गरेर नाश गर्नुहुनेछ र ख्रीष्टको हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ । अनि यस छापऔंठीको कुराको विषयमा के हो ? यस छापऔंठीले के देखाउँछ भने, ख्रीष्ट येशूसँग राज्य गर्ने दिव्य अधिकार छ ।

## ENDNOTES:

1) **Introduction:** Dr. Howard Hendricks has a colourful phrase for this all-too-common disposition to gush over successful preachers after a sermon: "The glorification of a worm ceremony."
2) **2:6–9:** The capitalization in the NKJV goes with this traditional interpretation but the lower case "the desire of all nations" in the margin suggests the alternative view.
3) **2:10–14:** William Kelly, Lectures Introductory to the Study of the Minor Prophets, p. 427.
4) **2:10–14 :** Donald Campbell, further documentation unavailable

## BIBLIOGRAPHY

Baldwin, Joyce G. *Haggai, Zechariah, Malachi: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1972.

Feinberg, Charles Lee. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Kelly, William. Lectures Introductory to the Study of the Minor Prophets. London: C. A. Hammond Trust Bible

Keil, C. F. "Haggai." In *Biblical Commentary on the Old Testament*. Vol. 26. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 3. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

# जकरियाको पुस्तकको

# टिप्पणी

# जकरियाको पुस्तकको भूमिका

*'जकरियाको भविष्यवाणीचाहिँ ख्रीष्ट-विश्वासीहरूको निम्ति अति मूल्यवान् हुन्छ; किनकि मसीहमाथि यस भविष्यवाणीको जोड़ विशेष र अतुलनीय छ; अनि यसमा ख्रीष्ट येशूको पहिलो आगमन, अँ, विशेष गरी उहाँको दोस्रो आगमनसित सम्बन्धित घटनाहरूको क्रमिक विकास र सर्वेक्षण, साथै अन्तमा, ख्रीष्टको हजार वर्षको राज्यको समयमा इस्राएली जातिको पुनर्स्थापनाको दृश्य पेश गरिएको छ।'*

*श्री मेरिल एफ. अङ्गर*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

उत्पत्तिको पुस्तक, भजनसंग्रह र यशैयाको पुस्तक यी पुस्तकहरू हुन्, जुन पुस्तकहरूबाट नयाँ नियममा सबैभन्दा बढ़ी उद्धृत गरिएको छ; अनि यी पुस्तकहरू ठूला-ठूला ग्रन्थ भएका हुनाले र यिनमा पेश गरिएका सामग्रीहरू महत्त्वपूर्ण भएका हुनाले यसो गरेकोमा हामीलाई अचम्म लाग्दैन। तर निम्न जानकारी पाएर हामीमध्ये प्रायः सबैजना छक्क पर्छन्; किनकि केवल चौधवटा अध्यायहरू भएको जकरियाको पुस्तकबाट नयाँ नियममा लगभग चालीस पल्ट उद्धृत गरिएको छ। निस्सन्देह यसको मुख्य कारण यही होः यो पुस्तक ख्रीष्ट सम्बन्धित छ; अनि साना भविष्यवक्ताहरूका पुस्तकहरूमा सबैभन्दा बढ़ी ख्रीष्ट-केन्द्रित पुस्तक यही हो।

जकरियाको पुस्तकका प्रतीकात्मक दर्शनहरू मनमोहक छन्, साथै उनले बोलेका वाणीहरू र प्रस्तुत गरेका प्रकाशहरू विशेष छन्; यी सबै कुराहरूले यस निर्वासन-उत्तरमा लेखिएको पुस्तकको महत्त्व बढ़ाउँछन् र अवश्य हाम्रो चासो पनि बढ़ाइदिन्छन्।

### ख) यस पुस्तकको लेखक को हुन्?

पुरानो नियममा 'जकरिया' वा 'जकर्याह' नाम गरेका तीसजना मानिसहरू होलान्, जसको नामको अर्थ 'परमप्रभु सम्झनुहुन्छ' हो। यो नाम नयाँ नियममा पनि पाइन्छ, र अङ्ग्रेजीमा पनि जकरिया एउटा प्रचलित नाम भएको हो।

यी भविष्यवक्ता-पूजाहारीको जन्म निर्वासनमा, सायद बेबिलोनमा भएको थियो होला। नहेम्याहले जकरिया यरूशलेममा आएको कुरा लेखे (नहेम्याह १२ः४ र १६); अनि एज्राले जकरियाको सेवकाईको विषयमा केही लेखे (एज्रा ५ः१ र ६ः१४)। अनि जकरियाले उमेर खाएर वृद्ध भएका हाग्गैबाट तिनको छोटो सार्वजनिक सेवकाई आफ्नो हातमा लिए; बाँकी रहेका यहूदीहरूलाई प्रोत्सहान दिने सेवकाई नै उनको सेवकाई थियो।

जकरियाको सेवकाई निक्कै लामो थियो; अनि हुन सक्छ, मिति दिइएका खण्डहरूभन्दा जकरिया ९-१४ अध्यायहरूको खण्ड उनले धेरै पछि लेखे होलान्।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

जकरियाले ख्रीष्टपूर्व ५२० सालमा आफ्नो भविष्यवाणी बोल्ने सेवकाई शुरु गरे; ठीक त्यही वर्षमा हाग्गैले पनि सेवकाई गरे; तर जकरियाको सेवकाई कम्तिमा पनि तीन वर्ष भइरह्यो ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के-के हुन् ?

जकरियाचाहिँ बेरेक्याहका छोरा थिए। अनि हाग्गैजस्तै उनी यहूदाका ती मानिसहरूको भविष्यवक्ता थिए, जुन मानिसहरू बेबिलोनको कैदबाट आफ्नो देशमा फर्केका थिए। हाग्गैसँग मिलेर उनले तिनीहरूलाई मन्दिरको पुनर्निर्माण गर्ने प्रोत्साहन दिए (एज्रा ५:१)। अनि हाग्गैकहाँ दोस्रो वाणी आइसकेपछि र तिनीकहाँ तेस्रो वाणी आउनुभन्दा अघि जकरियाको भविष्यवाणी शुरु भयो ।

उनले आठवटा दर्शनहरू देखे, र यी दर्शनहरूमा देखेका कुराहरू उनले अति साङ्केतिक शब्दहरूले पेश गरे। उनले अन्यजाति विश्व साम्राज्यहरूको पतनको विषयमा भविष्यवाणी गरे; उनले ख्रीष्ट येशूलाई तिरस्कार गर्ने धर्मत्यागी यहूदीहरूको न्यायको विषयमा भविष्यवाणी गरे; उनले बाँकी रहेका यहूदीहरूको शुद्धीकरण, तिनीहरूको पुनर्स्थापना र तिनीहरूको महिमाको विषयमा भविष्यवाणी गरे; अनि उनले यरूशलेमको भावी समृद्धिको विषयमा भविष्यवाणी गरे। उनका पहिला पाँचवटा दर्शनहरू अनुग्रहले पूर्ण सन्देशहरू थिए भने, उनका अन्तिम तीनवटा सन्देशहरूचाहिँ न्यायका सन्देशहरू थिए।

जुन भविष्यवाणीहरू उनले मसीहको विषयमा बोले, ती उल्लेखनीय भविष्य-वाणीहरूमा क) यरूशेलममा उहाँको प्रवेश भएको (९:९), ख) चाँदीका तीसवटा टुक्राहरूको निम्ति उहाँ विश्वासघात गरिनुभएको (११:१२ र १३); ग) घाउ र चोट पारिनुभएको गोठालाको रूपमा उहाँको मृत्यु भएको (१३:७); घ) उहाँ जैतुनको डाँड़ामा फर्केर आउनुहुनेछ (१४:४); अनि ङ) महापूजाहारी र राजाको रूपमा उहाँले हजार वर्षको राज्यमा राज्य गर्नुहुनेछ (१४:९), उहाँका यी विषयहरूमा लेखिएको छ।

जकरियाको पुस्तकका भविष्यवाणीहरूमध्ये धेरै जकरियाको समयसित सम्बन्धित थिए र त्यस बेलामा आंशिक रूपले पूरा भए; तर यी भविष्यवाणीहरूमध्ये अझ कति भविष्यमा पूरा हुन बाँकी छन्।

## रूपरेखा

**खण्ड १) जकरिया १:१-६: 'पश्चात्ताप गर र आज्ञाकारी होओ' भन्ने आग्रह, र 'पितापुर्खाहरूजस्तै नहोओ र तिनीहरूका गल्तीहरूबाट पाठ सिक' भन्ने चिताउनी**

**खण्ड २) जकरिया १:७-६:८: क्रमैसँग आठवटा दर्शनहरू प्रस्तुत गरिएका छन्, जुन दर्शनहरूबाट मानिसहरूले मन्दिरको पुनर्निर्माण गर्न प्रोत्साहण लिनुपरेको थियो ।**

**क) जकरिया १:७-१७:** दर्शन एकः रातो घोड़ामाथि सवार हुने घोड़चढ़ी

**ख) जकरिया १:१८-२१:** दर्शन दुईः चारवटा सिङहरू र चारजना कारिगरहरू

**ग) जकरिया २:** दर्शन तीनः नाप्ने डोरी भएका मानिस

**घ) जकरिया ३:** दर्शन चारः महापूजाहारी यहोशू

**ङ) जकरिया ४:** दर्शन पाँचः सुनको सामदान र दुईवटा जैतुनका रूखहरू

**च) जकरिया ५:१-४:** दर्शन छः उड्दै गरेको पुस्तकको मुठा

**छ) जकरिया ५:५-११:** दर्शन सातः एउटा एपा अर्थात् एउटा टोकरीमा बसिरहेकी स्त्री

**ज) जकरिया ६:१-८:** दर्शन आठः चारवटा रथहरू

**खण्ड ३) जकरिया ६:९-१५: यहोशूलाई महापूजाहारीको रूपमा अभिषेक गरिएको**

**खण्ड ४) जकरिया ७-८: बेतएलका यहूदीहरूको बीचमा निरन्तर उपवास किन गरिरहेको सम्बन्धमा उठेको प्रश्न**

**क) जकरिया ७:१-३:** उपवासको विषयमा उठेको प्रश्न

**ख) जकरिया ७:४-७:** पहिलो वाणी आएको

**ग) जकरिया ७:८-१४:** दोस्रो वाणी आएको

**घ) जकरिया ८:१-१७:** तेस्रो वाणी आएको

**ङ) जकरिया ८:१८-२३:** चौथो वाणी आएको

**खण्ड ५) जकरिया ९-११: मसीहको पहिलो आगमनमाथि जोड़ दिने पहिलो वाणी**

**क) जकरिया ९:१-८:** अन्यजातिहरूको न्याय हुनेछ

**ख) जकरिया ९:९:** सियोनकहाँ मसीहको पहिलो आगमन यस्तो हुनेछ

**ग) जकरिया ९:१०:** ख्रीष्टको दोस्रो आगमनको समयमा विश्वभरि निशस्त्रीकरण र विश्वव्यापी शान्ति हुनेछ

**घ) जकरिया ९:११-१२:** निर्वासनबाट कैदीहरू यरूशलेममा फर्केर आउनेछन्

**ङ) जकरिया ९:१३:** ग्रीक देशमाथि संयुक्त इस्राएलको विजय

**च) जकरिया ९:१४-१७:** परमप्रभुले आफ्ना जनहरूको रक्षा गर्न हस्तक्षेप गर्नुहुनेछ

**छ) जकरिया १०:१-२:** दिव्य आग्रहः मानिसहरूले मूर्तिहरूबाट होइन, तर परमप्रभुबाट नै पानीभरी माग्नुपर्छ

**ज) जकरिया १०:३-५:** परमेश्वरले यहूदाका अगुवाहरूलाई दण्ड दिनुहुनेछ, मसीहलाई खड़ा गर्नुहुनेछ र आफ्ना जनहरूलाई विजय दिनुहुनेछ

**झ) जकरिया १०:६-१२:** इस्राएल र यहूदा फेरि आफ्नो देशमा जम्मा गरिनेछन् र त्यहाँ पुनर्स्थापित हुनेछन्

**ञ) जकरिया ११:१-३:** अविश्वासयोग्य शासकहरूले सजाय भोग्नेछन्

**ट) जकरिया ११:४-८[क]:** मसीहचाहिँ बगालको साँचो गोठाला हुनुहुनेछ

**ठ) जकरिया ११:८[ख]-१४:** मसीह आफ्ना जनहरूबाट तिरस्कार गरिनुहुनेछ

**ड) जकरिया ११:१५-१७:** परमेश्वरले तिनीहरूलाई मूर्ति-गोठालाको हातमा अर्थात् ख्रीष्ट-विरोधीको हातमा सुम्पिदिनुहुनेछ

**खण्ड ६) जकरिया १२-१४: मसीहको दोस्रो आगमनमाथि जोड़ दिने दोस्रो वाणी**

**क) जकरिया १२:१-३:** यरूशलेमचाहिँ सबै जातिहरूको निम्ति समस्याको मूलकारण हुनेछ

**ख) जकरिया १२:४:** परमप्रभुले यहूदाका शत्रुहरूलाई नाश गर्नुहुनेछ

**ग) जकरिया १२:५:** यहूदीहरूले परमेश्वरलाई आफ्नो बलको रूपमा मानिलिनेछन्

**घ) जकरिया १२:६-९:** यरूशलेम-बाहिर बस्ने यहूदाका मानिसहरूले आफ्ना शत्रुहरूलाई निल्नेछन् र पहिले तिनीहरूमाथि विजय प्राप्त गर्नेछन्

**ङ) जकरिया १२:१०-१४:** यस जातिले मसीहलाई तिरस्कार गरेकोमा विलाप गर्नेछ

**च) जकरिया १३:१:** पापबाट शुद्ध हुने शुद्धीकरणको निम्ति प्रबन्ध गरिनेछ

**छ) जकरिया १३:२-६:** मूर्तिहरू र झूटा अगमवक्ताहरूलाई हटाइनेछ

**ज) जकरिया १३:७:** मसीहलाई मारिनेछ र इस्राएली जाति छरपष्ट हुनेछ

**झ) जकरिया १३:८-९:** इस्राएली जातिबाट बाँकी रहेकाहरू परमप्रभुकहाँ फर्कनेछन्

**ञ) जकरिया १४:१-२:** अन्यजातिहरू यरूशलेमको विरुद्धमा भेला हुनेछन्

**ट) जकरिया १४:३-५:** परमप्रभु स्वयम्ले हस्तक्षेप गर्नुहुनेछ

**ठ) जकरिया १४:६-७:** वायुमण्डलमा मौसमको सम्बन्धमा र आकाशमण्डलमा दिनरातका नियमहरूमा ठूला-ठूला गड़बड़ीहरू आउनेछन्

**ड़) जकरिया १४:८:** जिउँदो पानीको नदी बग्नेछ

**ढ़) जकरिया १४:९:** ख्रीष्ट येशू राजा हुनुहुनेछ, र राज्य गर्नुहुनेछ

**ण) जकरिया १४:१०:** इस्राएल देशमा भौगोलिक हेरफेरहरू आउनेछन्

**त) जकरिया १४:११:** यरूशलेम बसोबास गरिनेछ र सुरक्षित रहनेछ

**थ) जकरिया १४:१२-१५:** महामारीले अन्यजाति शत्रुहरूलाई प्रहार गर्नेछ र आतङ्कले तिनीहरूलाई छोप्नेछ

**द) जकरिया १४:१६-१९:** बचेका अन्यजातिहरूले यरूशलेममा आराधना गर्नेछन्, नभए तिनीहरू यस महामारीको प्रकोपमा पर्नेछन्

**ध) जकरिया १४:२०-२१:** सामान्य भाँड़ाकुँड़ा र वर्तनहरू पनि परमप्रभुको निम्ति पवित्र हुनेछन्; अनि व्यापारीहरूले फेरि कहिल्यै परमप्रभुको भवनमा व्यापार गर्नेछैनन्

# जकरियाको पुस्तकको टिप्पणी

## खण्ड १

## जकरिया १:१-६:

### 'पश्चात्ताप गर र आज्ञाकारी होओ' भन्ने आग्रह, र 'पितापुर्खाहरूजस्तै नहोओ र तिनीहरूका गल्तीहरूबाट एउटा पाठ सिक' भन्ने चिताउनी

पहिले छवटा पदहरूले यस पुस्तकको भूमिका पेस गरेका छन्। यी पदहरूमा बेरेक्याहका छोरा जकरियाले मानिसहरूलाई परमप्रभुको दिव्य सन्देश सुनाउँछन्: तिनीहरू उहाँकहाँ फर्कनुपर्छ; उनको आग्रह यही हो। अनि तीन पदले यस पुस्तकको मुख्य विचार पेस गर्छः *'सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छः तिमीहरू मकहाँ फर्क, सेनाहरूका परमप्रभु भन्नुहुन्छ, र म तिमीहरूकहाँ फर्कनेछु, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।'* उनले मानिसहरूलाई 'तिमीहरूले आफ्ना पितापुर्खाहरूका गल्तीहरूबाट एउटा पाठ सिक' भन्ने आग्रह गर्छन्; किनकि उनीहरूले यशैया, यर्मिया र होशेजस्ता भूतपूर्व भविष्यवक्ताहरूको कुरा सुन्न इन्कार गरेका थिए। यसकारण परमप्रभुले उनीहरूलाई पूर्वचेताउनी दिनुभएअनुसार मानिसहरूमाथि न्याय आइपरेको थियो; तब मात्र उनीहरूले आफ्ना दुष्ट चालहरूको खातिर परमप्रभुले उनीहरूसँग गर्नुभएको कड़ा व्यवहारको अर्थ बुझेका थिए।

## खण्ड २

## जकरिया १:७-६:८:

### क्रमैसँग आठवटा दर्शनहरू प्रस्तुत गरिएका छन्, जुन दर्शनहरूबाट मानिसहरूले मन्दिरको पुनर्निर्माण गर्न प्रोत्साहण लिनुपरेको थियो।

अब जकरियाले आफ्नो पुस्तक लेख्न शुरु गरेर आफ्नो जमानादेखि ख्रीष्टको हजार वर्षको राज्यसम्म भविष्यवाणीरूपी दृश्यावली प्रस्तुत गर्छन्।

#### क) जकरिया १:७-१७: दर्शन एकः रातो घोड़ामाथि सवार हुने घोड़चढ़ी

यस पहिलो दर्शनको अर्थ यस प्रकारको छः परमेश्वर अन्यजातिका मानिसहरूसँग नाराज हुनुहुन्थ्यो; किनकि उहाँका जनहरूले दुःखकष्ट पाइरहेको बेलामा तिनीहरू आराम

गरेर बसिरहेका थिए। यसकारण उहाँले ती अन्यजातिहरूलाई दण्ड दिनुहुनेथियो र आफ्ना जनहरूलाई पुनर्स्थापित गर्नुहुनेथियो।

**जकरिया १:७-११:** अनि सात पदमा आएर भविष्यवक्ता जकरियाले आफ्ना आठवटा दर्शनहरूको क्रम शुरु गर्छन्।

पहिलो दर्शनमा परमप्रभु आफ्ना प्रतिनिधिहरूसँग देखा पर्नुभयो। अनि रातो घोड़ामाथि सवार हुने घोड़चढ़ीचाहिँ एघार पदमा परमप्रभुका दूत हुनुभएको रहेछ; अनि उहाँका प्रतिनिधिहरू सायद स्वर्गदूत थिए होलान्, जसले पृथ्वीको चारैतिर राता, खैरा र सेता घोड़ाहरूमाथि घुमफिर गर्छन्। अनि गैरीमा भएका मेहदीका रूखहरूले इस्राएली जातिलाई सङ्केत गर्छन्, जुन जाति अन्यजातिहरूको अधीनतामा रहेको थियो। अनि जब भविष्यवक्ता जकरियाले यी घोड़चढ़ीहरूको अर्थ बुझ्न खोजे, तब एकजना अर्थ खोलिदिने स्वर्गदूतले उनलाई त्यसको अर्थ खोलिदिन्छु भन्ने प्रण गरे। तर अन्तमा परमप्रभु अर्थात् मेहदीका रूखहरूको बीचमा उभिरहेका मानिसले चाहिँ उनलाई त्यसको जवाफ दिए र उनीहरूको अर्थ बताएः यी घोड़चढ़ीहरूको काम पृथ्वीको चारैतिर घुमफिर गर्नु थियो। अनि सारा पृथ्वी शान्त छ भनेर ती घुमफिर गर्ने गस्तीहरूले परमप्रभुलाई खबर दिए। हुन सक्छ, यसको अर्थ अन्यजाति राष्ट्रहरूको हालत, विशेष गरेर बेबिलोनको अवस्था निकानन्दको थियो होला, तर परमेश्वरका जनहरू थिचोमिचोमा परिरहेका थिए।

**जकरिया १:१२-१७:** परमप्रभुका दूतले सेनाहरूका परमप्रभुसँग सत्तरी वर्षदेखि उजाड़ भएको यरूशलेम र यहूदाको निम्ति अन्तर्विन्ती गरे। तब उहाँबाट एउटा उत्साहदायक जवाफ आयो, अनि भविष्यवक्ता जकरियासित बोल्ने र उनलाई अर्थ खोलिदिने स्वर्गदूतले उनलाई आदेश दिएः 'परमेश्वरले आफ्ना जनहरूको निम्ति हस्तक्षेप गर्नुहुनेछ भन्ने कुरा प्रचार गर!' अन्यजातिहरूले यहूदामाथि गरेको क्रूरताद्वारा परमेश्वरको ठूलो रिस उठाएका थिए। परमेश्वर आफ्नो दयामा यरूशलेमकहाँ फर्कनुहुनेथियो, र मन्दिरको पुनर्निर्माण हुनेथियो। यहाँ नाप्ने डोरीले पुनर्निर्माणको अर्थ लिन्छ भने, २ राजा २१:१३ पदमा नाप्ने डोरीले चाहिँ विनाशको अर्थ लिएको हो। भविष्यवक्ताले मानिसहरूलाई परमेश्वरको सन्देश सुनाउनु थियोः उहाँले यहूदाका शहरहरूको उन्नति गर्नुहुनेथियो, सियोनलाई सान्त्वना दिनुहुनेथियो र यरूशलेमलाई फेरि चुन्नुहुनेथियो।

### ख) जकरिया १:१८-२१: दर्शन दुईः चारवटा सिङहरू र चारजना कारिगरहरू

यस दोस्रो दर्शनको अर्थ यस प्रकारको छः चारवटा अन्यजाति विश्व साम्राज्यहरूको विनाश हुनेछ।

यो दोस्रो दर्शन पूरा हुन बाँकी नै छ; यो भावी दिनहरूमा पूरा हुनेछ। अनि चारवटा सिङहरूको अर्थ ती चारवटा राज्यहरू हुन्, जसले यहूदा, इस्राएल र यरूशलेमलाई तितरबितर पारेका थिए। अर्को शब्दमा भन्नु हो भने, यी सिङहरू ती चारवटा अन्यजाति विश्व साम्राज्यहरू थिएः बेबिलोनको साम्राज्य, मादी-फारसको साम्राज्य, ग्रीकको साम्राज्य र रोमी साम्राज्य।[1] अनि ती चारजना कारिगर-हरूको परिचय दिइएन, तर सुस्पष्ट छ कि ती कारिगरहरूचाहिँ ती साधन र माध्यम हुन्, जुन साधन र माध्यामचाहिँ परमेश्वरले यहूदालाई तितरबितर पारिदिएका अन्यजाति राज्यहरूलाई नष्ट गर्न खड़ा गर्नुभयो। यसको विषयमा श्री जी. कोलम्यान लकले स्पष्टीकरण दिएर यसो लेखेका छन्ः

> 'परमेश्वरले प्रयोग गर्नुभएका यी चारवटा साधन के हुन् त? यी चारवटा साधनहरूको विषयमा सुझाउ

दिइएको छ, कि इजकिएल १४ : २१ र प्रकाश ६ : १-८ पदको खण्डअनुसार यी विशेष साधनहरूचाहिँ परमेश्वरका चार किसिमका न्यायहरू हुन् अर्थात् लड़ाइँ, अनिकाल, जङ्गली पशुहरू र महामारी हुन् । अर्को सुझाउ पनि छ, जुनचाहिँ अझ बढ़ी सम्भव देखिन्छः ती चारजना कारिगरहरूले अघि यस दर्शनमा परिचय गरिएका चारवटा साम्राज्यहरू क्रमअनुसार पराजित गर्ने चारवटा सत्ताहरू हुन्, अर्थात् मादी-फारसको साम्राज्यले बेबिलोनको साम्राज्य पराजित गऱ्यो, ग्रीकको साम्राज्यले मादी-फारसको साम्राज्य पराजित गऱ्यो अनि रोमी साम्राज्यले ग्रीकको साम्राज्य पराजित गऱ्यो; अनि अन्तका दिनहरूमा फेरि जाग्ने त्यो रोमी साम्राज्यचाहिँ मसीहको महान् राज्यद्वारा परास्त हुनेछ । जे होस्, एउटा सामान्य नियम सुस्पष्ट प्रकाशमा आएको छः परमेश्वरका जनहरूको विरुद्धमा उठ्ने हरेक दुष्ट राज्यचाहिँ अन्तमा परास्त हुने नै छ र त्यसको उचित न्याय गरिनेछ’।**2)**

### ग) जकरिया २ः दर्शन तीनः नाप्ने डोरी भएका मानिस

यस तेस्रो दर्शनको अर्थ यस प्रकारको छः भविष्यमा यरूशलेमको समृद्धि हुनेछ, मानिसहरू र गाईबस्तुहरूले पूर्ण हुनेछ र सुरक्षित रहनेछ ।

**जकरिया २ः१-५ः** तेस्रो दर्शनले नाप्ने डोरी भएको एकजना मानिसलाई प्रकट गर्छ । अनि जब भविष्यवक्ताले तिनलाई ‘तपाईं कहाँ जाँदै हुनुहुन्छ’ भनेर सोधे, तब तिनले उनलाई यसो भन्दै जवाफ दिएः ‘म यरूशलेमको लमाइ-चौड़ाइ नाप्न जाँदैछु ।’ यसर्थ तिनी शहरको पुनर्निर्माण कुन जग्गामा गरिने हो, सो हेर्न गएका रहेछन् । तब जकरियालाई अर्थ खोलिदिने स्वर्गदूतले अर्को स्वर्गदूतलाई भेटे; अनि यिनले ‘यस जवान मानिसलाई आश्वासन दिएर उसलाई निम्न कुरा विश्वास दिलाऊ’ भनेः यरूशलेमको जनसङ्ख्या यति प्रशस्त हुनेछ, यहाँसम्म कि तिनीहरूको निम्ति शहरको सारा भूक्षेत्र सानो हुनेछ; यरूशलेम पर्खालले नघेरिएका शहरहरूजस्तो बसोबास गरिनेछ । यसर्थ तिनीहरूको निम्ति सुरक्षाको पर्खाल चाहिँदैन; तपाईंले आफै भन्नुहोस्ः यस प्रकारको पर्खालको के काम, जब परमप्रभुले तिनीहरूलाई रक्षा गर्नुहुनेछ ? तर वास्तवमा यसको सन्दर्भचाहिँ ख्रीष्टको हजार वर्षको राज्यमा यरूशलेमको अन्तिम अवस्था हो । (अनि चार पदमा निर्धारित भएको जवान मानिस कि त जकरिया, कि त नाप्ने डोरी भएको मानिस हुनुपर्ला) ।

**जकरिया २ः६-१२ः** यहाँ निर्वासनमा रहेका यहूदी कैदीहरूकहाँ यरूशलेममा फर्कने बोलावट आएको छः ‘निस्केर आओ र उत्तरको देशबाट भागिहाल !’ (हुन त यरूशलेमदेखि बेबिलोन उत्तर-पूर्व पर्छ; तर कैदीहरू ‘उर्वर अर्धचन्द्र’ नामक फलाइलो भूभागबाट भएर फर्केर आउनेथिए, र यसरी तिनीहरूले उत्तरबाट इस्राएल देशमा प्रवेश गर्नेथिए) । अनि यो कुरा कहिले पूरा हुनेछ त ? आठ पदमा वचनले के भन्दछ ? यो त महिमा प्रकट भएपछि र महिमा स्थापित भएपछि पो पूरा हुनेछ । यसो हो भने, योचाहिँ ख्रीष्टको दोस्रो आगमनपछि पूरा हुनेछ । परमेश्वरले आफ्ना जनहरूका शत्रुहरूलाई दण्ड दिनुहुनेछ; किनभने उहाँका जनहरू उहाँका शब्दहरू-अनुसार ‘उहाँको आँखाको नानी’ हुन् । *‘हे सियोनकी छोरी, गीत गा, र रमा; किनकि हेर्, म आउँछु, र म तेरो बीचमा वास गर्नेछु, परमप्रभु भन्नुहुन्छ ।’* ओहो, ख्रीष्ट येशू हजार वर्षको राज्यमा स्थापित हुने मन्दिरमा आउनुहुँदा कत्रो गीतको नारा सुनिनेछ ! अनि त्यस दिनमा अन्यजातिका धेरै मानिसहरू सम्झौतामा आएर परमप्रभुसँग मिल्नेछन् । अनि याद रहोस्ः सम्पूर्ण बाइबलभरि प्यालेस्टाइनको निम्ति ‘पवित्र देश’ भन्ने शब्द यहाँ एकपल्ट मात्र प्रयोग गरिएको छ ।

**जकरिया २ः१३ः** *‘हे सबै प्राणीहरूहो, परमप्रभुको सामु चुपचाप बस !’* किनभने

परमप्रभु अन्यजातिहरूलाई दण्ड दिन जागि-उठ्नुभएको छ।

**घ) जकरिया ३ः दर्शन चारः महापूजाहारी यहोशू**

यस चौथो दर्शनको अर्थ यस प्रकारको छः पूजाहारीगिरी शुद्ध पारी त्यसको पुनर्स्थापना हुनेछ। यहाँ यस पूजाहारीगिरीले इस्राएली जातिको ठाउँ लिन्छ।

**जकरिया ३ः१-३ः** यस दर्शनमा मैला वस्त्रहरू पहिरेका महापूजाहारी यहोशू उभिरहेका थिए। अनि तिनले यहाँ इस्राएली जातिको प्रतिनिधिको ठाउँ ओगटेका छन्। अनि शैतानले इस्राएली जातिलाई आरोप लगाएर के भन्यो भने, 'तँ पूजाहारीको कामको योग्य छैनस्।' (हिब्रू भाषामा शैतानको अर्थ विरोधी हो)। तर परमेश्वरले शैतानलाई जवाफ दिनुभयोः 'इस्राएली जाति आगोबाट थुतिएको एउटा अगुल्टो हो!' अर्थात् उहाँले तिनीहरूलाई कैदबाट निकालिदिनुभएको हो।

**जकरिया ३ः४-७ः** ती स्वर्गदूतले यहाँ के प्रतिज्ञा गरेका छन् भने, यो जाति शुद्ध पारिनेछ र यसलाई नयाँ, सुन्दर वस्त्र लगाइदिइनेछ। जकरियाको अनुरोधमा तिनीहरूले यहोशूको शिरमाथि एउटा सफा पगरी लगाइदिए, र परमप्रभुका दूतको उपस्थितिमा तिनीहरूले तिनलाई दामी वस्त्रहरू पहिराइदिए। अनि परमप्रभुका दूतले यहोशूलाई यसो भन्दै चेताउनी दिएः *'सेनाहरूको परमप्रभु यसो भन्नुहुन्छः तिमी मेरा मार्गहरूमा हिँड्यौ भने र मैले तिमीलाई सुम्पेको कार्यभार पूरा गर्‍यौ भने तिमीले नै मेरो घरको पनि न्याय गर्नेछौ र मेरा चोकहरूको पनि रक्षा गर्नेछौ; अनि म तिमीलाई यी छेउमा उभिएकाहरूको बीचमा हिँड्ने ठाउँहरू दिनेछु।'* यसर्थ यहूदी मानिसहरू परमप्रभुप्रति विश्वासयोग्य र आज्ञाकारी भए भने, तिनीहरूले परमेश्वरको घरमाथि शासन गर्नेछन् र उहाँका चोकहरू सम्हाल्ने जिम्मेवारी पाउनेछन्, साथै तिनीहरूसँग त्यहाँ उभिएका-हरूको बीचमा प्रवेश गर्ने अधिकार हुनेछ।

**जकरिया ३ः८-९ः** यहोशू र तिनका सहकर्मी पूजाहारीहरूचाहिँ चिन्हरूपी मानिसहरू थिए अर्थात् तिनीहरू यस्ता मानिसहरू थिए, जसको विषयमा अरू मानिसहरू छक्क परे अर्थात् तिनीहरू चिन्हको भूमिका खेल्ने मानिसहरू थिए। श्री मेरिल एफ. अङ्गरले यसको व्याख्या निम्न प्रकारले गरेका छन्ः

> 'यस्तो भविष्यवाणीरूपी पूर्वलक्षण बोकेका यी मानिसहरूचाहिँ आफ्नो ओहदामा अर्थात् पूजाहारी-पदमा भावी घटनाहरूको प्रतिछाया थिए, जस्तैः ख्रीष्ट येशूले इस्राएली जातिलाई दाम तिरेर छुटाउनुहुनेछ, यसको पुनर्स्थापना हुनेछ र यो जाति पूजाहारीगिरीरूपी जातिको रूपमा नियुक्त गरिनेछ। अनि यहोशू र तिनका सहकर्मी पूजाहारीहरूचाहिँ यसको निम्ति पूर्वचित्रण थिए'।[3)]

अनि आठ पदमा 'म आफ्नो दास हाँगालाई ल्याउनेछु' भन्ने वाक्य ख्रीष्ट येशूको विषयमा भनिएको हो; अनि नौ पदमा उहाँलाई खोपिएको ढुङ्गाको रूप दिइएको छ; (यो कुरा दानियल २ः३४-३५ पदहरूसँग तुलना गर्नुहोस्)। कतिजनाको विचारमा 'हाँगा' भन्ने शब्द ख्रीष्टको पहिलो आगमनको अर्थमा र 'ढुङ्गा' भन्ने शब्द उहाँको दोस्रो आगमनको अर्थमा प्रयोग गर्न उचित छ रे। अनि श्री अर्नो सी. गेबेलाइनले के भनेका छन् भने, 'सातवटा आँखाहरू खोपिएको यस ढुङ्गाको अर्थ उद्धार पाएको इस्राएली जाति पनि हुनुपर्छ; किनकि उहाँको आत्माले भरिएका ती लोकहरू उहाँको राज्यको जग हुन्; किनभने हामी यसको सम्बन्धमा यसरी पढ्छौंः *"अनि त्यस देशको अधर्म म एकै दिनमा हटाइदिनेछु।"*' यसकारण श्री गेबेलाइनले यसको विषयमा कुरा गर्दा 'पुनर्स्थापित भएको इस्राएली जाति परमेश्वरको राज्यको केन्द्रविन्दु हो' भनेर भनेका छन्।[4)]

**जकरिया ३:१०:** ख्रीष्टको हजार वर्षको राज्यको सुदिनको विषयमा निम्न सुयोग्य प्रशिद्ध झलक दिएर यो अध्याय सिद्धिएको छः त्यस जमानाको देहाती जीवनको वातावरण कति शन्तिमय हुनेछ! किनकि यस्तो लेखिएको छः *'त्यस दिनमा तिमीहरू हरेकले आ-आफ्नो छिमेकीलाई आफ्नो दाखको बोटमनि र आफ्नो नेभाराको रूखमनि आउने निम्तो दिनेछौ, सेनाहरूको परमप्रभु भन्नुहुन्छ।'*

### ङ) जकरिया ४: दर्शन पाँचः सुनको सामदान र दुईवटा जैतुनका रूखहरू

यस पाँचौं दर्शनको अर्थ यस प्रकारको छः इस्राएली जातिचाहिँ परमेश्वरको सामदान थियो; अनि यसले परमेश्वरको आत्माको शक्तिमा मन्दिरको पुनर्निर्माण गर्नेछ; (यहाँ तेलले परमेश्वरको आत्मा चित्रण गरेको छ)।

**यकरिया ४:१-६:** पाँचौं दर्शनमा सुनैसुनको सामदान देखिन्छ, जसको छेउमा दुईवटा जैतुनका रूखहरू थिए। यसो हेर्दा के बुझिन्छः यस सुनको सामदानको आधार थियो, जसबाट एउटा डन्डी निस्केको थियो। अनि यस डन्डीको टुप्पामा एउटा कचौरा थियो, जसले तेलदानीको काम गर्थ्यो। अनि सामदानको डन्डीबाट सातवटा नलीहरू निस्के, जुन नलीहरूचाहिँ उभोतिर फर्केका थिए र जसको एक-एक टुप्पामा एक-एक दियो हुने गरी जम्मा सातवटा तेलका दियाहरू बल्थे। अनि यस सुनको सामदानको देब्रे-दाहिनेपट्टि एक-एक जैतुनको रूख थियो, जुन रूखहरूले लगातार सुनको सामदानको यस कचौरामा सीधा तेल पठाउने गर्थे, र यस कचौराबाट त्यो तेल यी सातवटा नलीहरूद्वारा ती सातवटा दियाहरूमा पुग्थ्यो।

यसको सम्भव व्याख्या यस प्रकारको छः यस सुनको सामदानले इस्राएली जातिलाई चित्रण गर्छ, जुन जाति संसारमा परमेश्वरको प्रमुख साक्षी हुन्थ्यो। अनि यस जातिले संसारको ज्योति हुने जिम्मेवारी कसरी पूरा गर्न सक्छ? केवल तेल पाएर नै यसले आफ्नो यो ज्योति हुने भूमिका पूरा गर्न सक्छ; यसर्थ पवित्र आत्माद्वारा मात्र यो जाति संसारको ज्योति हुन सक्छ। यस दर्शनको तत्कालीन व्याख्या यस प्रकारको छः यरूशलेमको मन्दिरको पुनर्निर्माण हुनेछ, तर यसको पुनर्निर्माणचाहिँ मानिसको बल वा शक्तिद्वारा गरिनेछैन, तर परमप्रभुका आत्माद्वारा हुनेछ। पहाड़रूपी कठिनाइहरू हटाइनेछन्, र जरूबाबेलका जुन हातहरूले मन्दिरको जग बसाले, तिनका यी हातहरूले मन्दिरको पुनर्निर्माण-कार्य पूरा गर्नेथिए। श्री मेरिल एफ. अङ्गरले निम्न टिप्पणी गरेका छन्ः

> 'यहाँ, छ पदमा जुन आत्मिक नियम प्रस्तुत गरिएको छ, यो नियम अति सुन्दर ढङ्गमा उक्त दर्शनको बिम्बद्वारा चित्रण गरिएको छ;यसकारण यस दर्शनमा आउनुहोस्ः कुनै मानिसको हातविना नै उज्यालोको निम्ति चाहिएको तेलको आपूर्ति आफैआफ र कति सजिलोसँग भएको छ, सो हेर्नुहोस्! तब बुझ्नुहोस्ः यस कुराले ख्रीष्टको हजार वर्षको राज्यमा इस्राएली जातिको गवाही केकस्तो हुने हो, त्यसको पूर्वचित्रण गर्छ। किनकि यस प्रकारको गवाहीचाहिँ पवित्र आत्माको पूर्णताको फल हो, जब परमेश्वरको आत्मा तिनीहरूमाथि खन्याइनेछ। तर यस पदको खास सन्दर्भचाहिँ जरूबाबेल थिए; किनकि तिनलाई नै यो प्रतिज्ञा त्यस बेलामा दिइएको थियो; किनभने तिनको जिम्मामा मन्दिर पूरार्गे महान् निर्माण-कार्य सुम्पिएको थियो'।**5)**

**जकरिया ४:७-१०:** जरूबाबेलले पहाड़रूपी ठूलो विरोध सामना गर्नुपरे ता पनि यस मन्दिरको निर्माण-कार्य पूरा हुने नै थियो र यसको सुन्दरताले गर्दा 'धन्य, धन्य' र 'वाह, वाह'का उद्घोषहरू सुनिनेथिए। अनि जुन मानिसहरूले साना कुराहरूको आरम्भ भएको दिन तुच्छ ठानेका थिए, अर्थात् जुन मानिसहरूले परमेश्वरले कुनै न कुनै ठूलो काम

गर्न सक्नुहुने सम्भावनाको खिल्ली उड़ाएका थिए, ती मानिसहरूले जरूबाबेलको हातमा त्यो साहुल देख्नेथिए, अर्थात् त्यो सुदिन देख्नेथिए, जुन दिनमा जरूबाबेलले यो निर्माण-कार्य सिद्ध्याउनेथिए।

अनि सातवटा दियाहरू परमप्रभुका सात आँखाहरू हुन्; यसबाट परमप्रभु यस मन्दिरको पुनर्निर्माण-कार्यमा कति चासो लिनुहुन्छ र हेरचाह गर्नुहुन्छ, सो स्पष्ट बुझिन्छ। अनि ठीक यस्तै उहाँ सम्पूर्ण पृथ्वीमाथि आफ्नो नजर लगाउनुहुन्छ र यसको हेरचाह गर्नुहुन्छ।

**जकरिया ४:११-१४:** अनि जब जकरियाले यी दुईवटा जैतुनका रूखहरू र दुईवटा जैतुनका हाँगाहरूको बारेमा कुरा बुझ्न खोजे र स्वर्गदूतलाई सोधे, तब ती स्वर्गदूतले उनलाई स्पष्ट पारेः यी त ती दुईजना अभिषिक्त जनहरू हुन्, जो सम्पूर्ण पृथ्वीका प्रभु र मालिकको छेउमा उभिरहेका छन्। सामान्य अर्थमा यी दुईजना अभिषिक्त जनहरू यहूदाका राज्यपाल जरूबाबेल र महापूजाहारी यहोशू हुन्, जसले आफ्नो ओहदामा राजा र पूजाहारीको भूमिका निभाए।

यस दर्शनले हामीलाई के शिक्षा दिन्छ भने, पुनर्स्थापनाको निम्ति आत्मिक शक्ति आवश्यक पर्छ। अनि के तपाईंलाई याद छ, यसभन्दा अघिको दर्शनले हामीलाई के सिकाउन खोज्यो? पुनर्स्थापनाको निम्ति शुद्धीकारण आवश्यक छ।

### च) जकरिया ५:१-४: दर्शन छः उड्दै गरेको पुस्तकको मुठा

यस छैटौं दर्शनको अर्थ यस प्रकारको छः इस्राएल देशमा जसले चोरी गऱ्यो र जसले झूटो कसम खायो, तिनीहरूको विरोधमा परमेश्वरको श्रापको घोषणा गरिन्छ।

**जकरिया ५:१-२:** उड्दै गरेको पुस्तकको मुठाको यस दर्शनको सम्बन्धचाहिँ प्रशासन र न्यायसँग सम्बन्धित छ। अब क्रममा यस प्रकारका तीनवटा दर्शनहरू आउँछन्; तीमध्ये उड्दै गरेको पुस्तकको मुठाको दर्शन प्रथम हो। यस पुस्तकको मुठाको लमाइ बीस हात र यसको चौड़ाइ दस हात थियो, अँ, सुलेमानको मन्दिरको अगाड़ि भएको दलानको साइज पनि यतिको थियो।

**जकरिया ५:३-४:** यस मुठाले चोरी गर्ने र झूटो कसम खाने हरेक मानिसमाथि परमेश्वरको श्राप आउनेछ भन्ने घोषणा गऱ्यो। यस श्रापअन्तर्गत चाहे चोरी गर्ने मानिस होस्, चाहे झूटो कसम खाने मानिस होस्, त्यसको घर, यसको काठ र यसका ढुङ्गाहरू समेत नष्ट हुनेथियो। हुन सक्छ, यस दर्शनको सन्दर्भ ख्रीष्टको राज्य स्थापित गर्नुभन्दा अघि सबै मानिसहरूमाथि आइपर्ने विश्वव्यापी न्यायहरू होलान्। किनकि त्यस समयमा चोरीजस्तै मानिसको विरुद्धमा गरिएका पापहरू र झूटो कसम आदि परमेश्वरको विरुद्धमा गरिएका पापहरूसित सठीक कारबाही गरिनेछ। (अनि यी दुवै न्यायहरू व्यवस्थाका दुईवटा ढुङ्गाका पाटीहरूमा पनि सङ्केत गरिएका छन्)।

### छ) जकरिया ५:५-११: दर्शन सातः एउटा एपामा अर्थात् एउटा टोकरीमा बसि-रहेकी स्त्री

यस सातौं दर्शनको अर्थ यस प्रकारको छः मूर्तिपूजा र धर्ममा पैसा कमाउने बाटो देखेको व्यापारधन्दा इस्राएल देशबाट बेबिलोनमा हटाइएको छ; किनकि त्यसको पुरानो घर यही हो।

सातौं दर्शनमा एउटा एपामा अर्थात् एउटा टोकरीमा बसिरहेकी एउटी स्त्री देखिन्छ। अनि एपाचाहिँ यूके र यू.एस.ए.मा चल्ती भएको 'बुशल' नामक अन्नको भाड़ाजस्तै यहूदीहरूको

बीचमा व्यापारमा प्रयोग गरिएका माना-पाथीहरूमा सबैभन्दा ठूलो, बाइस लिटर अटाउने भाड़ा थियो । अनि त्यस स्त्रीको अर्थ 'दुष्टता' हो । इस्राएल देशमा हुँदा यस एपामा बिर्को वा ढकनी लगाएर त्यो बन्द गरिएको थियो; यसर्थ त्यहाँ भएको बेलामा दुष्टतामाथि प्रतिबन्ध लगाइएको थियो । तर अब अरू दुईजना स्त्रीहरू देखा परे, जुन स्त्रीहरूले त्यो एपा उठाएर शिनार देशमा अर्थात् बेबिलोनमा लगेर त्यहाँ राखिछोड़े । यसको अर्थ यस प्रकारको देखिन्छः जुन धर्म बिग्रेर गएको अनि मूर्तिपूजा र व्यापारधन्दामा परिणत भएको थियो, त्यो दूषित धर्म इस्राएल देशबाट उठाइयो र बेबिलोनमा लगियो, जहाँ त्यसको खास घर थियो, जहाँबाट त्यो पहिले आएको पनि थियो । निस्सन्देह कालक्रममा त्यो हटाउने क्रिया बेबिलोनको न्याय हुनुभन्दा अघि र परमेश्वरको राज्य स्थापित गर्नुभन्दा अघि भएको हुनुपर्छ । अनि एघार पदमा जुन 'घर'को कुरा गरिएको छ, त्यो त मूर्तिको मन्दिर हो ।

इस्राएली जातिको विषयमा कुरा यस्तो छः बेबिलोनको कैदपछि यो जाति मूर्तिपूजाबाट बिलकुल शुद्ध भयो; तर हाय, भावी दिनमा यस जातिका मानिसहरूले ख्रीष्ट-विरोधीलाई परमेश्वरको रूपमा मानेर दण्डवत् र पूजा गर्नेछन्; त्योजस्तै खराब, त्योजस्तै ठूलो मूर्तिपूजा अरू के हुन सक्छ ?

### ज) जकरिया ६:१-८: दर्शन आठः चारवटा रथहरू

यस आठौं दर्शनको अर्थ यस प्रकारको छः परमेश्वरका घुमफिर गर्ने चारवटा टोलीहरूले चारैतिरबाट इस्राएली जातिका शत्रुहरूलाई धपाएको र दबाएको खबर ल्याए ।

**जकरिया ६:१-४:** त्यसपछि जकरियाले के देखे भने, पित्तलका दुईवटा पहाड़हरूको बीचबाट चारवटा रथहरू तिनका जोड़ा-जोड़ा घोड़ाहरूसित निस्के । ती घोड़ाहरू राता, काला, सेता र थोप्ले वा गाढ़ा राता थिए, अँ, ती सबै घोड़ाहरू बलिया थिए ।

**जकरिया ६:५-७:** अनि अर्थ खोल्ने स्वर्गदूतले ती रथहरू र तिनका जोड़ा-जोड़ा घोड़ाहरूको अर्थ खोलेः यी स्वर्गका चार आत्माहरू हुन्, जोचाहिँ अन्यजाति-जगत्लाई मसीह येशूको अधीनतामा ल्याउने परमेश्वरका कार्यकर्ताहरू हुन् । काला घोड़ाहरू निस्केर उत्तरतिर जान्छन्, र थोप्ले घोड़ाहरू दक्षिणतिर निस्केर जान्छन् । अनि पवित्र बाइबलमा भविष्यवाणीहरूको खण्डमा उत्तर र दक्षिणका दिशाहरूको सन्दर्भ प्रायः इस्राएली जातिका शत्रुहरूसँग सम्बन्धित छ, (उदाहरणको लागि, दानियल एघार अध्यायमा उत्तरका राजा र दक्षिणका राजाको कुरा उल्लेख छ) । काला घोड़ाहरू निस्केपछि सेता घोड़ाहरू पनि निस्के, तर राता घोड़ाहरू कहाँ निस्केर गए, र तिनीहरूले कहाँ घुमफिर गरे, सो पत्ता पाइन ।

**जकरिया ६:८:** अनि अर्थ खोल्ने स्वर्गदूतले उत्तर देशतिर निस्केर गएका घोड़ाहरूको विषयमा के भने भने, 'यी उत्तर देशमा निस्केर गएका घोड़ाहरूले उत्तर देशमा मेरो आत्मा शान्त पारेका छन् ।' यसबाट के बुझिन्छ ? उत्तरको सेना अर्थात् बेबिलोनको सेना नाश हुनेछ, जुन सेना सदैव इस्राएल देशको निम्ति खतराको स्रोत र डरको कारण हुन्थ्यो ।

आउनुहोस्, हामी यस दर्शनको प्रमुख अर्थ पक्रौंः परमप्रभुका दूतहरू निस्कन्छन्, र चारैतिर इस्राएली जातिका शत्रुहरूलाई नाश गर्छन्; मुख्य वाख्या यही होला त नि । अनि हामी फेरि एकपल्ट यो पनि भनिहालौंः योचाहिँ पृथ्वीमाथि ख्रीष्टको राज्य स्थापित हुनुभन्दा अघि घट्ने घटना हो ।

# खण्ड ३

# जकरिया ६ः९-१५ः

## यहोशूलाई महापूजाहारीको रूपमा अभिषेक गरिएको

अबको प्रतीकात्मक विधिको अर्थ यस प्रकारको छः ख्रीष्ट येशू राजा र महापूजाहारीको रूपमा आउनुहुनेछ; मण्डली र सरकार ख्रीष्टको हातमा, योजस्तै सिद्ध आदर्श र अत्यन्त सुन्दर मिलन अरू कुनै छैन ।

**जकरिया ६ः९-१३ः** अबचाहिँ न्यायका दर्शनहरू समाप्त भए, र एउटा बड़ो प्रतीकात्मक कार्य सुसम्पन्न गरिन्छ । किनकि जकरियाले एउटा दिव्य आदेश पाएः उनले बेबिलोनको कैदबाट फर्केर आएका तीनजना व्यक्तिहरूबाट, अर्थात् हेल्दै, तोबियाह र यदायाहबाट सुन र चाँदी लिनु थियो; अनि उनले योसियाहको घरमा गएर त्यहाँ महापूजाहारी यहोशूको[6] निम्ति एउटा भव्य मुकुट बनाउनु थियो । तर अरू बेला हुनु हो भने, मुकुट त शासकको निम्ति बनाइन्थ्यो, महापूजाहारीको निम्ति होइन । तर यस मुकुट लगाउने कार्यले ख्रीष्टको दोस्रो आगमनलाई ताक्छ, जुन बेलामा उहाँ राजा र पूजाहारीको रूपमा आउनुहुनेछ । अनि बाह्र पदमा आएर उहाँको नाम 'हाँगा' राखिएको छ; किनभने उहाँले हजार वर्षको राज्यको मन्दिर निर्माण गर्नुहुनेछ र राजकीय महिमा धारण गर्नुहुनेछ र आफ्नो सिंहासनमाथि विराजमान भई शासन गर्नुहुनेछ । यस विषयमा श्री डेभिड ब्यारोनले निम्न टिप्पणी गरेका छन्ः

> 'निश्चय निम्न कुराले मसीहको राजकीय पूजाहारीगिरीसँग मेल खान्छः किनकि यहाँ मन्दिरको निम्ति प्रयोग गरिएको हिब्रू शब्द 'हेइकाल'को अर्थ महल हो, जुन शब्द घरिघरि राजदरबारको निम्ति र परमप्रभुको मन्दिरको निम्ति चलाइएको छ । किनकि राजा भई उहाँ आफ्नो दरबारमा पस्नुहुनेछ, र पूजाहारी भई उहाँ आफ्नो पवित्रस्थानमा प्रवेश गर्नुहुनेछ' ।[7]

*'अनि ती दुवैको बीचमा शान्तिको मन्त्रणा हुनेछ ।'* राजा र पूजाहारीको बीचमा शान्ति र समझदारिता किन नहुने, जब यी दुवै पद-हरू एकै व्यक्तिले अर्थात् ख्रीष्ट येशूले सम्हाल्नुहुनेछ ?

**जकरिया ६ः१४ः** अनि त्यो मुकुट उनले मन्दिरमा सम्झना-चिन्हको रूपमा राख्नुपरेको थियो । (अनि हेलेमचाहिँ हेल्दै हुन् र हेनचाहिँ यहोशू हुन्) ।

**जकरिया ६ः१५ः** तितरबितर भएको इस्राएली जातिको पुनर्स्थापना पूरा हुनेछ, र मसीहको विषयमा गरिएको प्रतिज्ञा पनि निश्चित रूपले पूरा हुनेछ । यो आश्वासन मानिसहरूको सामु यस हेतुले राखियो, कि तिनीहरूले आज्ञाकारी हुने सम्बन्धमा प्रोत्साहन पाऊन् ।

# खण्ड ४

# जकरिया ७-८ः

## बेतएलका यहूदीहरूको बीचमा तिनीहरूले निरन्तर उपवास किन गरिरहेको सम्बन्धमा उठेको प्रश्न

### क) जकरिया ७ः१-३ः उपवासको विषयमा उठेको प्रश्न

जकरियाको पुस्तकको सात र आठ अध्यायहरू एउटा छुट्टै खण्ड हुन्, जसको विषयवस्तु उपवास हो। एन.के.जे.वी.को किनारमा राखिएको अनुवाद र अन्य बाइबल-अनुवादहरूअनुसार[8] बेतएलबाट एक टोली एउटा विषयमा परमप्रभुको राय बुझ्न आयोः के तिनीहरूले यरूशलेमको पतनको वार्षिक सम्झनामा उपवास बस्ने क्रममा निरन्तरता दिनुपर्छ कि पर्दैन? किनकि तिनीहरू सत्तरी वर्षभन्दा बढ़ी समयदेखि यसो गर्दै आएका थिए।

**ख) जकरिया ७ः४-७ः पहिलो वाणी आएको**

यस पहिलो वाणीको अर्थ यस प्रकारको छः त्यो उपवासको कुराचाहिँ तिनीहरूको विचार र मनसाको फल थियो, परमेश्वरको मनसा र आज्ञाको फल होइन। परमप्रभु रीति र रिवाजसँग कहाँ प्रसन्न हुनुहुन्छ र!? उहाँ त हामीबाट विश्वास र भक्तिको वास्तविकता खोज्नुहुन्छ।

जकरिया ७ः४-७, ७ः८-१४, ८ः१-१७ र ८ः१८-२३ पदका खण्डहरूमा उक्त प्रश्नको उत्तर दिन चारवटा छुट्टै वाणीहरू आए। पहिलो वाणीमा परमेश्वरले तिनीहरूलाई सम्झाउनुभयो, कि पाँचौं र सातौं महिनामा उपवास बस्नुपर्ने नियम तिनीहरूले स्थापित गरेका थिए, उहाँले होइन। चाहे तिनीहरू उपवास बसेका होऊन्, चाहे तिनीहरूले भोज गरेका होऊन्, तिनीहरूले आफ्नै लागि यसो गरे र आफ्नै लागि यसो गर्नेथिए, परमेश्वरको लागि होइन। किनकि यरूशलेम नाश हुनुभन्दा अघि भूतपूर्व भविष्यवक्ताहरूले मानिसहरूलाई चेताउनी दिएका थिए, कि परमेश्वरले तिनीहरूबाट धर्मका रीतिहरू होइन, तर धार्मिकता र साँचो भक्ति पाउन चाहनुहुन्छ।

**ग) जकरिया ७ः८-१४ः दोस्रो वाणी आएको**

यस दोस्रो वाणीको अर्थ यस प्रकारको छः मानिसहरूमाथि उहाँको न्याय आइपरेको थियो; किनभने तिनीहरूले आफ्नो व्यवहारमा सठीक न्याय गर्ने, धार्मिकता र दयाको काम गर्न इन्कार गरेका थिए।

दोस्रो वाणीमा परमेश्वरले यस इस्राएली जातिमाथि न्याय किन आइपरेको थियो, सो स्पष्ट पार्नुभयो। उहाँले मानिसहरूलाई न्याय गर्ने, आपसमा दया देखाउने र कोमल कृपाहरू प्रकट गर्ने आह्वान दिनुभएको थियो; तर तिनीहरूले यस आह्वानको कुनै पनि वास्ता गर्दैनथिए, तर यसमा ध्यान दिन पूरापूर इन्कार गर्दैथिए। अब तिनीहरूको अनाज्ञाकारिताले कमाएका प्रतिफलहरूमाथि ध्यान दिनुहोस्ः तिनीहरूमाथि परमेश्वरको क्रोध आइपरेको, तिनीहरूले आफ्ना प्रार्थनाहरूको उत्तर नपाएका, तिनीहरू जातिहरूको बीचमा तितर-बितर भएका र देश उजाड़ भएको थियो। अर्को शब्दमा भन्नु हो भने, जुन उपवासको विषयमा तिनीहरूले सोधखोज गरे, त्यो उपवासचाहिँ तिनीहरूको पापी अवस्था र तिनीहरूको अनाज्ञाकारिताको परिणाम पो थियो। यस विषयमा श्री विलियम केलीले चेताउनी दिएर यसो लेखेका छन्ः

> 'धर्मका विधिहरू जुनसुकै होऊन्, तर यस्ता विधिहरूले परमेश्वरको दृष्टिमा व्यावहारिक धार्मिकताको स्थान कहिल्यै लिँदैनन्, अँ, विश्वासको स्थान झन् बढ़ता गरी लिनै सक्दैनन्'।[9]

**घ) जकरिया ८ः१-१७ः तेस्रो वाणी आएको**

यस तेस्रो वाणीको अर्थ यस प्रकारको छः परमप्रभुले अझ पनि यहूदामाथि आफ्ना आशिषहरू खन्याउनुहुनेछ।

**जकरिया ८:१-५:** बेतएलबाट आएको टोलीलाई दिइएको तेस्रो वाणीले यहूदालाई भावी आशिषको प्रतिज्ञा गर्छ। यहूदाका शत्रुहरूमाथि ठूलो क्रोध आइपर्नेछ (२ पद)। यरूशलेम पुनर्स्थापित हुनेछ र यसको नाम 'सत्यनगर' राखिनेछ; अनि यसका सड़कहरू केटाकेटीहरूको खेलमैदान बन्नेछन् र वृद्ध मानिसहरूको सामाजिक केन्द्रमा परिणत हुनेछन्।

**जकरिया ८:६-८:** अनि के यो बाँकी रहेका अल्पसङ्ख्य मानिसहरूको दृष्टिमा अचम्म लाग्ने कुरा थियो? तब के, के यो परमेश्वरको निम्ति गाह्रो कुरा हुन्थ्यो र? के उहाँले यसो गर्न सक्नुहुन्नथियो? होइन, होइन, उहाँले कैदीहरूलाई फर्काएर ल्याउनुहुनेथियो, र उहाँले तिनीहरूको बीचमा तिनीहरूका परमेश्वरको रूपमा वास गर्नुहुनेथियो।

यी पदहरूको तत्कालीन प्रयोग जकरियाको समयका मानिसहरूमाथि लागू भएको थियो, यसमा शङ्का छैन; तर यी पदहरूको सम्पूर्ण पूर्ति हाम्रा प्रभु येशूको दोस्रो आगमनमा पूरा हुनेछ।

**जकरिया ८:९-१३:** हाग्गै र जकरियाका मुखबाट हौसलाका वचनहरू सुनेका यी मानिसहरूलाई निर्माण-कार्य जारी राख्ने आग्रह गरियो। तिनीहरूले मन्दिरको निर्माण गर्ने काम शुरु गर्नुभन्दा अगाड़ि तिनीहरूको बीचमा बेरोजगारी व्यापक थियो, र सड़कहरूहुँदो हिंसा भइरहन्थ्यो। तर अबचाहिँ परमेश्वरले तिनीहरूलाई शान्ति र समृद्धि पाउने प्रतिज्ञा गर्नुभयो; अनि तिनीहरू अन्यजातिहरूको निम्ति श्रापको कारण होइन, तर यसको सट्टामा आशिषको कारण हुनेथियो।

**जकरिया ८:१४-१७:** जसरी परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूका अन-आज्ञाकारिताको दिनमा विपत्ति पठाउनेछु भन्ने प्रतिज्ञा गर्नुभएको थियो, त्यसरी नै उहाँले अब तिनीहरूको भलाइ गर्ने विचार गर्नुभयो। यही कारणले तिनीहरू सत्यनिष्ठ हुनु थियो, तिनीहरूले समाजमा न्याय र शान्ति कायम राख्नु थियो। तिनीहरूको निम्ति दिव्य अर्ती यही थियोः तिनीहरू परमप्रभुले घृणा गर्नुभएका कुराहरूबाट अलग बस्नुपर्थ्यो; तिनीहरूले आफ्नो हृदयमा आफ्नो छिमेकीको विरोधमा खराबी रच्नुहुँदैनथियो र झूटो कसम खानुहुँदैनथियो। त्यतातिर तिनीहरूको मन झुक्नुहुँदैनथियो; त्यो त सरासर बेईमानी ठहरिनेथियो।

### ङ) जकरिया ८:१८-२३: चौथो वाणी आएको

यस चौथो वाणीको अर्थ यस प्रकारको छः इस्राएली जातिका उपवास-बसाइहरू उत्सवका दिनहरू र चाड़हरूमा बदली हुनेछन्, अनि यरूशलेमचाहिँ आराधनाको विश्व-केन्द्र हुनेछ।

**जकरिया ८:१८:** बेतएलबाट आएको टोलीलाई हौसला र ढाढ़स मिल्यो; किनभने परमप्रभुले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो, कि शोक र उदासले पूर्ण तिनीहरूका उपवास-बसाइहरू हर्ष र आनन्द, अँ, आनन्दित तुल्याउने चाड़हरूमा पो बदली हुनेछन्। दसौं महिनामा उपवास बसेको बेलामा तिनीहरूले यरूशलेम घेराबन्दीमा परेको सम्झनामा शोक गर्थे (२ राजा २५:१); अनि चौथो महिनामा यसको कब्जा भएको थियो (२ राजा २५:३); अनि पाचौं महिनामा यसको विनाश भएको थियो (२ राजा २५:८-१०); अनि सातौं महिनामा गदल्याहको हत्या भएको थियो (२ राजा २५:२५)।

**जकरिया ८:१९-२३:** यस अध्यायका अन्तिम पदहरूमा के चित्र देखिन्छ? संसारको चारैतिरबाट धेरै जातिका मानिसहरू र शक्तिशाली जातिहरू यरूशलेममा सेनाहरूको परमप्रभुको खोजी गर्न र उहाँको सामु विन्ती

चढ़ाउन आउनेछन्। त्यस दिनमा यहूदीहरू संसारको निम्ति आशिषको स्रोत र माध्यम हुनेछन्। अनि यस अध्यायमा ८:२, ३, ४, ६, ७, ९, १४, १९, २० र २३ पदहरूमा दस पल्ट 'सेनाहरूका परमप्रभु यसो भन्नुहुन्छ' र 'परमप्रभु यसो भन्नुहुन्छ' भन्ने वाक्यमाथि ध्यान दिनुहोस्!

# खण्ड ५

# जकरिया ९-११:

## मसीहको पहिलो आगमनमाथि जोड़ दिने पहिलो वाणी

यस पुस्तकका बाँकी अध्यायहरूमा दुईवटा वाणीहरू वा बोझहरू पेस गरिएका छन्। पहिलो वाणी जकरियाको नौ अध्यायदेखि एघार अध्यायसम्म दिइएको छ; यस पहिलो वाणीमा जोड़ मसीहको पहिलो आगमनमाथि राखिएको छ। तर जकरियाको बाह्र अध्याय-देखि चौध अध्यायसम्म दोस्रो वाणीले ख्रीष्टको महिमित आगमनमाथि ध्यान दिन्छ।

### क) जकरिया ९:१-८: अन्यजातिहरूको न्याय हुनेछ

**जकरिया ९:१-७:** यस नौ अध्यायको शुरुमा हद्राकको देश, दमस्कस, हमातमाथि अर्थात् सिरियामाथि परमेश्वरको न्याय घोषणा गरिएको छ (जकरिया ९:१-२क), त्यसपछि टायर र सिडोनमाथि परमेश्वरको न्याय घोषणा गरिएको छ (जकरिया ९:२ख-४), अनि अश्केलोन, गाजा, एक्रोन, अश्दोदमाथि अर्थात् पलिस्ती देशमाथि परमेश्वरको न्याय घोषणा गरिएको छ (जकरिया ९:५-७)।

टायरले आफ्नो धनसम्पत्ति र आफ्नो किल्लाबद्ध शहरको बारेमा घमण्ड गर्थ्यो; तर परमप्रभुले त्यो शहर समुद्रमा मिल्काइ-दिनुहुनेथियो। अनि पलिस्तीहरूका शहरहरू टायरको पतन देखेर निराश र हताश हुनेथिए; किनकि तिनीहरूको विचारमा यो शहर अजेय थियो। पलिस्तीहरूचाहिँ तिनीहरूको मूर्तिपूजा-बाट शुद्ध पारिनेथिए, र तिनीहरू इस्राएली जातिको बीचमा उनीहरूका कुलहरूमध्ये एकजस्तै बस्नेथिए। अनि एक्रोनचाहिँ? एक्रोन यबूसीजस्तै हुनेथियो। एक्रोन कुन अर्थमा यबूसीजस्तै हुनेथियो त? किनभने एक्रोनका मानिसहरू इस्राएलीहरूको बीचमा वफादार र शान्तिप्रिय नागरिकको रूपमा बस्नेथिए।

**जकरिया ९:८:** अनि अबदेखि उसो आक्रमणकारी परदेशी सेनाहरूले फेरि कहिल्यै मन्दिरको क्षति गर्नेथिएनन्, न मानिसहरूलाई फेरि कहिल्यै धम्की दिनेथिए। वास्तवमा जब सिकन्दर महान्‌ले यी अन्यजाति देशहरू जिते, तब जकरिया ९:१-८ पदको खण्ड आंशिक रूपमा पूरा भएको हो। (तपाईंले तेह्र पदमा ग्रीकको नाम लिइएको कुरामाथि ध्यान दिनुहोला)।

### ख) जकरिया ९:९: सियोनकहाँ मसीहको पहिलो आगमन यस्तो हुनेछ

त्यसपछि परमेश्वरका जनहरूलाई उत्साह मिलेको छ; किनकि तिनीहरूलाई तिनीहरूका राजा अर्थात् मसीहको आगमन प्रतिज्ञा गरिएको छ। नौ पदले उहाँको पहिलो आगमन बयान गरेको छः उहाँ नम्र, र एउटा गधामाथि बसेर आउनुहुनेछ। मत्तीको सुसमाचारको रङ्गरस यहूदीको थियो भने, यूहन्नाको सुसमाचार सार्वजनिक थियो। अनि मत्ती र यूहन्ना दुवै

प्रेरितहरूले आफ्ना सुसमाचारका पुस्तकहरूमा यो पद उद्धृत गरेर यसको सम्बन्ध यरूशलेममा हाम्रा प्रभुको प्रवेशसित जोड़े ।

### ग) जकरिया ९:१०: ख्रीष्टको दोस्रो आगमनको समयमा विश्वभरि निशस्त्रीकरण र विश्वव्यापी शान्ति हुनेछ

तर दस पदको दृष्टि उहाँको दोस्रो आगमनमाथि लगाइएको छ, जुन बेलामा उहाँ ठूलो शक्ति र ठूलो महिमाको साथ आउनुहुनेछ। किनकि त्यस समयमा युद्धका हतियारहरू रद्द गरिनेछन्, अनि ख्रीष्ट येशूले समुद्रदेखि समुद्रसम्म र नदीदेखि पृथ्वीका छेउ-छेउसम्म राज्य गर्नुहुनेछ। (जकरियाले यहाँ भजन ७२:८ पद उद्धृत गरेका रहेछन्)। यसर्थ वर्तमान समयमा चलिरहेको अनुग्रहको युग नौ र दस पदको बीचमा लुकेको हुनुपर्छ।

### घ) जकरिया ९:११-१२: निर्वासनबाट कैदीहरू यरूशलेममा फर्केर आउनेछन्

*'अनि तिमीचाहिँ – तिम्रो करारको रगतको खातिर मैले तिम्रा कैदीहरूलाई पानी नभएको खाड़लबाट निकालिपठाएको छु।'* आउनुहोस्, हामी 'तिम्रो करारको रगतको खातिर' भन्ने वाक्यको अर्थ खोलौं: त्यो करार विशेष कुनै रगतले पारित भएको थियो। यसकारण त्यो करार कि त व्यवस्थारूपी करार थियो (प्रस्थान २४:८), जुन करारले इस्राएली जातिलाई कनान देशको हक पक्का गरेको थियो (व्यवस्था ३०:१-१०), कि त राजा दाऊदसित बाँधिएको करार थियो (२ शमूएल ७:४-१७), कि त परमप्रभु र इस्राएली जातिको बीचमा स्थापित गरिएको अरू कुनै करार थियो।

इस्राएली कैदीहरूले परदेशहरूरूपी पानी नभएको खाड़लबाट छुटकारा पाउनेछन्, र तिनीहरू किल्लामा फर्कनेछन्, जुन किल्लाको अर्थ कि त यरूशलेम हो, कि त इस्राएल देश हो, अथवा त्यो किल्ला परमेश्वर स्वयम् हुनुहुन्छ।

### ङ) जकरिया ९:१३: ग्रीक देशमाथि संयुक्त इस्राएलको विजय

त्यस दिनमा यहूदा र इस्राएलले, (जुन इस्राएललाई चाहिँ यहाँ 'एप्रैम' भनिएको छ) सँगै मिलेर देशहरू जित्दै जानेछन् र ग्रीक देश समेत आफ्नो वशमा ल्याउनेछन्। अनि ख्रीष्टपूर्व १७५-१६३ सालहरूमा यो भविष्यवाणी आंशिक रूपमा मक्काबीहरूको लड़ाइँमा पूरा भयो। तर यस भविष्यवाणीको प्रतीक्षा त्यो सुनौलो क्षण हो, जब संसारभरि तितरबितर भएको इस्राएली जाति अन्तमा आफ्नो स्वदेशमा पुनर्स्थापित हुनेछ।

### च) जकरिया ९:१४-१७: परमप्रभुले आफ्ना जनहरूको रक्षा गर्न हस्तक्षेप गर्नुहुनेछ

एकजना अज्ञात टिप्पणीकारले यस 'पवित्र युद्ध'को सजीव वर्णन निम्न प्रकारले गरेका छन्:

> 'जस-जसलाई परमेश्वरले यस पवित्र युद्धमा विजय दिनुहुनेछ, उनीहरूलाई विचार गर्नुहोस्: उनीहरूले आफ्ना शत्रुहरूको रगत धारैधारा बग्ने गरी बहाउनेछन्; तब उनीहरू केजस्तै देखा पर्नेछन्? उनीहरू त वेदीको छेउमा र त्यसका सिङहरूमाथि छर्किन तयार भएका, बलिहरूको रगतले भरिएका भाँड़ाहरूजस्ता रक्ताम्मे हुनेछन्; उनीहरू रक्तमय लड़ाइँबाट विजय प्राप्त गरेपछि केजस्ता देखिनेछन्? उनीहरू होमबलिको वेदीका कुनाहरूभैं रगतका छिटैछिटाले सिँचिएका हुनेछन्'।

श्री मेरिल एफ. अङ्गरले इस्राएली जाति र यसका शत्रुहरूको बीचमा ठूलो भिन्नता देखेर निम्न वर्णन गरेका छन्:

'पन्ध्र पदमा इस्राएली जातिका शत्रुहरू घुयेंत्राका ढुङ्गाहरूसित तुलना गरिएका छन्, जोचाहिँ हिलोमा कुल्चीमिल्ची पारिनेछन्; तर तिनीहरूको ठीक विपरीत सोह्र पदमा जकरियाले सियोनका विजयी छोराहरूको नक्सा कोरिदिएका छन्ः बाँकी रहेको भाग अर्थात् उद्धार पाएका जनहरूचाहिँ मुकुटको बहुमूल्य मणिहरूसँग तुलना गरिएका छन्, जोचाहिँ परमप्रभुको देशमा चम्कनेछन्। तब यस चित्रभाषाले भन्न खोजेको कुरा सुस्पष्ट छः मसीहको राज्यमा प्रवेश गर्दा इस्राएली जातिका यी विश्वासयोग्य शहीदहरू र यी शूरवीर पवित्र जनहरूको इनाम कत्रो हुनेछ, कत्रो, त्यो तपाईं आफै विचार गर्नुहोस्'![10]

### छ) जकरिया १०ः१-२ः दिव्य आग्रहः मानिसहरूले मूर्तिहरूबाट होइन, तर परमप्रभुबाट नै पानीझरी माग्नुपर्छ

मानिसहरूलाई आग्रह गरिएको छः पानीझरीको निम्ति तिनीहरूले व्यर्थका मूर्तिहरूलाई होइन, तर परमप्रभुलाई अनुरोध गर्नुपर्छ। मूर्तिपूजाको प्रतिफल हेर्नुहोस्ः गोठाला नभएका भेड़ाहरूजस्तै यी मूर्तिपूजा गर्ने मानिसहरू भौंतारिएका छन्।

### ज) जकरिया १०ः३-५ः परमेश्वरले यहूदाका अगुवाहरूलाई दण्ड दिनुहुनेछ, मसीहलाई खड़ा गर्नुहुनेछ र आफ्ना जनहरूलाई विजय दिनुहुनेछ

**जकरिया १०ः३ः** परमेश्वरको क्रोध ती गोठालाहरू र बोकारूपी अगुवाहरूको विरुद्धमा जलेको छ; किनकि यिनीहरूले मानिसहरूलाई बहकाए र भड़्काए। तर परमप्रभुले आफ्नो बगाल अर्थात् यहूदाको घरानालाई भेट्नुहुनेछ र यसलाई लड़ाइँको प्रतापी घोड़ा पो तुल्याउनुहुनेछ।

**जकरिया १०ः४-५ः** धेरै टिप्पणीकारहरू छन्, जसले चार पद मसीहको विषयमा गरिएको प्रतिज्ञाको रूपमा हेर्छन्। यसो हो भने, यहूदाबाट निस्कनुभएपछि उहाँ मुख्य कुना-ढुङ्गा, पालको खुटी, लड़ाइँको धनु र शासक हुनुहुनेछ। अरूको विचारमा, यस पदमा भनिएको तात्पर्य र यहाँ कोरिएको चित्र पुनर्स्थापित भएको इस्राएली जातिसित खूब मिल्छ। यस सिलसिलामा श्री सी. एल. फाइनबर्गले के भनेका छन् भने, 'यस पदको अन्तिम वाक्यले मसीह आउनुभएपछि उहाँले के गर्नुहुनेछ, सो वर्णन गर्छ; किनकि उहाँले परदेशी दमनकारीहरूलाई देशबाट निकालिदिनुहुनेछ।'[11] (यसको निम्ति के.जे.वी.को अनुवाद हेर्नुहोस्)। जेजस्तो भए पनि एउटा कुरा सुनिश्चित छः यहूदाका मानिसहरूले आफ्ना शत्रुहरूमाथि गौरवशाली विजय हासिल गर्नेछन्।

### झ) जकरिया १०ः६-१२ः इस्राएल र यहूदा फेरि आफ्नो देशमा जम्मा गरिनेछन् र त्यहाँ पुनर्स्थापित हुनेछन्

यस खण्डले संसारभरि तितरबितर भएको यहूदाको घराना, साथै यूसुफको घरानारूपी इस्राएल फर्केर ल्याउने कार्यको पूर्ववर्णन गर्छ। अनि एप्रैमको विषयमा के लेखिएको छ? इस्राएल केजस्तो हुनेछ? यो त शूरवीर योद्धा हुनेछ।

सुसेली मारेर परमप्रभुले आफ्ना जनहरूलाई बोलाउनुहुनेछ र जुन-जुन देशहरूमा उहाँले तिनीहरूलाई तितरबितर पार्नुभएको थियो, ती देशहरूबाट अर्थात् मिस्र देश र अश्शूरबाट फर्काएर उहाँले तिनीहरूलाई गिलाद देश र लेबानोनमा भेला गर्नुहुनेछ। अनि जुन जातिहरूले तिनीहरूलाई अघि दासत्वमा राखेका थिए, ती जातिहरूले दण्ड भोग्नेछन्; तर यहूदा र इस्राएलले परमप्रभुको नाममा गर्व गर्नेछन्। अनि एघार पदमा लेखिएको 'ऊ'चाहिँ 'उहाँ' अर्थात् परमप्रभु हुनुहुन्छ। किनभने उहाँले समुद्रका छालहरू सङ्कष्टरूपी प्रहारले हिर्काउनुहुनेछ; समुद्रका छालहरूले यहाँ कुन

अर्थ लिएका छन्? ती छालहरूले सबै किसिमका बाधा र अवरोधहरू सङ्केत गर्छन्, जुन बाधा र अवरोधहरूले उहाँको आगमनको बाटो चेक्छन्, केजस्तै? लाल समुद्रले इस्राएलीहरूको प्रस्थानमा बाधा पारेकोजस्तै।

### ञ) जकरिया ११:१-३: अविश्वासयोग्य शासकहरूले सजाय भोग्नेछन्

जकरियाको पुस्तकको एघार अध्यायको विषयवस्तु मसीहको तिरस्कार हो, साथै रोमीहरूको हातबाट यरूशलेममाथि आएको विनाश र ख्रीष्ट-विरोधीको उत्थान पनि हो।

एक पददेखि तीन पदसम्म त्यस विनाशको अक्षरशः वर्णन प्रस्तुत गरिएको छ, जुन विनाश इस्राएलका वनहरूमाथि (जुन वनहरूको नाम यहाँ 'लेबानोन' भएको छ), यसका पहाड़ी देशहरूमाथि र यसका तराईका भूभागहरूमाथि आएको थियो वा आउनेथियो। गोठालाहरूले विलाप गरे वा गर्नेछन्; किनभने यर्दन नदीका चरण र खर्कहरू नष्ट भएका छन् र तिनीहरूका भेड़ाहरूको निम्ति घाँसको अहारा केही पनि छैन। कसै-कसैको विचारमा यसको सन्दर्भचाहिँ इस्वी संवत् ७० सालमा रोमीहरूको हातबाट इस्राएल देशमाथि आएको विनाश हो।

### ट) जकरिया ११:४-८क: मसीहचाहिँ बगालको साँचो गोठाला हुनुहुनेछ

**जकरिया ११:४-६:** परमप्रभुले जकरियालाई के आज्ञा दिनुभयो भने, उनले यस्तो एउटा गोठालाको भूमिका निभाउनुपरेको थियो, जसको बगालका भेड़ाहरू मारिन ठहराइएका थिए। यस कुरामा जकरियाचाहिँ प्रभु येशूको प्रतीक थिए। अनि यी भेड़ाहरू बाँकी रहेका यहूदीहरू हुन्, जसलाई तिनीहरूका भूतपूर्व गोठालाहरूले अर्थात् तिनीहरूका भूतपूर्व शासकहरूले क्रूर शोषण गरेका थिए। तर परमेश्वरले यस देशका दुष्ट बासिन्दाहरूलाई ती रोमी सम्राटको हातमा सुम्पिदिने निर्णय गर्नुभयो, जसलाई तिनीहरूले आफ्नो राजाको रूपमा स्वीकार गर्नेथिए (यूहन्ना १९:१५)।

**जकरिया ११:७-८क:** गोठालाको भूमिका निभाउँदाखेरि जकरियाले दुईवटा लौराहरू लिए: एक लौराको नाम 'अनुग्रहको सुन्दरता' थियो भने, अर्को लौराको नाम 'एकताका बन्धनहरू' थियो। ती लौराहरूले आफ्ना मानिसहरूप्रति परमेश्वरको मनसा प्रकट गरेः उहाँले आफ्ना जनहरूलाई अनुग्रह देखाउन चाहनुभयो; अनि उहाँले यहूदा र इस्राएल एक बनाउन चाहनुभयो। जकरियाले आफ्नो काम पूरा गर्न तीनजना झूटा गोठालाहरूलाई खारेज गर्नुपर्‍यो। सामान्य अर्थमा यी तीनजना गोठालाहरू तीनवटा पदहरू हुन्: राजा, पूजाहारी र भविष्यवक्ताका पदहरू। (तर श्री मेरिल एफ. अङ्गरले के सुझाउ दिएका छन् भने, ती तीनवटा गोठालाहरूले यहूदी समाजमा शासकहरूको भूमिका खेल्ने उच्च अधिकारीवर्ग बुझाउँछन्, जस्तैः पूजाहारीहरू, व्यवस्थाका शिक्षकहरू र न्यायकर्ताहरू। अनि 'एकै महिनामा' भन्ने शब्दको विषयमा श्री अङ्गरले निम्न स्पष्टीकारण दिएका छन्: एकै महिनामा इस्राएली जातिका अगुवाहरूको अविश्वास चरमसीमामा पुगेर तिनीहरूले हाम्रा प्रभुलाई क्रूसमा टाँगे।) [12)]

### ठ) जकरिया ११:८ख-१४: मसीह आफ्ना जनहरूबाट तिरस्कार गरिनुहुनेछ

**जकरिया ११:८ख-११:** अनि जब मानिसहरूले आफ्ना गोठालालाई तिरस्कार गरे, तब परमप्रभुले तिनीहरूलाई तिनीहरूकै दुर्भाग्यमा छोड़िदिनुभयो। त्यसपछि जकरियाले 'सुन्दरता' नामक पहिलो लौरा लिए, र भाँचेर दुई टुक्रा बनाए; किनकि

परमेश्वरले त्यो करार खारेज गर्नुभयो, जुन करारले गर्दा उहाँले अन्यजातिहरूलाई उहाँका जनहरूको दमन गर्न रोकिराख्नुहुन्थ्यो र तिनीहरूलाई उनीहरूको थिचोमिचो गर्न दिनुहुन्नथियो। बगालका दरिद्रहरूले मात्र यहाँ के भइरहेको र किन भइरहेको थियो, सो बुझे; किनकि त्यो कुरा परमेश्वरबाट हुन आएको थियो।

**जकरिया ११:१२-१३:** अनि जब जकरियाले 'मेरो ज्याला देओ' भनेर मानिसहरूबाट आफ्नो वेतन मागे, तब तिनीहरूले उनलाई तीस चाँदीका टुक्रा दिए। अनि तीस चाँदीका टुक्राचाहिँ गोरुले कसैको दासलाई हानेर मार्‍यो भने त्यस दासको मालिकलाई दिनुपर्ने छुटकाराको दाम थियो। अनि यो दाम कुमालेको सामु फ्याँकियो। अनि ठीक त्यस्तै हुन आयो। यहूदा इस्करयोतीले प्रभु येशूलाई विश्वासघात गरेर सुम्पेपछि यस्तै गर्‍यो। अनि यही कुरा यहाँ अघिबाटै भविष्यवाणी गरिएको थियो।

**जकरिया ११:१४:** त्यसपछि जकरियाले 'बन्धनहरू' नामक अर्को लौरा काटेर दुई टुक्रा बनाए; किनकि यहूदा र इस्राएलको बीचमा भाइ-भाइको बन्धन तोड़ियो, र फलस्वरूप यहूदीहरूको बीचमा अमेल र आपसी झैंझगड़ा र मनमुटाउ हुनेथियो।

### ङ) जकरिया ११:१५-१७: परमेश्वरले तिनीहरूलाई मूर्ति-गोठालाको हातमा अर्थात् ख्रीष्ट-विरोधीको हातमा सुम्पिदिनुहुनेछ

श्री सी. एल. फाइनबर्गले हाम्रो ध्यानमा राख्न चाहेका छन्, कि मण्डलीको युग जकरिया ११:१४ र १५ पदको बीचमा लुकेको छ। [13)]

जे होस्, इस्राएली जातिले येशूमा असल गोठालालाई तिरस्कार गरेको हुनाले तिनीहरूलाई एउटा झूटा गोठाला दिइनेछ। अनि जकरियाले निकम्मा गोठालाका सरसामानहरू लिएर त्यसको नोकल गरे। यस नाटकीय कार्यले भावी ख्रीष्ट-विरोधीलाई सङ्केत गर्छ, जसले भेड़ाहरूको वास्ता गर्नेछैन, तर तिनीहरूलाई लुट्नेछ र तिनीहरूलाई मार्नेछ। त्यसको पाखुरा सुक्नेछ र त्यसको दाहिने आँखा लड़ाइँमा घाइते हुनेछ र अन्धा हुनेछ।

# खण्ड ६

# जकरिया १२-१४:

## मसीहको दोस्रो आगमनमाथि जोड़ दिने दोस्रो वाणी

### क) जकरिया १२:१-३: यरूशलेमचाहिँ सबै जातिहरूको निम्ति समस्याको मूलकारण हुनेछ

यहाँ अन्यजातिहरूलाई भावी दिनमा यरूशलेमको विरुद्धमा आउँदै गरेको देखिन्छ। अनि यो शहर सताउने सबैलाई धेरै कष्ट दिइनेछ। यो अति गह्रौं जाँतो उठाउन खोज्नेहरूले आफैलाई पो चोट पुर्‍याउनेछन्।

### ख) जकरिया १२:४: परमप्रभुले यहूदाका शत्रुहरूलाई नाश गर्नुहुनेछ

त्यस दिनमा परमेश्वरले आक्रमणकारीहरूलाई, घोड़ा र घोड़चढ़ी दुवैलाई, पागलपन र आतङ्कले हिर्काउनुहुनेछ।

### ग) जकरिया १२:५: यहूदीहरूले परमेश्‍वरलाई आफ्नो बलको रूपमा मानिलिनेछन्

यरूशलेम-बाहिर बस्ने यहूदाका शासकहरूले आफ्नो मनमा यसो भन्नेछन्: ‘यरूशलेमका बासिन्दाहरूको निम्ति सेनाहरूका परमप्रभु तिनीहरूको परमेश्‍वर तिनीहरूको बल हुनुहुन्छ; अहो, उहाँबाट तिनीहरूले कत्रो शक्ति पाएका रहेछन् !’

### घ) जकरिया १२:६-९: यरूशलेम-बाहिर बस्ने यहूदाका मानिसहरूले आफ्ना शत्रुहरूलाई निल्नेछन् र पहिले तिनी-हरूमाथि विजय प्राप्त गर्नेछन्

त्यस दिनमा यहूदाका शासकहरू भस्म पार्ने आगोजस्तै हुनेछन्; उनीहरूले छुने सबै थोकहरू जल्नेछन् । पहिलो विजय यरूशलेम-बाहिर बस्ने यहूदाका मानिसहरूको हुनेछ, यस हेतुले कि यरूशलेमका मानिसहरूले आफूलाई तिनीहरूभन्दा उच्च नपारून् । तर यरूशलेमका बासिन्दाहरू सुरक्षित हुनेछन् र तिनीहरू प्रबल हुनेछन्, र आक्रमण गर्ने यी अन्यजातिहरू नष्ट हुनेछन् ।

### ङ) जकरिया १२:१०-१४: यस जातिले मसीहलाई तिरस्कार गरेकोमा विलाप गर्नेछ

अनि जब मानिसहरूले ती मसीहमाथि आफ्नो दृष्टि लगाउनेछन्, जुन मसीहलाई तिनीहरूले छेंड़ेका थिए, तब मानिसहरूले साह्रै तीतो हुने गरी विलाप गर्नेछन् । *‘अनि तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए; अनि आफ्नो एकमात्र छोराको निम्ति बिलाप गरेझैं तिनीहरूले उहाँको निम्ति विलाप गर्नेछन्’* (१२:१०[ख]) । ‘तिनीहरूले मलाई हेर्नेछन्’ भन्ने वाक्यमा ‘मलाई’ भन्ने शब्द याद गर्नुहोस् ! तब बुझ्नुहोस्: तिनीहरूले छेंड़ेका व्यक्ति प्रभु येशू ख्रीष्टचाहिँ परमप्रभु पो हुनुहुन्थ्यो । अनि आफ्नो एकमात्र छोराको निम्ति गरिने शोक इस्राएलीहरूको निम्ति सबैभन्दा गहिरो शोक थियो । अनि एघार पदमा ‘हदद्-रिम्मोनको विलाप’जस्तै ठूलो विलापको कुरा गरिएको छ, यस विषयमा २ इतिहास ३५:२०-२४ पदको खण्ड हेर्नुहोस् ! अनि यी शोक गर्नेहरूको बीचमा दाऊदको घराना अर्थात् राजकीय परिवार पनि, नातानको घराना अर्थात् भविष्यवक्ताहरू, लेवीको घराना अर्थात् पूजाहारीहरू, शिमीहरूको घराना अर्थात् शिक्षकहरू, साथै जनताका मानिसहरू पनि हुनेछन् । कसै-कसैको विचारमा यहाँ, शिमी होइन, तर शिमीको सट्टामा ‘शिमोन’ पढ्नुपर्छ अरे [14)], जुन याकूबको महिला छोरा शिमोनले चाहिँ लेवीसँगै मिलेर शेकेमका मानिसहरूसित अति क्रूर व्यवहार गरेका थिए (उत्पत्ति ३४:२५) । जकरिया १२:१२-१४ पदको खण्डमा ‘अलग्गै’ भन्ने शब्द कतिपल्ट दोहोरिएको याद गर्नुहोस्; किनभने पापको स्वीकार साँचो हुनु हो भने, हामी परमेश्‍वरसँग एक्लै हुन आवश्यक छ ।

### च) जकरिया १३:१: पापबाट शुद्ध हुने शुद्धीकरणको निम्ति प्रबन्ध गरिनेछ

अघिल्लो अध्यायसँग यस तेह्र अध्यायको पहिलो पदको सम्बन्ध नजिक रहेको छ । जब यहूदा र इस्राएलका मानिसहरू मसीहलाई तिरस्कार गरेकोमा पश्‍चात्ताप गर्नेछन्, तब यस जातिको निम्ति प्रायश्‍चित्तको ठूलो दिन तयार हुनेछ । खास गरी यो शुद्ध पार्ने धारा गलगथामा खोलियो; तर इस्राएली जातिले ख्रीष्टको दोस्रो आगमनसम्म यसको आशिष उपभोग गर्न पाउनेछैन ।

**छ) जकरिया १३ः२-६ः मूर्तिहरू र झूटा अगमवक्ताहरूलाई हटाइनेछ**

**जकरिया १३ः२ः** यस देशबाट मूर्तिहरू बिलकुल हटाइनेछन्; देश मूर्तिहरूदेखि शुद्ध पारिनेछ; अनि झूटा अगमवक्ताहरू र अशुद्ध आत्माहरू पनि देशबाट निकालिनेछन्।

**जकरिया १३ः३-५ः** अनि कुरा स्पष्ट छः इस्राएली जातिको पुनर्स्थापनाको दिनमा झूटा अगमवक्ताहरूमाथि कस्तो किसिमको क्रोध आइपर्नेछ, सो कुरा यी पदहरूले वर्णन गरेका छन्। किनभने जब कुनै मानिसले भविष्यवक्ता हुँ भनिटोपल्नेछ, तब त्यसका बुबाआमाले त्यसलाई कड़ा चेताउनी दिनेछन् र त्यसलाई छुरीले हान्नेछन्। यसकारण जुन मानिसहरू परमप्रभुबाट भविष्यवक्ताको रूपमा पठाइएका छैनन्, ती मानिसहरूले हतपत भविष्यवक्ता हुँ भन्ने दाबी गर्नेछैनन्; बरु तिनीहरूले 'म कृषक हुँ' भन्नेछन्, अथवा नभए आ-आफ्नो पेशा-अनुसार आफ्नो पेशागत परिचय दिनेछन्।

**जकरिया १३ः६ः** झूटा अगमवक्तालाई छुरीले हानिएका चोटहरू लागेका छन् भने, अथवा झूटा अगमवक्ताहरूको संप्रदाय-संप्रदायअनुसार त्यसले तिनीहरूको बीचमा चल्ती रीतिहरूको भाग लिएको हुनाले त्यसलाई घाउहरू लागेको छ र त्यसलाई प्रश्न गरिन्छ भने, त्यसले यी चोट र घाउहरूको विषयमा सत्य भन्नेछैन, तर त्यसले घुमाएर खास कुरा तार्ने प्रकारको जवाफ दिनेछः 'यी त मेरा मित्रहरूको घरमा मलाई लागेका चोटहरू हुन्।'

धेरै ईश्वरभक्त प्रचारकहरूले छ पद प्रयोग गरेका छन् र हाम्रा प्रभु येशू ख्रीष्टमाथि र उहाँलाई गलगथामा दिइएका कीलाका चोट-हरूमाथि लागू गरेका छन्। तर सुस्पष्ट रूपले झूटा अगमवक्ता नै यस खण्डको सन्दर्भ हुँदा-हुँदै यस प्रकारको अर्थ लगाउन गाह्र र अप्ठ्यारो हुँदो रहेछ।[15)] पुरानो नियमका मसीहको विषयमा लेखिएका खण्डहरू तर्कवादी आलोचकहरूको अविश्वासका हमलाहरूबाट रक्षा गर्ने कोशिशमा हाम्रो जोश हददेखि बाहिर जानुहुँदैन; हामी यसको विषयमा होशियार बस्नुपर्छ; किनकि हामीले पवित्र बाइबलको जुनै पनि पद त्यसको सन्दर्भभित्र हेर्ने र अर्थ लगाउने प्रयास गर्नुपर्छ।

श्री जी. कोलम्यान लकजस्ता शास्त्रसम्मत बाइबल-शिक्षक पनि यस पदको विषयमा ख्रीष्टमाथि लागू नगर्ने व्याख्यासँग सहमत छन्; किनकि यस विषयमा तिनले यसो लेखेका छन्ः

> 'यहाँ, यस पदमा कुनै मानिसको केरकार भइरहेको छ, र त्यस मानिसले सरासर आफूमाथि लगाइएको आरोप काटेर 'म कहिल्यै झूटा अगमवक्ता भएकै छैनँ' भन्छ। तर त्यसको न्यायजाँच गर्ने कर्मचारीले त्यसलाई यत्तिमा छोड्दैनन्, तर त्यसलाई शङ्का गरेर परीक्षण-जाँच अघि बढ़ाउँदै लान्छन्। किनकि झूटा अगमवक्ताहरूको दस्तुर के थियो भने, तिनीहरूले आफैलाई चिरा-चिरा काट्ने र घाउहरू लगाउने गर्थे (हेर्नुहोस् १ राजा १८ः२८ र यर्मिया १६ः६ आदि)।'[16)]

अनि यस पदमा पाइने अरू जानकारीहरू मसीहमाथि होइन, तर झूटा अगमवक्तामाथि लागू गर्न खूबै मिल्छ। हिब्रूमा जुन शब्द यहाँ 'हातहरू' भनेर अनुवाद गरिएको छ, यस शब्दको अर्थ कुहुनादेखि औंलाको टिप्पासम्मको भाग हुँदो रहेछ। अनि एन.के.जे.वी.को अनुवाद यहाँ अझ स्पष्ट छ, जहाँ यसो अनुवाद गरिएको छः 'तिम्रा हातहरूको बीचमा भएका घाउहरूको विषयमा के हो त?' जुन अनुवादबाट शरीरको धड़को अगाड़ि वा पछाड़ि भागमाथि लगाइएका चोटहरू बुझ्न सकिन्छ, जसरी यी अगमवक्ताका पन्थमा मानिसहरूको धड़ विधिवत् हिसाबले चिरा-चिरा काटिन्थ्यो (अथवा त्यस मानिसले साँचो बोल्यो भने, त्यसले आफ्नो शब्दले भनेझैं

त्यसका मित्रहरूको घरमा त्यसलाई लागेका चोटहरू हुन सक्छन् । अनि यस कुरामाथि पनि ध्यान लगाउनु उचित होला, कि हाम्रा प्रभु येशू आफ्ना मित्रहरूको घरमा घाइते हुनुभएन, तर उहाँका सबैभन्दा क्रूर शत्रुहरूको घरमा पो घायल हुनुभयो ।

**ज) जकरिया १३ः७ः मसीहलाई मारिनेछ र इस्राएली जाति छरपष्ट हुनेछ**

अब सात पददेखि एउटा खण्ड शुरु हुन्छ, जुन खण्डको विषयमा बाइबलका सबै विश्वासयोग्य विद्यार्थीहरूको राय एउटा होः यो खण्ड मसीहको विषयमा लेखिएको हो । यहाँ, यस पदमा परमप्रभुले आफ्नो तरवरलाई प्रभु येशूको विरुद्धमा जागिउठ्ने आदेश दिनुभएको छ । अनि यी गोठालाले गलगथामा प्रहारका चोटहरू खानुभयो, कति हो कति ! अनि यहूदीहरूरूपी भेड़ाहरू त्यस बेलादेखि तितरबितर भएकै छन् ।

**झ) जकरिया १३ः८-९ः इस्राएली जातिबाट बाँकी रहेकाहरू परमप्रभुकहाँ फर्कनेछन्**

यहूदीहरूले प्रभु येशूलाई तिरस्कार गरेका हुनाले यस जातिका तीन भागमा दुई भाग मानिसहरू महासङ्कष्टमा मर्नेछन्; तर बाँकी रहेका एक तिहाइ मानिसहरू जोगिनेछन् । अनि यी बाँकी रहेका मानिसहरू चाँदी र सुनजस्तै खारिनेछन् । तिनीहरूले 'परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ' भन्ने कुरा स्वीकार गर्नेछन्, अनि उहाँले तिनीहरूलाई 'तिनीहरू मेरो प्रजा हुन्' भनेर स्वीकार गर्नुहुनेछ ।

**ञ) जकरिया १४ः१-२ः अन्यजातिहरू यरूशलेमको विरुद्धमा भेला हुनेछन्**

यहाँ परमप्रभुको दिनको सन्दर्भ यरूशलेमको अन्तिम घेराबन्दी हो, जब सबै अन्यजातिहरू यसको विरोधमा आउनेछन् । अनि आक्रमणकारी सेनाहरूले यस शहरभित्र भेट्टाएका लुटका सामानहरू लिएर आपसमा बाँड्नेछन् । अनि यहूदीहरूका आधा मानिसहरू कैदमा लगिनेछन् र बाँकी आधा भाग मानिसहरू छोड़िनेछन् ।

**ट) जकरिया १४ः३-५ः परमप्रभु स्वयम्ले हस्तक्षेप गर्नुहुनेछ**

त्यसपछि परमप्रभु आफै जैतुन डाँड़ामा ओर्लेर आउनुहुनेछ । अनि त्यो जैतुन डाँड़ा दुई भाग हुनेछ, त्यसको आधा भाग उत्तरमा सर्नेछ र त्यसको आधा दक्षिणमा सर्नेछ, अनि बीचमा एउटा धेरै ठूलो बेंसी बन्नेछ । *'यसरी नै परमप्रभु मेरा परमेश्वर आउनुहुनेछ; अनि तपाईंको साथमा सबै पवित्र जनहरू पनि आउनेछन् ।'* यस सिलसिलामा श्री मेरिल एफ. अङ्गरले आफ्नो स्पष्टीकरण दिएर यसो लेखेका छन्ः

> 'भविष्यवक्ताले आफ्नो परमानन्दको उल्लास लुकाउन सकेनन्, तर आफ्नो बयानमा अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा आएर आफ्नो प्रफुल्लता प्रकट गरेका छन् । अनि सजीव हिब्रू शैलीमा यस्तो पारा घरिघरि भेटिन्छ ।' 17)

**ठ) जकरिया १४ः६-७ः वायुमण्डलमा मौसमको सम्बन्धमा र आकाशमण्डलमा दिनरातका नियमहरूमा ठूला-ठूला गड़बड़ीहरू आउनेछन्**

यस खण्डको सय अर्थ ओझेलमा लुकिएको छ; यसकारण धेरै वर्तमान बाइबल-संस्करणहरू, जस्तै मोफ्फट, आर.एस.वी, एन.इ.बी. र एन.आइ.वी.ले कि त एउटा कि त अन्य प्राचीन अनुवादहरूको सहारा लिएर यो खण्ड अनुवाद गरे, जुन अनुवादले एउटा विचार व्यक्त गर्न खोज्योः 'तापमानको तल-

माथिको दुरतम हुनेछैन' हो।[18] अनि श्री जोइस जे. बाल्डविनले छ पदको अन्तिम भाग निम्न प्रकारले अनुवाद गरेका छन्: 'ताराहरूले आफ्नो चमक गुमाउनेछन्।'

तर यस खण्डको सामान्य अर्थ स्पष्ट छः यहाँ भविष्यवाणी गरिएका परिवर्तनहरूले तारामण्डललाई असर गर्नेछन्।

श्री मेरिल एफ. अङ्गरले विभिन्न प्राचीन अनुवादहरूको सहारा लिएर बनाइएका नयाँ बाइबल-संस्करणहरूको अनुवादको विषयमा आफ्नो राय दिई 'यो त बिलकुल गलत हो' भनेर त्यो इन्कार गरेका छन्; किनकि तिनले यहाँ छ पदमा बताइएको दिनमा चौबीस घण्टाको दिन होइन, तर एउटा समयको अवधि अर्थात् परमप्रभुको दिन पो देखेका छन्। अनि तिनले यो खण्ड यशैया ३०:२६ पदसँग जोड्छन्, जहाँ यसो लेखिएको छः

*'अनि चन्द्रमाको प्रकाश सूर्यको प्रकाश-जस्तो हुनेछ, र सूर्यको प्रकाश सात गुणा अर्थात् सात दिनको प्रकाशजस्तो हुनेछ; त्यस दिनमा परमप्रभुले आफ्नो प्रजाको चोटमा मलमपट्टी बाँध्नुहुनेछ र प्रहारले लागेको घाउ निको पार्नुहुनेछ।'* [20]

**ड) जकरिया १४:८: जिउँदो पानीको नदी बग्नेछ**

वर्षका सबै ऋतुहरूमा यरूशलेमबाट जीवित पानीहरू बगेर निस्क्नेछन् र त्यसको आधा पानी पूर्व मृत सागरमा पुग्नेछ र त्यसको आधा पानी पश्चिम भूमध्यसागरमा पुग्नेछ।

**ढ) जकरिया १४:९: ख्रीष्ट येशू राजा हुनुहुनेछ, र राज्य गर्नुहुनेछ**

अनि परमप्रभु सम्पूर्ण पृथ्वीमाथि राजा हुनुहुनेछ, र उहाँलाई एकमात्र साँचो परमेश्वरको रूपमा स्वीकार गरिनेछ।

**ण) जकरिया १४:१०: इस्राएल देशमा भौगोलिक हेरफेरहरू आउनेछन्**

अनि सारा देश एउटा सम्म पेरको मैदानमा परिणत हुनेछ, केवल यरूशलेमचाहिँ अरू सबै ठाउँहरूभन्दा उच्च हुनेछ।

**त) जकरिया १४:११: यरूशलेम फेरि बसोबास गरिनेछ र सुरक्षित रहनेछ**

यरूशलेम सुरक्षित हुनेछ; यसमा मानिस-हरू बस्नेछन्। अनि त्यहाँ बस्ने मानिस-हरूलाई कहिल्यै फेरि शत्रुको हमला हुने डर अथवा यरूशलेमको सत्यानाश हुने डर लाग्नेछैन।

**थ) जकरिया १४:१२-१५: महामारीले अन्यजाति शत्रुहरूलाई प्रहार गर्नेछ र आतङ्कले तिनीहरूलाई छोप्नेछ**

कालक्रमअनुसार हामीले यी पदहरू १४:३ पदसँग राख्नुपर्छ; किनकि यी पदहरूले विजयी ख्रीष्ट येशूलाई उहाँले इस्राएली जातिका शत्रुहरूलाई कसरी जित्नुहुनेछ, सो बयान गरेका छन्। किनकि एउटा भयानक महामारीले यी शत्रुहरूलाई प्रहार गर्नेछ।[21] किनकि यसो लेखिएको छः *'तिनीहरू आफ्ना खुट्टाहरूमा उभिरहेकै बेलामा तिनीहरूको मासु कुहुनेछ, तिनीहरूका आँखाहरू तिनका टोड्काहरूभित्र कुहुनेछन् र तिनीहरूको जिब्रो तिनीहरूको मुखभित्र कुहुनेछ।'* अनि परमप्रभुबाट एउटा ठूलो आतङ्कले तिनी-हरूलाई छोप्नेछ। यहूदाका ग्रामीणवासीहरूले यरूशलेमको रक्षामा सहयोग गर्नेछन्; अनि लुटका मालहरू प्रशस्त हुनेछन्।

**द) जकरिया १४:१६-१९: बचेका अन्यजातिहरूले यरूशलेममा आराधना**

**गर्नेछन्, नभए तिनीहरू यस महामारीको प्रकोपमा पर्नेछन्**

बचेका अन्यजातिका मानिसहरू वर्षैपिच्छे यरूशलेममा राजालाई र सेनाहरूका परमप्रभुलाई दण्डवत् गर्न र झुपड़ीहरूको चाड़ मनाउन आउनेछन्। यस विषयमा श्री मेरिल एफ. अङ्गरले स्पष्ट पारेर भनेका छन्ः

> 'यहूदीहरूका सातवटा चाड़हरूमध्ये झुपड़ीहरूको चाड़ त्यो एकमात्र चाड़ थियो, जुनचाहिँ यस भविष्यवाणीअनुसार ख्रीष्टको हजार वर्षको राज्यको युगमा मनाइनेछ। किन ? यो त्यो एकमात्र चाड़ हो, जसको प्रतीकात्मक अर्थ त्यस बेलासम्म पूरा भएकै हुँदैन; किनकि ख्रीष्टको हजार वर्षको राज्य नै यस चाड़को साङ्केतिक अर्थ हो, र यसैले यो चाड़को अर्थ त्यस बेलामा मात्र पूरा हुनेछ'।[22)]

यरूशलेममा आएर आराधना गर्न जस-जसले इन्कार गर्नेछन्, तिनीहरूले आफ्नो देशमा खड़ेरीको सामना गर्नुपर्नेछ। यहाँ विशेष गरी मिस्र देशको नाम लिइएको छ; किनकि मिस्र देश माथि यरूशलेममा आएन भने, त्यस देशमा पानीझरी हुनेछैन, जस्तै अरू देशहरूमा पनि पानी पर्नेछैन, जुन देशका मानिसहरू माथि यरूशलेममा आउँदैनन्।

**ध) जकरिया १४ः२०-२१ः सामान्य भाँड़ा-कुँड़ा र वर्तनहरू पनि परमप्रभुको निम्ति पवित्र हुनेछन्; अनि व्यापारीहरूले परमप्रभुको भवनमा फेरि कहिल्यै व्यापार गर्नेछैनन्**

त्यस दिनमा हरेक चीज परमप्रभुको निम्ति पवित्र हुनेछ। अब 'साधारण' र 'पवित्र'को बीचमा कुनै भिन्नता हुनेछैन। किनकि यरूशलेम र यहूदामा घोड़ाहरूका घण्टीहरू र सामान्य भाँड़ाकुँड़ाहरू समेत पवित्र हुनेछन्! *'अनि त्यस दिनमा परमप्रभुको भवनमा फेरि कहिल्यै कुनै कनानी हुनेछैन'* भन्ने वाक्यको अर्थ के हो ? कनानीचाहिँ फेरी र बनियाँको निम्ति, नत्र फोहोरी मानिसको निम्ति प्रयोग गरिएको अपमानको शब्द थियो। यस्ताहरू मन्दिरबाट, अर्थात् सेनाहरूका परमप्रभुको भवनबाट सधैंको निम्ति हटाइनेछन्।

**ENDNOTES:**

**1) 1:18-21:** Some see the *four* only as representing "the totality of opposition, just as it represents all directions in the eighth vision" (Joyce G. Baldwin, *Haggai, Zechariah, Malachi*, p. 407). However, the specific reference to individual nations is an ancient interpretation.

**2) 1:18-21:** G. Coleman Luck, *Zechariah*, pp. 26.27.

**3) 3:8-9:** Merrill F. Unger, *Zechariah: Prophet of Messiah´s Glory*, pp. 64,65.

**4) 3:8-9:** Arno C. Gaebelein, *Studies in Zechariah*, p. 42.

**5) 4:1-6:** Merrill F. Unger, *Zechariah*, p.75.

**6) 6:9-13:** It is worth noting that *Joshua* an *Jeshua* (Heb. form of Jesus) are really the same name.

**7) 6:9-13:** David Baron, *The New Order of Priesthood*, p. 30 footnote.

**8) 7:1-3:** *Bethel* is Hebrew for *house of God*, but the Temple is called *the house of the LORD (Jehovah),* so the city of Bethel is probably meant, contrary to KJV/NKJV tradition. Notice also that *to* is in italics (v.2), meaning that it is not in the Hebrew, but then neither is *from*. As Baldwin remarks: „The correct way to translate this verse is far from evident." (See Joyce G. Baldwin, *Haggai, Zechariah, Malachi*, pp. 141-143.)

**9) 7:8-14:** William Kelly, Lectures Introductory to the Study of the Minor Prophets, p. 467.

**10) 9:14-17:** Merrill F. Unger, *Zechariah*, p. 170.

**11) 10:4-5:** Charles Lee Feinberg, *God Remembers*, p. 188.

**12) 11:7-8a:** Merrill F. Unger, *Zechariah*, p. 195.

**13) 11:15-17:** C. L. Feinberg, *God Remembers*, p. 211.

**14) 12:10-14:** In Hebrew Simeon is *Shimon*. In the ancient, consonantal text, before the vowels were added, this could very easily be miscopied as *Shimei*.

**15) 13:6:** Merrill F. Unger, an eminent OT scholar, applies the verse to Christ, but admits that few Bible scholars agree with him:

'The boldness and daring of this Messianic prophecy and the dramatic abruptness with which it is introduced have frightened most expositors away from ist true import on the supposition that it is inseparably connected with verses 2-5, and therefore, still has the false prophet in mind, and to introduce the Messiah is flagrantly to ignore the context'.

Dr. Merrill F. Unger goes on for five columns of his commentary to defend his view (pp. 228-230).

**16) 13:6:** G. Coleman Luck, *Zechariah*, p. 113.

**17) 14:3-5:** Merrill F. Unger, *Zechariah*, p. 250.

**18) 14:6-7:** J. G. Baldwin, *Haggai, Zechariah, Malachi*, p. 203.

**19) 14:6-7:** J. G. Baldwin, *Haggai, Zechariah, Malachi*, p. 203.

**20) 14:6-7:** Merrill F. Unger, *Zechariah*, p. 252,253.

**21) 14:12-15:** Many modern readers have noticed how closely this passage resembles the dreadful results of a nuclear attack.

**22) 14:16-19:** Merrill F. Unger, *Zechariah*, p. 265.

## BIBLIOGRAPHY

Baldwin, Joyce G. *Haggai, Zechariah, Malachi: An Introduction and Commentary*. Downers Grove, Ill: InterVarsity Press, 1972.

Feinberg, Charles Lee. *God Remembers*. New York: American Board of Missions to the Jews, Inc., 1965.

Gaebelein, Arno C. *Studies in Zechariah*. New York: Our Hope Publishers, 1904.

Laney, J. Carl. ‘Zechariah.” In *Everyman's Bible Commentary*. Chicago: Moody Press, 1984.

Lindsey, F. Duane. ‘Zechariah.” In *The Bible Knowledge Commentary*. Wheaton: Victor Books, 1985.

Luck, G. Coleman. *Zechariah*. Chicago: Moody Press, 1969.

Mills, Montague S. ‘Zechariah.” In *The Minor Prophets: A Survey*. Distributed by 3E Ministries. Dallas: n.d.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 3. Reprint (3 vols.). Minneapolis: Klock & Klock Christian Publishers, 1982.

———. *Prophet of the Myrtle Grove*. Eastbourne, England: Prophetic Witness Publishing House, 1971.

Unger, Merrill F. *Zechariah: Prophet of Messiah's Glory*. Grand Rapids: Zondervan Publishing House, 1962.

# मलाकीको पुस्तकको टिप्पणी

# मलाकीको पुस्तकको भूमिका

*'म मलाकीको पुस्तक केसित तुलना गरूँ ? यो त एउटा धेरै बितिसकेको साँझजस्तो हो, र यस साँझसित एउटा लामो दिन सिद्धिएको छ; तर यो पुस्तक एउटा प्रातःकालसित पनि तुलना गर्न सकिन्छ, र यस प्रभातले आफ्नो कोखमा एउटा महिमित दिन गर्भको फलको रूपमा बोक्छ ।'*

*श्री कार्ल एफ. नागल्सबाक*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

मलाकी नामको अर्थ 'मेरो सन्देशवाहक' हो; तर हुन सक्छ, यस नामको पूरा रूप 'मलाकियाह' होला, जसको अर्थ 'परमप्रभुको सन्देशवाहक' हो। मलाकीको विशेषता र सौभाग्य केमा थियो ? उनले भविष्यवक्ता-हरूमध्ये अन्तिम भविष्यवक्ता हुन पाए, साथै उनले पुरानो नियम र नयाँ नियम – यी दुईवटा नियमहरूको बीचमा पुलको काम गर्न पाए; किनकि उनले बप्तिस्मा दिने यूहन्नाको बाटो हेर्दैथिए, साथै प्रभु येशूको आगमनको बाटो पनि हेर्दैथिए।

अनौठो कुरा के हो भने, कसै-कसैको विचारमा, मलाकीको भविष्यवाणी गुमनामको रचना हो, अनि यो नाम एज्रा वा अरू कुनै लेखकको निम्ति दिइएको काल्पनिक नाम मात्र हो अरे। अनि मण्डलीका केही पूर्वजहरू पनि थिए, जसले यस पुस्तकका लेखकलाई एकजना स्वर्गदूत ठान्थे; किनकि ग्रीक र हिब्रू भाषामा स्वर्गदूत वा सन्देशवाहकको निम्ति एउटै शब्द प्रयोग गरिन्छ।[1)]

अनि मलाकीको पुस्तकको शैली विशेष हो; किनकि यसको शैली जुवारी खेलेको जस्तै प्रश्न-उत्तरहरू दिइएको शैलीमा लेखिएको छ; यही कारणले कसै-कसैले उनलाई 'हिब्रूहरूका सुकरात' भन्ने नाम दिएका छन्।

### ख) यस पुस्तकको लेखक को हुन् ?

यहूदी परम्पराले के भन्छ भने, मलाकीचाहिँ 'महासभाघर'का सदस्य थिए, र जबूलून इलाकाको सुपा भन्ने ठाउँका लेवी थिए अरे; तर हामी यी भविष्यवक्ताको विषयमा उनको पुस्तकमा लेखिएको जानकारी बाहेक अरू केही पनि निश्चित जान्दैनौं। उनलाई एक साहसी र गम्भीर लेखकको रूपमा लिन हाम्रो निम्ति तर्कसँगत कुरा हो। अनि मलाकीले चाहिँ हाग्गै र जकरियाको साथमा निर्वासन-उत्तरमा बाँचेका यहूदीहरूलाई आह्वान गरेर तिनीहरूलाई परमेश्वरसँग व्यवस्थाअनुसारको सम्बन्धमा फर्काएर ल्याउन खोजे।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

कुरा स्पष्ट छ, कि मलाकीले ख्रीष्टपूर्व ५३८ सालपछि आफ्नो यो पुस्तक लेखे; किनभने उनले राज्यपालको निम्ति[2)] प्रयोग गरेको शब्द निर्वासन-उत्तरको शब्द थियो। अनि यो पनि सुस्पष्ट छ, कि अरू दुईजना निर्वासन-उत्तरका 'साना' भविष्यवक्ताहरू हाग्गै

र जकरिया सेवारत भएको समयभन्दा पछिको समयमा उनले आफ्नो पुस्तक लेखे; किनकि मलाकीको पालोमा मन्दिरको पुनर्निर्माण-कार्य समाप्त भइसकेको थियो र त्यसका रीति-विधिहरू पनि पुनर्स्थापित भइसकेका थिए, अनि वास्तवमा, निक्कै समय बितिसकेको हुनुपर्छ, नत्र ता तिनीहरूको बीचमा यस प्रकारको आत्मिक अधोगति कसरी शुरु हुन सक्यो त, मलाई भन्नुहोस् ! अनि यरूशलेमका पर्खालहरूको पुनर्निर्माण पनि भइसकेको थियो ।

यसो हो भने, मलाकीको पुस्तकको लेख्ने मितिचाहिँ ख्रीष्टपूर्व ४७० र ४६० सालको बीचमा निर्धारित गर्न उचित देखिन्छ ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?

मलाकीको पुस्तकमा प्रस्तुत गरिएका समस्याहरूचाहिँ र नहेम्याहको पुस्तकमा पेश गरिएका समस्याहरू उस्तै-उस्तै भएका रहेछन्ः यहूदीहरूले अन्यजाति मानिसहरूसँग मिस्रित, अवैद्य विवाह गरेका थिए, अनि आपसमा पैसाको लेनदेनका व्यवहारहरूमा अन्याय व्यापक थियो, साथै तिनीहरूले परमेश्वरको भवनबाट दशांसहरू रोकिराखेका थिए, र तिनीहरूको बीचमा सामान्य आत्मिक चिसोपन र उदासीनता फैलिएको थियो । कि त यी समस्याहरू नहेम्याहको पुस्तकमा प्रस्तुत गरिएका समस्याहरू थिए होलान्, कि त उस्तै समस्याहरू यहाँ फेरि दोहोरिए, कि त यी समस्याहरूले यहाँ निरन्तरता पाए ।

निर्वासन-उत्तरमा बाँचेका यहूदीहरूसँग आफ्नो धार्मिक जीवनको सम्बन्धमा कुनै जोश र जागर थिएन, तिनीहरू मनतातो थिए; यसकारण मलाकीले तिनीहरूलाई जागृत गराउन खोजे, र यसो गर्नको निम्ति उनले यी अविश्वासयोग्य मानिसहरूसँग कुरा गर्दा छलफल गर्ने सजीव तरिका अपनाए ।

कतिले हाम्रो ध्यानमा के राख्न खोजेका छन्, कि मलाकीले सठीक नाम पाए; किनकि उनको नामको अर्थ 'मेरो दूत' वा 'परमप्रभुको सन्देशवाहक' हो; किनभने यस पुस्तकका चारवटा छोटा-छोटा अध्यायहरूमा यी भविष्यवक्ताले तीनजना सन्देशवाहकहरूलाई बयान गरे; मलाकी २ः२ पदमा उनले परमप्रभुको पूजाहारीलाई, मलाकी ३ः१[क] पदमा बप्तिस्मा दिने यूहन्नालाई र मलाकी ३ः१६ पदमा हाम्रा प्रभु येशू ख्रीष्टलाई बयान गरे ।

मलाकीको पुस्तकमा पुरानो नियमको अवधिमा परमप्रभुले आफ्ना जनहरूसँग अन्तिम अनुरोध गर्नुभएको कुरा लेखिएको छ । त्यसपछि बप्तिस्मा दिने यूहन्नाको आगमन नभएसम्म भविष्यवाणीको आवाज चार शताब्दीसम्म चुप रह्यो ।

निम्न कुरामाथि ध्यान दिन लायक छ; किनकि केही आलोचकहरू छन्, जसले मलाकीको भविष्यवाणी र अन्य भविष्य-वाणीहरूको लेख्ने मिति धेरै यता सारेका छन्; तर यो सुनिश्चित छ, कि यी पवित्र लेखहरू बप्तिस्मा दिने यूहन्ना र प्रभु येशूको समयमा होइन, तर त्यो समयभन्दा धेरै अघि लेखिए । यसकारण बुझ्नुहोस्ः यी पवित्र लेखहरू साँचो भविष्यवाणीहरू हुन्, तर केही विनाशकारी आलोचकहरूले दाबी गरेअनुसार यी लेखहरू 'भविष्यवाणीको रूपमा लेखिएका इतिहासका विवरणहरू' पटक्कै हुँदै होइनन् ।

# रूपरेखा

**खण्ड १) मलाकी १:१-३:१५: इस्राएली जातिको विरुद्धमा परमप्रभुका आरोपहरू, तिनीहरूका जवाफहरू र उहाँका न्यायहरूको धम्की**

**क) मलाकी १:१-५:** तिनीहरूको कृतघ्नता

**ख) मलाकी १:६-१४:** पूजाहारीहरूद्वारा कतिपय अशुद्ध कार्यहरू भए

**ग) मलाकी २:१-९:** पूजाहारीहरूलाई उनीहरूको दोष देखाइएको

**घ) मलाकी २:१०-१६:** सम्बन्ध-विच्छेद र विवाहको सम्बन्धमा आएको मिलावट

**ङ) मलाकी २:१७:** परमेश्वर पवित्र हुनुहुन्छ र उहाँले न्याय गर्नुहुनेछ भन्ने सम्बन्धमा मानिसहरूको इन्कार यस प्रकारको छ

**च) मलाकी ३:१-६:** अन्तराल विषयः मसीह न्याय गर्न आउनुहुनेछ

**छ) मलाकी ३:७:** मानिसहरूको पछिहटाइ

**ज) मलाकी ३:८-१२:** दशांसहरू र भेटीहरूको विषयमा परमेश्वरलाई लुटिएको

**झ) मलाकी ३:१३-१५:** परमेश्वरको विरुद्धमा झूटा आरोपहरू लगाइएका

**खण्ड २) मलाकी ३:१६-४:६: बाँकी रहेका यहूदीहरूले पाउने आशिष र दुष्टहरूले भोग्नुपर्ने न्यायको दण्ड**

**क) मलाकी ३:१६-१८:** बाँकी रहेका विश्वासयोग्य जनहरूको पुनर्स्थापना

**ख) मलाकी ४:१:** दुष्टहरूको न्याय

**ग) मलाकी ४:२-३:** मसीह बाँकी रहेका यहूदीहरूकहाँ आउनुहुनेछ

**घ) मलाकी ४:४-६:** आज्ञाकारी हुन अन्तिम आग्रह गरिएको, साथै भविष्यवक्ता एलियाको आगमन प्रतिज्ञा गरिएको

# मलाकीको पुस्तकको टिप्पणी

## खण्ड १

## मलाकी १:१-३:१५ः

## इस्राएली जातिको विरुद्धमा परमप्रभुका आरोपहरू, तिनीहरूका जवाफहरू र उहाँका न्यायहरूको धम्की

### क) मलाकी १:१-५ः तिनीहरूको कृतघ्नता

यस पुस्तकको पहिलो अध्यायमा के छ? परमप्रभुले इस्राएली जातिका मानिसहरूको विरुद्धमा केही आरोपहरू लगाउनुहुन्छ, जुन आरोपहरू मानिसहरूले कड़ा खण्डन गर्छन्। पहिले परमप्रभुले तिनीहरूप्रति आफ्नो प्रेमको तर्क पेस गरेर आफ्नो मुद्दा लड्नुहुन्छ; तर तिनीहरूले उहाँलाई चुनौती दिएर 'तपाईंले हामीलाई कुन प्रकारले प्रेम गर्नुभयो?' भनेर 'यो कुरा प्रमाणित गर्नुहोस्' भन्छन्। अनि उहाँ ठीक त्यही गर्नुहुन्छ। उहाँले याकूबलाई प्रेम गर्नुभएको र एसावलाई त्याग्नुभएको कुरा तिनीहरूलाई सम्झना गराउनुहुन्छ। किनकि तिनीहरू त याकूबका सन्तान थिए। तर एसावका सन्तान, ती एदोमीहरूमाथि उहाँका न्यायहरू आइपरे र आइपर्नेथिए। यसैले इस्राएलीहरूले आफ्नै आँखाहरूले एदोम देश उजाड़ भएको देख्नेथिए र यसको निम्ति परमेश्वरलाई श्रेय दिनेथिए।

### ख) मलाकी १:६-१४ः पूजाहारीहरूद्वारा कतिपय अशुद्ध कार्यहरू भए

**मलाकी १:६ः** त्यसपछि परमप्रभुले पूजाहारीहरूलाई उहाँको नाम अवहेलना गरेको, तुच्छ ठानेको अनि उहाँको अनादर गरेको र उहाँलाई उहाँलाई दिनुपर्ने सम्मान नदिएको आरोप लगाउनुहुन्छ। तर तिनीहरूले आफ्नो अपवित्र व्यवहारको निम्ति उहाँबाट प्रमाण माग्छन्।

**मलाकी १:७-८ः** तब परमप्रभुले तिनीहरूलाई 'तिमीहरूले अशुद्ध भेटीहरू ल्याएका' भन्ने दोष लगाउनुहुन्छ। तर तिनीहरूले यो दोष पनि खण्डन गर्छन्। तब उहाँले तिनीहरूलाई तिनीहरूको व्यवहार केकस्तो थियो, सो सम्झाउनुहुन्छ; किनकि तिनीहरूको विचारमा परमप्रभुको निम्ति कुनै पनि कुरा तुच्छ हुँदैनथियो, तर जे पनि चल्थ्यो। किनभने तिनीहरूले अन्धा र लङ्गड़ा बलिपशुहरू चढ़ाउँथे, जब यस्ता रोगी पशुहरू आफ्ना राज्यपाललाई चढ़ाउने तिनीहरूको हिम्मत थिएन।

**मलाकी १:९:** यसकारण भविष्यवक्ता मलाकीले तिनीहरूलाई 'तिमीहरू आफ्ना पापहरूबाट पश्चात्ताप गरेर परमेश्वरको क्रोधबाट बच' भन्ने आग्रह गर्छन्।

**मलाकी १:१०:** यस अवस्थामा सेनाहरूका परमप्रभुको चाहना यस प्रकारको थियोः कसैले मन्दिरका ढोकाहरू बन्द गरोस् र यस किसिमका बलिदानहरू चढ़ाउने काम रोकियोस्। किनभने यस्ता बलिदानहरू उहाँको निम्ति कुनै हालतमा पनि ग्रहणयोग्य थिएनन्।

**मलाकी १:११:** *'किनकि सूर्योदयदेखि सूर्यास्तसम्म अन्यजातिहरूको बीचमा मेरो नाम महान् हुनेछ, र हरेक ठाउँमा मेरो नामको निम्ति धूप र शुद्ध भेटी चढ़ाइनेछ; किनकि अन्य-जातिहरूको बीचमा मेरो नाम महान् हुनेछ, सेनाहरूको परमप्रभु भन्नुहुन्छ।'* ठिक्कै छ, परमप्रभुका जनहरूले उहाँको नामको आदर नगरून्, तर उहाँले अन्यजातिहरूको बीचमा आफ्नो नामको योग्य महिमा र सम्मान पाउनुहुनेथियो।

**मलाकी १:१२-१४:** किनकि यहूदीहरूले मन्दिरका पवित्र चीजहरू तुच्छ ठान्थे, र तिनीहरू परमेश्वरको सेवा गर्नमा थाकेका थिए। परमप्रभुबाट ती सबैमाथि एउटा श्राप आइपर्नेथियो, जसले खोट भएको बलिपशु ल्याउँथे र त्यो पशु बलिदानको रूपमा परमेश्वरलाई चढ़ाउँथे। किन? किनभने सेनाहरूका परमप्रभु महान् राजा हुनुहुन्थ्यो, र अन्यजातिहरूको बीचमा मानिसहरूले उहाँको नामको भय मान्नुपर्नेथियो।

### ग) मलाकी २:१-९: पूजाहारीहरूलाई उनीहरूको दोष देखाइएको

पूजाहारीहरूले पश्चात्ताप गर्नुपरेको थियो र आफ्ना चालहरू बदली गर्नुपरेको थियो। उनीहरूले पश्चात्ताप गर्दैनथिए भने उनीहरूमाथि भयानक न्याय आइपर्नेथियो। उनीहरूको निम्ति गम्भीर चेताउनी यही थियो। उनीहरूसँग परमेश्वरले प्राचीन समयका पूजाहारीहरूको कुरा उठाउनुभयो; किनकि त्यस जमानाका पूजाहारीहरू लेवीसँग बाँधिएको परमेश्वरको करारप्रति विश्वासयोग्य रहेका थिए। तर अबचाहिँ पूजाहारीहरू पूरा भ्रष्ट थिए; अनि यही कारणले परमेश्वरले उनीहरूलाई सबै मानिसहरूको सामु तुच्छ र नीच तुल्याउनुभयो।

### घ) मलाकी २:१०-१६: सम्बन्ध-विच्छेद र विवाहको सम्बन्धमा आएको मिलावट

**मलाकी २:१०-१२:** त्यसपछि सम्बन्ध-विच्छेद र पराई देवताहरू मान्ने अन्यजाति पत्नीहरूसँग गरिएको बिहाबारी छलफलको विषय भयो र त्यस कुरासित व्यवहार गरिन्छ। यहूदाका मानिसहरूले विदेशीहरूसँग विवाहको सम्बन्ध राखेर विश्वासघात गरेका थिए; किनकि यसरी तिनीहरूले आफ्नो राष्ट्रिय एकता नष्ट गरिरहेका थिए। यसकारण यस्तो मिस्रित विवाहको सम्बन्धमा रहेका मानिसहरू जो पनि नष्ट पारिनेथिए।

**मलाकी २:१३-१६:** मानिसहरूले वेदीको सामु रोएर आँसुको धारा लगाए; किनभने अबदेखि उसो परमप्रभुले तिनीहरूको हातबाट भेटीहरू ग्रहण गर्नुहन्नथियो। अनि किन यस्तो भयो? किनभने तिनीहरूको विवाहको सम्बन्धमा परमप्रभु साक्षी बस्नुहुन्थ्यो। ओहो, तिनीहरूले हालैमा आफ्नो विवाहको सम्बन्ध कति सजिलोसित तोड़िरहेका थिए!? उहाँले तिनीहरूको विषयमा के सोच्नुभएको थियो भने, उहाँको विचारमा तिनीहरू एउटै शुद्ध जाति हुनुपरेको थियो। तिनीहरूले ईश्वरीय सन्तानहरू पैदा गर्नुपरेको थियो। तिनीहरू अन्यजातिहरूका सबै भ्रष्टाचारहरूबाट अलग्गै बस्नुपरेको थियो। परमेश्वर अबाइबलीय सम्बन्ध-विच्छेद र त्यसबाट उत्पन्न हुने

अत्याचार घृणा गर्नुहुन्छ। सम्बन्ध-विच्छेद र अत्याचारको बीचमा रहेको सम्बन्धको विषयमा श्री जोइस जे. बाल्डविनले निम्न स्पष्टीकरण गरेका छन्:

> 'उहाँले सम्बन्ध-विच्छेद कस्तो देख्नुहुन्छ ? यो त आफ्नो वस्त्र अत्याचारले ढाक्नुजत्तिकै हो। योचाहिँ एउटा साङ्केतिक भाषा हो, जसको अर्थ सबै प्रकारका ठूला-ठूला अधर्महरू हुन्, जुन अधर्महरूले हत्या गरिएको व्यक्तिको रगतले जस्तै जहाँ पनि र सबैको निम्ति देखिने गरी आफ्नो दाग छोड्दा रहेछन्।'[3]

### ङ) मलाकी २:१७: परमेश्वर पवित्र हुनुहुन्छ र उहाँले न्याय गर्नुहुनेछ भन्ने सम्बन्धमा मानिसहरूको इन्कार यस प्रकारको छ

तिनीहरूले परमप्रभुलाई आफ्ना वचनहरूले थकित पारेका थिए, किनकि तिनीहरूले यसो भन्ने गर्थे: 'दुष्ट काम गर्ने मानिसको व्यवहार जुनसुकै होस्, परमप्रभु यसको वास्ता गर्नुहुन्न।' अनि 'न्यायको परमेश्वर कहाँ हुनुहुन्छ ?' भन्दै तिनीहरूले उहाँलाई हस्तक्षेप गर्न चुनौती दिन्थे, ती कपटीहरू !

### च) मलाकी ३:१-६: अन्तराल विषयः मसीह न्याय गर्न आउनुहुनेछ

**मलाकी ३:१:** अबचाहिँ अघिल्लो पदमा मानिसहरूले गरेको भक्तिहीन चुनौतीको जवाफ परमेश्वरले दिन लाग्नुभयो। उहाँले आफ्नो सन्देशवाहक पठाउनुहुनेथियो। अनि यो प्रतिज्ञा इतिहासमा बप्तिस्मा दिने यूहन्नामा आंशिक रूपमा पूरा भयो; तर यो प्रतिज्ञा भावी समयमा सम्पूर्ण तवरले पूरा हुनेछ, त्यस समयमा, जब एलियाले प्रभुको निम्ति बाटो तयार पार्नेछन्; किनभने उहाँ ती करारका सन्देशवाहक हुनुहुनेथियो, जसको चाहना तिनीहरूले गर्ने गर्थे; कत्रो बहाना ! किनकि यसको विषयमा दुःखलाग्यो कुरा के थियो भने, जब उहाँ संसारमा आउनुभयो अर्थात् उहाँको पहिलो आगमनमा इस्राएली जाति उहाँमा प्रसन्न भएन, तर तिनीहरूले उहाँलाई क्रूसमा टाँगे।

**मलाकी ३:२-४:** तर यहाँ बताइएको उहाँको आगमनको दिन उहाँको दोस्रो आगमन हुनेछ। प्रभु येशू पापको न्याय र पापको उचित दण्ड दिन आउनुहुनेछ; अनि त्यस दिनमा को खड़ा रहन सक्ला ? अनि यो एउटा शुद्धीकरणको सेवकाई पनि हुनेछ; अनि ख्रीष्ट येशूले मन्दिर शुद्ध पार्नुभएको कुराले यसको चित्रण गर्छ; अनि अन्तमा यो शुद्ध पार्ने सेवकाई उहाँको दोस्रो आगमनमा सम्पूर्ण तवरले पूरा हुनेछ। तब लेवीका सन्तानहरू अर्थात् पूजाहारीहरू खारेर चोखो पारिनेछन्, त्यसपछि उनीहरूले उहिलेका दिनहरूमा जस्तै परमप्रभुलाई मनपर्दो भेटीहरू अर्थात् पवित्रता र धार्मिकताका बलिहरू चढ़ाउनेछन्।

**मलाकी ३:५: अनि** परमप्रभुले जादुगर-हरू, व्यभिचारीहरू, झूटा कसम खानेहरू र ज्यालादार नोकरहरू, विधवाहरू र टुहुराहरूको थिचोमिचो गर्नेहरूलाई, साथै परदेशीसित अन्याय र बेवास्ता गर्नेहरूलाई समेत दण्ड दिनुहुनेछ।

**मलाकी ३:६:** परमप्रभु बदली हुनुहुन्न, तर उहाँ सधैं उही भइरहनुहुन्छ; यसकारण याकूबका सन्तानहरू नाश र शेष भएनन्। तब हामीले तिनीहरूको संरक्षण केवल उहाँको बदली नभएको सद्गुणमा खोज्नुपर्छ।

### छ) मलाकी ३:७: मानिसहरूको पछिहटाइ

परमप्रभुले मानिसहरूलाई उहाँकहाँ फर्कने निमन्त्रणा दिनुहुन्छ। तर ती कपटीहरूले 'हामी कुन कुरामा फर्कौं ?' भनेर सोध्छन्। किनकि तिनीहरू आफ्नो विचारमा परमप्रभुबाट हटेका थिएनन्।

### ज) मलाकी ३ः८-१२ः दशांसहरू र भेटीहरूको विषयमा परमेश्वरलाई लुटिएको

मोशाको व्यवस्थाअन्तर्गत इस्राएलीहरूले खेतबारीहरूको सबै उब्जनी र आफ्नो सारा पशुधनबाट परमप्रभुलाई दशांस दिनुपरेको थियो, नभई तिनीहरूले दशांसको थोक पैसाले छुटाएर त्यसमा पाँचौं भाग थप्न सक्थे। तिनीहरूले अन्य थुप्रै भेटीहरू लगायत दशांसहरू पनि दिनु थियो; अनि दशांस दिनुको अर्थ के थियो ? दशांसद्वारा इस्राएलीहरूले सबै थोकहरू परमेश्वरका थिए, र उहाँचाहिँ सबै प्रकारको धनसम्पत्तिको दाता हुनुहुन्थ्यो भन्ने अङ्गीकार दिए।

अनि दिने विषयमा नयाँ नियमको शिक्षा के हो त ? ख्रीष्ट-विश्वासीहरूले नियमित रूपले, उदारचित्तले, खुशीसाथ दिनुपर्छ, र प्रभुले तिनीहरूलाई फलिफाप गर्नुभएअनुसार अर्थात् यस फलिफापको ठीक-ठीक अनुपातअनुसार तिनीहरूले दिनुपर्छ। तर नयाँ नियममा दशांस दिने विषयमा केही पनि लेखिएको छैन। तर यसको विषयमा निम्न प्रकारको सुझाउ छः व्यवस्थाको अधीनतामा जिउने यहूदी मानिसले दशांस दिने गर्थ्यो भने, अनुग्रहको अधीनतामा जिउने ख्रीष्ट-विश्वासीले कति बढ़ता गरी दशांस दिनुपर्ला, होइन र ?

पुरानो नियमको समयमा विश्वास-योग्यतासाथ दशांस दिने मानिसले भौतिक धनसम्पत्तिरूपी इनाम पाउँथ्यो; तर यस वर्तमान युगमा हाम्रो धनसम्पत्तिको विषयमा हामी विश्वासयोग्य भण्डारे भयौं भने आत्मिक धनसम्पत्ति हाम्रो इनाम हुन्छ।

यसकारण आठ पदमा आएर परमप्रभुले तिनीहरूलाई सम्झना गराउनुहुन्छः तिनीहरू आफ्ना दशांस र भेटीहरू नल्याएकोमा चुके; यसकारण तिनीहरूले परमेश्वरलाई लुट्दैथिए र आफूमाथि श्राप ल्याउँदैथिए। तर तिनीहरू आफ्नो दशांस दिनुमा विश्वासयोग्य भएदेखि, उहाँले तिनीहरूको निम्ति स्वर्गका झ्यालहरू खोलेर तिनीहरूलाई प्रशस्त आशिष, पत्यार नलाग्दो भरपूरीले आशिष दिनुहुनेथियो, यहाँसम्म कि तिनीहरूसँग राख्ने ठाउँ रहनेथिएन। उहाँले तिनीहरूलाई खड़ेरी, महामारी, शत्रुहरूको हमला र सलहहरू आदि प्रकोपहरूबाट छुटाउनुहुनेथियो, र तिनीहरूलाई पृथ्वीको निम्ति आशिषको कारण तुल्याउनु-हुनेथियो।

### झ) मलाकी ३ः१३-१५ः परमेश्वरको विरुद्धमा झूटा आरोपहरू लगाइएका

फेरि पनि परमप्रभुले तिनीहरूको विरोधमा एउटा नयाँ अभियोग लगाउनुहुन्छः तिनीहरूले उहाँको विरुद्धमा कठोरभन्दा कठोर शब्दहरू बोले; किनकि तिनीहरूले यसो भन्दैथिएः 'परमेश्वरको सेवा गर्नु व्यर्थ हो, र हामी उहाँप्रति आज्ञाकारी भयौं भने यसबाट हामीलाई केही पनि फाइदा हुँदैन।' तिनीहरूले अरूलाई विश्वास दिलाउन खोज्थे, कि घमण्डी, कुकर्मीहरू र परमेश्वरलाई परीक्षा गर्नेहरूको समृद्धि मात्र के, यस्ताहरू दण्ड नपाई उम्काउँदा रहेछन् अरे। तर यस्तो कुरा हुनेछैन नै।

# खण्ड २

# मलाकी ३ः१६–४ः६ः बाँकी रहेका यहूदीहरूले पाउने आशिष र दुष्टहरूले भोग्नुपर्ने न्यायको दण्ड

**क) मलाकी ३ः१६–१८ः बाँकी रहेका विश्वासयोग्य जनहरूको पुनर्स्थापना**

तर तिनीहरूमध्ये परमप्रभुप्रति निष्ठावान् भएका कोही-कोही त थिए, एउटा बाँकी रहेको भाग त थियो। यिनीहरू पो उम्कनेथिए र आशिषित हुनेथिए, यिनीहरू परमेश्‍वरको निज धन ठहरिनेथिए; यिनीहरू उहाँका हुनेथिए।

यस विषयमा श्री विलियम केल्लीले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'अबदेखि उसो यहूदीहरूले हामी यहूदी हौं भनेर दाबी गर्नेछैनन्; किनकि तिनीहरूले आफ्नो बाहिरी ठहर र चिनारी व्यर्थ भएको देख्नेछन्; किनभने तिनीहरूले त्यही कुरा बहुमूल्य ठान्नेछन्, जुन कुरा परमेश्‍वरको हो; अनि तिनीहरूले दुष्ट मानिसहरूलाई यिनीहरू यहूदी भएका नाताले झन् बढ़ी घृणा गर्नेछन् (१८ पद)।'[4]

**ख) मलाकी ४ः१ः दुष्टहरूको न्याय**

भट्टीजस्तै दन्किने त्यो दिन आइरहेको थियो, जुन दिनमा सबै घमण्डी र दुष्ट मानिसहरू, तिनीहरूको जरादेखि तिनीहरूको टुप्पासम्म, नष्ट हुनेछन्।

**ग) मलाकी ४ः२–३ः मसीह बाँकी रहेका यहूदीहरूकहाँ आउनुहुनेछ**

तर विश्‍वासयोग्य जनहरूले मसीहमा धार्मिकताको सूर्यलाई स्वागत गर्नेछन्; यी धार्मिकताको सूर्यको उदयको साथसाथै उहाँका पखेटाहरूमा चङ्गाइ हुनेछ। अनि परमेश्‍वरको नामको डर मान्नेहरू आफ्ना शत्रुहरूमाथि विजयी हुनेछन्, तिनीहरूका यी शत्रुहरू तिनीहरूका खुट्टाहरूमनि खरानी हुनेछन्।

**घ) मलाकी ४ः४–६ः आज्ञाकारी हुन अन्तिम आग्रह गरिएको, साथै भविष्यवक्ता एलियाको आगमन प्रतिज्ञा गरिएको**

यस पुस्तकको अन्तमा एउटा अर्ती छः तिनीहरूले मोशाको व्यवस्थाको सम्झना गर्नुपरेको थियो; अनि निम्न प्रतिज्ञा पनि दिइएको छः 'परमप्रभुको दिन आउनुभन्दा पहिले म इस्राएलकहाँ एलियालाई पठाउनेछु।' अनि एलियाले मानिसहरूको जीवनमा कत्रो सुधार ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूको चरित्र तिनीहरूका ईश्‍वरीय पितापुर्खाहरूको जस्तै बन्नेछ। यसो नभए ता परमेश्‍वरले देशलाई[5] (वा पृथ्वीलाई) श्राप दिनुपर्नेछ।

जब यहूदीहरूले यो पुस्तक सभाघरहरूमा पठन गर्थे, तब तिनीहरूले छ पद पढ़ेपछि फेरि एकपल्ट पाँच पद पढ़ेर तिनीहरूको धार्मिक पठन सिद्ध्याउँथे; यस प्रकारले यस पुस्तकको पठन श्रापसित अन्त हुँदैनथियो। तर यसको विषयमा श्री हेर्बर्ट वोल्फले के पत्ता पाए भने, 'यस पुस्तकको सन्देशबाट त्यसको तीखोपन सम्म्याउने यस प्रयासले चिन्ता-जनक वास्तविकतामाथि कुनै प्रकारको असर गर्दैन।'[6]

हामी पुरानो नियम नयाँ नियमको प्रकाशअनुसार पढ्नुपर्छ; किनकि नयाँ

नियमको प्रकाशचाहिँ बढ़ी भएको छ। यसकारण श्री कैल र श्री डेलित्चले पुरानो नियमको विषयमा लेखेको शास्त्रबद्ध र विद्यागम टिप्पणी-कोशबाट[7)] त्यसको अन्तिम अनुच्छेद उद्धृत गरेर 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी'अन्तर्गत पुरानो नियमको खण्ड समाप्त गर्न सर्वोत्तम देखिन्छ; किनकि तिनीहरूले यी दुईवटा नियम वा खण्डहरूको बीचको सम्बन्ध सुन्दर ढङ्गले जोड़े, जब तिनीहरूले यसो लेखेका छन्ः

'मोशाको व्यवस्था र भविष्यवक्ताहरूका पुस्तक-हरूले ख्रीष्ट येशूको विषयमा गवाही दिए, अनि ख्रीष्ट येशू व्यवस्था र भविष्यवक्ताहरूले भनेका कुराहरू रद्द गर्न आउनुभएन, तर पूरा गर्न आउनुभयो। यसकारण जब त्यस पहाड़माथि प्रभु येशूको रूप-परिवर्तन भयो, तब त्यस पहाड़मा व्यवस्थाको स्थापक र पुरानो नियमको मध्यस्थ मोशा अनि इस्राएलमा व्यवस्था फेरि स्थापित गरेका पुनर्स्थापकको रूपमा भविष्यवक्ता एलिया देखा परे, जसले प्रभु येशूसँग उहाँको मृत्युको विषयमा कुरा गरे, जुन मृत्यु उहाँले यरूशलेममा पूरा गर्न लाग्नुभएको थियो। यो क्षण प्रभुका प्रेरितहरूको निम्ति मात्र होइन, तर हामी सबैको निम्ति पनि कति व्यावहारिक गवाही बनेको छ; किनभने जुन येशू ख्रीष्टले हाम्रो निम्ति आफ्नो जीवन सुम्पिदिनुभयो र यसरी हाम्रो पाप उठाइ-लैजानुभयो र हामीलाई व्यवस्थाको श्रापबाट दाम तिरेर छुटाउनुभयो, यी येशू ख्रीष्ट नै पिता परमेश्वरका प्रिय पुत्र हुनुहुन्थ्यो र हुनुहुन्छ। अनि हामीले उहाँको कुरा सुन्नपर्छ; किनभने उहाँको नाममाथि विश्वास गरेर हामी परमेश्वरका सन्तान हुनेछौं र अनन्त जीवनका हकदार बन्नेछौं।'[8)]

## ENDNOTES:

**1) Introduction:** Our English word angel comes from the Greek word 'angelos' (messenger or angel). The name of the book is from the Hebrew word 'malaak', with the same meanings.

**2) Introduction:** Joyce Baldwin, Haggai, Zechariah, Malachi, p. 241.

**3) 2:13–16:** Joyce Baldwin, Haggai, Zechariah, Malachi, p. 241.

**4) 3:16–18:** William Kelly, Lectures Introductory to the Study of the Minor Prophets, p. 536.

**5) 4:4–6:** The same Hebrew word 'eretz' can mean both land or earth.

**6) 4:4–6:** Herbert Wolf, Haggai and Malachi, p. 126.

**7) 4:4–6:** It is well worth noting that Keil and Delitzsch's multi-volume work, while over a century old, is still in print and widely used. Whereas rationalistic commentaries are constantly being replaced by ever more radical unbelief, doctrinally sound and well-written ones can prove valuable for decades and even centuries to come.

**8) 4:4–6: C. F. Keil,** 'Malachi', Biblical Commentary on the Old Testament, XXVI:475.

## BIBLIOGRAPHY

Baldwin, Joyce G. *Haggai, Zechariah, Malachi: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1972.

Feinberg, Charles Lee. *Habakkuk, Zephaniah, Haggai and Malachi*. New York: American Board of Mission to the Jews, Inc., 1951.

_____. *The Minor Prophets*. Chicago: Moody Press, 1976.

Keil, C. F. 'Malachi.' In *Biblical Commentary on the Old Testament*. Vol. 26. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kelly, William. *Lectures Introductory to the Study of the Minor Prophets*. London: C. A. Hammond Trust Bible Depot, n.d.

Logsdon, S. Franklin. *Malachi* or *Will a Man Rob God?* Chicago: Moody Press, 1961.

Morgan, G. Campbell. *The Minor Prophets*. Old Tappan, N.J.: Fleming H. Revell Company, 1960.

Tatford, Frederick A. *The Minor Prophets*. Vol. 3. Reprint (3 vols.) Minneapolis: Klock & Klock Christian Publishers, 1982.

Wolf, Herbert. *Haggai and Malachi*. Chicago: Moody Press, 1976.

# पुरानो नियम र नयाँ नियमको बीचमा भएको अन्तराल समय

## पुरानो नियम र नयाँ नियमको बीचमा भएको अन्तराल समयमा कुन-कुन घटनाहरू घटे ?

परमेश्वरले पुरानो नियमको समयमा भविष्यवक्ता मलाकीद्वारा बोलेर आफ्नो अन्तिम वाणी सुनाउनुभयो; त्यसपछि उहाँ लगभग चार सय वर्षसम्म चुप रहनुभयो, जुन अवधिभरि उहाँले कुनै भविष्यवक्ताद्वारा मानिसहरूसित बोल्नुभएन; फलस्वरूप ईश्वरीय प्रकाशमाथि एउटा गगनभेदी मौनताले आफ्नो छाया हालिदियो ।

पक्का पनि परमेश्वरको यस मौनताले उहाँको स्वभावको विषयमा किसिम-किसिमका विचार र भावनाहरूको निम्ति ठाउँ दियो । यसको विषयमा कसै-कसैको माग 'उहाँले सधैं गर्नुभएझैं गर्नुपर्छ' भन्ने माग थियो भने, अरूको अनुमानमा मानिस बड़ो पापी भएको हुनाले उसले परमेश्वरको वाणी सुन्ने क्षमता हराएको हुनुपर्ला । (तर यो पनि भएन; किनभने जुनै पनि पापले परमेश्वरको अपमान गर्छ र उहाँको मन दुखाउँछ; यसकारण मलाकीको समयभन्दा अघि-पछिको जुनसुकै समय होस्, परमेश्वरको अनुग्रह नभएको भए उहाँले कुनै व्यक्तिसँग, उहाँले कुनै जातिका मानिसहरूसँग बोल्नुहुनेथिएन नै) । अरू मानिसहरू पनि छन्, जसले आफ्नो तर्कमा दृढ़ बसेर के भनेका छन् भने, मानिसको विश्वासको अभाव अर्थात् उसको अविश्वास नै परमेश्वरको मौनता र उहाँको निष्क्रियताको मूल कारण थियो अरे ।

तर उक्त तीनवटा धारणाहरूमा एउटा कमी भएको छः यी धारणाहरूले परमप्रभु परमेश्वर सर्वज्ञानी र सर्वाधिकार सुसम्पन्न हुनुहुन्छ भन्ने कुरा ध्यानमा राखेनन्; किनकि उहाँको करारबद्ध प्रेम सुदृढ़ र अटल छ । यो प्रेम हिब्रूमा 'केसेद' भनिन्छ । अनि यो प्रेमचाहिँ सधैं उहाँको कार्यप्रणाली प्रेरित गर्ने प्रेरणा हुन्थ्यो र हुन्छ । यसकारण बुझ्नुहोस्, यो लामो मौनताचाहिँ उहाँको अनन्त योजनाअन्तर्गतको अभिन्न अङ्ग थियो र हुनुपर्छ पनि । उहाँले विगत समयहरूमा विभिन्न मानिसहरूद्वारा बोल्नुभएको थियो, तर अबचाहिँ उहाँ मानिस-जातिसँग आफ्नो सबैभन्दा ठूलो र सबैभन्दा शक्तिशाली वचनद्वारा बोल्न लाग्नुभएको थियो; अनि यो सर्वोच्च, सर्वोत्तम वचनचाहिँ प्रभु येशू हुनुहुनेथियो । तब एउटा विराम, अँ, एउटा लामो, सुस्पष्ट विरामले अवश्य पनि त्यस चिरस्मरणीय प्रकाशमाथि अझै सुगन्ध थपिदिनेथियो ।

परमेश्वरका चालहरू मानिसको समझभन्दा महान् छन्; यसकारण हामीमध्ये कसले उहाँको योजना पूरा बुझ्न सक्छ ? *'किनकि*

*जसरी आकाश पृथ्वीभन्दा उच्च छ, त्यसरी नै मेरा चालहरू तिमीहरूका चालहरूभन्दा र मेरा विचारहरू तिमीहरूका विचारहरूभन्दा उच्च छन्'* (यशैया ५५:९)। तर ब्रह्माण्डको रचनाकार आफ्नो काममा क्रमहीन र संतुलनहीन हुनुहुन्न; अँ, उहाँले सूक्ष्म, नगण्य, तुच्छ मानिसहरूसँग व्यवहार गर्नुहुँदा पनि क्रम र संतुलनको साथ सुव्यवस्थित व्यवहार देखाउनुहुन्छ नै। अनि उहाँले आफ्नो व्यवहारमा अपनाउनुभएको प्रक्रम कहिले-काहीं मात्र बुझ्न सकिन्छ।

अनि हामीलाई के लाग्छ भने, पुरानो नियममा उल्लेख गरिएका समयावधिहरूमा परमेश्वरले मानिसहरूसित कसरी व्यवहार गर्नुभएको थियो, हामी उहाँको यस व्यवहारको संक्षिप्त आलोचना गरे यो हाम्रो निम्ति निक्कै शिक्षाप्रद हुन्छ। किनकि पवित्र आत्माको प्रेरणाद्वारा लेखिएका पवित्र लेख-हरूबाट उहाँको काम गर्ने एकनासे ढाँचा देखा पर्छ। अनि विगत समयमा उहाँले देखाउनु-भएको यस एकनासे व्यवहारले पुरानो नियम र नयाँ नियमको बीचमा भएको अन्तराल समयमा परमेश्वरले कुन प्रकारले काम गर्नुभयो, यस कुरामाथि प्रकाश पार्छ।

यस विषयमा दुईवटा कुराहरू सुस्पष्ट देखिन्छन्। एक, परमेश्वरले आफ्नो सन्देश प्रस्तुत गर्नुभन्दा अघि वा आफ्नो छुटकारा पठाउनुभन्दा अघि प्रायः एउटा निराशाजनक परिस्थिति सृजना गर्नुहुन्थ्यो, कि त यस्तो आपद्विपद् आइपर्न दिनुहुन्थ्यो। दुई, उहाँले सधैं कुनै न कुनै विश्वासयोग्य सेवकलाई बोलाएर खड़ा गर्नुहुन्थ्यो, जसले उहाँको सामु मानिसहरूको निम्ति अन्तर्विन्ती गर्थे (इजकिएल २२:३०), र जो उहाँको काम गर्ने हतियार हुन्थे, जसद्वारा उहाँले आफ्नो काम पूरा गर्नुहुन्थ्यो।

जलप्रलय आउनुभन्दा अघिको समयमा मानिसहरूको गम्भीर अवस्था विचार गर्नुहोस्! परमेश्वरले मानिसलाई सृष्टि गर्नु-भएकोमा आफ्नो अफसोस व्यक्त गर्नुभयो (उत्पत्ति ६:६)। यस अँध्यारो, उराठलाग्दो आत्मिक परिस्थितिमा पवित्र बाइबलले घोषणा गरेको छः *'तर नूहले परमप्रभुको दृष्टिमा अनुग्रह पाए'* (उत्पत्ति ६:८)। त्यस बखतमा एउटा निराशाजनक अवस्था थियो, र नूहमा परमेश्वरका विश्वासयोग्य सेवक खड़ा भए।

अनि यही ढाँचा हामी अब्राहाममा पनि देख्दछौं; किनकि जब परमेश्वरले घमण्डले फुलिएको र मूर्तिपूजामा डुबेको मानिस-जातिको बीचबाट एउटा चुनिएको जातिलाई बोलाउन चाहनुभयो, तब यही ढाँचा फेरि काममा लगाइएको थियो। अनि जब इस्राएली जातिलाई घोर अनिकालबाट जोगाउनु थियो, तब यूसुफको जीवनमा फेरि यही ढाँचा देखा पऱ्यो। अनि मोशा अर्को उद्धारक भए, जो सठीक समयमा खड़ा भए, जसले परमेश्वरका जनहरूलाई असम्भव देखिने परिस्थितिहरूबाट छुटकारा दिलाए। अनि उही कुरा न्यायकर्ताहरूको सारा पुस्तकभरि देखिन्छ, अनि एस्तर र नहेम्याहको जीवनमा पनि देखा पर्छ।

यी उक्त उदाहरणहरूमा, र यीजस्तै अरू उदाहरणहरूमा उहाँको कारबाही उस्तै छः परमेश्वरको ईश्वरीय हस्तक्षेप आउनुभन्दा अघि मानिसहरूका सबै प्रयासहरू विफल हुनुपरेको थियो। अनि पुरानो नियम र नयाँ नियमको बीचमा आएको अन्तराल समयको विषयमा कुरा उस्तै छः यस अवधिको विषयमा जुन अभिलेख गरिएको इतिहास छ, यस इतिहास परमेश्वरको तर्फबाट उस्तै कारबाहीको निम्ति साक्षी बस्छ। परमेश्वरले आफ्ना जनहरूलाई अकलगुम तुल्याउनु-भयो। उहाँले पहिले तिनीहरूका सबै स्रोतहरू सक्न र सुक्न दिनुभयो अनि तिनीहरूलाई निराशा र हताश भएको परिस्थितिमा

सुम्पनुभयो; त्यसपछि उहाँले आफ्नो सबैभन्दा विश्वासयोग्य, सिद्ध सेवक अर्थात् आफ्ना पुत्र प्रभु येशू ख्रीष्टलाई इतिहासको मञ्चमा ल्याउनुभयो।

## हामीले यहाँ विचार पुऱ्याउने समयावधि खास कुनचाहिँ हो?

हाम्रो अन्दाजमा मलाकीको पुस्तक लेख्ने काम ख्रीष्टपूर्व ३९७ सालमा पूरा भयो; यसो हो भने, हाम्रो ध्यानमा राख्ने समय यस बिन्दुबाट शुरु हुन्छ र त्यस दिनसम्म जान्छ, जुन दिनमा एकजना स्वर्गदूतले बप्तिस्मा दिने यूहन्नाको जन्म घोषणा गरे (लूका १:११-१७)। अनि यो चार सय वर्ष लाग्ने समयमा कुनै भविष्यवक्ता भएन, र आत्माको प्रेरणा पाएर थप ईश्वरीय प्रकाश लेख्ने कुनै लेखक पनि भएन।

यस अवधिको विषयमा छवटा प्रत्यक्ष देखिने ऐतिहासिक विभाजनहरू गर्न सकिन्छ, जस्तैः

**क)** *फारसको युग;* यो युग ख्रीष्टपूर्व ५३६ सालबाट शुरु भएको थियो; तर पुरानो नियम र नयाँ नियमको बीचको अवधिको सम्बन्धमा यो युग ख्रीष्टपूर्व ३९७ सालदेखि ३३६ सालसम्म जान्छ।

**ख)** *ग्रीकहरूको युग* ख्रीष्टपूर्व ३३६ सालदेखि ३२३ सालसम्म जान्छ

**ग)** *मिस्र देशको युग* ख्रीष्टपूर्व ३२३ सालदेखि १९८ सालसम्म जान्छ

**घ)** *सिरियाको युग* ख्रीष्टपूर्व १९८ सालदेखि १६५ सालसम्म जान्छ

**ङ)** *मक्काबीहरूको युग* ख्रीष्टपूर्व १६५ सालदेखि ६३ सालसम्म जान्छ

अनि **च)** *रोमीहरूको युग* ख्रीष्टपूर्व ६३ सालदेखि ४ सालसम्म जान्छ

अनि हाम्रो यस सर्वेचणमा यी छवटा युगहरू कालक्रमअनुसार प्रस्तुत गरिन्छन्। यसको एक-एक युगमा त्यसको राजनीतिक परिस्थिति र त्यसका धार्मिक विकासहरूमाथि ध्यान दिइन्छ।

### क) फारसको युग (ख्रीष्टपूर्व ३९७-३३६)

*अ) राजनीतिक परिस्थिति*

हामीले अघि भनिसक्यौंः ख्रीष्टपूर्व ५३६ सालदेखि नै फारसीहरूले मध्यपूर्वमा प्रभुत्व जमाउँदैथिए। अनि परमेश्वरले यी फारसी-हरूलाई प्रयोग गर्नुभयो र यिनीहरूद्वारा इस्राएली जातिलाई बेबिलोनको कैदबाट छुटकारा दिलाउनुभयो (दानियल ५:३०-३१)। अनि फारसीहरूले कनान देशमा फर्केर आएका, बाँकी रहेका यहूदीहरूमाथि दयाको दृष्टि लगाउँथे, तर जब महापूजाहारीको शक्तिशाली पदको विषयमा यहूदीहरूको बीचमा आन्तरिक होड़बाजी मच्चियो, तब फारसका राज्यपालले यरूशलेम शहर आंशिक रूपले नष्ट पारे। तर यो दुःखद घटना छोड़ेर यस अवधिभरि यहूदीहरू शान्तिमा बसे।

*आ) धार्मिक विकासहरू*

परमेश्वरले बेबिलोनको निर्वासन प्रयोग गरेर आफ्ना जनहरूबाट मूर्तिपूजा पूरा हटाइ-दिनुभयो। यसकारण तिनीहरू धर्मशास्त्र पवित्र बाइबलप्रति र विशेष गरी मोशाको व्यवस्थाप्रति नयाँ भक्तिभय राखेर यरूशलेममा फर्के। अनि परमेश्वरको विषयमा तिनीहरूको विश्वास र सिद्धान्त सुदृढ़ थियोः तिनीहरूको निम्ति धेरै ईश्वरहरू होइन, तर परमप्रभु एकमात्र परमेश्वर हुनुहुन्थ्यो। यी दुईवटा कुराहरू पुरानो नियम र नयाँ नियमको बीचमा भएको समयका प्रमुख धार्मिक लक्षणहरू थिए।

अनि देशभरि सभाघरहरू आराधनाको स्थानीय केन्द्रहरू भए; यो कुरा पनि यही समयको फल थियो। अनि सभाघरहरूका साप्ताहिक सभाहरूमा धर्मशास्त्र बाइबलको अर्थ खोल्ने शास्त्रीहरूको भूमिका धेरै महत्त्वपूर्ण भयो। अनि प्रभु येशूको जन्म भएको समयसम्म सभाघरहरू विकसित संस्थाको रूपमा सुव्यवस्थित भइसकेका थिए र विश्वभरि यहूदी समाजको चारैतिर फैलिएका थिए।

फारसको शासनकालको अन्ततिर अर्को एउटा विकास भएको थियो, जुन विकासले चाहिँ नयाँ नियमको समयमा सुसमाचारको प्रचारको काम शुभ असर गर्‍यो; किनकि यहूदी धर्मको प्रतिद्वन्द्वमा सामरियामा एउटा मन्दिर खड़ा गरियो, जुन मन्दिरमा यहूदी धर्मभन्दा फरक अर्को आराधनाको रीति अपनाइन्थ्यो। अनि यही कुराले यहूदीहरू र सामरीहरूको बीचमा सामाजिक र धार्मिक विभाजन र निर्णायक वियोग ल्यायो।

## ख) ग्रीकहरूको युग (ख्रीष्टपूर्व ३३६-३२३)

*अ) राजनीतिक परिस्थिति*

यस छोटो अवधिको निम्ति सिकन्दर महान् मुख्य व्यक्ति थिए। धेरै कारणहरूवश तिनलाई सबैभन्दा ठूलो विजेताको रूपमा मानिन्छ। किनकि तिनले छोटो समयमा फारस, बेबिलोन, कनान देश, सिरिया, मिस्र देश र पश्‍चिम भारत समेत कब्जा गरे। ख्रीष्टपूर्व ३२३ सालमा तिनी तेत्तिस वर्षको उमेरमा मरे; अनि तिनले ग्रीक देशमाथि केवल तेह्र वर्ष शासन गरे; तर तिनको प्रभाव लामो समयसम्म रहिरह्यो।

*आ) धार्मिक विकासहरू*

सिकन्दर महान्‌को मनमोहक इच्छा के थियो भने, तिनले एउटा विश्व साम्राज्य स्थापित गर्न चाहे, जुन साम्राज्यमा सबै मानिसहरूको एउटै भाषा बोलिनेथियो, तिनीहरूको एउटै चालचलन हुनेथियो र एउटै संस्कृति र एउटै कानुन लाग्नेथियो। तिनको प्रभावमा संसारका मानिसहरूले ग्रीक भाषा बोल्न र अध्ययन गर्न थाले। यस प्रक्रियाको नाम 'युनानीवाद' भनिन्छ; यसर्थ सारा संसारमा ग्रीक धर्म र ग्रीक संस्कृति अपनाइयो। युनानीवाद यति लोकप्रिय र शक्तिशाली रहिरह्यो, कि नयाँ नियमको समयमा बाँचेका रोमीहरूले समेत ग्रीक भाषा बोल्थे र ग्रीक संस्कृति मन पराउँथे।

युनानीवादको प्रभाव यहूदीहरूको संस्कृति र धर्ममाथि नपरेको होइन, तर यी दुईवटा कुराहरूको बीचमा तनाउ हुनु र संघर्ष चल्नु स्वाभाविक कुरा हो; यो संघर्ष लामो समयसम्म टिक्यो र तिक्त भयो। ख्रीष्टपूर्व २७० सालसम्म ग्रीक भाषा निक्कै व्यापक थियो। यसकारण त्यस समयमा 'सेप्टुअजिन्ट' नामक पुरानो नियमको ग्रीक अनुवाद तयार भयो; तर परमप्रभुप्रति विश्‍वासयोग्य रहेका यहूदीहरूले ग्रीकहरूले मान्दै आएको मूर्तिपूजा र बहुईश्‍वरवादको कड़ा प्रतिरोध गरिरहे।

## ग) मिस्र देशको युग (ख्रीष्टपूर्व ३२३-१९८)

*अ) राजनीतिक परिस्थिति*

ख्रीष्टपूर्व ३२३ सालमा सिकन्दर महान्‌को मृत्युको साल थियो; तिनको मृत्यु हुनेबित्तिकै ग्रीक साम्राज्य चार टुक्रामा भिवाजन भयो, निम्न चारजनाका सेनापतिहरूअनुसारः टोलेमी, लिसिमाकस, कासान्डर र सेलेनस। अनि दानियलको पुस्तकमा यी चारवटा राज्यहरूको कुरा गरिएको छ, जुनचाहिँ त्यस ठूलो सिङको ठाउँमाथि खड़ा भए (दानियल ८:२१-२२)।

यी सेनापति टोलेमी सोतेरचाहिँ टोलेमी राजवंशका पहिलो शासक थिए; तिनले मिस्र देश पाए, र नभन्दै नजिकै अवस्थित भएको इस्राएल देशमाथि आफ्नो प्रभुत्व जमाइहाले। पहिले तिनले यहूदीहरूसँग कड़ा व्यवहार गरे; तर तिनको शासनकालको अन्ततिर र तिनका उत्तराधिकारी टोलेमी फिला-डेल्फसको शासनकालभरि यहूदीहरूसित दयाको व्यवहार गरिन्थ्यो। अनि त्यही समयअन्तर्गत 'सेप्टुअजिन्ट' नामक बाइबल-अनुवाद अधिकारप्राप्त अनुवाद भयो।

टोलेमी राजवंशले शासन चढ़ाएको समयको अन्तसम्म यहूदीहरूले समृद्धि गरे। तर त्यसपछि मिस्र देश र सिरियाको बीचमा संघर्षहरू बढ्दै गए। इस्राएल देश फेरि ती दुईवटा देशहरूका द्वन्द्वयुद्धहरूको चेपमा परिगयो। तर ख्रीष्टपूर्व १९८ सालमा सिरियालीहरू पानियनको लड़ाइँमा मिस्र देशमाथि विजयी भए, र त्यही वर्षमा यहूदाचाहिँ सिरियामा गाभियो।

*आ) धार्मिक विकासहरू*

टोलेमीहरूले अपनाएको नीति निरपेक्षा थियो, अरूलाई सहनु थियो; यसकारण यहूदी धर्म र युनानीवादको अस्तित्व एकसाथ रहिरह्यो। तर यो नीति यहूदीहरूको विश्वासको निम्ति धेरै खतरनाक थियो। किनकि बिस्तारै-बिस्तारै तिनीहरूको समाजमा ग्रीक प्रभाव पसिगयो र चालै नपाउने गरी ग्रीकको जीवनशैली आत्मसात गरियो।

युनानीवादले सुन्दरता, ठाँटबाँट र चालहरूको प्रदर्शनमा जोड़ दिन्थ्यो; यस कुराले यहूदीहरूलाई आफ्नो यहूदी धर्मका विधिहरू बेवास्ता गर्न उत्साह दियो, जुन विधिहरूमा यस्तो कुनै आकर्षणको झलक नै थिएन। यसरी नै तिनीहरूको आराधना गर्ने तरिकामाथि युनानीको प्रभाव पऱ्यो, अनि बिस्तारै मन र आत्मासाथ गर्नुपर्ने आराधना बाहिरी देखावट पो भएको रहेछ। अनि यस प्रकारको धारणाले यहूदी धर्ममाथि स्थायी प्रभाव पाऱ्यो।

यसबाट दुईवटा धार्मिक सम्प्रदायहरू शुरु भए: युनानीवाद अपनाउने सम्प्रदाय, जुन सम्प्रदायचाहिँ सिरियाको पक्षमा थियो; अनि अर्को सम्प्रदायचाहिँ ईश्वरभक्त यहूदीहरू थिए, विशेष गरी हसिदीहरू थिए, जो फरिसीहरूका पूर्ववर्ती थिए। तर यी दुईवटा सम्प्रदायहरूको बीचमा सत्ताको निम्ति संघर्ष चलिबस्यो; फलस्वरूप यहूदीहरूमा फूट आयो र तिनीहरू राजनीतिक, सांस्कृतिक र धार्मिक पंक्तिहरूमा भिवाजन भए। अनि यही द्वन्द्वले ख्रीष्टपूर्व १६८ सालमा एन्टिओकस एपिफानेसको आक्रमणको निम्ति ठाउँ तयार गऱ्यो।

### घ) सिरियाको युग (ख्रीष्टपूर्व १९८-१६५)

*अ) राजनीतिक परिस्थिति*

सिरियाका राजा एन्टिओकस महान्को शासन र तिनका उत्तराधिकारी सेलुकस फिलोपातरको शासनअन्तर्गत यहूदीहरूसित कठोर व्यवहार त गरिन्थ्यो; तापनि तिनीहरूका महापूजाहारीको देखरेखमा यहूदीहरूको स्थानीय प्रशासन कायम रहन्थ्यो। अनि केही समय सबै कुरा असल प्रकारले चल्दैथियो – त्यस दिनसम्म, जब युनानीवाद अपनाएको मतले महापूजाहारी ओनियस तृतीयको सट्टामा आफ्नो मनपर्ने उमेदवार यासोनलाई नियुक्त गर्ने निर्णय लियो। तर शास्त्रसम्मत यहूदीहरूले महापूजाहारी ओनियस तृतीयको पक्ष लिए। अनि सेलुकस फिलोपातरका उत्तराधिकारी एन्टिओकस एपिफानेसलाई घूस दिएर युनानीवादी मतले आफ्नो यो धूर्त युक्ति पूरा गर्न खोज्यो। यसबाट एउटा राजनीतिक द्वन्द्व

र गृहयुद्ध शुरु भयो, जुन द्वन्द्व र गृहयुद्धले अन्तमा एन्टिओकस एपिफानेसलाई रिसको झोंकमा यरूशलेममा आउने प्रेरणा दिलायो।

ख्रीष्टपूर्व १६८ सालमा एन्टिओकस एपिफानेसले यहूदी विश्वास त्यसको हरेक लक्षण समेत नष्ट गर्ने योजना गरे। तिनले सबै किसिमका बलिहरू चढ़ाउने काम निषेध गरे, खतनाको विधि मनाही गरे, अनि विश्रामदिन र यहूदीहरूका चाड़का दिनहरू मान्न दिएनन्। धर्मशास्त्रका पवित्र लेखहरू कि त काटकुट गरिन्थे, कि त पूरा नष्टभ्रष्ट पारिन्थे। अनि यहूदीहरूलाई सुङ्गुरको मासु खान र मूर्तिहरूको सामु बलि चढ़ाउन बाध्य पारियो। तिनको अपवित्र पार्ने कुकर्मको चरमसीमा यस प्रकारको थियो, जुन अपवित्र कुकर्मले तिनीमाथि विनाश पनि निम्त्यायोः तिनले परमप्रभुको भवनको महापवित्रस्थान अपवित्र पारे, कसरी? तिनले त्यहाँ एउटा वेदी बनाए र जिउस देवतालाई एउटा बलि चढ़ाए। आगामी सतावटहरूमा धेरै यहूदीहरू मारिए। अनि सायद यस बिन्दुमा आएर हामीलाई परमेश्वरको काम गर्ने तरिकाको विषयमा याद गर्नु उत्तम छः उहाँ मानिससँग कसरी कारबाही गर्नुहुन्छ? उहाँले एउटा निराशाजनक अवस्था कि त सृजना गर्नुहुन्छ कि त हुन आउन दिनुहुन्छ, त्यसपछि उहाँ एकजना विश्वासयोग्य सेवक विशेषलाई खड़ा गर्नुहुन्छ।

तर यसमा मानिसको प्रतिक्रिया के हो त? प्रायःजसो मानिसले आफूलाई बचाउने प्रयास गर्छ र ऊ आफ्नो प्रयासमा सफलता प्राप्त गर्ने बिन्दुमा पुगेको देखिन्छ। तर उसले सफलता कहाँ पाउने र? ऊ त पहिलेको भन्दा खराब अवस्थामा पुग्दो रहेछ। अनि ठीक यही कुरा यहूदीहरूमाथि, परमेश्वरका जनहरूको जीवनमाथि हुन आयो। याद रहोस्ः यसरी नै परमेश्वरले साँचो उद्धारकको आगमनको निम्ति मञ्च तयार गर्नुभयो।

*आ) धार्मिक विकासहरू*

हामीले उक्त अ) खण्डबाट थाहा लाग्यौं, कि युनानीवादको कारणले यहूदी धर्म मान्नेहरूको बीचमा विभाजन आयो। यस प्रकारले एउटा शास्त्रसम्मत समुदायको निम्ति जग्गा तयार पारियो, जसका अगुवाहरू प्रायः शास्त्रीहरू थिए; पछि तिनीहरूको नाम 'फरिसीहरू' भयो। अनि हामीले तिनीहरूलाई कुन दृष्टिले हेरे ठीक होला त? तिनीहरूचाहिँ यहूदीहरूको व्यावहारिक समुदाय थिए, अनि यस समुदायबाट प्रायः महापूजाहारी आउँथे। तर शास्त्रसम्मत समुदायका धारणाहरू समयको अन्तरालमा यस प्रकारले विकसित भए, कि यी धारणाहरूले पछिको समयमा सदुकीहरूको समुदायको निम्ति ठाउँ तयार गरे।

### ङ) मक्काबीहरूको युग (ख्रीष्टपूर्व १६५-६३)

*अ) राजनीतिक परिस्थिति*

हास्मोनको घरानाका मत्तातियस नाम गरेका वृद्ध पूजाहारी र तिनका पाँच भाइ छोराहरू मोदिइन भन्ने गाउँमा बस्थे, जुन गाउँचाहिँ यरूशलेमको उत्तर-पश्चिममा अवस्थित थियो। अनि जुन बेलामा एकजना सिरियाका अधिकारीले मोदिइनमाथि अन्य देवीदेवताहरूलाई बलि चढ़ाउने कानुन लागू गर्न खोजे, तब मत्तातियसले यो सहन सकेनन्, तर यसको घोर विरोध गरे; यसको सिलसिलामा तिनले देवीदेवतालाई बलि चढ़ाउने एकजना धर्मद्रोही यहूदीलाई मारे, साथै ती सिरियाका अधिकारीलाई पनि मारे; त्यसपछि तिनी आफ्नो परिवारसँग पहाड़हरूहुँदा भागे। अनि हजारौं विश्वासयोग्य यहूदीहरू तिनीसँग लागे; अनि इतिहास यसमा साक्षी बसेको छः अबचाहिँ यी

जोशिला मानिसहरूबाट परमेश्वरको सम्मानको निम्ति जल्ने पवित्र जलनको सबैभन्दा उत्कृष्ट प्रदर्शन देखियो।

मत्तातियसको मृत्युपछि तिनका तीनजना छोराहरूले क्रमशः यो विद्रोह कायम राखेः मक्काबीको उपनाम भएका यहूदा (ख्रीष्टपूर्व १६६-१६०), योनातान (ख्रीष्टपूर्व १६०-१४२) र सिमोन (ख्रीष्टपूर्व १४३-१३४)। यी मानिसहरूको सफलता सराहनीय थियो; किनकि तिनीहरूले ख्रीष्टपूर्व १६५ सालको डिसेम्बर २५ तारिखमा यरूशलेम शहर सिरियाको हातबाट फिर्ता लिए; तिनीहरूले यसको मन्दिर शुद्ध पारे र परमप्रभुको आराधना-सेवा फेरि स्थापित गरे। अनि यस घटनाको सम्झनामा आजको दिनसम्म वर्षैपिच्छे 'हनुक्काह' नामक चाड़ मनाइन्छ।

सिरियाले मक्काबीहरूमाथि विजय प्राप्त गर्ने मनसायले कति व्यर्थका प्रयासहरू गरे; यसैले लड़ाइँ यहूदाका इलाकाहरूमा लगातार भइरह्यो। तर अन्तमा सिमोनको नेतृत्वमा यहूदीहरूले ख्रीष्टपूर्व १४२ सालमा आफ्नो स्वतन्त्रता प्राप्त गरे। हास्मोनी राजवंशको शासनकालमा यहूदीहरूले लगभग सत्तरी वर्ष आफ्नो स्वतन्त्रता उपभोग गर्न सके; हास्मोनी अगुवाहरूमा उल्लेखनीय नेताहरू योहानान हिर्कानस थिए (ख्रीष्टपूर्व १३४-१०४) र अलेक्सान्डर यान्नेयस थिए (ख्रीष्टपूर्व १०२-७६)।

### *आ) धार्मिक विकासहरू*

यस अवधिमा सबैभन्दा महत्त्वपूर्ण धार्मिक विकासचाहिँ यहूदीहरूको बीचको तनाउको फल थियो; किनकि यहूदा कुलबाट राजा आउनु ठिक्कै थियो, तर पूजाहारीगिरी यहूदाको थिएन, तर लेवीको थियो। यसको विषयमा यहूदीहरूमा दुई मत थियो र ठूलो तनाउ पनि आयो। किनकि सयौं वर्ष महापूजाहारीको पदसित राजनीतिक महत्त्व बढ़ी हुन्थ्यो। किनभने महापूजाहारीलाई छान्दाखेरि हारूनको वंशबाट सुयोग्य व्यक्तिलाई नियुक्त गरिँदैनथियो, तर यसमा राजनीतिक दृष्टिकोणले हेरिन्थ्यो र शक्तिशाली राजनेतालाई छानिन्थ्यो र यस कुरामाथि जोड़ दिइन्थ्यो। तर शास्त्रसम्मत यहूदीहरूको दृष्टिमा यो चलन गलत थियो, अँ, पूरा खराब थियो; यसैले यिनीहरूले यसको विरोध गरे। अनि जब ख्रीष्टपूर्व १३४ सालमा योहानान हिर्कानस इस्राएल देशका राज्यपाल र यहूदीहरूका महापूजाहारी भए, तब उनले जोर्डन र इदुमिया जिते; अनि उनले सामरियामा अवस्थित भएको मन्दिर ध्वस्त पारे। आफ्नो ठूलो शक्ति र लोकप्रियताले गर्दा उनले आफूलाई राजा भन्ने गर्थे। तर यो कुरा शास्त्रसम्मत यहूदीहरूको सिद्धान्तको ठीक विपरीत थियो; यस बेलामा शास्त्रसम्मत यहूदीहरूले 'फरिसीहरू' भन्ने नाम पाइसके। तिनीहरूले दाऊदको वंशबाट आएको राजाबाहेक अरू कुनै पनि राजालाई स्वीकार गर्दैनथिए; अनि यस विषयमा कुरा सुस्पष्ट थियोः हास्मोनीहरू दाऊदको वंशका थिएनन्।

अनि जुन मानिसहरूले फरिसीहरूको विरोध गर्थे र हास्मोनीहरूको समर्थन गर्थे, ती मानिसहरूको नाम 'सदुकीहरू' भयो। योहानान हिर्कानसको शासनकालमा 'फरिसी' र 'सदुकी' भन्ने नामहरू पहिलो पल्ट देखा परे। तिनी आफै सदुकीहरूको सदस्य भए।

## च) रोमीहरूको युग (ख्रीष्टपूर्व ६३-४)

### *अ) राजनीतिक परिस्थिति*

यहूदीहरूको स्वतन्त्रता ख्रीष्टपूर्व ६३ सालमा समाप्त भयो, जुन वर्षमा रोमका सेनापति पोम्पेइले सिरिया कब्जा गरे र इस्राएल देशमा प्रवेश गरे। तर महापूजाहारी अरिस्टोबुलस द्वितीय जसले इस्राएलको राजा

हुँ भन्ने दाबी गरे, तिनले रोमी सेनापति पोम्पेइलाई यरूशलेममा स्वागत गरेनन् र उनलाई शहरभित्र आउन दिएनन्। तब रोमी सेनापति रिसले चूर भए; तर रिसको झोंकमा उनले पूरा जबर लगाए र यरूशलेम शहर कब्जा गरे र यहूदाको सिमाना घटाए। गैर-शासनबाट छुटकारा पाउन इस्राएली जातिले गरेको संघर्ष र प्रयास केही समयसम्म सफल भएको थियो, तर अबचाहिँ यसको सारा आशा मरेको देखिन्छ।

ख्रीष्टपूर्व ४७ सालमा रोमी सम्राट जुलियस कैसरले इदुमियाका एन्टिपातरलाई यहूदाको प्रशासक र न्यायाधीशको रूपमा नियुक्त गरे। अनि ख्रीष्टपूर्व ४० सालमा एन्टिपातरका पुत्र हेरोद यहूदीहरूका राजा भए।

अनि एन्टिपातरका पुत्र हेरोद राजा भएपछि तिनको नाम 'हेरोद महान्' भयो; तिनले यरूशलेममा एउटा नयाँ मन्दिर बनाउने योजना गरे र यसको निर्माण पनि गरिछाड़े; तर तिनी युनानीवादी थिए, र तिनले हास्मोनी परिवारलाई घृणा गर्थे। यसकारण आफ्नो जोशमा तिनले हास्मोनी परिवारका सबै सदस्यहरूको हत्या गरे, यहाँसम्म कि तिनले आफ्नै पत्नी मरिआम्नेलाई समेत मारिदिए, जोचाहिँ योहानान हिर्कानसकी नातिनी थिइन्। त्यसपछि तिनले मरिआम्नेबाट जम्नेका दुईजना छोराहरू अरिस्टोबुलस र अलेक्सान्डरको हत्या गरे। अनि जब प्रभु येशू बेतलेहेममा जन्मनुभयो, त्यस बेलामा सिंहासनमाथि बस्ने व्यक्ति यही हेरोद महान् थिए। तब भन्नुहोस्, परमेश्वरका जनहरूको निम्ति यो कति अँध्यारो र निराशाजनक अवस्था थियो, होइन र?

*आ) धार्मिक विकासहरू*

हामीले फरिसी र सदुकीहरूको उत्थानको विषयमा अघि कुरा गरिसक्यौं। अनि हामी अरू तीनवटा महत्त्वपूर्ण दलहरूको विषयमा कुरा गर्न लागेका छौं। तर यसो गर्नुभन्दा पहिले हामीले यी दुईवटा मुख्य सम्प्रदाय-हरूमाथि केही ध्यान दिनुपर्छ।

**क)** *फरिसीहरूः* योहानान हिर्कानसको शासनकालको शुरुमा फरिसीहरूले आफ्नो नाम पाए। अनि यस नामको अर्थ 'अलग बस्नेहरू' हो। तिनीहरूले शास्त्रीहरूमाथि निक्कै निर्भर गर्थे, र तिनीहरू मोशाको व्यवस्था र परमप्रभुलाई मान्ने धर्मप्रति विश्वासयोग्य थिए। तिनीहरूले जुनै हालतमा पनि पवित्र धर्मशास्त्रको नियम पालन गर्नुपर्छ भन्ने कुरामाथि जोड़ दिन्थे; फलस्वरूप 'मिश्नाह' नामक मौखिक कानुन पैदा भयो, जुन मौखिक विधिविधानहरूको कोषले दैनिक जीवनको हरेक क्षेत्रमाथि लिखित व्यवस्थाका नियमहरू लागू गर्न खोज्यो। अनि यसरी यो मिश्नाहचाहिँ व्यवस्थाको ठाउँ लियो र जीवनको रहनसहनको कसी पो बन्यो।

प्रभु येशू यस पृथ्वीमा सेवारग हुनुभएको बेलामा यो 'मौखिक कानुन' पवित्र धर्म-शास्त्रको अर्थ र यसको खास उद्देश्यदेखि धेरै टाढ़ा पुगिसकेको थियो; किनभने परमेश्वरको वचनमाथि कड़ाभन्दा कड़ा नियममाथि नियम थपिँदै गयो। हो, परमेश्वरको वचनमाथि भर पर्नुपर्छ; यो कुरा असल हो, सय कुरा हो। अनि यस प्रकारको अभियान शुरुमा कति असल र उपयोगी थियो, र यसको निम्ति आवश्यकता ठूलो थियो। तर के गर्ने? यसको नतिजा खराब हुन गयो; किनकि यस कुराले एउटा यस्तो रीतिवाद र विधिपरायणतालाई जन्म दियो, जुन रीतिवाद र विधिपरायणताबाट परमेश्वरको वचनको अर्थ हराएर गएको थियो, अँ, उहाँको वचनमा उल्टो अर्थ पो लगाइन्थ्यो।

**ख)** *सदुकीहरूः* यिनीहरूले 'सादोकी' भन्ने शब्दबाट आफ्नो नाम पाए, जुन हिब्रू

शब्दको अर्थ 'धर्मी जन' हो। फरिसीहरूले शास्त्रीहरूको आड़भरोसा गर्थे भने, सदुकीहरूले महापूजाहारीसँग नजिकको सम्बन्ध राख्थे। तर यसो हेर्दा यी पूजाहारीहरूले आफ्नो पद र सेवामाथि बढ़ी सामाजिक, राजनीतिक र सांसारिक दृष्टिकोण लगाउँथे। अनि यस प्रकारको धारणा सामाजिक सोच भएका धेरै यहूदी अगुवाजनहरूलाई खूब मनपर्थ्यो।

सदुकीहरूको सङ्ख्याचाहिँ फरिसीहरूको भन्दा धेरै कम थियो; किनकि यी सदुकीहरू प्रायः पूजाहारीका धनी र प्रभावशाली परिवारहरूका सदस्यहरू थिए, जसबाट यहूदी जातिको बीचमा उच्च वर्गको समाजको सङ्गठन भयो। तिनीहरूको विचारमा परमेश्वरको व्यवस्था र इस्राएल देशको राजनीति पूरा अलग भएको हुनुपर्छ। यो कुरा अर्को शब्दमा भन्नु हो भने, तिनीहरूले आफ्नो पवित्रता र आफ्नो देशको भाग्यको बीचमा कुनै सम्बन्ध देख्दैनथिए। तिनीहरूको निम्ति धर्म धर्म र राजनीति राजनीति नै थियो। यसकारण फरिसीहरूप्रति तिनीहरूले धेरै शङ्कालु भावना राख्ने गर्थे, र तिनीहरू फरिसीहरूको विषयमा उनीहरू पुरानो परम्पराको चालमा चल्ने पुरानो धारणाका मानिसहरू, महत्त्वहीन, नगण्य मानिसहरू, अँ, कट्टरपन्थी थिए भन्ने निष्कर्षमा पुगे।

**ग)** *हेरोदीहरूः* हेरोदीहरूचाहिँ रोमीहरूको युगमा देखा परे (मत्ती २२ः१६)। हेरोदीहरू एउटा राजनीतिक दलका मानिसहरू थिए, जुन दलको प्रमुख उद्देश्यचाहिँ हेरोदको सरकार त्यसको लक्ष्यमा पुग्न साथ दिनु र त्यसको अभिप्राय अघि बढ़ाउनु थियो। हुन सक्छ, यी मानिसहरूको खास प्रेरणा सायद रोमी सरकारको डर थियो कि? किनकि यहूदीहरूले विद्रोह गरे भने तिनीहरूले आफ्नो अस्तित्व र नामनिसान हराउने सम्भावना सधैं जारी रहन्थ्यो। यस दलका मानिसहरूको ठूलो झुकाउ युनानीवादतिर थियो; यिनीहरू सधैं फरिसीहरू र तिनीहरूको अलग हुने मागको विरुद्धमा थिए।

**घ)** *'जेलोतेस'* वा *'कनानी'* अर्थात् जोशिलो हुनेहरू वा उग्रवादीहरू (मत्ती १०ः४; लूका ६ः१५): यी कट्टरपन्थीहरू पनि एउटा राजनीतिक दल थिए; तर उनीहरू हेरोदीहरूको ठीक उल्ट थिए र तिनीहरूको विरोधी थिए। किनभने उनीहरूले रोमी शासन मान्दैनथिए र त्यसको अधीनतामा पटक्कै आउन चाहँदैनथिए; अनि उनीहरूले फरिसीहरूले गरेजस्तै अनुशासित भई इस्राएली जातिको मसीहको निम्ति, जसले रोमी सरकार हटाउनेथिए, पर्खन सकेनन्। उनीहरूको विचारमा, परमेश्वरले यस्ता-हरूलाई मात्र सहायता गर्नुहुन्थ्यो, जसले आफ्नो भाग्य आफ्नो हातमा लिन्थे र आफ्नो सहायता आफैले गर्थे। यसकारण उनीहरूको विचारमा यहूदीहरू आफ्नो स्वतन्त्रताको निम्ति लड्न तयार हुनुपर्थ्यो।

यता फरिसीहरू व्यवस्थाको अक्षरशः अर्थको निम्ति लड्ने कट्टर थिए भने, उता यी जोशिला उग्रवादीहरू क्रुद्ध राष्ट्रवादी थिए। यस दलका सिद्धान्तहरूले परमेश्वरको हस्तक्षेपमाथि होइन, तर सैनिक कारबाहीरूपी मानवीय छुटकारामाथि जोड़ दिन्थे।

**ङ)** *एस्सेनीहरूः* अनि एस्सेनीहरूचाहिँ? यी एस्सेनीहरू पनि रोमी युगको उपज थिए। तिनीहरूको नाम नयाँ नियममा उल्लेख गरिएको छैन; तर मृत सागरका बेरुवा पुस्तकहरू फेला परेपछि यिनीहरूमाथि ध्यान निक्कै बढ्यो।

यी मानिसहरू राजनीतिक थिएनन्, तर पूरापूर धार्मिक थिए। यिनीहरू एक प्रकारको आत्मिक पन्थ थिए, जसका सदस्यहरूले 'हामी समाजबाट निस्कनुपर्छ र मठबासी जीवन जिउनुपर्छ' भन्ने धारणा अपनाउँथे र

मनन-चिन्तनमाथि ध्यान दिने किसिमको यहूदी धर्म मान्थे ।

यस समुदायमा कमजोरी र गल्ती के थिए त ? व्यवस्थाको खास अर्थ बुझ्ने यिनीहरूको जोश त थियो; अनि यिनीहरू परमेश्वरको निम्ति पूरा अलग भएको जीवन जिउँथे । तर इस्राएली जातिको हातमा सुम्पिएको सुसमाचार प्रचार गर्ने जिम्मेवारीको विषयमा चाहिँ यी एस्सेनीहरू सजग थिएनन्; यो कुरा कहिल्यै यिनीहरूको होशमा आउँदैनथियो, तर यो कुरा यिनीहरूको मनबाट पूरा हराएर गयो । यिनीहरूले संसारलाई आफ्नो जीवन-देखि बाहिर तालाबन्दी गर्थे, यिनीहरूले त्यसका समस्याहरू बेवास्ता गर्थे, र यिनीहरू संसार आशाबिहिन भएर मर्न दिने कुरामा सन्तुष्ट हुन्थे ।

## निष्कर्षः

ख्रीष्ट येशूको निम्ति इतिहासको मञ्च तयार भयो । किनकि मानिसहरूका व्यर्थ प्रयासहरू केही सीप लाग्दैनथिए, यी प्रयासहरूले न राजनीतिक शक्तिहरूको उत्थानपतन, न ता धार्मिक जीवन र विश्वासको ज्वारभाटा रोक्न वा थाम्न सके । अनि इस्राएली जाति आत्मिक बन्धनको पक्राउमा परेको थियो, जुन बन्धनचाहिँ यसको राजनीतिक बन्धनभन्दा खराब थियो । अघि चर्चा गरिएका विभिन्न दल र अभियानहरूको उदयले तिनीहरूलाई साक्षी दिन्छः हो, तिनीहरूले आफ्नो समस्या समाधान गर्नको निम्ति इमानदारपूर्वक एउटा निर्णायक उपाय खोजिरहेका थिए । तर तिनीहरूले अपनाएका सबै उपायहरू असफल भए । इतिहासको मञ्चमाथि अन्धकारको छाया ओर्लेर आएको र त्यसमाथि बसेको थियो; अवस्था साँच्चै नाजुक थियो ।

यस अँध्यारो अवस्थामा परमेश्वरले चार सय वर्षको मौनता तोड्नुभयो र ख्रीष्ट येशूको पहिलो आगमन घोषणा गर्नुभयोः परमप्रभुको विश्वासयोग्य सेवक आउँदै हुनुहुन्थ्यो । अनि यस दिव्य घोषणाको साथ पुरानो नियम र नयाँ नियमको बीचमा रहेको अन्तराल समय समाप्त भयो ।